# शिक्षक निर्देशिका

## कक्षा : ८

## विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

पृष्ठपोषण प्राप्तिका लागि

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

प्रथम संस्करण : वि.सं. २०८१

(यो शिक्षक निर्देशिका पाठ्यक्रमले तोकेका विषयगत सिकाइ उपलब्धि पूरा गर्न तथा पाठ्यपुस्तकका क्रियाकलापको सहजीकरणमा शिक्षकलाई मदत पुगोस् भन्ने हेतुले विकास गरिएको हो । यसलाई अझ राम्रो बनाउन प्रयोगकर्ताका सुझाव भए केन्द्रको समन्वय तथा सम्पादन शाखामा उपलब्ध गराउनुहुन अनुरोध छ । )

## हाम्रो भनाइ

## हाम्रो भनाइ

शिक्षण एउटा कला हो । पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा पाठ्यक्रमद्वारा अपेक्षित सक्षमता र सिकाइ उपलब्धि विकास गर्ने एक मुख्य साधन हो । पाठ्यक्रममा आधारित सिकाइ सहजीकरण गर्ने र पाठ्यपुस्तकको सफल र अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षकलाई सहजीकरण गर्ने सामग्री शिक्षक निर्देशिका हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाका माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यी सबै पक्षको सहज प्राप्तिका लागि शिक्षण गर्न शिक्षकलाई उचित निर्देशन दिने कार्य शिक्षक निर्देशिकाले गर्ने भएकाल सोको प्रभावकारी कार्यान्वयनका लागि यस निर्देशिकाको विकास गरिएको हो ।

यस शिक्षक निर्देशिकाको लेखन तथा सम्पादन श्री मनिता श्रेष्ठ, श्री रेनुका पाण्डे भुसाल, श्री हेमराज खतिवडा, श्री होमनाथ पौडेल र श्री सिर्जना घिमिरे सम्मिलित कार्यदलबाट भएको हो । निर्देशिकालाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री इमनारायण श्रेष्ठ, वैकुण्ठप्रसाद अर्याल, विषय समितिका पदाधिकारी प्रा.डा.रामकृष्ण तिवारी, डा. टीकाराम गौतम, श्री दीपिका शर्मा, श्री सरस्वती भट्टराईको योगदान रहेको छ । यस निर्देशिकाको भाषा सम्पादन श्री इन्दु खनाल र चिनाकुमारी निरौलाबाट तथा कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यस निर्देशिकाको विकास तथा सम्पादन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

सिकाइ सहजीकरणका क्रममा शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने हेतुले यस निर्देशिकाको विकास गरिएको छ । यसमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइ सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको विश्लेषण तथा सिकाइ सहजीकरणका क्रममा शिक्षकले अपनाउनु पर्ने विधि र तरिका उल्लेख गरिएको छ । यसबाट सिकाइ सिकारुकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित हुने अपेक्षा गरिएको छ । कक्षामा सबै प्रकारका क्षमता भएका विद्यार्थीको सिकाइ उपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सहजहोस् भन्ने ध्येय यस निर्देशिकाको रहेको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा यस निर्देशिकाले गरेको छ । यस निर्देशिकालाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

**पाठ्यक्रम विकास केन्द्र**

# एकाइ : एक          हामी र हाम्रो समाज

कार्यघण्टा : १६

### (क) एकाइ परिचय

साझा उद्देश्य प्राप्तिका लागि सङ्गठित मानिसको समूह समाज हो । समाज विकास मानव सभ्यताको सुरुआत देखि नै हुँदै आएको छ । यस एकाइमा मूलतः विकास के हो ? यसको महत्त्व वा आवश्यकता किन पर्छ ? नेपालमा विकासका सम्भावना के के छन् ? आदि विषयमा चर्चा गरिएको छ । साथै नेपालको सङ्घीय राज्यको स्वरूप सम्बन्धमा पनि विद्यार्थीलाई जानकार गराउने विषयवस्तु यस एकाइमा समावेश गरिएको छ । विद्यार्थी आफू रहेको प्रदेशको परिचय र संरचना र त्यहाँको भौगोलिक सामाजिक र सांस्कृतिक अवस्थासँग परिचित हुन र आफ्नो प्रदेशको प्रमुख विकास आयोजनाको पहिचान र विशेषता बताउन सक्षम हुने अपेक्षा यस एकाइले गरेको छ । यस एकाइमा रहेका विषयवस्तुको सिकाइ सहजीकरण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तैः सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ साथै कक्षामा भएका सबै प्रकारका बालबालिका सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्छ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, Gallery Walk, Speed Dating , अभिनय, वक्तृत्वकला, द्रुत लेखन, रनिङ डिक्टेसन आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

### (ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनु. का. घण्टा |
|---|---|---|---|---|
| १ | विकास र नेपाल | विकासको अवधारणा र नेपालमा विकासको सम्भावनाहरू उल्लेख गर्न | – विकासका विभिन्न गतिविधिसँग सम्बन्धित चित्र, फोटो, भिडियो<br>– विकासको अवधारणा उल्लेखित चार्ट<br>– विकासको महत्त्व वा आवश्यकता झल्कने चार्ट वा तालिका<br>– विकसित, विकासोन्मुख र अल्प विकसित देशको अवधारणाको तुलना तालिका | ३ |
| २ | विकासको पूर्वाधार | विकासको पूर्वाधारका रूपमा खानेपानी, ऊर्जा र जनशक्तिको महत्त्व एवम् वर्तमान अवस्था वर्णन गर्न | – खानेपानीको स्रोत र वितरण अवस्था झल्कने चित्र<br>– हाइड्रोपावरको चित्र वा भिडियो<br>– विभिन्न सिपयुक्त जनशक्ति झल्कने चित्र | ४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सङ्घीय राज्यको अवधारणा | नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गर्न | सङ्घीय राज्यको अवधारणा र महत्त्व उल्लेखित चित्र, चार्ट, तालिका,<br>सात प्रदेश भएको नेपालको नक्सा आदि | २ |
| ४ | स्थानीय, प्रादेशिक र सङ्घीय सरकार | | – नेपालको सात प्रदेश खुलेको नक्सा<br>– तीन तहको सरकारको कार्य क्षेत्र उल्लेखित चार्ट | ३ |
| ५ | मेरो प्रदेश | – आफू बसेको प्रदेशको परिचय, संरचना र त्यहाँको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्था बताउन<br>– आफ्नो प्रदेशका प्रमुख विकास कार्यक्रम/आयोजनाको पहिचान गरी तिनका विशेषता र प्रभाव बताउन | – नेपालको सात प्रदेश खुलेको नक्सा<br>– विभिन्न प्रदेशको नक्सा | ४ |

# पाठ : १ विकास र नेपाल

अनुमानित कार्यघण्टा : ३

## (क) पाठ परिचय

विकास सकारात्मक परिवर्तन हो । विकास निरन्तर चलिरहने प्रक्रिया हो । मानिसको जीवनस्तर सुधार गर्न विकास चाहिन्छ । स्रोत साधनको उचित प्रयोग तथा संरक्षण, अधिकार सुनिश्चतता, शान्ति सुरक्षाको प्रत्याभूति र सामाजिक न्यायका लागि विकास आवश्यक हुन्छ ।

यस पाठमा विकासको अवधारणा ,महत्त्व, विकसित, विकासोन्मुख र अल्पविकसित देशको परिचय, नेपालमा विकासका सम्भावना सम्बन्धी विषयवस्तु समावेश गरिएको छ । विकसित, विकासोन्मुख र अल्पविकसित देशको परिचय दिई नेपाललाई विकसित देशको स्तरमा पुऱ्याउने हामीसँग रहेका विविध सम्भावनाको खोजी गर्न उत्प्ररित गराउनु यस पाठको मुख्य उद्देश्य हो । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, अभिनय, वक्तृत्वकला, मस्तिष्क मन्थन, Speed dating जस्ता विधि तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विकासको अवधारणा र नेपालमा विकासका सम्भावना उल्लेख गर्न | - विकासको अवधारणा बताउन<br>- विकासको महत्त्व वा आवश्यकता उल्लेख गर्न<br>- विकसित, विकासोन्मुख र अल्पविकसित देशको परिचय दिन<br>- नेपाललाई विकसित देशको स्तरमा पुऱ्याउने सम्भावनाहरू खोजी गर्न |

## (ग) शैक्षणिक सामग्री

– विकासको परिभाषा लेखिएको मेटाकार्ड
– विकासको महत्त्व वा आवश्यकता झल्कने चार्ट वा तालिका
– विकसित, विकासोन्मुख र अल्पविकसित देशको अवधारणाको तुलना तालिका

## (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ) सुरुआती क्रियाकलाप

सुरुमा विद्यार्थीलाई विकासका विभिन्न अवस्था झल्कने चित्र, चार्ट वा स्लाइड प्रदर्शन गर्दै ती चित्र वा चार्टमा कुन कुन विकासको अवस्था झल्किन्छ ? ती विकास तपाईंको समुदाय वा स्थानीय तहमा भएको छ छैन ? आदि प्रश्न गर्नुहोस् र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (अ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १: मेटाकार्डमार्फत प्रस्तुति**

विकास भनेको के हो भनी सहभागीको विकाससम्बन्धी धारणा पालैपालो बुझ्नुहोस् र मेटाकार्डको प्रयोग गरी विकासको अवधारणा प्रस्तुत गर्नुहोस् ।

- विकास सकारात्मक परिवर्तन हो ।
- विकासका लागि विभिन्न स्रोत साधनको जरुरत पर्छ ।
- विकासका लागि सचेत हस्तक्षेप गर्नुपर्छ ।
- विकासले मानिसको सामाजिक आर्थिक क्षेत्रमा परिवर्तन ल्याउँछ ।
- गाउँटोलमा सडक पुल निर्माण हुनु, खानेपानीको धारा, विद्यालय, स्वास्थ्य चौकी आदिको निर्माण हुनु विकासको उदाहरण हो ।

**क्रियाकलाप २ मस्तिष्क मन्थन**

विकासको आवश्यकता वा महत्त्व सम्बन्धमा विद्यार्थीलाई व्यक्तिगत रूपमा एक एकओटा बुँदामा लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेका विचारलाई पालैपालो भन्न लगाउनुहोस् । उनीहरूका विचारहरू शिक्षण पाटीमा टिप्दै जानुहोस् । उनीहरूको विचारलाई समेत जोड्दै विकासको आवश्यकता सम्बन्धमा चित्र वा चार्ट देखाउँदै निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ३ रनिङ डिक्टेसन**

विकासको महत्त्व सम्बन्धमा छलफल गर्न कक्षालाई ४ वा ५ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहमा एक जना टिपोटकर्ता छनोट गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीलाई सूचना सङ्कलकको जिम्मेवारी प्रदान गर्नुहोस् । विकासको महत्त्व झल्कने चार्ट वा तालिका कक्षाभित्र वा ढोका बाहिरपट्टि चारपाँच ठाउँमा टाँस्नुहोस् । टाँसिएका कागजमा उल्लेखित विकासको महत्त्व पालैपालो पढेर याद गर्न र टिपोटकर्तालाई भन्न लगाउनुहोस् । तथ्य कापीमा टिप्न वा फोटो खिच्न नपाइने कुरा पनि बताउनुहोस् ।

अब क्रियाकलाप सुरु गर्न लगाउनुहोस् । उनीहरूका गतिविधिहरू अवलोकन गर्नुहोस् । कुनै कुरामा सुधार गर्नुपर्ने भए सुझाव दिनुहोस् ।

सबैभन्दा पहिला सक्ने समूहलाई विजयी घोषणा गर्नुहोस् ।

**विकासको महत्त्व वा आवश्यकता**

- मानिसको जीवनस्तरमा सुधार ल्याउँछ ।
- नागरिक अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।
- स्रोत साधनको समुचित प्रयोग हुन्छ ।
- सामाजिक न्याय स्थापना गर्न सघाउ पुऱ्याउँछ ।
- शान्ति सुव्यवस्था कायम राख्न मदत पुऱ्याउँछ ।

**क्रियाकलाप ४ : चित्र/चार्ट प्रस्तुति र छलफल**

विद्यार्थीलाई अल्पविकसित, विकासोन्मुख र विकसित देश भनेको के हो ? नेपाल यी तीनमध्ये कुन स्तरमा पर्छ ? आदि प्रश्न गर्दै छलफल गराउनुहोस् । विकसित देश हुन कुन कुन पक्षको विकास हुनुपर्छ भन्ने सम्बन्धमा चित्र, उदाहरण, भिडियो प्रदर्शन आदिमार्फत स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ : वक्तृत्वकला प्रतियोगीता**

**विकसित देशको स्तरमा पुग्नका लागी नेपालको सम्भावना** शीर्षकमा वक्तृत्वकला प्रतियोगीता आयोजना गर्नुहोस् र उत्कृष्ठ प्रस्तुतिलाई पुरस्कृतसमेत गर्नुहोस् ।


जलस्रोतको उपयोग, जडिबुटी, कृषिमा व्यावसायीककरण, औद्योगिक विकास, पर्यटन क्षेत्रको विकास, उच्चस्तरको सिपयुक्त जनशक्ति

**क्रियाकलाप ६ : अभिनय र हाउभाउसहितको संवाद प्रस्तुति**

पाठमा दिइएको संवाद समूह समूहमा अभिनय र हाउभाउसहित पढ्न लगाउनुहोस् र अन्तिममा संवादको सार हरेक समूहबाट प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ : चार्ट वा तालिका निर्माण**

विकास बहुआयामिक हुन्छ भन्ने तथ्यलाई निम्न चार्ट वा तालिका प्रस्तुत गरी स्पष्ट पार्नुहोस् । सोअगि विद्यार्थीबाट आएका विचारलाई समेत छलफल गराउनुहोस् ।




**क्रियाकलाप ८ : भित्री बाहिरी घेरा खेल ( Speed dating)**

विद्यार्थीलाई समान सङ्ख्या हुनेगरी दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई भित्री समूह र अर्को समूहलाई बाहिरी समूहका रूपमा भित्रपट्टि र बाहिरपट्टि गोलो घेरामा रहन लगाउनुहोस् । भित्री समूह र बाहिरी समूहका विद्यार्थीबिच आमनेसामने हुने गरी उभिन लगाउनुहोस् । अब बाहिरी समूहलाई घुम्ने समूह र भित्री समूह स्थीर समूहको रूपमा रहने कुरा बताइदिनुहोस् ।

सुरुमा कुनै एउटा विषयवस्तु दिएर सामुन्ने पर्ने साथीसँग पालैपालो छलफल गर्न लगाउनुहोस् । जस्तै : विकास भनेको के हो ? एक मिनेटमा दुवै जनाले आफूलाई लागेका विचार आदानप्रदान गरिसक्नुपर्ने छ ।

अब बाहिरी घेराका साथीलाई एक स्टेप घडी घुम्ने दिशातर्फ अगाडि बढ्न भन्नुहोस् ।

अब सामने हुने नयाँ साथीसँग नयाँ विषयमा छलफल गर्नुपर्ने हुन्छ भनी बताइदिनुहोस् । जस्तै विकासको महत्त्व सम्बन्धमा आफूले जानेका कुरा पालैपालो साथीसँग सेयर गर्नुहोस् । यसका लागि दुई मिनेट समय दिनुहोस् । यो प्रक्रियालाई ४/५ पटक गर्दै सिकाइलाई सबलीकरण गर्न सकिन्छ । हरेक चोटि सेयर गर्ने नयाँ नयाँ विषयवस्तु हुनुपर्ने कुरामा शिक्षक सचेत हुनुपर्छ ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठको अभ्यासमा दिइएका र निम्न थप प्रश्नमा आधारित भई विद्यार्थीको सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. विकास सकारात्मक परिवर्तन हो, यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२. विकासका कुनै तीन आवश्यकता उल्लेख गर्नुहोस् ।

३. विकासोन्मुख र विकसित देशबिचको भिन्नता उल्लेख गर्नुहोस् ।

४. नेपाललाई विकसित देश बनाउन के गर्नुपर्ला ?

**वक्तृत्वकलाको निम्न आधारमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नुहोस् ।**

सम्बोधन, विषयवस्तुको उठान, वाक् कटुता, तार्किकता

# पाठ :  २  विकासका पूर्वाधार

अनुमानित कार्यघण्टा : ४

**(क) पाठ परिचय**

विकासका लागि पूर्वाधार र पूर्वाधारको विकास एकअर्कामा सम्बन्धित छन् । पूर्वाधारको विकास भएपछि मात्र विकासको गति अगि बढ्छ । यातायात, ऊर्जा, सञ्चार, जनशक्ति, शिक्षा, स्वास्थ, खानेपानी, सिँचाइ आदि विकासका पूर्वाधार हुन् ।

यस पाठमा विकासका पूर्वाधारका रूपमा खानेपानी, ऊर्जा र जनशक्तिको अवधारणा, महत्त्व एवम् वर्तमान अवस्था सम्बन्धमा जानकारी दिने विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, TPS, संवाद, द्रुत लेखन, समूह कार्य, मस्तिष्क मन्थन आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी विकासको पूर्वाधारको परिचय दिन, महत्त्व बताउन र वर्तमान अवस्थाको वर्णन गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विकासको पूर्वाधारका रूपमा खानेपानी, ऊर्जा र जनशक्तिको महत्त्व एवम् वर्तमान अवस्था वर्णन गर्न | – विकासको पूर्वाधारका रूपमा खानेपानीको अवधारणा र महत्त्व बताउन<br>– विकासको पूर्वाधारका रूपमा ऊर्जाको महत्त्व बताउन<br>– विकासको पूर्वाधारका रूपमा जनशक्तिको आवश्यकता उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- खानेपानीको स्रोत र वितरणको अवस्था झल्कने चित्र
- हाइड्रोपावरको चित्र वा भिडियो
- विभिन्न सिपयुक्त जनशक्ति झल्कने चित्र

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई विभिन्न विकासका पूर्वाधार झल्कने चित्र प्रदर्शन गरी ती चित्र कुन कुन पूर्वाधारसँग सम्बन्धित छन् भनी पहिचान गर्न लगाउनुहोस् । आफ्नो समुदायमा ती पूर्वाधार छन् कि छैनन्, छन् भने कहाँ रहेका छन् आदि प्रश्न गर्दै विषयवस्तुको उठान गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : मस्तिष्क मन्थन**

विद्यार्थीलाई आफूले पिउने गरेको पानीको स्रोत के हो ? सो पानी कहाँबाट ल्याइएको हो, आदि प्रश्न गर्दै मस्तिष्क मन्थन गराउनुहोस् ।

**क्रियाकलाप २ सोच-जोडी र आदानप्रदान** (Think- pair- share)

खानेपानीलाई किन विकासका पूर्वाधारका रूपमा लिइएको हो ? जोडी जोडीमा छलफल गरी छलफलको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । उनीहरूको विचारलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती विचारलाई समेत जोड्दै खानेपानीलाई विकासको पूर्वाधार मानिनुको कारण र खानेपानीको महत्त्व सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ जानकारी आदानप्रदान**

आफ्नो समुदायमा खानेपानीसम्बन्धी कुनै समस्या भए नभएको विद्यार्थीबाट पालैपालो जानकारी लिनुहोस् । उनीहरूबाट प्राप्त समस्यालाई जोड्दै नेपालमा खानेपानीको समस्याको सूची प्रस्तुत गर्दै स्पष्ट पार्नुहोस् ।

**सम्भाव्य समस्याहरू**

- खानेपानी वितरण व्यवस्थित नभएको
- खानेपानीको शुल्क महँगो रहेको
- व्यक्तिगत धारा वितरण नभएको
- उपभोक्ता समितिको भूमिका प्रभावकारी हुन नसकेको
- खानेपानीमा आर्सनिक मिसिएको
- कतिपय ठाउँमा खानेपानी लिन टाढा टाढासम्म जानुपर्ने बाध्यता
- खानेपानी थाप्न लामो लाइन लाग्नुपर्ने परिस्थिति

**क्रियाकलाप ४ छलफल**

ऊर्जाका विभिन्न स्रोतहरूको सूची तयार पार्न लगाउनुहोस् । तीमध्ये नेपालमा सबैभन्दा प्रभावकारी र सम्भावना भएको ऊर्जाको स्रोत जलस्रोतको महत्त्व र उपयोग सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । स्थानीय उदाहरण दिँदै थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ चित्र वा भिडियो प्रदर्शन र संवाद**

विभिन्न सिपयुक्त जनशक्ति झल्कने चित्र वा भिडियो प्रदर्शन गर्दै जनशक्तिको अवधारणा प्रस्ट पार्नुहोस् ।

जनशक्तिको महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गरी दुई साथीबिचको संवादको नमुना तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् । क्रियाकलापको अन्त्यमा शिक्षकले जनशक्तिको महत्त्व सम्बन्धमा उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ द्रुत लेखन**

विद्यार्थीलाई यस पाठबाट सिकेका मुख्य मुख्य विषयवस्तु २ मिनेटभित्र टिपोट गर्न लगाउनुहोस् । टिपोट गर्दा वेला वेलामा समय सम्झाउनुहोस् । टिपोट गरेका कुरा केही सहभागीलाई भन्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठको अभ्यासमा दिइएका र निम्न थप प्रश्नमा आधारित भई विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. खानेपानीलाई किन विकासको पूर्वाधार मानिएको हो ?

२. आर्सेनिकयुक्त पानी पिउनु हुँदैन, किन ?

३. नेपालमा के कस्ता ऊर्जाको सम्भावना देख्नुहुन्छ ?

४. नेपालमा जनशक्ति विकासका समस्या के के रहेका छन् ?

# पाठ : ३ सङ्घीय राज्यको अवधारणा

अनुमानित कार्यघण्टा : २

## (क) पाठ परिचय

सङ्घीयता एउटा शासन प्रणाली हो । सङ्घीयतामा विभिन्न तहको सरकारको व्यवस्था गरिएको हुन्छ । नेपालमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था गरिएको छ । नेपालको संविधानमा व्यवस्था भएअनुसार तीनै तहका सरकारले आआफ्नो अधिकारको उपयोग गरी शासन सञ्चालन गर्छन् । सङ्घीय शासन व्यवस्थाले नागरिक अधिकार सुनिश्चित गर्नुका साथै शिक्षा, स्वास्थ, खानेपानी, सञ्चार आदि विकासका लागि पूर्वाधारको क्षेत्रमा समेत आफ्नो चासो र सक्रियता देखाउँछ ।

यस पाठमा सङ्घीय राज्यको अवधारणा, महत्त्व र नेपालको सङ्घीय राज्यको स्वरूप आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, संवाद, अब मेरो पालो, समूह कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गरी सङ्घीय राज्यको महत्त्व बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गर्न | – सङ्घीय राज्यको अवधारणा र महत्त्व बताउन<br>– नेपालको शासन प्रणालीको स्वरूप पहिचान गर्न |

## (ग) शैक्षणिक सामग्री

– सङ्घीय राज्यको अवधारणा र महत्त्व उल्लेखित चित्र, चार्ट, तालिका
– सात प्रदेश भएको नेपालको नक्सा आदि

## (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई सात प्रदेशसहितको नेपालको नक्सा देखाई सात प्रदेशको नाम भन्न लगाउनुहोस् । नेपालमा ७ प्रदेश र ७५३ स्थानीय तह रहेको सन्दर्भ उल्लेख गर्दै सङ्घीयताको सामान्य अवधारणामा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : मस्तिष्क मन्थन**

निम्नानुसारका प्रश्न सोधी सङ्घीयता र सङ्घीय राज्य सम्बन्धमा विद्यार्थीको मस्तिष्क मन्थन गराउनुहोस् ।

- सङ्घीयता भनेको के हो ?
- सङ्घीय राज्य भनेको के हो ?
- नेपालमा सङ्घीयताको सुरुआत कहिलेदेखि भयो ?
-

**क्रियाकलाप २ : तालिका प्रस्तुति र छलफल**

सङ्घीयताको परिभाषा लेखिएको चार्ट वा तालिका प्रस्तुत गरी सङ्घीयता र सङ्घीय राज्यको अवधारणा स्पष्ट पारिदिनुहोस् ।

सङ्घीय राज्य

- सङ्घीयता एउटा शासन प्रणाली हो
- सङ्घीय राज्यमा केन्द्रमा रहेको अधिकार प्रदेश र स्थानीय तहमा निक्षेपण गरिएको हुन्छ ।
- सङ्घीय व्यवस्थामा एउटै देश र राजनीतिक प्रणालीभित्र दुई वा दुईभन्दा बढी तहका सरकारको व्यवस्था गरिएको हुन्छ ।
- नेपालको संविधानमा नै सङ्घीय राज्यको अवधारणा उल्लेख गरिएको छ ।
- देशअनुसार सङ्घीयताका तह फरक फरक हुन्छन् । भारत र अमेरिकामा दुई तहका सरकार छन् भने नेपालमा तीन तहको सरकार छ ।

**क्रियाकलाप ३ : समूह छलफल र प्रस्तुति**

सङ्घीय राज्यको महत्त्व सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**सङ्घीय राज्यको महत्त्व**

- सामाजिक विविधताको सम्मान
- सन्तुलित र समानुपातिक विकास
- सामाजिक न्याय
- अवसरको न्यायोचित वितरण
- सेवा सुविधाको सहज पहुँचमा वृद्धि
- शासन प्रणालीमा समानुपातिक सहभागिता

**कियाकलाप ४ : संवाद**

सङ्घीयताले नागरिकमा राष्ट्रप्रतिको अपनत्व बढाउँछ भन्ने शीर्षकमा दुई साथीबिच हुने संवादको नमुना तयार पार्न लगाउनुहोस् । निम्नानुसारका विषयवस्तु समेटिने गरी छलफल गराउनुहोस् ।

- सङ्घीयताले जन सहभागिता अभिवृद्धि गर्न मदत गर्ने
- नागरिकले सेवा सुविधाको लागि धेरै टाढा जानु नपर्ने
- स्रोत साधनको न्यायोचित वितरण
- सेवामा सहज पहुँच

**क्रियाकलाप ५ अब मेरो पालो**

विद्यार्थीलाई समूहमा विभाजन गर्नुहोस् । हरेक समूहमा एउटा प्रश्न सोधी त्यो प्रश्नको उत्तर सबैले पालैपालो दिनुपर्ने कुरा बताउनुहोस् । अब हरेक विद्यार्थीलाई आफ्नो अगाडिको टेबुलमा कलम राख्न लगाउनुहोस् । प्रश्नको उत्तर

दिइसकेपछि आफ्नो कलम फिर्ता लैजान पाइने तर उत्तर मिलेको हुनुपर्ने र सोको निर्णय समूहकै अरू साथीहरूले गर्ने कुरा बताउनुहोस् । अन्तिमसम्म कलम लैजान नसक्ने साथीलाई सहयोग गर्न अरू विद्यार्थीलाई अभिप्रेरित गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठको अभ्यासमा दिइएका र निम्न थप प्रश्नमा आधारित भई विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. सङ्घीयता भनेको के हो ?

२. सङ्घीयतामा अवसरको न्यायोचित वितरण हुन्छ, कसरी ?

३. सामाजिक विविधताको सम्मानले सङ्घीयतालाई बलियो बनाउँछ भन्ने विषयमा आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

# पाठ : ४ स्थानीय, प्रादेशिक र सङ्घीय सरकार

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । नेपालको संविधानले राज्य शक्तिको बाँडफाँट सङ्घ, प्रदेश र स्थानीय तहमा रहने व्यवस्था गरेको छ । हरेक तहमा सरकार रहने व्यवस्था वर्तमान संविधानले गरेको छ ।

नेपालको सङ्घीय राज्यको स्वरूप यस पाठमा समावेश गरिएको मुख्य विषयवस्तु हो । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, ग्यालरी वाक, हाजिरीजवाफ, समूह कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गरी वर्णन गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गर्न | – नेपालको सङ्घीय राज्यको स्वरूप पहिचान गर्न<br>– नेपालको सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारको स्वरूप वर्णन गर्न |

**(ग) शैक्षणिक सामग्री**

- नेपालको सात प्रदेश खुलेको नक्सा
- तीन तहको सरकारको कार्य क्षेत्र उल्लेखित चार्ट

**(घ) सिकाइ सहजीकरण प्रक्रिया**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई नेपालको सङ्घीय संरचना सम्बन्धमा आफूलाई जानकारी भएको कुरा पालैपालो भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् र यिनै बुँदामा आधारित भई नेपालको सङ्घीय राज्यको स्वरूप सम्बन्धमा विषय उठान गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट वा तालिका प्रदर्शन र छलफल**

नेपालको सङ्घीय राज्यको स्वरूप उल्लेखित चार्ट वा तालिका प्रदर्शन गरी सङ्घीय राज्यको स्वरूप सम्बन्धमा छलफल गराउनुहोस् र निम्नानुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

- **नेपालमा तीन तहको सङ्घीय संरचना रहेको छ ।**
- **यि तीन तह सङ्घ, प्रदेश र स्थानीय तह हुन् ।**
- **नेपालको राज्यशक्तिको अधिकारको प्रयोग यी तीनै तहले गरेका हुन्छन् ।**
- **सङ्घीय सरकार केन्द्रमा रहेको हुन्छ भने हरेक प्रदेशमा प्रदेश सरकार रहन्छ । त्यस्तै हरेक स्थानीय तहमा स्थानीय सरकार रहने व्यवस्था वर्तमान संविधानमा छ ।**

**क्रियाकलाप २ : ग्यालरी वाक**

सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको विशेषता र कार्यक्षेत्र सम्बन्धमा विभिन्न सन्दर्भ सामग्री, पाठ्यपुस्तक आदि अध्ययन गरी समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्ष टिपोट गर्न लगाई कक्षाको भित्तामा विभिन्न ठाउँमा टाँस्न लगाउनुहोस् । अब सबै समूहका विद्यार्थीलाई पालैपालो भित्तामा टाँसिएका विषयवस्तु अध्ययन गर्न लगाई आफूलाई लागेका कुरा वा सुझाव भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ : चार्ट वा तालिका प्रदर्शन**

विद्यार्थीलाई विभिन्न स्रोत सामग्री उपलब्ध गराई पाठ्यपुस्तकको क्रियाकलाप न. १ गर्नका लागि सहजीकरण गर्नुहोस् । उनीहरूले तयार पारेको सामग्रीलाई आवश्यक पृष्ठपोषण दिनुहोस् र अन्तिमीकरण भएको चार्ट वा तालिका कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

| प्रदेशको नाम | प्रदेशको राजधानी | जिल्ला सङ्ख्या | स्थानीय तह सङ्ख्या |
|---|---|---|---|
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | | | |

**क्रियाकलाप ४ : हाजिरीजवाफ प्रतियोगीता**

प्रदेश र स्थानीय तहसँग सम्बन्धित विभिन्न प्रश्नहरू बनाउनुहोस् र हाजिरीजवाफ प्रतियोगीता सञ्चालन गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

वैदेशिक सम्बन्धसम्बन्धी काम कुन सरकारको कार्यक्षेत्रमा पर्छ ?

कोसी प्रदेशको राजधानी सहरको नाम के हो ?

गण्डकी प्रदेशमा कतिओटा जिल्ला रहेका छन् ।

लुम्बिनी प्रदेशको राजधानी दाङ हुनुभन्दा पहिला कहाँ थियो ?

जनताको सबैभन्दा नजिक रहेको सरकार कुन हो ?

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठको अभ्यासमा दिइएका र निम्न थप प्रश्नमा आधारित भई विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. प्रादेशिक सरकारका कुनै दुई कार्य लेख्नुहोस् ?

२. सङ्घीय सरकारका कुनै चारओटा कार्य लेख्नुहोस् ।

# पाठ : ५ मेरो प्रदेश

अनुमानित कार्यघण्टा : ४

**(क) पाठ परिचय**

नेपालको संविधानले राज्य शक्तिको बाँडफाँट सङ्घ, प्रदेश र स्थानीय तहमा रहने व्यवस्था गरेको छ । नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ ।

यस पाठमा बाग्मती प्रदेशको सम्बन्धमा विषयवस्तु प्रस्तुत गरिएको छ । यस पाठको अध्ययनका क्रममा विद्यार्थीलाई उनीहरू बसोबास गरेको प्रदेशको सम्बन्धमा जानकारी खोजी गरी अध्यापन गर्नुपर्ने हुन्छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, नक्सा अध्ययन, सन्दर्भ सामग्रीको अध्ययन र समूह कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी आफू बसोबास गरेको प्रदेशको विवरण प्रस्तुत गर्न र अन्य प्रदेशको विवरण खोजी गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – आफू बसेको प्रदेशको परिचय, संरचना र त्यहाँको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्था बताउन<br>– आफ्नो प्रदेशका प्रमुख विकास कार्यक्रम र आयोजनाको पहिचान गरी तिनका विशेषता र प्रभाव बताउन | – बाग्मती प्रदेशको छोटो विवरण प्रस्तुत गर्न<br>– आफू बसेको प्रदेशको भौगोलिक, सामाजिक र सांस्कृतिक अवस्था बताउन<br>– आफ्नो प्रदेशका प्रमुख विकास कार्यक्रम र आयोजनाको पहिचान गरी तिनका विशेषता र प्रभाव बताउन |

**(ग) शैक्षणिक सामग्री**

- नेपालको सात प्रदेश खुलेको नक्सा
- विभिन्न प्रदेशको नक्सा

**(घ) सिकाइ सहजीकरण प्रक्रिया**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई आफ्नो प्रदेशको नाम भन्न लगाई नेपालको नक्सामा आफ्नो प्रदेश पहिचान गर्न लगाउनुहोस् । प्रदेशको कुनै एक विशेषता भन्न लगाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र ती विषयवस्तुमा छलफल गराउँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : नक्सा अध्ययन**

विद्यार्थीलाई पाठमा भएको प्रदेशको नक्सा अध्ययन गर्न लगाई सो प्रदेशको चार दिशामा पर्ने प्रदेश पहिचान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : सन्दर्भ सामग्री अध्ययन**

बाग्मती प्रदेशका सम्बन्धमा पाठ्यपुस्तक वा अन्य सन्दर्भ सामग्री अध्ययन गरी भौगोलिक, सामाजिक सांस्कृतिक र आर्थिक विवरण सङ्कलन गर्न लगाउनुहोस् र सो विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| भौगोलिक विवरण | सामाजिक सांस्कृतिक | आर्थिक |
|---|---|---|
| | | |

**क्रियाकलाप ३ : समूह प्रस्तुति**

विद्यार्थीलाई सम्बन्धित प्रदेशको नक्सा र अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाई आवश्यक समूहमा विभाजन गरी उक्त प्रदेशको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक आदि पक्ष खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले समेत आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ४ : खोजी र प्रस्तुत**

पाठ्यपुस्तकको सम्बन्धित पाठको क्रियाकलाप न.२ मा दिइएको विवरण जस्तै गरी आफू बसेको प्रदेशका विकास आयोजना तथा कार्यक्रमको नाम र तिनका विशेषता खोजी प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित थप प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ : सिर्जना र प्रस्तुति**

विद्यार्थीलाई आफ्नो प्रदेशको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक विशेषता समेट्दै गीत, कविता, चित्र वा पोस्टर तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् र सोको मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठको अभ्यासमा दिइएका र निम्न प्रश्नमा आधारित भई विद्यार्थीको सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१.तपाईंको प्रदेशका मुख्य आर्थिक क्रियाकलाप के के हुन ?

२.तपाईं आफ्नो प्रदेशलाई कसरी चिनाउनु हुन्छ, उल्लेख गनुहोस् ।

# एकाइ : दुई हाम्रो मानव मूल्यमान्यता

कार्यघण्टा : २०

**(क) एकाइ परिचय**

सामाजिक व्यवहारलाई व्यवस्थित र अनुशासित गराउने आदर्शका रूपमा समाजले स्वीकार गरेका वा समाजमा स्थापित भएका विश्वास, चालचलन, रीतिरिवाज र सामाजिक नियमहरू सामाजिक मूल्यमान्यता हुन् । हरेक समाजका आआफ्नै मूल्यमान्यता हुन्छन् । नेपाली समाजमा पनि सामाजिक, धार्मिक र सांस्कृतिक मूल्यमान्यता स्थापित भएका छन् ।

बालबालिकालाई आफ्नो घरपरिवार, छरछिमेक, समुदाय र कार्यक्षेत्रमा रहदा न्याय, शान्ति र अहिंसाको परिपालनाको महत्त्वबोध गरी त्यस्ता व्यवहार प्रदर्शन गर्न सक्ने बनाउनुपर्छ । बालबालिकालाई समुदायमा प्रचलित विभिन्न सामाजिक परम्परा र प्रचलनका बारेमा जानकारी गराई सकारात्मक र सुधार गर्नुपर्ने पक्षको पहिचान गरी सुधारका लागि सुझाव र संरक्षणका उपायलगायतका कुरामा जानकारी गराउनुपर्छ । यस एकाइले मानव मूल्यका विविध पक्षको जानकारी र सो को अवलम्बनमा व्यक्तिलाई प्रेरित गर्नुका साथै नेपालमा प्रचलित जातिगत सामाजिक परम्परा र संस्कारका साथै धार्मिक एवम् सांस्कृतिक क्रियाकलापसँग परिचित गराई यस्ता विविधताको सम्मान र संरक्षणमा जिम्मेवार बनाउने अपेक्षा गरिएको छ ।

विद्यार्थीलाई विविधतामा एकताका रूपमा नेपालको परिचय दिन सक्षम बनाई विविधताको सम्मान र संरक्षणमा सहभागी हुन सक्ने पनि बनाउनुपर्छ । नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राख्न हाम्रो भूमिका महत्त्वपूर्ण रहेको हुन्छ जसबाट हामीले धेरै फाइदा लिन सक्छौँ भन्ने कुराको बोध गराई समुदायमा हुने विभिन्न क्रियाकलापमा बालबालिकालाई सहभागी गराउन आवश्यक हुन्छ । त्यस्तै विद्यार्थीमा नेपालका राष्ट्रिय सम्पदाको पहिचान गरी संरक्षण र संवर्धनका कार्यमा सहभागी हुन उत्प्रेरित गराउनुपर्छ । यसका साथै अन्तर्राष्ट्रिय व्यक्तिवहरूको जीवनी र योगदान पहिचान गरी उनीहरूले गरेका राम्रा कामको अनुसरण र सम्मान गर्ने एवम् सिर्जनशीलता र चरित्र निर्माणमा स्काउटको भूमिकाहरूको खोजी गर्ने जस्ता विभिन्न गतिविधिमा सहभागी भई अभ्यास गर्न उत्प्रेरित गराउनु पनि यस एकाइको उद्देश्य हो ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, Gallery Walk, Speed Dating , अभिनय, वक्तृत्वकला, बिङ्गो खेल, चिट्ठा खेल, द्रुत लेखन, अब मेरो पालो, रिले राइटिङ, रनिङ डिक्टेसन आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

**(ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण**

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ.घ |
|---|---|---|---|---|
| १ | हाम्रा आदर्श व्यवहार | न्याय, शान्ति र अहिंसाको परिपालना गर्न | - न्याय, शान्ति र अहिंसाको विभिन्न अवस्था झल्कने चित्र, फोटो तथा भिडियो<br>- आदर्श व्यवहार कायम गर्ने उपायहरूको सूची<br>- शान्त र संयमित रहने उपायहरू उल्लेखित चार्ट | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | - घटना अध्ययन<br>- बिङ्गो बोर्ड | |
| २ | नेपालमा प्रचलित सामाजिक परम्परा र प्रचलन | नेपालमा प्रचलित सामाजिक तथा धार्मिक एवम् सांस्कृतिक क्रियाकलापहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन | - समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलन झल्किने चित्र, फोटो<br>- नेपालका विभिन्न समुदायमा प्रचलित सामाजिक प्रचलनको सूची<br>- प्रचलित सामाजिक प्रचलनको महत्त्व र तिनीहरूका संरक्षणका लागि गर्नुपर्ने कार्य समेटिएको तालिका | २ |
| ३ | नेपालमा जातिगत परम्परा र संस्कार | | - जन्म, विवाह संस्कार र मृत्यु संस्कारको तालिका<br>- विभिन्न जातजातिका जन्म, विवाह र मृत्यु संस्कार झल्किने फोटो, चित्र तथा भिडियो क्लिप्स | ३ |
| ४ | हाम्रा धार्मिक एवम् सांस्कृतिक क्रियाकलाप | | - विभिन्न धार्मिक समुदायसँग सम्बन्धित धार्मिक एवम् सांस्कृतिक क्रियाकलाप झल्किने चित्र तथा भिडियो क्लिप<br>- नेपालमा प्रचलित धार्मिक संस्कारको तालिका | २ |
| ५ | विविधतमा एकता | विविधतामा एकताको रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न | - विविधता, विविधतामा एकता, सद्भाव र सहिष्णुता झल्किने चित्र, फोटो, गीत तथा भिडियो,<br>- विविधतामा एकताको महत्त्व उल्लेखित चार्ट | २ |
| ६ | नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता | | - सामाजिक सद्भाव झल्काउने चित्र, भिडियो<br>- धार्मिक सहिष्णुता झल्काउने समाचार तथा सम्पादकीयका नमुनाहरू<br>- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम गर्दा हुने फाइदा उल्लेखित चार्ट | ३ |
| ७ | नेपालका राष्ट्रिय सम्पदाहरू | नेपालका राष्ट्रिय सम्पदाको पहिचान गरी संरक्षण र संवर्धनका कार्यमा सहभागी हुन | - राष्ट्रिय सम्पदाहरूसँग सम्बन्धित विभिन्न चार्ट, भिडियो वा स्लाइड<br>- राष्ट्रिय सम्पदाहरूको सूची<br>- सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको सूची<br>- राष्ट्रिय सम्पदासँग सम्बन्धित चित्र, चार्ट, समाचार, सम्पादकीय र लेख<br>- राष्ट्रिय सम्पदाको महत्त्वसँग सम्बनधित चित्र, फोटो वा भिडियो<br>- राष्ट्रिय सम्पदाहरूको संरक्षणका उपायहरूको तालिका | २ |
| ८ | अन्तर्राष्ट्रिय व्यक्तिवहरू | विभिन्न अन्तर्राष्ट्रिय प्रेरणादायक व्यक्तिवहरूको खोजी गरी सम्मान गर्न र उनीहरूका कामबाट प्रेरणा लिन | - अन्तर्राष्ट्रिय स्तरमा योगदान दिने व्यक्तिवहरूको चित्र, तस्बिर, जीवनी, कथा, कविता, पत्रपत्रिकामा प्रकाशित समाचारका कटिङ तथा भिडियोहरू<br>- अन्तर्राष्ट्रिय व्यक्तिवले गरेका विभिन्न कामहरूको भिडियो | २ |

| | | | | |
|---|---|---|---|---|
| ९ | स्काउट र अनुशासन | सिर्जनशीलता र चरित्र निर्माणमा स्काउटको भूमिकाको खोजी तथा अभ्यास गर्न | - स्काउटका गतिविधिहरू सम्मिलित चित्र, फोटो तथा भिडियो<br>- स्काउटका गतिविधिहरूसँग सम्बन्धित समाचारको कटिङ, लेख, रचना<br>- स्काउटले खेल्ने भूमिका उल्लेखित चार्टपेपर | २ |

# पाठ : १ हाम्रा आदर्श व्यवहार

अनुमानित कार्यघण्टा : २

## (क) पाठ परिचय

हामीमा प्रेम, दया, करुणा, धैर्य, विश्वास, शान्ति, संयमता, मिठो बोली वचन, न्यायिक तथा समान व्यवहार, सत्यता, सकारात्मक सोच, अहिंसालगायत गुण हुनुपर्छ । यी हाम्रा आदर्श व्यवहार हुन् । हाम्रा व्यवहारहरू असल, सभ्य र विकसित समाज निर्माणका आधार हुन् । त्यस्ता व्यवहारहरू प्रदर्शन गर्दा हामीले सधैँ समाजलाई हित हुने आदर्श व्यवहार नै प्रदर्शन गर्नुपर्छ । यस्ता आदर्श व्यवहारहरू सभ्य समाज निर्माणका आधार हुन् । अशिक्षित समाज तथा समुदायको तुलनामा शिक्षित समाजमा यस्ता आदर्श व्यवहार अधिक मात्रामा प्रदर्शन गरिन्छन् । हाम्रो समाज, समुदाय, घर परिवारमा पनि यस्ता आदर्श व्यवहार प्रदर्शन गर्नुपर्छ । यस पाठमा विद्यार्थीलाई यिनै आदर्श व्यवहारसँग सम्बन्धित न्यायिक, शान्त र संयमित व्यवहार, मानसिक शान्ति, अहिंसा, जीवजन्तु प्रतिको प्रेमको महत्त्व बुझाउन खोजिएको छ । साथै विश्वबन्धुत्वको भावना विकास गरी सभ्य समाज निर्माण गर्न आपसी मेलमिलाप र विश्वासको वातावरण क्रमशः बढाउन सकिन्छ भन्ने कुराको बोध गराउन खोजिएको छ । यस पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, अभिनय, बिङ्गो खेल, चिट्ठा खेल, मौन क्रियाकलाप आदि जस्ता विधि तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| न्याय, शान्ति र अहिंसाको परिपालना गर्न | – न्यायिक व्यवहारको पालना गर्न<br>– मानसिक शान्तिको अभ्यास गर्न<br>– शान्ति र संयमित व्यवहार प्रदर्शन गर्न<br>– परिवार, साथी र समुदायमा उत्पन्न विवादको शान्तिपूर्ण समाधान गर्न<br>– प्राणीलाई कष्टबाट मुक्त गराउन<br>– अरूको ईर्ष्या नगर्न र अहित नसोच्न |

## (ग) शैक्षणिक सामग्री

- न्याय, शान्ति र अहिंसाको परिपालना गरिएका विभिन्न अवस्था तथा अभ्यास झल्कने चित्र, फोटो तथा भिडियो वा डकुमेन्ट्री
- आदर्श व्यवहार कायम गर्ने उपायको सूची
- शान्त र संयमित रहने उपायहरू उल्लेखित चार्ट
- घटना अध्ययनको नमुना सामग्री
- बिङ्गो बोर्ड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई घर परिवार तथा समुदायमा तपाईँहरूले के कस्ता व्यवहार प्रदर्शन गर्नुहुन्छ ? तपाईँहरूले प्रदर्शन गर्नुभएको व्यवहारबाट कोही प्रभावित भई स्याबासी तथा सुधार गर्न सुझाव दिनुभएको छ ? जस्ता प्रश्न गरी अनुभव बताउन लगाउनुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

विद्यार्थीलाई विभिन्न प्रकारका न्याय, शान्ति र अहिंसाको परिपालनाको महत्त्वबोध गराउने उपदेशात्मक सूक्ति, कथा, गीत, कविता, उदाहरण तथा अभ्यास झल्कने चित्र, फोटो तथा भिडियो वा डकुमेन्ट्री प्रस्तुत गरी आदर्श व्यवहार सम्बन्धमा छलफल गराउनुहोस् ।

**क्रियाकलाप २ : छलफल र निष्कर्ष प्रस्तुति**

मानिसहरूले अपनाउन पर्ने आदर्श व्यवहारहरू लेखिएको सूची/चार्ट प्रदर्शन गर्नुहोस् ।

(न्यायिक व्यवहार, मानसिक शान्ति, अहिंसा, आपसी सद्भाव, सम्मान, मिठो बोलीबचन, संयमित्ता, निष्पक्षता, सकारात्मक सोच, समानुभूति, एकता, धैर्य, कर्तव्यबोध, योग, सहकार्य, सिर्जनशीलता, प्राणीलाई माया आदि)

माथि उल्लेखित व्यवहार विद्यार्थीका घर, परिवार, समुदायका साथै विद्यालय र साथीभाइका बिचमा पनि पालना गरिन्छन् ? जोडी जोडीमा छलफल गर्न लगाई छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक परेमा थप सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३ : बिङ्गो खेल**

(क) विद्यार्थीलाई कापीमा एउटा आयत वा वर्गाकार बनाएर त्यसलाई १६ भागमा विभाजन गर्न लगाई बिङ्गो बोर्ड तयार गर्न लगाउनुहोस् र बिङ्गो खेल खेलाउनुहोस् ।

यसको लागि प्रत्येक कोठामा पाठबाट १६ ओटा आदर्श व्यवहार

(न्यायिक व्यवहार, मानसिक शान्ति, अहिंसा, आपसी सद्भाव, निष्पक्षता, सकारात्मक सोच, समानुभूति, एकता, धैर्य, जिम्मेवारी, योग, सहकार्य, सिर्जनशीलता, प्राणीहरूलाई माया, मिठो बोलीबचन, सम्मान)

छान्नुहोस् र प्रत्येक कोठामा एक एकओटा आदर्श व्यवहार लेख्न लगाउनुहोस् ।

(ख) विद्यार्थीलाई मैले आदर्श व्यवहारको उदाहरण र अर्थ भन्छु तपाईँहरूले मैले भनेको आदर्श व्यवहार बिङ्गो बोर्डमा कुन चाहिँ कोठामा छ, त्यसमा घेरा लगाउनुहोस् भनी निर्देशन गर्नुहोस् । साथै अरूको हेर्न नपाइने, एकपटक घेरा लगाएपछि फेरि अर्कोमा लगाउन नपाइने नियम सुनाउनुहोस् ।

खेललाई अझै रोचक बनाउन बिङ्गो बोर्डको तलपट्टि स्कोर बोर्ड बनाई प्रत्येक सही उत्तरका लागि १ अङ्क दिने व्यवस्था मिलाउनुहोस् ।

(ग) अब तपाईँले बिङ्गो बोर्डमा भएको कुनै एक आदर्श व्यवहारको उदाहरण भनी विद्यार्थीलाई घेरा लगाउन लगाउनुहोस् जस्तै :

| | |
|---|---|
| शिक्षकले भन्नेः | सन्तुलित सोचाइ र संवेगको उचित प्रयोगको अवस्था वा मनको शान्त अवस्था |
| विद्यार्थीले घेरा लगाउनुपर्नेः | मानसिक शान्ति लेखिएको कोठामा |
| शिक्षकले भन्नेः | सबैलाई पक्षपातरहित र समान रूपमा व्यवहार गर्ने कार्य |
| विद्यार्थीले घेरा लगाउनु पर्नेः | न्यायिक व्यवहार लेखिएको कोठामा |
| शिक्षकले भन्नेः | आफ्नो उद्देश्यपूर्ण लक्ष्यमा दृढ रहने उदाहरणः सातौं पटकको असफलतापछि आठौं पटकमा सफल भएको |
| विद्यार्थीले घेरा लगाउनुपर्ने : | धैर्यता लेखिएको कोठामा |

**विङ्गो बोर्डको नमुना**

| | | | |
|---|---|---|---|
| **न्यायिक व्यवहार** | **योग** | **सकारात्मक सोच** | **मानसिक शान्ति** |
| **धैर्यता** | **सम्मान** | **एकता** | **निष्पक्षता** |
| **अहिंसा** | **मिठो बोलीबचन,** | **सिर्जनशीलता,** | **आपसी सद्भाव** |
| **जिम्मेवारी** | **सद्व्यवहार** | **प्राणीहरूलाई माया** | **समानुभूति** |

**स्कोर बोर्डः**

| |
|---|
| **१+ १+ १+१+** |

(**घ**) विद्यार्थीले कुन चाहिँ आदर्श व्यवहारमा घेरा लगाएका छन्, मिल्यो कि मिलेन भनी हेरेर उत्तर मिलाएका विद्यार्थीलाई स्कोर बोर्डमा १ नम्बर लेख्न लगाउनुहोस् । यसरी नै सबै मानव मूल्यको अवधारणा र त्यसको अर्थ सबैभन्दा पहिले धेरै उत्तर मिलाउने तीन जनालाई पहिलो, दोस्रो र तेस्रो विजयी घोषणा गर्नुहोस् । अन्त्यमा धेरै अङ्क ल्याउने विद्यार्थीको स्कोर बोर्डको अङ्क देखाउँदै आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३ : चिट्ठा  खेल**

आदर्श व्यवहारहरू लेखिएका केही मेटाकार्डहरूलाई टेबुलमा घोप्टो पारेर राख्नुहोस् र विद्यार्थीलाई एक एकओटा मेटाकार्ड रोज्न लगाई त्यसमा लेखिएको आदर्श व्यवहारको एक एकओटा उदाहरण भन्न लगाउनुहोस् । जस्तै : कुनै विद्यार्थीले मानसिक शान्ति भन्ने आदर्श व्यवहार भएको मेटाकार्ड लिएर यसरी उदाहरण दिए ।

पेम्बाले मनमा अनावश्यक कुरा खेल्न नदीन सिर्जनात्मक काममा आफूलाई बढी व्यस्त राख्छिन् । यो मानसिक शान्तिको उदाहरण हो ।

यसैगरी अरू विद्यार्थीलाई पनि पालैपालो मेटाकार्डमा भएको आदर्श व्यवहारअनुसारको उदाहरण भन्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४ : मौन क्रियाकलाप**

विद्यार्थीलाई एक मिनेट आँखा चिम्म गरेर शान्त रहन भन्नुहोस् । यसरी शान्त रहँदा कस्तो अनुभव भयो भनी पालैपालो भन्न लगाउनुहोस् । शान्त रहन अहिले गरे जस्तै अन्य उपाय के के हुन सक्छन् ? छलफल गरी निष्कर्ष निकाल्न लगाउनुहोस् ।

त्यसपछि शान्त र संयमित रहने उपाय उल्लेखित चार्ट वा स्लाइड प्रदर्शन गरी छलफल गर्न लगाउनुहोस् ।

**शान्त र संयमित रहने उपायहरू**

- योग र ध्यान गर्ने
- गीत सङ्गीतमा रमाउने
- विवादलाई होसियारका साथ समाधान गर्ने
- हसमुख रहने
- अरूलाई सहयोग गर्ने र समानुभूति राख्ने
- सकारात्मक सोच राख्ने
- टिभी मोबाइलमा कम समय दिने
- अरूका विचारलाई सम्मान गर्ने
- सिर्जनात्मक काममा आफ्लाई व्यस्त राख्ने

**क्रियाकलाप ५ : अनुभव आदानप्रदान**

प्रत्येक विद्यार्थीलाई आफ्ना नजिकका साथीभाई तथा आफन्तबाट कस्तो बोली, वचन र व्यवहारको अपेक्षा गर्ने गर्नुभएको छ ? सोचेर भन्न लगाउनुहोस् र आफूले पनि अरूप्रति सोहीअनुरूपको बोली, वचन र व्यवहार प्रदर्शन गर्ने गरेको छ कि छैन् ? आदि प्रश्न गरी विद्यार्थीलाई बढीभन्दा बढी अनुभव सुनाउन प्रेरित गर्नुहोस् । कतिपय अवस्थामा हाम्रा बोली, वचन र व्यवहारले गर्दा नै विवाद उत्पन्न हुने र हाम्रा बोली, वचन र व्यवहार नम्र, संयमित हुँदा मात्र विवादको समाधान सम्भव हुने उदाहरण प्रस्तुत गर्दै नम्र बानी, मिठो बोली वचन र व्यवहारको महत्त्व थप प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ६ : घटना, कथा प्रस्तुति र छलफल**

विद्यार्थीलाई अरूको इर्ष्या र डाहा गर्दा हुने हानिका सम्बन्धमा आफ्नो घटना तथा अनुभव सुनाउन उत्प्रेरित गर्नुहोस् र स्वयम् शिक्षकले पनि आफ्ना अनुभव, घटना वा कथाका विभिन्न उदाहरणबाट अरूको इर्ष्या र डाहा गर्दा हुने हानि र राम्रा कामको अनुसरण गर्दा जीवनमा खुसी र सन्तुष्टि प्राप्त हुनुका साथै अरूबाट सहयोग र सहकार्य प्राप्त हुने कुरालाई स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ७ : जोडी छलफल**

कुनै एक जना विद्यार्थीलाई पाठमा दिइएको क्रियाकलाप १ को कथा स्पष्टसँग वाचन गर्न लगाउनुहोस् । मानिसबाहेक जीव जनावरलाई पनि माया, संरक्षण गर्ने उपाय जोडीमा छलफल गरी टिपोट गर्न लगाउनुहोस् । केही जोडीलाई टिपोट

गरेका कुरा भन्न लगाउनुहोस् र शिक्षकले अन्त्यमा प्राणीहरूलाई दुःखकष्ट दिने कुरा मानवका लागि उचित व्यवहार नहुने कुरा विभिन्न उदाहरणमार्फत स्पष्ट पार्नुहोस्

**क्रियाकलाप ८ : भूमिका अभिनय**

विद्यार्थीका विभिन्न समूह बनाई प्रत्येक समूहलाई एक एकओटा आदर्श व्यवहार अपनाइएका कार्य व्यवहार झल्कने भूमिका अभिनय गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण र पृष्ठपोषण दिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा थप पृष्ठपोषण प्रदान गरी सिकाइ अवसर प्रदान गर्ने र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**केही प्रश्नहरू**

(क) शान्त र संयमित व्यवहार कसरी गर्न सकिन्छ ?

(ख) साथी साथीबिचमा उत्पन्न विवादलाई कसरी शान्तिपूर्ण समाधान गर्न सकिन्छ ?

(ग) प्राणीलाई कष्टबाट मुक्त गर्न तपाईँले गरेका कुनै कार्य उल्लेख गर्नुहोस् ।

(घ) अरूको दुःखमा खुसी मान्ने साथीलाई तपाईं कसरी सम्झाउनुहुन्छ ?

**२. तलको तालिका भर्न लगाई स्वमूल्याङ्कन गर्न लगाउनुहोस् :**

| व्यवहार | गरेको | नगरेको |
|---|---|---|
| जथाभावी छुचो बोली तथा कटुवचन बोल्ने | | |
| साथीभाइसँग मिलेर बस्ने | | |
| छरछिमेकीसँग विभिन्न बहानामा मनमुटाव राख्ने | | |
| घर परिवारका सदस्यसँग झैझगडा गर्ने | | |
| योग तथा ध्यान गर्ने | | |
| मानव र अन्य प्राणीप्रति दयाभाव राख्ने | | |
| अरूको दुःखमा खुसी हुने | | |
| ससाना विवादको मिलेर समाधान गर्ने | | |
| मोबाइल तथा टिभी धेरै समय हेर्ने | | |

३. तलको श्रेणीमापनका आधारमा भूमिका अभिनय क्रियाकलापको मूल्याङ्कन गर्नुहोस् :

| विद्यार्थीको नाम | सक्रियता | अभिव्यक्ति शैली | विषयवस्तुको बुझाइ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

धेरै राम्रो = क राम्रो = ख ठिकै = ग

# पाठ : २ नेपालमा प्रचलित सामाजिक परम्परा र संस्कार

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

समुदायमा लामो समयदेखि चलनचल्तीमा रहेका सामाजिक व्यवहार, चालचलन, प्रथा, संस्कार तथा संस्कृतिलाई सामाजिक परम्परा र प्रचलन भनिन्छ । समुदायमा प्रचलित यस्ता सामाजिक परम्परा र प्रचलन हाम्रो समुदायका सामाजिक, सांस्कृतिक र धार्मिक पहिचान पनि हुन् । दैनिक जीवनयापनलाई सरल र सहज बनाउन समुदायलाई निश्चित नीति, नियम, अनुशासन र मर्यादामा राख्न हाम्रा पितापुर्खाले विभिन्न चालचलन, व्यवहार, रीतिरिवाज, प्रथा तथा नीतिनियम अभ्यासमा ल्याएका हुन् । जुन कालान्तरमा आएर समुदायमा परम्परा र प्रचलनका रूपमा विकास हुन पुगे । समुदायमा प्रचलित यस्ता परम्परा र प्रचलनले समुदायमा हुने विभिन्न सामाजिक, धार्मिक, सांस्कृतिक र न्यायिक गतिविधिलाई व्यवस्थित बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । यस्ता परम्परा र प्रचलनले नेपाली समुदायको जीवन शैलीको सामाजिक, धार्मिक र सांस्कृतिक पक्षलाई जीवित राख्ने काम पनि गरिरहेका छन् । कतिपय परम्परा र प्रचलनको परिवर्तित समय सँगसँगै सुधार गर्दै जानुपर्ने हुन्छ ।

यस पाठमा बालबालिकालाई समुदायमा प्रचलित गुठी, भेजा, पर्मपैचोलगायत विभिन्न सामाजिक परम्परा र प्रचलनको बारेमा जानकारी गराई यी प्रचलन र परम्पराका सकारात्मक पक्षको पहिचानसमेत गरी संरक्षणका उपायहरूका सम्बन्धमा सचेत र जिम्मेवार बनाउनु रहेको छ । पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, TPS, ग्यालरी वाक, रनिङ डिक्टेसन, अब मेरो पालो आदि जस्ता विधि तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन । | – सामाजिक परम्परा र प्रचलनको अवधारणा बताउन<br>- आफ्नो समुदायमा प्रचलित विभिन्न सामाजिक तथा धार्मिक परम्परा तथा प्रचलनको खोजी गर्न<br>– सामाजिक परम्परा र प्रचलनको सम्मान र संरक्षण गर्न |

### (ग) शैक्षणिक सामग्री

- समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलन झल्किने चित्र, फोटो तथा भिडियो क्लिप
- नेपालका विभिन्न समुदायमा प्रचलित सामाजिक प्रचलनको सूची
- प्रचलित सामाजिक प्रचलनको महत्त्व र तिनीहरूका संरक्षणका लागि गर्नुपर्ने कार्य समेटिएको तालिका

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित केही सामाजिक परम्परा र प्रचलनहरूका सम्बन्धमा सोचेर लेख्न लगाउनुहोस् र जोडीमा रही त्यस्ता परम्परा र प्रचलनका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । छलफलबाट प्राप्त निष्कर्षलाई कक्षामा सुनाउन लगाउनुहोस् । उनीहरूको भनेका विषयवस्तुलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र ती विषयवस्तुलाई जोड्दै सामाजिक परम्परा र प्रचलनको विषय प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रदर्शन र अनुभव आदानप्रदान**

समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलन झल्किने चित्र, फोटो तथा भिडियो क्लिप प्रदर्शन गर्दै समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलनका सम्बन्धमा विद्यार्थीका विचार र उनीहरू स्वयम्‌का अनुभव बताउन लगाउनुहोस् र विद्यार्थीका तिनै विचार र अनुभवसँग जोड्दै सामाजिक परम्परा र प्रचलनको परिचय दिनुहोस् ।

**क्रियाकलाप २ : सूची प्रस्तुति र प्रश्नोत्तर**

नेपालका विभिन्न समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलनको सूची प्रस्तुत गर्दै यस्ता परम्परा र प्रचलनहरूको पालनाको के महत्त्व छ भन्ने प्रश्न सोधी विद्यार्थीबाट आएका जबाफलाई बोर्डमा टिपोट गर्नुहोस् र समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलनको महत्त्वका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : ग्यालरी वाक**

विद्यार्थीलाई उनीहरूको रोजाइ र आवश्यकताका आधारमा गुठी, भेजा, पर्म र पैचो, ढिकुर, बडघर, माइजन, रोधी गरी सात समूहमा विभाजन गर्नुहोस् । त्यसपछि पाठ्यपुस्तक र विभिन्न स्रोतसामग्री अध्ययन गरी प्रत्येक समूहलाई छलफल गर्न लगाउनुहोस् । छलफलको निष्कर्षलाई आआफ्नो समूहको परम्परा र प्रचलनसँग सम्बन्धित रही सो प्रचलन अपनाउने प्रमुख समुदाय, स्थान र गरिने कार्य आदि समेटी चार्टपेपरमा लेख्न लगाउनुहोस् । यसरी तयार भएका चार्ट पेपरलाई सात स्थानमा टाँस्न लगाउनुहोस् । टाँसिएको चार्ट पेपर अध्ययन गर्न लगाउनुहोस् । त्यसपछि प्रत्येक विद्यार्थीलाई अध्ययनका क्रममा राम्रा लागेका र सुधार गर्नुपर्ने पक्षलाई टिपोट गर्न लगाउनुहोस् र पालैपालो बताउन लगाउनुहोस् ।

**क्रियाकलाप ४ : रनिङ डिक्टेसन**

क्रियाकलाप ३ कै समूहलाई निम्नानुसारको क्रियाकलाप गराउनुहोस् ।

- सामाजिक प्रचलन र परम्पराको महत्त्व लेखिएको चार्ट वा कागज कक्षाभित्र वा बाहिर ५-७ ठाउँमा टाँस्नुहोस् । टाँस्दा विद्यार्थीले थाहा नपाउने गरी टाँस्नु उपयुक्त हुन्छ ।
- त्यसपछि हरेक समूहमा एक जना टिपोटकर्ता छान्न लगाउनुहोस् । समूहका बाँकी विद्यार्थीलाई टाँसिएको कागज वा चार्टमा भएका महत्त्वका बुँदाहरू याद गरी टिपोटकर्तालाई भन्न लगाउनुहोस् । फोटो खिच्न र कागजमा लेखेर ल्याउन नपाइने नियम पनि बताइदिनुहोस् ।
- समूहगत रूपमा कसरी कामलाई छिटोछरितो र व्यवस्थित गर्न सकिन्छ भनी सुरुमा नै छलफल गराउनुहोस् ।
- कार्य सम्पन्न भइसकेपछि छिटो सक्ने समूहलाई विजयी घोषणा गर्नुहोस् र उनीहरूले टिपोट गरेका कुरा कक्षामा भन्न लगाउनुहोस् । मिल्यो मिलेन, कहाँ कहाँ त्रुटि रह्यो छलफल गरी त्रुटि सच्याउन लगाउनुहोस् ।

**क्रियाकलाप ५ : अब मेरो पालो** (Pens in the middle )

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूहका सदस्यलाई आफ्नो बेन्चअगाडि आफ्नो कलम वा डटपेन वा सिसाकलम राख्न लगाउनुहोस् । शिक्षकले म एउटा प्रश्न भन्छु, तपाईँहरूले पालैपालो त्यसको उत्तर दिनुपर्ने छ । उत्तर मिलाएमा आफ्नो कलम फिर्ता लान सक्नुहुने छ भनी निर्देशन दिनुहोस् । जस्तै : गुठीको कुनै एक विशेषता बताउनुहोस् ? अब विद्यार्थीले पालैपालो गुठीको एक एकओटा विशेषता बताउनुपर्ने छ । सही उत्तर नभनेमा कलम फिर्ता लान नपाइने नियम रहेको समेत बताउनुहोस् । अन्तिमसम्म पनि कलम फिर्ता लान नसक्नेलाई साथीहरूले सहयोग गरी फिर्ता लाने वातावरण तयार पार्नुपर्ने छ भनी सम्झाउनुहोस् ।

- यो काम सबै समूहमा एकै चोटि गर्नुपर्ने छ ।
- शिक्षकले दुइतीन जना विद्यार्थीलाई तपाईंले के भनेर कलम फिर्ता ल्याउनुभयो भनेर सोध्दै सिकाइ अवस्थाको मूल्याङ्कन गर्न सक्नुहुने छ ।
- फेरि विद्यार्थीलाई पहिले झैँ कलम वा डटपेन अगाडि राख्न लगाउनुहोस् र दोस्रो प्रश्न सोध्नुहोस जस्तै : माइजन परम्पराका कुनै दुईओटा फाइदा बताउनुहोस् । अगिको प्रक्रिया झैँ विद्यार्थीले क्रियाकलाप गर्नुपर्ने हुन्छ । शिक्षकले आवश्यकताअनुसार अरू प्रश्न यसै गरी सोध्न सक्नुहुने छ । विद्यार्थीले पनि माथिका प्रक्रियाले झैँ क्रियाकलाप गर्नुपर्ने हुन्छ ।

**क्रियाकलाप ६ : तालिका निर्माण र तुलना**

विद्यार्थीको समुदायमा रहेका आफ्ना सामाजिक परम्परा र प्रचलनको सम्मान र संरक्षण गर्न अपनाउन सकिने उपायहरूका सम्बन्धमा पालैपालो भन्न लगाउनुहोस् । उनीहरूले भनेका बुँदाहरूलाई मिलाएर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । आफूले तयार पारेको प्रचलित सामाजिक प्रचलनहरूको संरक्षणका लागि गर्नुपर्ने कार्य समेटिएको तालिका प्रस्तुत गर्दै तुलना गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ : अनुभव आदानप्रदान**

समुदायमा प्रचलित सामाजिक परम्परा र प्रचलनका माध्यमबाट विद्यार्थीलाई घर, परिवार तथा समुदायमा के कस्ता कुरामा सहज भएको र के कस्ता कुराले असर पारेका छन् भनी अनुभव सुनाउन लगाउनुहोस् । उनीहरूबाट आएका अनुभवलाई जोड्दै नेपाली समुदायमा परेको सकारात्मक प्रभाव र सुधार गर्नुपर्ने पक्षका सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । साथै पाठमा दिइएका सन्दर्भ र उदाहरणलाई पनि जोड्दै विषयवस्तुलाई थप प्रस्ट पार्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**केही प्रश्नहरू**

(क) भेजा परम्पराको छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) ढिकुर परम्पराको विशेषता उल्लेख गर्नुहोस् ।

(ग) रोधी प्रथालाई संरक्षण गर्न के के गनुपर्ला ?

२. क्रियाकलाप सँगसँगै विद्यार्थीको मूल्याङ्कन पनि गर्दै जानुपर्छ । मूल्याङ्कन गर्ने क्रममा विद्यार्थीले दिइएको कार्य गरे नगरेको समूहमा संलग्न भए नभएको, उद्देश्यअनुसार सिके नसिकेको आदि शिक्षकले अवलोकन गर्नुपर्छ । यसका लागि समूह कार्य र प्रस्तुतीकरणको अवलोकन गरी मूल्याङ्कन गर्न निम्न अनुसारको तालिका प्रयोग गर्नुहोस् ।

| क्र. स | नाम, थर | समूह कार्यमा सक्रिय सहभागिता | | | सहयोग र सहकार्य | | | प्रस्तुतीकरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | धेरै राम्रो | राम्रो | सुधार गर्नुपर्ने | धेरै राम्रो | राम्रो | सुधार गर्नुपर्ने | धेरै राम्रो | राम्रो | सुधार गर्नुपर्ने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

धेरै राम्रो (३)    राम्रो (२)    सुधार गर्नुपर्ने (१)

**(च) परियोजना कार्य**

तपाईंको समुदायमा प्रचलित परम्परागत सामाजिक परम्परा र प्रचलनको खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ : ३ नेपालमा जातिगत परम्परा र संस्कार

## पाठ : ४ हाम्रा धार्मिक एवम् सांस्कृतिक क्रियाकलाप

अनुमानित कार्यघण्टा : ५

### (क) पाठ परिचय

हाम्रो देश विभिन्न जातजाति, संस्कार, धर्म र संस्कृतिका मानिसको बसोबास रहेको बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । यहाँ रहेका हरेक जातजाति र धार्मिक समुदायका आआफ्नै फरक फरक खालका परम्परा र संस्कार छन् । यी संस्कारका विधि र स्वरूप भने जाति, धर्म र भौगोलिक क्षेत्रअनुसार फरक फरक रहेको पाइन्छ । हरेक समाजलाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन विभिन्न सामाजिक मूल्य, मान्यता र व्यवहार प्रचलनमा रहेका हुन्छन् । जन्मदेखि मृत्युसम्म अपनाइने विभिन्न संस्कारलाई व्यवस्थित बनाउनका लागि पनि निश्चित मूल्य मान्यता र कार्य व्यवहारलाई आधार बनाइएको हुन्छ । जुन हाम्रा सामाजिक संस्कार हुन् । त्यसैगरी विभिन्न जातजाति र समुदायमा जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरू आआफ्ना धार्मिक मान्यताअनुसार निर्देशित हुन्छन् । जनगणना २०७८ को तथ्याङ्कअनुसार नेपालमा दशभन्दा बढी धर्म मान्ने मानिस बसोबास गर्छन् । यी धार्मिक सम्प्रदायका मानिसले आआफ्नो धार्मिक परम्पराअनुसार विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलाप गर्छन् । यही धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा रहेको विविधता र यस विविधताभित्रको एकता हाम्रो नेपाली समाजको पहिचान पनि हो । यी दुइओटा पाठमा विद्यार्थीलाई नेपालमा प्रचलित जातिगत सामाजिक परम्परा र संस्कारका साथै धार्मिक एवम् सांस्कृतिक क्रियाकलापसँग परिचित गराई विविधताको सम्मान र संरक्षण गर्न प्रेरित गरिएको छ । पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, मस्तिष्क मन्थन, रिले राइटिङ, हाजिरीजवाफ आदि जस्ता विधि तथा क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलापहरू प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – नेपालमा प्रचलित सामाजिक तथा धार्मिक क्रियाकलापहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन | – जातजातिहरूमा प्रचलित जन्म, विवाह र मृत्यु संस्कारहरूको सामान्य परिचय दिन<br>– जातिगत परम्परा र संस्कारको सम्मान र संरक्षणका उपायहरू बताउन<br>– विभिन्न धर्मसँग सम्बन्धित धार्मिक संस्कारहरूको परिचय दिन<br>– आफ्नो समुदायमा प्रचलित सामाजिक तथा धार्मिक परम्परा र संस्कार बताउन<br>– धार्मिक संस्कारको सम्मान र संरक्षण कार्यमा सहभागी हुन<br>– नेपालका सिमान्तकृत र लोपोन्मुख जातजातिहरूको परम्परा र संस्कारहरूको खोजी र संरक्षणका उपायहरू बताउन<br>– समुदायमा मनाइने विभिन्न सामाजिक तथा धार्मिक संस्कारका कार्यमा सहभागी हुन |

### (ग) शैक्षणिक सामग्री

- विभिन्न जातजातिका जन्म, विवाह र मृत्यु संस्कारहरूको तालिका

- विभिन्न जातजातिका जन्म, विवाह र मृत्यु संस्कार झल्किने फोटो, चित्र तथा भिडियो क्लिप्स
- विभिन्न धार्मिक समुदायसँग सम्बन्धित धार्मिक एवम् सांस्कृतिक क्रियाकलाप झल्किने चित्र तथा भिडियो
- नेपालमा प्रचलित धार्मिक संस्कारको चार्ट वा तालिका

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई आफ्नो समुदायमा प्रचलित जातिगत सामाजिक परम्परा र संस्कार (जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार आदि) का सम्बन्धमा कुनै एक संस्कारसँग सम्बन्धित अनुभव सुनाउन लगाउनुहोस् । विद्यार्थीका अनुभवलाई जोड्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : मस्तिष्क मन्थन**

प्रत्येक विद्यार्थीलाई फरक फरक रङका तीनओटा मेटाकार्ड दिई आआफ्ना जातजातिको जन्म, विवाह र मृत्यु संस्कारको सम्बन्धमा फरक फरक कार्डमा एक एकओटा क्रियाकलाप लेख्न लगाउनुहोस् र सबैले लेखेकोलाई सङ्कलन गरी फरक फरक विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : वर्गीकरण तालिका निर्माण**

क्रियाकलाप १ मा सङ्कलित मेटाकार्डलाई चार्ट पेपरमा निम्नअनुसारको तालिका बनाई कक्षाको भित्तामा टाँस्न लगाउनुहोस् ।

| जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार |
|---|---|---|
| | | |

**क्रियाकलाप ३ : प्रदर्शन र छलफल**

सामाजिक तथा धार्मिक परम्परासँग सम्बन्धित चित्र, चार्ट, भिडियो सङ्कलन र प्रदर्शन गर्दै विद्यार्थीलाई उक्त फोटो, चित्र तथा भिडियो क्लिप्स कुन जातजाति र धर्मसँग सम्बन्धित छ भनी पहिचान गर्न लगाउनुहोस् । नेपालमा प्रचलित ती परम्पराका सम्बन्धमा विद्यार्थीलाई थप जानकारी दिई प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : तालिका निर्माण र छलफल**

पाठमा दिइएका सामाजिक संस्कारसम्बन्धी तालिका समूहगत रूपमा चार्टपेपरमा ठुलो अक्षरमा उतार्न लगाई कक्षामा टाँसेर छलफल गराउनुहोस् ।

**विभिन्न जातजातिमा हुने जन्म, मृत्यु र विवाह संस्कार**

| जातजाति /समुदाय | जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार |
| --- | --- | --- | --- |
| छन्त्याल | जन्मको ७ – ११ दिनभित्र न्वारन ब्राह्मण पुरोहितद्वारा गरिने | आफ्नै जातिभित्र विवाह गरिने, मामाचेली, फुपूचेलाबिच विवाहको हक लाग्ने, मागी र प्रेम विवाह दुवै हुने | मृत्युको १०–१३ दिनमा ब्राह्मणद्वारा किरिया कर्म गरिने, शवलाई जलाइने, वर्ष दिनसम्म बरखी बार्ने |
| मुसलमान | ७ वा २१ दिनपछि नामकरण संस्कार गरिने | मागी विवाह | इस्लाम संस्कारअनुसार मृत शरीर गाड्ने |
| कुसुन्डा | बच्चा जन्मेको ११ औं दिनमा परिवारलाई शुद्धीकरण गरिने | मामाचेली, फुपूचेलाबिच, मागी, चोरी विवाह | शवलाई जङ्गल नजिक गाड्ने |

| | | | |
|---|---|---|---|
| यादव | जन्मको छैटौं दिनमा छटियार गरिने | एउटै जातिको फरक गोत्रमा मागी विवाह | मृत्युको १३ दिनमा किरिया कर्म गरिने, सेतो कपडा लगाई कपाल खौरने, शवलाई जलाउने |
| मुसहर | बच्चा जन्मेको ६ दिनमा शुद्धीकरण | आफ्नै जातिमा मागी विवाह | शव जलाउने, १३ दिनमा मृत्यु संस्कार |
| चेपाङ | एघारौं दिनमा न्वारन गर्ने | मामाचेली, फुपूचेला विचमा विवाह हुने, केटी माग्न जाँदा मङ्गलबार जाने, विवाह गर्दा तीन पटक टाउको ठोकाएर विवाह गर्ने, विवाहमा छोरीलाई चिउरीको बोट दाइजो दिने | तीन, पाँच, सात दिनमा मृत्यु संस्कार पूरा गर्ने, लासलाई गाड्ने वा जलाउने संस्कार, पुरोहित पाँडे (झाँक्री) ले मृत्यु संस्कार पूरा गराउने |
| सुनुवार | एघारौं दिनमा न्वारन गर्ने | मागी विवाह र प्रेम विवाह, अन्तरजातीय विवाह गर्दा भोज खुवाउनु पर्ने | शवलाई जलाउने र गाड्ने दुवै गर्छन् । आफ्नै जातिको पुरोहित नासोद्वारा धार्मिक कार्य सम्पन्न गराउने |

**क्रियाकलाप ५: रिले राइटिङ**

विद्यार्थीलाई कक्षाबाहिर कुनै खुला स्थान/चउरमा लैजानुहोस् । सबै जना चउरमा जम्मा भएपछि प्रत्येकमा बराबर सङ्ख्या हुने गरी पाँचछ जनाको समूह बनाउनुहोस् । चउरको एक छेउमा प्रत्येक समूहलाई क्रमैसँग लाइनमा उभिन लगाई अर्को छेउमा प्रत्येक समूहको सिधा पर्ने गरी एक एकओटा कापी राखेर सबैमा तल दिइएको प्रश्न लेखिदिनुहोस् । प्रत्येक समूहमा पहिले को दौडिन्छ, भनी सोधेर पहिले दौडिने विद्यार्थीलाई एक एकओटा कलम दिनुहोस् । सिटी बजेपछि कलम लिएको विद्यार्थीले दौडिएर आफ्नो समूहको कापीमा एउटा बुँदा लेख्नु पर्ने र फर्केर आफ्नो समूहमा आई अर्को साथीलाई लेख्न पठाउनुपर्ने नियम सुनाउनुहोस् । यस क्रममा सबै जनाले लेखेर सक्ने पहिलो समूहलाई विजयी घोषणा गरी पुरस्कृत गर्नुहोस् ।

**रिले राइटिङका लागि प्रश्न:** जातिगत परम्परा र संस्कारको संरक्षणको कुनै एक उपाय लेख्नुहोस् ।

खेल सकिएपछि सबै समूहले लेखेका बुँदा एक एक जनालाई पढ्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ६ : हाजिरीजवाफ**

विद्यार्थीलाई चार वा पाँच समूहमा बस्न लगाई सामाजिक संस्कार र धार्मिक संस्कारसँग सम्बन्धित प्रश्नहरू तयार गरेर हाजिरीजवाफ प्रतियोगीता सञ्चालन गर्नुहोस् । यो क्रियाकलाप गराउँदा शिक्षकले सहजीकरण मात्र गर्ने गरी सञ्चालन र सहभागिताको सम्पूर्ण जिम्मेवारी विद्यार्थी स्वयम्लाई नै दिनुहोस् ।

**हाजिरीजवाफका लागि केहि नमुना प्रश्न**

- छन्त्याल समुदायमा मृत्यु संस्कार गर्दा कति दिनसम्म किरिया कर्म गर्ने प्रचलन छ ?
- यादव, मुसहर जातिका समुदायमा कति दिनमा न्वारन गरिन्छ ?
- कुन जातिमा छोरीलाई विवाहमा चिउरीको बोट दाइजो दिने चलन छ ?
- अहिंसाको पक्षपोषण गर्नु, सत्यको पालना गर्नु कुन धर्मको मुख्य धार्मिक क्रियाकलाप हो ?
- महावीर जयन्ती, दिवाली, परयुसना कुन धार्मिक सम्प्रदायमा मनाइने मुख्य चाडपर्व हुन् ?
- इसाई धर्मावलम्बी कहाँ गई प्रार्थना गर्छन् ?
- रमजान मनाउने समुदाय कुन हो ?

**क्रियाकलाप ७ : चिठी लेखन प्रतियोगीता**

आआफ्नो धार्मिक परम्पराअनुसार विभिन्न धार्मिक एवम् सांस्कृतिक क्रियाकलापमा सहभागिताको महत्त्व शीर्षकमा चिठी लेख्न लगाउनुहोस् । केही विद्यार्थीलाई उनीहरूले लेखेको चिठी वाचन गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ८ : समूह कार्य**

विद्यार्थीलाई चार पाँचओटा समूहमा बस्न लगाई नेपालका सिमान्तकृत र लोपोन्मुख जातिहरूको परम्परा र संस्कारहरूको संरक्षणको उपायहरू खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीले तयार गरेको उक्त विवरणलाई आवश्यक पृष्ठपोषण प्रदान गर्दै शिक्षकले निश्कर्ष प्रस्तुत गर्नुहोस् ।

१. राज्यद्वारा विशेष व्यवस्था गर्ने ।

२. लोपोन्मुख र सीमान्तकृत जातिहरूको चाडपर्व, संस्कार र भाषा, संस्कृति, रीतिरिवाज आदिको संरक्षणका लागि सहयोग गर्ने ।

३. स्थानीय निकायहरूले आफ्नो क्षेत्रभित्र रहेका जातजातिहरूको संस्कार तथा संस्कृतिको संरक्षणका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

(ङ) **मूल्याङ्कन/प्रतिविम्बन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

केही प्रश्नहरू

(क) मगर र गुरुङ जातिको जन्म र विवाह संस्कारबिचको भिन्नता लेख्नुहोस् ।

(ख) तपाईंको आफ्नो जातिगत परम्परा र संस्कारको संरक्षणका लागि अपनाउनुपर्ने उपाय उल्लेख गर्नुहोस् ।

**(च) परियोजना कार्य**

१. नेपालमा प्रचलित सामाजिक तथा धार्मिक संस्कारहरूका सम्बन्धमा नजिकका समुदाय वा धार्मिक स्थलमा अवलोकन भ्रमण गराई प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।

प्रतिवेदनको ढाँचा

(क) शीर्षक

(ख) उद्देश्य

(ग) अध्ययन विधि

(घ) पत्ता लगाइएका कुरा

(ङ) निश्कर्ष र सुझाव

**परियोजना कार्यको मूल्याङ्कनका आधार**

| | | |
|---|---|---|
| शीर्षक राखेको | छ | छैन |
| उद्देश्य राखेको | छ | छैन |
| अध्ययन विधि उल्लेख भएको | छ | छैन |
| पत्ता लगाइएका कुरा उल्लेख भएको | छ | छैन |
| तथ्यमा आधारित | छ | छैन |
| निष्कर्ष उल्लेख भएको | छ | छैन |
| सुझावहरू उल्लेख भएको | छ | छैन |
| समयमा बुझाएको | छ | छैन |

| | | |
|---|---|---|
| प्रस्तुतीकरणमा आकर्षण | छ | छैन |

# पाठ : ५ विविधतामा एकता

# पाठ : ६ नेपालमा सामाजिक सद्भाव, सहिष्णुता र एकता

अनुमानित कार्यघण्टा : ५

## (क) पाठ परिचय

नेपाल विविध जातजाति, भाषाभाषी, धर्म र सम्प्रदायको साझा फूलबारी हो । फूलबारीमा अनेकथरीका रङ्गीबिरङ्गी फूलहरू भए जस्तै नेपालमा पनि धेरै जातजाति, भाषाभाषी, धर्म, वर्ण, लिङ्गका मानिस बसोबास गर्ने भएकाले यो एक विविधताले भरिएको मुलुक हो । यहाँको रहनसहन, खानपान, पोसाक, गरगहना, वेशभूषा, गीत, सङ्गीत, नृत्य, कला, साहित्य आदिमा समेत विविधता रहेको पाइन्छ । विविध जातजाति, भाषाभाषी, धर्म, लिङ्ग, वर्ण, र सम्प्रदायबिच सद्भाव र सहकार्यका साथ मिलेर बसेको अवस्थालाई विविधतामा एकता भनिन्छ । विविधतामा एकता नेपालको पहिचान पनि हो ।

यी पाठमा भौगोलिक धार्मिक, भाषिक, सांस्कृतिक, जातीय, वर्गीय, क्षेत्रीय, लिङ्ग, अपाङ्गता, पेसा व्यवसाय, खानपान, अभिरुचिमा भएको विविधताको पहिचान र महत्त्वका साथै नेपाली समाजभित्रको एकता, सद्भाव र सहिष्णुताको सम्बन्धमा प्रस्तुत गरिएको छ । विद्यार्थीलाई विविधतामा एकताका रूपमा नेपालको परिचय दिन सक्षम बनाई विविधताको सम्मान र संरक्षणमा सहयोग पुऱ्याउने सकिने कुराको बोध गराउनु यी पाठ सहजीकरणका मूल अभिप्राय हुन् ।

पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, भूमिका अभिनय, सद्भाव ऱ्याली, वक्तृत्वकला आदि जस्ता विधि तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – विविधतामा एकताको रूपमा नेपालको परिचय दिइ सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न | – नेपालमा रहेको विविधताको पहिचान गर्न<br>– विविधतामा एकताको परिचय दिई उदाहरण प्रस्तुत गर्न<br>– विविधतामा एकताको महत्त्वबोध गरी सम्मान गर्न<br>– नेपालमा विविधतामा एकताको सकारात्मक प्रभावहरू उल्लेख गर्न<br>– सामाजिक सद्भाव र सहिष्णुताको अवधारणा र महत्त्व बताउन |

| | |
|---|---|
| | – सामाजिक सद्भाव कायम राखी सहिष्णुताको व्यवहारिक अभ्यास गर्न |

**(ग) शैक्षणिक सामग्री**

- विविधता, विविधतामा एकता, सद्भाव र सहिष्णुता झल्किने चित्र, फोटो, गीत तथा भिडियो
- विविधतामा एकताको महत्त्व उल्लेखित चार्ट
- सामाजिक सद्भाव झल्काउने चित्र, भिडियो
- धार्मिक सहिष्णुता झल्काउने समाचार तथा सम्पादकीयका नमुनाहरू
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम गर्दा हुने फाइदा उल्लेखित चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

सयथरी बाजा एउटै ताल सयथरी गोडा एउटै चाल

मेची काली सिँगै ढिको साझा हाम्रो ज्यान नेपाल........

उल्लेखित गीत सुनाँउदै विद्यार्थीलाई पनि सँगै गाउन लगाउनुहोस् र सबै जनाले मिलेर गाउनुहोस् । विद्यार्थीलाई यो गीतको मर्म के होला ? पालैपालो भन्न उत्प्रेरित गर्दै पाठको सुरुआत गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : कक्षाकोठाको विविधता अध्ययन**

कक्षाकोठालाई उदाहरणका रूपमा लिनुहोस् र त्यसभित्रको विविधता (जाति, भाषा, धर्म, भौगोलिक) सम्बन्धमा विवरण सङ्कलन गरी छलफल गर्नुहोस् र विद्यार्थीलाई कक्षाकोठामा रहेका जाति, भाषा, धर्मको विविधताको पहिचान गराउनुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र छलफल**

विद्यार्थीलाई विविधतामा एकता झल्किने नेपालको नक्सा, चित्र, फोटो, गीत तथा भिडियो देखाउँदै नेपालको विविधता र यसभित्र रहेको हाम्रो एकताको विषयमा कक्षामा छलफल गराउँदै प्रस्तुत सामग्रीमा के कस्ता विविधता पाउनुभयो भनी प्रश्न गर्नुहोस् र पालैपालो सबैका विचारहरू प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीका विचारलाई समेट्दै विविधतामा एकताको अवधारणा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : गीत/कविता/कथा प्रस्तुति र सन्देश टिपोट**

विद्यार्थीलाई कक्षामा विविधतामा एकता झल्कने गीत/कविता/कथा/राष्ट्रिय गान प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीलाई समूहमा छलफल गरी राष्ट्रिगानले समेटेका विविधताका पक्ष र राष्ट्रिय एकतामा बल पुग्ने खालका सन्देश टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**नेपालको राष्ट्रिय गान**




**क्रियाकलाप ४ : चार्ट प्रस्तुतीकरण, छलफल र तुलना**

विद्यार्थीलाई विविधतामा एकताको महत्त्व भन्न लगाउनुहोस् । उनीहरूबाट आएको कुराहरूलाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । शिक्षकले तयार पारी ल्याएको चार्ट/स्लाइड प्रदर्शन गर्नुहोस् । विद्यार्थीले भनेको र चार्टमा आएको विवरणबिच तुलना गर्न लगाई विविधतामा एकताको महत्त्व स्पष्ट पार्नुहोस् ।

(क) एकअर्काको चालचलन, भाषा, धर्म, क्षेत्र, भूगोल, संस्कार संस्कृतिको सम्मान हुन्छ ।

(ख) सबैलाई समान हैसियत वा अस्तित्वको महसुस हुन्छ ।

(ग) व्यक्तिहरूबिचको सम्मान र एकताले राष्ट्रिय एकता मजबुत बनाउन मदत पुग्छ ।

(घ) हाम्रा लोपोन्मुख जातजाति, भाषा, संस्कार, चालचलनको संरक्षणमा सहयोग पुग्छ ।

(ङ) हाम्रो सामाजिक सद्भाव जोगाउन मदत गर्छ ।

(च) राज्यका हरेक संरचनामा समानुपातिक प्रतिनिधित्वमार्फत विकासमा सहयोग पुग्छ ।

(छ) सबैको फरक क्षमता र दक्षताको सदुपयोग गरेर समाजको विकासमा मदत पुग्छ ।

(ज) देशको सामाजिक आर्थिक विकासमा टेवा पुगी सबैको उन्नति र प्रगतिको सम्भावना रहन्छ ।

(झ) विविधतामा एकता नेपालको पहिचान भन्ने विषयमा गर्व गर्न सकिन्छ ।

**क्रियाकलाप ५ : उदाहरण प्रस्तुति र टिपोट**

विद्यार्थीलाई उनीहरूको समुदायमा रहेको सामाजिक सद्भाव र धार्मिक सहिष्णुताका उदाहरण पालैपालो भन्न लगाउनुहोस् । उनीहरूले भनेका बुँदालाई मिलाएर बोर्डमा उतार्दै त्यसैको माध्यमबाट नेपाली समुदायमा रहेको धार्मिक विविधताबिचको सहिष्णुता र एकता सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् । साथै पाठमा रहेका सन्दर्भ र उदाहरणलाई पनि जोड्दै विषयवस्तु प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : वक्तृत्वकला प्रतियोगिता**

पाठमा रहेको सञ्जीवनी, सल्मा र राम एकवालले प्रस्तुत गरेको वक्तृत्व र अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाई वक्तृत्वका मुख्य मुख्य बुँदाहरू समूहगत रूपमा टिपोट गर्न लगाउनुहोस् । अन्य आवश्यक बुँदा पनि छलफलका माध्यामबाट थप गर्न लगाउनुहोस् र यस्तै प्रकारको वक्तृत्वकला प्रतियोगिता कक्षामा सञ्चलन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप : ७ प्रश्नोत्तर र छलफल**

सामाजिक सद्भाव र सहिष्णुता कायम गर्दा हुने फाइदा के के हुन सक्छन् भनी विद्यार्थीलाई प्रश्न गर्नुहोस् । प्रत्येक विद्यार्थीलाई १/१ ओटा फाइदा पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका बुँदा शिक्षकले बोर्डमा टिप्दै जानुहोस् र विद्यार्थीले भनिसकेपछि शिक्षकले सामाजिक सद्भाव, सहिष्णुता कायम गर्दा हुने फाइदा समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै विद्यार्थीले भनेका बुँदासँग तुलना गर्दै सामाजिक सद्भाव र सहिष्णुता कायम गर्दा हुने फाइदाका बारेमा छलफल गराउदै प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ८ : मान्यता (Value line)**

- सहभागीलाई कक्षाको बिचमा उभिन लगाउनुहोस् ।
- कक्षाको एउटा भित्तामा सहमत र अर्को भित्तामा असहमत लेखेको मेटाकार्ड टाँस्नुहोस् ।
- तपाईंले एउटा मेटाकार्ड पढेर सुनाउनुहोस् । तपाईंहरूलाइ उक्त भनाइमा सहमत वा असहमत के हुनुहुन्छ ? आफैँ छुट्याएर सहमत वा असहमत लेखेको मेटाकार्ड टाँसेको भित्तामा जानुपर्ने नियम बताउनुहोस् । यसमा अरू साथीसँग सल्लाह गर्न पाइँदैन भनेर पनि स्पष्ट पारिदिनुहोस् ।
- तपाईंले मेटाकार्डमा लेख्नु भएका भनाइ हातमा लिनुहोस् । कुनै एउटा भनाइ पढेर सुनाउनुहोस् । विद्यार्थीलाई सहमत वा असहमत के के लाग्छ सम्बन्धित ठाउँमा उभिन लगाउनुहोस्
- तटस्थ सहभागी भए फरक विचार राख्न लगाउनुहोस् ।
- सहमत वा असहमत किन लागेको हो समूहमा छलफल गरी बुँदा टिपोट गर्न लगाउनुहोस् ।
- अब विद्यार्थीलाई आमनेसामने उभिन लगाउनुहोस् र पालैपालो सहमति र असहमतिमा आधारित भई विचार प्रस्तुत गर्न लगाउनुहोस् ।

समूहका साथीले विचार राख्दै गर्दा बाँकी विद्यार्थीले गतिला तर्कमा ताली बजाउने वा हुटिङ गर्ने गर्न सक्ने कुरा बताइदिनुहोस् । अर्को समूहको साथीलाई पनि आफ्नो समूहमा आउन हातले सङ्केत गर्न लगाउनुहोस् ।

केही विद्यार्थीले विचार राखी सकेपछि शिक्षकले निम्न भनाइका साथ निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

यहाँहरूले धेरै तार्किक विचार राख्नुभयो । यो क्रियाकलाप गराउनुको उद्देश्य आफूलाई लागेको मान्यतालाई सही या गलत रूपमा बुझ्ने वा प्रस्तुत गर्ने भन्दा पनि कुनै पनि विचारमा सहमत वा असहमत हुन सकिन्छ । सहमत असहमत हुनु भनेको सही वा गलत भन्ने नभई आफूले राखेको मान्यतामा अडिक रहनु हो ।

मान्यता क्रियाकलापका लागि अभ्यास गराउने भनाइ

(क) अरूका भाषा, धर्म, संस्कारलाई भन्दा आफ्नो भाषा धर्म र संस्कारलाई सम्मान गर्नुपर्छ ।

(ख) सामाजिक सद्भाव कायम राख्न राज्य बढी जिम्मेवार बन्नुपर्छ ।

**क्रियाकलाप ९ : भूमिका अभिनय**

सामाजिक सद्भाव र सहिष्णुतासँग सम्बन्धित रही विभिन्न सन्दर्भ वा घटना अध्ययन गर्न लगाई कक्षामा भूमिका अभिनय गराउनुहोस् ।

जस्तै : छठ पर्व मनाउने क्रममा विभिन्न सम्प्रदायका मानिसको सहभागिता, सम्मान र सहिष्णु व्यवहार प्रदर्शन गर्दै एकअर्कामा शुभकामना बाड्दैं रमाइरहेको

अरू यस्तै सन्दर्भमा शिक्षकले थप गरी भूमिका अभिनय गराउन सक्नुहुन्छ ।

**क्रियाकलाप १० : सद्भाव र्‍याली**

सबै समुदायसँग मिलेर सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम गरी बस्नुपर्छ भन्ने सन्देश दिन **नेपालमा धार्मिक, साम्प्रदायिक तथा सामुदायिक सद्भाव कायम राखौं** भन्ने मूल नारासहित विद्यालय क्षेत्र वरपर निश्चित स्थानभित्र राष्ट्रिय झन्डासहित सद्भाव र्‍यालीको आयोजना गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

१. तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

(अ) विविधतामा एकता भन्नाले के बुझिन्छ ?

(आ) विविधतालाई सम्मान गर्न के गर्नुपर्ला कुनै चार बुँदामा उल्लेख गर्नुहोस् ?

(इ) सामाजिक सद्भाव कसरी कायम गर्न सकिन्छ ?

(ई) विविधतामा एकता, हाम्रो पहिचान हो तर्क दिनुहोस् ?

२. विद्यार्थीलाई उल्लेखित पाठ पढिसकेपछि आफूले सिकेका महत्त्वपूर्ण विषयवस्तुलाई द्रुत लेखन विधिको माध्यमबाट लेख्न लगाउनुहोस् र विद्यार्थीले लेखेको आधारमा मूल्याङ्कन गर्नुहोस् ।

३. विद्यार्थीले गरेको भूमिका अभिनयलाई निम्नानुसारको ढाँचामा आधारित भई मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम | हाउभाउ र अभिनय | विषयवस्तुसँगको सम्बन्ध | जिम्मेवारी पालना |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

धेरै राम्रो ३, राम्रो २, सुधार गर्नुपर्ने १

**(च) परियोजना कार्य**

समाजमा धार्मिक विविधताबिच एकता र धार्मिक विविधताको सम्मान झल्कने खालका पोस्टर बनाउन लगाउनुहोस् र कक्षामा प्रदर्शन गर्न लगाउनुहोस्। उत्कृष्ट पोस्टरलाई पुरस्कृत गर्नुहोस् र विद्यालयको बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

**(छ) थप सिकाइ सामग्री**

नेपालको संविधानमा धर्मसम्बन्धी व्यवस्था

- नेपालको संविधानको भाग १, धारा ४ मा, नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनिएको छ ।
- नेपालको संविधानको भाग ३, धारा, २६ मा मौलिक हकका रूपमा धार्मिक स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ । जसमा निम्नानुसार व्यवस्था गरिएको छ :

  १. धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ ।

  २. प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुने छ। तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

  ३. यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भङ्ग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने छ ।

# पाठ : ७ नेपालका राष्ट्रिय सम्पदाहरू

अनुमानित कार्यघण्टा : २

### (क) पाठ परिचय

सम्पदा हाम्रा राष्ट्रिय सम्पत्ति हुन् । व्यक्ति, समूह वा सम्प्रदायको निजी स्वामित्वमा नरहेका तर देशका सबै नागरिकको साझा स्वामित्वमा रहेका सम्पदालाई राष्ट्रिय सम्पदा भनिन्छ । नेपाल प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदामा धनी छ । सम्पदा भौतिक रूपमा देख्न छुन सकिनुका साथै देख्न वा छुन नसकिने पनि हुन्छन् । भौतिक रूपमा देख्न सकिने सम्पदाहरू मूर्त सम्पदा हुन् भने भौतिक रूपमा देख्न र छुन नसकिने सम्पदाहरू अमूर्त सम्पदाहरू हुन् । जस्तै : मठमन्दिर, रथ, दरबार, बाजागाजा आदि मूर्त सम्पदा हुन् भने पूजा विधि, बाजाबाट निस्कने सुरताल, रथ बनाउने तरिका, दरबार वा मन्दिरका टुँडालमा कुँदिने कलाकृति आदि अमूर्त सम्पदा हुन् । यी सम्पदा हाम्रा राष्ट्रिय पहिचान हुन् । यिनको महत्त्व बुझी संरक्षण र संवर्धनमा लाग्नु र यसमा गौरव गर्नु हामी सबैको जिम्मेवारी हुन्छ । यस पाठमा राष्ट्रिय सम्पदाको परिचय, महत्त्व र संरक्षणका उपायका सम्बन्धमा चर्चा गरिएको छ ।

यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालका राष्ट्रिय सम्पदाको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सहभागी हुन सक्षम हुने अपेक्षा गरिएको छ । पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, सिर्जनात्मक अभ्यास, नक्सा अध्ययन, प्रतिवेदन लेखन, तालिका निर्माण आदि जस्ता विधि तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालका राष्ट्रिय सम्पदाको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सहभागी हुन | – राष्ट्रिय सम्पदाको पहिचान गर्न<br>– प्राकृतिक र सांस्कृतिक सम्पदाको परिचय दिन<br>– प्राकृतिक र सांस्कृतिक सम्पदाको सूची तयार पार्न<br>– राष्ट्रिय सम्पदाको महत्त्व र संरक्षणका उपाय बताउन<br>– राष्ट्रिय सम्पदाको संरक्षण र संवर्धन कार्यमा सहभागी हुन<br>– आफ्नो समुदायमा रहेका मूर्त र अमूर्त सम्पदाको खोजी गर्न |

### (ग) शैक्षणिक सामग्री

- राष्ट्रिय सम्पदाहरूसँग सम्बन्धित विभिन्न चार्ट, भिडियो वा स्लाइड
- राष्ट्रिय सम्पदाहरूको सूची
- सांस्कृतिक तथा धार्मिक सम्पदाहरूको सूची
- राष्ट्रिय सम्पदासँग सम्बन्धित चित्र, चार्ट, समाचार, सम्पादकीय र लेख
- राष्ट्रिय सम्पदाको महत्त्वसँग सम्बन्धित चित्र, फोटो वा भिडियो
- राष्ट्रिय सम्पदाहरूको संरक्षणका उपायहरूको तालिका

(घ) **सिकाइ सहजीकरण क्रियाकलाप**

(अ) **सुरुआती क्रियाकलाप**

तपाईँहरूको समुदायमा सार्वजनिक सम्पत्तिहरू जस्तै : ताल, झरना, वनजङ्गल, राष्ट्रिय निकुञ्जहरू, धार्मिक स्थल, दरबार, गढी, स्मारक छन् ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीलाई आआफ्नो समुदायमा भएका सार्वजनिक सम्पत्तिहरूको नाम भन्न लगाउनुहोस् । विद्यार्थीले बताएका सम्पदाहरू राष्ट्रिय सम्पदा हुन भनी छलफल गर्दै विषयवस्तु प्रवेश गर्नुहोस् ।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : जोडी जोडीमा छलफल**

विद्यार्थीलाई राष्ट्रिय सम्पदासँग सम्बन्धित विभिन्न चार्ट, चित्र, भिडियो वा स्लाइड प्रदर्शन गरी उल्लेखित नेपालका राष्ट्रिय सम्पदाहरू प्राकृतिक वा सांस्कृतिक कुन कुन हुन् पहिचान गर्न लगाई जोडी जोडीमा छलफल गरी केही जोडीलाई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका कुरा टिपोट गर्नुहोस् र उनीहरूका भनाइलाई समेट्दै शिक्षकले राष्ट्रिय सम्पदाका अवधारणा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र प्रश्नोत्तर**

- प्रकृतिले उपहारस्वरूप प्रदान गरेका विभिन्न प्राकृतिक सम्पदाहरू (जस्तै : हिमाल, पहाड, खोला, नदी, ताल, झरना, वनजङ्गल, वनस्पति, राष्ट्रिय निकुञ्जहरू आदि) को चित्र, तस्बिर तथा भिडियो प्रदर्शन गर्नुहोस् ।
- त्यसै गरी विभिन्न धर्म, संस्कार, संस्कृति र मूल्यमान्यतामा आधारित सांस्कृतिक सम्पदाहरू (जस्तै : मन्दिर, गुम्बा/विहार, मस्जिद लगायतका धार्मिक स्थल, दरबार, गढी, स्मारक, भाषा, कला, संस्कृतिदेखि धार्मिक ग्रन्थ, लोक नृत्यहरू आदि) को चित्र, तस्बिर तथा भिडियो पनि प्रदर्शन गर्नुहोस् ।
- उक्त चित्र, तस्बिर तथा भिडियोमा के के देख्नुभयो ? प्रश्नोत्तर, छलफल गराउँदै यिनीहरू सबै हाम्रा राष्ट्रिय सम्पदा हुन् भनी प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ : तालिकामा वर्गीकरण**

समुदायमा रहेका सम्पदाहरू (जस्तै : हिमाल, पहाड, खोला, नदी, ताल, झरना, वनजङ्गल, वनस्पति, राष्ट्रिय निकुञ्ज, दरबार, गढी, स्मारक, भाषा, कला, संस्कृति, मन्दिर, गुम्बा/विहार, मस्जिद, ऐतिहासिक दरबारहरू, धार्मिक ग्रन्थ, लोक नृत्य, जातजातिसँग सम्बन्धित गीत, नाच र बाजाहरू, परिकार बनाउने विधि, पूजा विधि, विभिन्न संस्कार संस्कृति मनाउने पद्धति र प्रचलन आदिलाई चार्ट पेपरमा कक्षाको अगाडि टाँस्नुहोस् र निम्नानुसारको तालिका बनाई वर्गीकरण गर्न लगाउनुहोस् ।

| प्राकृतिक सम्पदा | सांस्कृतिक सम्पदा | मूर्त सम्पदा | अमूर्त सम्पदा |
|---|---|---|---|
| हिमाल | पूजा विधि | हिमाल | पूजा विधि |

**क्रियाकलाप ४ : गीत वा कविता प्रस्तुति**

राष्ट्रिय सम्पदाको महत्त्व समेटिएको गीत अथवा कविता प्रस्तुत गर्नुहोस् र महत्त्व सम्बन्धमा विद्यार्थीका बुझाइहरू पालैपालो भन्न लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्दै राष्ट्रिय सम्पदाको महत्त्व स्पष्ट पार्नुहोस् ।

सम्पदाको महत्त्व

सम्पदा हाम्रो चिनारी, पहिचान देशको बढाउँछ
सांस्कृतिक र प्राकृतिक तथ्यको जानकारी गराउँछ
वातावरण सन्तुलन गराउने, सम्पदा हाम्रा धेरै छन्
आर्थिक र पर्यटन विकासमा यिनले टेवा पुऱ्याउँछन्

**क्रियाकलाप ५ : पाठ अध्ययन र छलफल**

कक्षाकोठामा विद्यार्थीलाई पेज न. ३८ मा रहेको नेपालमा राष्ट्रिय सम्पदाको अध्ययन शीर्षकमा रहेको प्रतिवेदन समूहमा अध्ययन गर्न लगाउनुहोस् र प्रतिवेदनका ढाँचा र विषयवस्तुमा केन्द्रित भई छलफल गरी प्रतिवेदनमा रहेका मुख्य मुख्य कुरा र प्रतिवेदन लेखनको ढाँचा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : प्रतिवेदन लेखन**

विद्यार्थीको समूह निर्माण गर्नुहोस् । हरेक समूहलाई उनीहरूको ठाउँमा भएका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक सम्पदाहरू जस्तै : हिमाल, नदी, ताल, झरना, वनजङ्गल, वनस्पति, राष्ट्रिय निकुञ्ज, दरबार, गढी, स्मारक, भाषा, कला, संस्कृति, मन्दिर, मस्जिददेखि धार्मिक ग्रन्थ, लोक नृत्य र अन्य सम्पदाको अवस्था सन्दर्भमा समूहमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**प्रतिवेदनको नमुना**
**शीर्षक :** मेरो गाउँको प्राकृतिक सम्पदाको अवस्था
**विगतको अवस्था :**
**अहिलेको अवस्था :**
**संरक्षणका लागि अपनाइएका उपाय :**

**क्रियाकलाप ७ : तालिका निर्माण**

विद्यार्थीलाई तल दिइएको तालिकामा आफ्नो ठाउँ वरपर रहेका सम्पदा (प्राकृतिक र सांस्कृतिक सूची बनाउन लगाउनुहोस् । यस्ता सम्पदाको संरक्षणमा आफूले खेल्न सक्ने भूमिकालाइ तल दिइएको जस्तै तालिकामा लेख्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

| आफ्नो ठाउँमा रहेका सम्पदाहरू (प्राकृतिक, सांस्कृतिक तथा धार्मिक) को नाम | सम्पदा संरक्षणमा आफूले खेल्न सक्ने भूमिकाहरू |
|---|---|
| | |

| | |
|---|---|
| | |

**क्रियाकलाप : ८ नक्सामा सम्पदा पहिचान**

- नेपालका प्रमुख (प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको नाम र स्थान लेखिएको चार्ट र प्राकृतिक र धार्मिक स्थानहरू देखाइएको नेपालको नक्सा विद्यार्थी सबैले देख्ने ठाउँमा टाँसी प्रदर्शन गर्नुहोस् ।
- विद्यार्थीलाई पालैपालो पढ्न लगाउनुहोस् र नक्सामा ती विभिन्न प्राकृतिक र सांस्कृतिक/धार्मिक स्थानहरू कुन कुन स्थानमा पर्छन् खोजी गर्न लगाउनुहोस् ।
- त्यसपछि तपाईँहरू यी प्राकृतिक र सांस्कृतिक/धार्मिक सम्पदामध्ये कुन कुन ठाउँमा जानुभएको छ ? ती कस्ता ठाउँ थिए ? तिनको के महत्त्व रहेको छ ? जस्ता प्रश्नहरू गर्दै छलफल र अन्तक्रिया गर्नुहोस् ।

**क्रियाकलाप ९ : सम्पदा सरसफाइमा सहभागिता**

विद्यार्थीलाई विद्यालय नजिक रहेका कुनै एक सम्पदाको सरसफाइ कार्यमा सहभागी हुन लगाउनुहोस् । सहभागिता पश्चात् उनीहरूको अनुभवलाई पालैपालो भन्ने मौका प्रदान गर्नुहोस् र उनीहरूको कार्यलाई अभिप्रेरितसमेत गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

१. तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । आवश्यकता परेमा थप सिकाइका अवसर प्रदान र सुधारात्मक सिकाइ सहजीकरणसमेत गर्नुहोस् ।

**केही प्रश्नहरू**

(क) मूर्त र अमूर्त सम्पदा भनेको के हो ? उदाहरणसहित लेख्नुहोस् ।

(ख) कुनै पाँच पाँचओटा प्राकृतिक र सांस्कृतिक सम्पदाको सूची तयार पार्नुहोस् ।

(ग) तपाईँले स्थानीय स्तरमा रहेका सम्पदाको संरक्षणका लागि के के काम गर्नुभएको छ ?

२. माथिका क्रियाकलापमा विद्यार्थीको सहभागिता, सक्रियता, सामग्रीको सङ्कलन, सहयोग आदि पक्षलाई ख्याल गरी मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम थर | समूहमा सहभागिता/सक्रियता | आफ्नो विचारको प्रस्तुति | सिर्जना | अन्य साथी/समूहलाई आवश्यक पृष्ठपोषण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

?

# पाठ : ८ अन्तर्राष्ट्रिय व्यक्तित्त्व

अनुमानित कार्यघण्टा : २

## (क) पाठ परिचय

सम्पूर्ण विश्व जगत्को कल्याणका लागि योगदान दिने व्यक्ति अन्तर्राष्ट्रिय व्यक्तिव हुन् । यस्ता व्यक्तिहरूले सीमित क्षेत्रभन्दा माथि उठेर विश्व समुदायका मानव जातिको हित, उन्नती र प्रगतिका लागि योगदान दिएका हुन्छन् । यसरी अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएका व्यक्तिव हाम्रा प्रेरणाका स्रोत हुन् । विश्वको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, विज्ञान, स्वास्थ्य, वातावरण, मानवतालगायत क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरू नै अन्तर्राष्ट्रिय प्रेरणादायक व्यक्तिवहरू हुन् । यस पाठमा यिनै व्यक्तिवहरू मध्ये जा हेनरी ड्युना र मदर टेरेसाको जीवनी, योगदान, लिन सकिने प्रेरणा र गर्न सकिने सम्मानका सम्बन्धमा छलफल गरिने छ । पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, बायोग्राफी निर्माण, भूमिका अभिनय, स्रोतव्यक्ति आमन्त्रण, सामुदायिक कार्य आदि जस्ता विधि तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| **पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| विभिन्न अन्तर्राष्ट्रिय प्रेरणादायक व्यक्तिवहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन | – अन्तर्राष्ट्रिय व्यक्तिवहरूको पहिचान गर्न<br>– जा हेनरी ड्युना र मदर टेरेसाको जीवनी र योगदान बताउन<br>– अन्तर्राष्ट्रिय व्यक्तिवको जीवनी (बायोग्राफी) तयार पार्न<br>– त्यस्ता व्यक्तिवहरूको योगदानबाट लिन सकिने प्रेरणाहरू उल्लेख गर्न<br>– अन्तर्राष्ट्रिय व्यक्तिवहरूलाई सम्मान गर्न |

## (ग) शैक्षणिक सामग्री

- अन्तर्राष्ट्रिय स्तरमा योगदान दिने व्यक्तिवहरू जा हेनरी ड्युना र मदर टेरेसाको चित्र, तस्बिर, भिडियो, जीवनी, कथा, कविता, पत्रपत्रिकामा प्रकासित समाचारका कटिङ
- अन्तर्राष्ट्रिय व्यक्तिवको मानवीय मूल्य र सामाजिक सेवामा पुऱ्याएको योगदान उल्लेखित चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विभिन्न कथा, कविता, पत्रपत्रिकामा प्रकाशित समाचार, भिडियोहरूका माध्यमबाट अन्तर्राष्ट्रिय व्यक्तिवहरूको जीवनीसँग जोड्दै विश्वमा यी र यस्तै विभिन्न क्षेत्रहरू जस्तै : खेलकुद, साहित्य, राजनीति आदिमा योगदान दिने केही व्यक्तिहरूको नाम भन्न उत्प्रेरित गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप : १ प्रदर्शन र छलफल**

विश्व समुदायको विभिन्न क्षेत्रको विकासमा योगदान पुऱ्याउने अन्तर्राष्ट्रिय प्रेरणादायक व्यक्तिवहरूले गरेका विभिन्न कामहरूको भिडियो प्रदर्शन गर्दै ती व्यक्तिहरूले विश्व समुदायमा पुऱ्याएको योगदानका सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप : २ प्रदर्शन र प्रश्नोत्तर**

विद्यार्थीलाई अन्तर्राष्ट्रिय व्यक्तिवहरू जा हेनरी ड्युना र मदर टेरेसासँग सम्बन्धित चित्र, तस्बिर, जीवनी, कथा प्रस्तुत गर्दै उक्त व्यक्तिवहरूको पहिचान गरी उनीहरूको बारेमा आफूलाई थाहा भएको कुरा भन्न लगाउनुहोस् । उहाँहरूलाई किन अन्तर्राष्ट्रिय व्यक्तिव भनिएको होला ? भनी प्रश्न गर्नुहोस् । उनीहरूलाई जवाफ दिन प्रोत्साहित गर्दै उनीहरूले दिएको उत्तरलाई समेट्दै उनीहरूले मानव समुदायलाई गरेको योगदानले गर्दा उहाँहरू अन्तर्राष्ट्रिय व्यक्तिव भएको कुरा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : बायोग्राफी निर्माण**

कक्षालाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई अन्तर्राष्ट्रिय व्यक्तिव जा हेनरी ड्युना र अर्को समूहलाई मदर टेरेसाको बायोग्राफी तयार पार्न लगाउनुहोस् र प्रत्येक समूहलाई पालैपालो प्रस्तुत गर्ने अवसर प्रदान गर्नुहोस् । निम्न ढाँचामा बायोग्राफी तयार गर्न लगाउनुहोस् :

**नाम :**

**जन्म मिति :**

**पृष्ठभूमि :**

**उनीहरूको काम तथा योगदान :**

**लिन सकिने प्रेरणा :**

**सम्मान :**

**मृत्यु :**

**क्रियाकलाप ४ : सामुदायिक कार्य**

विद्यार्थीलाई आफ्नो समुदायमा रहेका मानवीय मूल्य र सामाजिक सेवाका क्षेत्रमा काम गर्ने व्यक्ति तथा सङ्घसंस्थामध्ये कुनै दुईका सम्बन्धमा सोधखोज गरी उनीहरूको योगदानको विवरण तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : प्रदर्शन र छलफल**

अन्तर्राष्ट्रिय व्यक्तिवहरूले मानवीय मूल्य र सामाजिक सेवामा पुऱ्याएको योगदानका क्षेत्र उल्लेखित चार्ट कक्षामा प्रदर्शन गर्दै नेपालमा पनि डाक्टर सन्दुक रुइत, मानव सेवा आश्रम, माइती नेपाललगायत राष्ट्रिय व्यक्तिव र सङ्घसंस्थाले पुऱ्याएको योगदानका विषयमा छलफल गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ : स्रोतव्यक्ति आमन्त्रण**

आफ्नो समुदायमा हुनुभएका कुनै एक जना सामाजिक क्षेत्रमा क्रियाशील प्रेरणादायी व्यक्तिवलाई कक्षामा स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तिवबाट के कुरा सिक्नुपर्छ ? ती सिकेका कुरालाई आफ्नो जीवनमा कसरी अवलम्बन गर्न सकिन्छ भन्ने सम्बन्धमा प्रवचन कार्यक्रम आयोजना गर्नुहोस् ।

**क्रियाकलाप ७ : भूमिका अभिनय**

मदर टेरेसा र हेनरी ड्युनाको योगदानसँग सम्बन्धित भई भूमिका अभिनय गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ८ : योजनाको खाका निर्माण**

विश्व नर्सिङ दिवस वा रेडक्रस दिवसको अवसर पारेर मदर टेरेसा वा हेनरी ड्युनाको योगदानसँग सम्बन्धित भई गरिने कार्यक्रमको योजनाको खाका तयार गर्नुहोस् ।

**योजनाको खाका**

(क) कार्यक्रमको नाम : हेनरी ड्युना र रेडक्रससँग सम्बन्धित अन्तर्क्रिया कार्यक्रम

(ख) कार्यक्रम सञ्चालन हुने मिति : .मे ८

(ग) कार्यक्रमको उद्देश्य

१. हेनरी ड्युनाको योगदानको चर्चा गर्न र प्रेरणा लिन

२. नेपालमा रेडक्रसले पुऱ्याएका योगदानहरूको चर्चा गर्न

(घ) सञ्चालन गरिने मुख्य क्रियाकलाप : प्रभातफेरि, अन्तर्क्रिया

(ङ) सहभागी हुने व्यक्ति र सङ्ख्या : वि.व्य.स. र शि.अ.स.का पदाधिकारीहरू, समाजमा सामाजिक सेवामा क्रियाशील व्यक्तिहरू, बाल क्लब र जुनियर रेडक्रसका पदाधिकारीहरू, शिक्षक र विद्यार्थी

(च) आर्थिक व्यवस्थापन : विद्यालय प्रशासन, वडा कार्यालय, बालक्लब, स्थानीय क्लब आदि

(छ) जिम्मेवारी बाँडफाँट : (अ) आमन्त्रण : रमा, दिनेश

(आ) मञ्च व्यवस्थापन : कल्पना, हरि

(इ) अतिथि सत्कार : मञ्जु, दीक्षित

(ई) खाजा व्यवस्थापन : चीना, मनिषा

(उ) कार्यक्रम सञ्चालन : अनिशा, आदित्य

(ऊ) प्रचार सामग्री, तुल व्यानर सूचना आदिको तयारी : राकेश, सावित्री

(ए) ऱ्यालीमा सहभागिता : कक्षाका सबै विद्यार्थी र आमन्त्रीत अतिथि, अभिभावकलगायत सम्पूर्ण पाहुना

(ङ) **मूल्याङ्कन/प्रतिविम्बन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार गरी उपचारात्मक शिक्षण क्रियाकलाप गर्नुहोस् ।

केही प्रश्नहरू

(क) अन्तर्राष्ट्रिय व्यक्तिव भन्नाले कस्ता व्यक्तिलाई चिनिन्छ ?

(ख) मदर टेरेसाका कुनै दुईओटा योगदान उल्लेख गर्नुहोस् ।

(ग) जा हेनरी ड्युनाको जीवनीबाट के प्रेरणा लिन सकिन्छ ?

२. विद्यार्थीले तयार पारेको बायोग्राफीलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- तथ्य सङ्कलन
- बायोग्राफी तयारीमा सिर्जनशीलता
- प्रस्तुतिमा रोचकता

**(छ) परियोजना कार्य**

इन्टरनेट र सन्दर्भ सामग्रीको प्रयोगबाट जा हेनरी ड्युना र मदर टेरसासम्बन्धी थप तथ्य सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ : ९ स्काउट र अनुशासन

अनुमानित कार्यघण्टा : २

## (क) पाठ परिचय

स्काउट एउटा विश्वव्यापी संस्था हो । यो संस्था विश्वकै सबैभन्दा बढी बालबालिका, युवायुवती संलग्न रहेको संस्था पनि हो । स्काउट विद्यार्थीलाई मर्यादित बनाई सेवा भावनाको अभिवृद्धि गर्ने सामाजिक सङ्गठन हो । स्काउटले बालबालिका तथा युवालाई विद्यार्थी जीवनबाटै आफ्नो कर्तव्यको बोध गराउदै स्वावलम्बी, सच्चरित्रवान् तथा सुयोग्य नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । विद्यालयको शैक्षिक गतिविधिमार्फत विद्यार्थीको सिर्जनशीलता र चरित्र निर्माणमा स्काउटको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यालयमा स्थापना हुने स्काउट एउटा जिम्मेवार सङ्गठन हो । बालबालिका तथा युवा वर्गलाई सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउने मुख्य लक्ष्यसहित नेपाल स्काउटको स्थापना भएको हो । विद्यार्थीलाई यस सङ्गठनको भूमिकाहरूको खोजी गर्न र यसका विभिन्न गतिविधिहरूमा सहभागी भई सिर्जनशीलता र असल चरित्र निर्माण गर्न उत्प्रेरित गराउनु यस पाठको मुख्य उद्देश्य हो । यो पाठमा भएका विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, मस्तिष्क मन्थन, घटना अध्ययन, भूमिका अभिनय, स्रोतव्यक्ति आमन्त्रण, सहभागितामा आधारित लेख रचना आदि जस्ता विधि तथा क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सिर्जनशीलता र चरित्र निर्माणमा स्काउटको भूमिकाको खोजी तथा अभ्यास गर्न | - स्काउटको परिचय दिन<br>- असल चरित्र निर्माणमा स्काउटको भूमिका उल्लेख गर्न<br>- स्काउटका गतिविधिहरूमा सहभागी भई अभ्यास गर्न |

## (ग) सिकाइ सहजीकरण सामग्री

- स्काउटका गतिविधि झल्कने चित्र, फोटो तथा भिडियो
- स्काउटका गतिविधिसँग सम्बन्धित पत्रपत्रिकाको कटिङ, लेख, रचना
- स्काउटले खेल्ने भूमिका उल्लेखित चार्टपेपर

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

सबैभन्दा पहिला स्काउटका गतिविधिसँग सम्बन्धित तस्बिर तथा भिडियो प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पालैपालो यी के केका तस्बिर तथा भिडियो हुन् ? यहाँ के गरिएको देख्नुभयो ? तस्बिर तथा भिडियोमा देखिए जस्तै कार्यमा तपाईंहरूले पनि सहभागिता जनाउनुभएको छ ? सहभागी भएर कस्ता कस्ता कार्य गर्नुभएको छ ? जस्ता प्रश्नोत्तर र त्यसमा छलफल गराइ यी सबै गतिविधि स्काउटका गतिविधि हुन् भनी प्रस्ट पार्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप : १ मस्तिष्क मन्थन**

स्काउटको सम्बन्धमा आफूलाई थाहा भएका कुरा विद्यार्थीलाई एक एकओटा पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले बोर्डमा टिप्दै जानुहोस् । विद्यार्थीको अनुभव र विचारलाई जोड्दै शिक्षकले स्काउटको परिचय दिनुहोस् ।

**क्रियाकलाप : २ प्रदर्शन र छलफल**

- राष्ट्रिय संस्थाका रूपमा रहेको स्काउटको लोगो, तस्विरहरू तथा भिडियो आदि प्रदर्शन गरी यस संस्थाले पुऱ्याएको योगदान सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।





**क्रियाकलाप : ३ जानकारी प्रदान**

विद्यार्थीलाई तपाइँहरूले विद्यालयमा विभिन्न अवसर पारी सञ्चालन हुने कार्यक्रममा स्काउटबाट छनोट भई त्यसका गतिविधिमा संलग्न हुनुभएको छ, भनी प्रश्न गर्नुहोस् । उनीहरूबाट आएका कुरालाई समेट्दै स्काउटका गतिविधिहरूमा सहभागी हुन र विभिन्न क्रियाकलापको अभ्यास गर्न उत्प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप : ४ घटना अध्ययन**

पाठमा भएको मनोवादका पात्रमा विकास भएको सिर्जनशीलता र असल चरित्रका गुणहरू र तपाइँ स्काउटका यस्तै कुनै कार्यक्रममा सहभागी हुँदा तपाईंले देखाउनुभएको सिर्जनशीलता र असल चरित्रका गुणहरूमा तुलना गरी तुलनात्मक चार्ट विकास गर्नुहोस् । अन्त्यमा शिक्षकले निचोड प्रस्तुत गरिदिनुहोस् ।

| मनोवादका पात्रको अनुभव | तपाइँको अनुभव |
|---|---|
| | |

निष्कर्ष : स्काउटले हाम्रो आत्मनिर्भरता विकास गर्ने काम गरेको हुन्छ । आपत्मा परेका घाइते वा अशक्तलाई निस्वार्थ सेवा गर्न सेवाभावको बोध गराउँछ । आफ्नो काम आफैँले गर्न सक्ने मात्र होइन एक्लो प्रयासले मात्र पनि हरेक काम गर्न सकिन्छ भन्ने कुराको महसुस गराउँछ । तपाइँहरू जस्तै बालबालिकालाई विनम्रता, अनुशासन, कर्तव्य, सहभागिता, सहकार्यता, सद्भाव जस्ता असल आचरण सिकाउँदै सुयोग्य नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । स्काउट

चरित्र निर्माणमा सहयोगी हुन्छ । त्यसैले हामीले पहिला स्काउटका गतिविधि बुझी असल चरित्र निर्माणमा सक्रिय हुनपर्छ ।

**क्रियाकलाप ४ : चार्ट तयारी**

पाठको क्रियाकलाप २ मा दिइएको स्काउटका नियम ठुलो अक्षरले चार्टपेपरमा लेखी कक्षामा टाँस्न लगाउनुहोस् र नियमको पालना गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ५ : स्रोत व्यक्ति आमन्त्रण**

विद्यालयको स्काउट समूह (ट्रुप) को लिडर र उपसमूह (पेट्रोल) लिडरहरूलाई कक्षामा आमन्त्रण गरेर विद्यालयमा स्काउटले गरेका गतिविधिहरूका बारेमा अन्तर्क्रियात्मक छलफल गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ : सहभागितामा आधारित लेख रचना**

विद्यार्थीलाई जिल्लाभित्र वा विद्यालय वा समुदायमा सञ्चालन हुने स्काउटका गतिविधिहरू (जस्तै : सरसफाइ, वृक्षरोपण, फूलबारी गोडमेल, मेला पर्व व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन र आयोजना) मा सहभागी हुन लगाई सोको अनुभव समेटेर एक लेख तयार गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने, थप सिकाइ असवर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**केही प्रश्नहरू**

(क) स्काउटको स्थापना कहिले भएको थियो ?

(ख) स्काउटले चरित्र निर्माणमा खेल्ने भूमिका उल्लेख गर्नुहोस् ।

२. विद्यार्थीको स्काउटका गतिविधिमा संलग्नतालाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।
(अ) सहभागिता
(आ) सक्रियता
(इ) गरेका मुख्य क्रियाकलाप
(ई) अनुशासन र आज्ञाकारीता

**(च) थप सिकाइ सामग्री**

**स्काउटको इतिहास**

विश्वमा स्काउटको सुरुआत सन् १८०७ मा बेलायतबाट भएको हो । यसका संस्थापक (प्रर्वतक) रोबर्ट स्टेफेन्सन स्मिथ बेडेन पावेल हुन् । उनलाई वेडेन पावेल पनि भनिन्छ । वेडेन पावेलले विद्यालयको अध्ययन पूरा गरेपछि बेलायतको सैनिक सेवामा प्रवेश गरे । सैनिक सेवामा रहँदा उनलाई विद्रोही शक्तिसँग विभिन्न किसिमका कठिनाइको सामना गर्नुपरेको थियो । त्यसमध्ये सन् १८९९ मा बेलायती सेना र पश्चिम अफ्रिकाको माफेकिङ प्रदेशमा रहेका स्थानीय बोअर जातिहरूबिच उक्त क्षेत्रमा युद्ध अति महत्त्वपूर्ण थियो । दक्षिण अफ्रिका गएर नयाँ भर्ना गरिएका सैनिकसमेत गरी उनीसँग जम्मा २४०० जवान सैनिक थिए, जब कि विपक्ष बोअर जातिसँग १०,००० भन्दा बढी

सैनिक थिए । यस्तो अवस्थामा युद्धका लागि सेना तयार पार्ने जिम्मा वेडेन पावेललाई दिइएको थियो । गुप्तचरको काम, प्राथमिक उपचारको काम, क्याम्पको सुरक्षा गर्ने काम, खबर आदानप्रदान गर्ने काममा समेत कतिपय सैनिक जवान खटिएका थिए । जुन समयमा एक सैनिकको ठूलो महत्त्व रहेको हुन्थ्यो । माफेकिङ प्रदेशलाई बचाइराख्ने क्रममा आइपरेका विभिन्न समस्याको समाधान गर्न वेडेन पावेलका चिफ स्टाफ अफिसर एडवर्ड सिसिलले माफेकिङका ९ वर्षभन्दा माथिका केही केटालाई जम्मा गरी बालसेना तयार पारे । तिनीहरूलाई खाकीको ड्रेस र ह्याट लगाउन दिइयो । यसरी तयार पारिएका ती केटालाई जम्मा साधारण जिम्मेवारीका काम जस्तै : खबर आदानप्रदान गर्ने, साधारण प्राथमिक उपचार र विभिन्न सङ्केतसम्बन्धी कामको जिम्मा दिइएको थियो जुन काम उनीहरूले दिलोज्यान दिएर फुर्तिका साथ पूरा गर्न थाले । यस सिलसिलामा वेडेन पावेलले एक दिन एक जना बालकसँग सोधे, “साइकल चलाउँदा कुनै दिन तिमीलाई गोली लागिहाल्यो भने के गर्छौ ?” जवाफमा उक्त बालकले भन्यो, “श्रीमान् म यति छिटो साइकल चलाउछु कि गोलीले मलाई भेट्नै सक्दैन ।” यति सानो केटाको यति ठुलो साहस देखेर वेडेन पावेल चकित भएका थिए । यस्तो ठुलो साहसका साथ गोलीको कुनै पर्वाह नगरी काम गर्ने बालक नै विश्वको पहिलो ब्वाइ स्काउट थिए । बालसेनाको मदतले वेडेन पावेलले माफेकिङ प्रदेशलाई सात महिनासम्म बचाएर राखे र ब्रिमिटस फौज मदतका लागि आएपछि माफेकिङ प्रदेशलाई बोअर जातिबाट मुक्त गराए । यसरी वेडेन पावेलले माफेकिङ स्थित बोअर जाति विरुद्धको लडाइमा बालसेना तयार पारी तिनको सहायताबाट विजय हासिल गर्न सफल भए यस वेलादेखि उनलाई साना बालकलाई विशेष तालिम दिन सकेमा तिनीहरूले पनि देशको राम्ररी सेवा गर्न सक्छन् भन्ने भावना जागृत भएको भियो । यस युद्धबाट प्राप्त सफलताको फलस्वरूप उनले सैनिकका लागि Aids too Scouting पुस्तकसमेत प्रकाशित गरेका थिए । यो पुस्तक विद्यार्थीलाई पाठ्यक्रमका रूपमा बेलायतका स्कुलमा समावेश गरिएको थियो । यसबाट उनलाई स्काउट सञ्चालन गर्ने प्रेरणा मिलेको थियो । यसर्थ माफेकिङ युद्धमा सहभागी बालकहरूलाई दिइएको जिम्मेवारी साहसिक ढङ्गबाट पूरा गर्न सफल भएको घटनाबाट प्राप्त प्रेरणास्वरूप सन् १९०७ मा बेलायतको ब्राउन सि टापुमा धनी गरिब तथा विभिन्न जाति र धर्मका २० जना केटाहरूलाई लिएर पहिलो पटक जुलाई २९ का दिन प्रयोगात्मक तालिम क्याम्प कुडुसिङ बाजा बजाई उद्घाटन गरे । जुलाई २९ का दिन सुरु भएको उक्त क्याम्प अगष्ट ८ का दिन समापन भएको थियो । यसपछि विश्वभर स्काउट कार्यक्रम तीव्र गतिमा सुचारु हुँदै गयो ।

सन् १९०८ को जनवरी १५ मा वेडेन पावेलले ‘स्काउटिङ फर ब्वाइज’ नामक पुस्तक प्रकाशित गरे जसले स्काउट कार्यक्रम सहज रूपमा विश्वमा सञ्चालन गर्न मदत पुऱ्यायो जुन आजसम्म पनि उत्तिकै प्रभावकारी रहेको छ ।

स्काउटिङ फर ब्वाइज पुस्तकका आधारमा केही केटाले आपसमा मिलि स्काउटका टोली बनाएर त्यसलाई नेतृत्व गर्ने नेताका रूपमा टोली नायक छाने, टोलीमा काम गर्दै जाँदा आइपरेका समस्याको समाधान गर्न तथा अन्य सहयोग सुझावका लागि आफूभन्दा बढी ज्ञान भएका व्यक्तिको सहयोगसमेत लिए । त्यही मदत दिने व्यक्तिलाई स्काउट मास्टर भनियो । यसरी स्काउटिङको सुरुआतमा पहिला स्काउटपछि टोली नायक हुँदै स्काउट मास्टरको व्यवस्था भएको पाइन्छ । यही नै स्काउटको आधारशिला हो ।

स्काउटिङ कार्यक्रम वेडेन पावेलले बालबालिकाका लागि तयार पारेका हुन् । यस कार्यक्रमले विस्तारित रूप लिँदै गएपछि वेडेन पावेलले विभिन्न उमेरका केटाकेटी तथा विभिन्न क्षेत्रमा संलग्न व्यक्तिका लागि समेत उपयोगी हुने गरी गर्ल्स गाइड तथा स्काउट, कब/ब्राउनी स्काउट, रोभर रेन्जर स्काउट, सी स्काउट, एयर स्काउट पनि सुरु गरे । यसरी बेलायतबाट सुरु भएको स्काउट कार्यक्रम चिली, अमेरिका, घाना, भारत हुँदै विभिन्न देशमा फैलिदै गई हाल विश्वभर नै स्काउटिङ कार्यक्रम एक शैक्षिक कार्यक्रमको रूपमा सञ्चालन भइरहेको छ ।

## एकाइ : तीन नागरिक चेतना कर्तव्य र अधिकार

कार्यघण्टा : २०

### (क) एकाइ परिचय

नागरिक चेतनाले आफ्ना अधिकार, कर्तव्य र जिम्मेवारी पूरा गर्ने सरकारका काम कर्तव्यप्रति जानकार रहने, विभेद विरुद्ध सचेत रहने आदि पक्षलाई जनाउँछ । यस एकाइले विद्यार्थीलाई संविधान र कानुन निर्माण प्रक्रिया सम्बन्धमा जानकार रहन, सङ्घीय सरकारको गठन प्रक्रिया र यसका कार्य उल्लेख गर्न र नेपालको न्यायापालिका सम्बन्धी जानकारी र कार्यहरू सम्बन्धमा जानकारी रहने, विभेदका विभिन्न स्वरूपको खोजी पहिचान गर्ने र विभेदविरुद्ध आफूलाई जिम्मेवार बनाउने आदि सक्षमता प्राप्त हुने अपेक्षा गरिएको छ ।

यस एकाइको सहजीकरण गर्दा विभिन्न चित्र, चार्ट, फोटो, भिडियोको प्रयोग गरी क्रियाकलापमुखी र व्यावहारिक सिकाइ पद्धतिलाई जोड दिइने छ । मस्तिष्क मन्थन, समालोचनात्मक चिन्तन, छलफल, प्रश्नोत्तर, प्रदर्शन आदि सहभागितामूलक र समन्वयात्मक सिकाइ विधि र रणनीतिलाई उपयोग गर्नुपर्छ ।

### (ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अ. घ |
|---|---|---|---|---|
| १ | संविधानको परिचय | – संविधान र कानुनको निर्माण प्रक्रियाको परिचय दिन | - विभिन्न समयका नेपालको संविधानका पुस्तकहरू<br>- संविधानको परिचय लेखिएको चार्ट वा पोस्टर<br>- संविधानको महत्त्व दर्साउने चार्ट<br>- संविधान निर्माण प्रक्रिया लेखिएको चार्ट वा पोस्टर<br>- संविधानको पालना गर्नुपर्नाका कारण लेखिएको चार्ट | ३ |
| २ | सङ्घीय संसद |  | - सङ्घीय संसद झल्कने चित्र<br>- सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को परिचय र गठन प्रक्रिया लेखिएको चार्ट वा तालिका<br>- सङ्घीय संसदका सदस्यको योग्यता झल्कने चार्ट<br>- सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को कार्य दर्साउने चार्ट तथा स्लाइड<br>- सङ्घीय संसदबाट कानुन निर्माण गर्ने प्रक्रिया प्रस्ट पार्ने चार्ट तथा स्लाइडहरू<br>- प्रतिनिधि सभा र राष्ट्रिय सभाको समानता र असमानताबिच तुलना गरिएको चार्ट | ३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सङ्घीय सरकार | – सङ्घीय सरकारको गठन प्रक्रिया र यसका कार्यहरू उल्लेख गर्न | – प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय झल्कने फोटो<br>– सङ्घीय सरकारको परिचय र गठनका आधार लेखिएको चार्ट वा पोस्टर र नेपालको वर्तमान संविधान<br>– सङ्घीय सरकारको कार्य दर्साउने चार्ट तथा डिजिटल सामग्री<br>– विभिन्न मन्त्रालयको तस्बिर, भिडियो तथा पोस्टर<br>– सङ्घीय सरकारका मन्त्रालय तथा मन्त्रीहरूको नाम लेखिएको चार्ट तथा डिजिटल सामग्रीहरू | ३ |
| ४ | न्यायपालिका | – नेपालका न्यायपालिकाको परिचय दिई यसका कार्य वर्णन गर्न | – सर्वोच्च अदालतको तस्बिर, भिडियो<br>– न्यायपालिकाको परिचय र गठन प्रक्रिया लेखिएको चार्ट वा स्लाइड<br>– नेपालको वर्तमान संविधान<br>– सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको परिचय, गठन प्रक्रिया र कार्यहरू दर्साउने चार्ट तथा स्लाइड | ३ |
| ५ | समावेशीकरण | – विभेदका स्वरूप र समावेशीकरणको अवधारणा एवम् महत्त्व बताउन | – समावेशीकरणको र सकारात्मक विभेदको परिचय लेखिएको चार्ट/पोस्टर र नेपालको वर्तमान संविधान<br>– विभिन्न जाति र समुदायको भाषिक र धार्मिक पहिचानलाई सम्मान दर्साउने चार्ट तथा स्लाइड<br>– राज्यलाई समावेशी बनाउने उपाय झल्कने भिडियो तथा पोस्टरहरू | ३ |
| ६ | लोकतान्त्रिक गणतन्त्र | – लोकतान्त्रिक गणतन्त्रमा नागरिकको भूमिकाको पहिचान गर्न | – लोकतान्त्रिक गणतन्त्रको परिचय र गणतन्त्रको स्थापनाको मिति तथा पृष्ठभूमि लेखिएको चार्ट वा भिडियो फाइल<br>– लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले खेल्नुपर्ने भूमिका दर्साउने चार्ट तथा स्लाइड<br>– नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको पृष्ठभूमि समावेश भएको भिडियो तथा पोस्टरहरू | २ |
| ७ | सुशासन | – सेवा प्रवाह र सुशासनमा राष्ट्रसेवकको भूमिका प्रस्ट पार्न | – सुशासनको परिचय र यसका पक्षहरू लेखिएको चार्ट वा पोस्टर, नागरिक बडापत्र र नेपालको वर्तमान संविधान<br>– सूचनाको हकको परिचय र यससम्बन्धी भएको संवैधानिक व्यवस्था दर्साउने चार्ट तथा स्लाइड<br>– सूचनाको हकको उपयोग गर्ने उपाय वा तरिका समावेश भएको भिडियो तथा पोस्टर | ३ |

# पाठ : १ संविधानको परिचय

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

संविधान देशको मूल कानुन हो । प्रजातान्त्रिक मुलुकमा राज्य सञ्चालनको मुख्य मार्गदर्शक दस्तावेज संविधान हो । संविधानमा मौलिक हकहरू, राज्यका आधारभूत सिद्धान्तहरू, सरकारको संरचना, राज्य शक्तिको बाँडफाँट र प्रयोग, नियन्त्रण तथा सन्तुलनसम्बन्धी कुरा उल्लेख गरिएको हुन्छ ।

देशको संविधानलाई आधार मानेर अन्य कानुन बनाउने गरिन्छ । कानुन निर्माण गर्दा संविधानसँग बाझिने गरी बनाउन पाइँदैन । संविधानमा लोकतान्त्रिक मूल्य मान्यता, कानुनी शासनको प्रत्याभूति, नागरिक अधिकार, समानुपातिक समावेशिता र जनताको मौलिक हकको ग्यारेन्टी गरिएको हुन्छ ।

नेपालमा राणा प्रधानमन्त्री श्री ३ पद्म समसेरले वि.सं २००४ माघ १३ मा घोषणा गरेको 'नेपाल सरकार वैधानिक कानुन, २००४' नेपालको पहिलो संविधान थियो । नेपालको संवैधानिक विकासक्रमको इतिहासमा ६५ वर्षको अवधिमा ७ ओटा संविधान जारी भएका छन् । यस पाठमा संविधानको परिचय, महत्त्व र नेपालको संविधान निर्माण प्रक्रिया आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, सन्दर्भ प्रस्तुति, समूह कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी संविधानको परिचय दिई नेपालको संविधान निर्माणको प्रक्रिया बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| संविधानको परिचय दिई नेपालको संविधान निर्माणको प्रक्रिया बताउन | – संविधानको परिचय दिन<br>– नेपालको संविधानको निर्माण प्रक्रिया बताउन<br>– संविधानको पालना गर्नुपर्ने कारण बताउन |

### (ग) शैक्षणिक सामग्री

- विभिन्न समयका नेपालको संविधानका पुस्तकहरू
- संविधानको परिचय लेखिएको चार्ट वा पोस्टर
- संविधानको महत्त्व दर्साउने चार्ट
- संविधान निर्माण प्रक्रिया लेखिएको चार्ट वा पोस्टर
- संविधानको पालना गर्नुपर्नाका कारण लेखिएको चार्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीमा भएको संविधानसम्बन्धी पूर्व ज्ञानका आधारमा विषय प्रवेश गर्नुहोस् । विद्यालय तथा कक्षाकोठाको नियमको सम्बन्धमा छलफल गर्दै यसको आवश्यकता किन परेको होला भन्ने प्रश्न गरी उनीहरूको उत्तरका आधारमा थप छलफल गर्नुहोस् र निम्नानुसारको अवधारणा प्रस्तुत गर्नुहोस् ।

कक्षाकोठालाई व्यवस्थित बनाउन नियमको आवश्यकता पर्छ । त्यसैगरी राज्यलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न पनि नियम कानुनको आवश्यकता पर्छ र ती नियम कानुनमध्येको मूल कानुनलाई संविधान भनिन्छ ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट प्रदर्शन र छलफल**

हामीले संविधानको पालना किन गर्नुपर्छ भनी प्रश्न गर्दै उत्तर कापीमा टिपोट गर्न लगाउनुहोस् र पालैपालो प्रस्तुत गर्न भन्नुहोस् । उनीहरूको प्रस्तुति सकिएपछि संविधानको महत्त्व दर्साउने चार्ट प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् । छलफल पश्चात् विद्यार्थीलाई जोडीमा आपसमा प्रश्नोत्तर गर्न लगाउनुहोस् । शिक्षकले आवश्यकताअनुसार सहयोग गर्नुहोस् ।

**संविधानको महत्त्व**

- शासकीय प्रणालीलाई निर्देशन गर्छ
- राज्य शक्तिको बाँडफाँट गर्ने आधार प्रस्तुत गर्छ
- नागरिक अधिकार सुनिश्चित गरेको हुन्छ
- राज्यमा विधिको शासन स्थापित हुन मदत गर्छ
- अधिकार विकेन्द्रीकरणको आधार प्रदान गर्छ

**क्रियाकलाप २  : चार्ट प्रदर्शन र प्रश्नोत्तर**

एकात्मक र सङ्घीय शासन व्यवस्थाको परिचय लेखिएको चार्ट प्रस्तुत गर्दै एकात्मक र सङ्घात्मक शासन व्यवस्थाको विषयमा छलफल गर्नुहोस् । सँगै बसेका दुई साथीहरूलाई एकआपसमा एकले एकात्मक र अर्कोले सङ्घात्मक शासन व्यवस्थासम्बन्धी प्रश्न पालैपालो सोध्न लगाई सही उत्तर प्राप्त गर्ने प्रयास गर्नुहोस् । उनीहरूलाई नै एकआपसमा सहजीकरण गर्न लगाई थप कुरा बताइदिनुहोस् ।


**क्रियाकलाप ३ : समूह कार्य**

कक्षामा विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । उनीहरूलाई आपसी छलफलबाट कक्षाकोठाको नियम बनाई टाँस्न लगउनुहोस् । यसरी बनाइएको नियम पालना भए नभएको वेला वेलामा सम्झाउनुहोस् । नभएको भए पालन गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ४ : उदाहरण र सन्दर्भ प्रस्तुति**

विभिन्न सन्दर्भ र उदाहरण दिँदै चार्टको सहायतामा संविधान निर्माण प्रक्रिया सम्बन्धमा छलफल गराउनुहोस् । विभिन्न समिति, आयोगबाट बनेको संविधानभन्दा जनताका प्रतिनिधिले बनाएको संविधानमा जनअपेक्षा र जनसरोकारका विभिन्न पक्ष समेटिने हुँदा त्यस्तो संविधान निर्माण प्रक्रियामा जनताको अपनत्व रहने र सर्वस्वीकार्य हुने कुरासमेत स्पष्ट पार्नुहोस् । यसका लागि उनीहरूले बनाएको कक्षाकोठाको नियमलाई उदाहरणका रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । नेपालको संविधान निर्माणमा संविधान सभाको भूमिका महत्त्वपूर्ण रहेको र यो समावेशी प्रतिनिधित्वमा आधारित भई तयार

पारिएको र दुई तिहाईभन्दा बढीको समर्थनमा पारित भएको सन्दर्भसमेत उल्लेख गर्नुहोस् ।




**क्रियाकलाप ५ : प्रदर्शन र छलफल**

कक्षाकोठालाई सङ्घीय संसद मानेर उक्त संसदले (नमुना) कक्षाको नियम संशोधन गर्ने अभ्यास गराउनुहोस् । देशको संविधान पनि यही प्रक्रिया अपनाई संशोधन गरिन्छ र वर्तमान संवैधानिक व्यवस्थाअनुसार नेपालको संविधान संशोधन गर्न सङ्घीय संसदको दुवै सदनको दुई तिहाइले पारित गरी राष्ट्रपतिले प्रमाणित गर्नुपर्ने कुरा पनि बताइदिनुहोस् । नेपालको संविधान संशोधन प्रक्रिया उल्लेख गरिएको चार्टको सहायताले कक्षामा छलफल गरी संविधान संशोधनका प्रक्रियाहरूका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : जोडीमा छलफल**

विद्यार्थीलाई हामी कक्षाको नियमको पालना किन गर्छौं ? यसका के कस्ता फाइदा हुन्छन् ? भन्ने प्रश्न गरी जोडी जोडीमा यसको उत्तर लेख्न लगाई पालैपालो भन्न लगाउनुहोस् । उनीहरूको उत्तर शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । उनीहरूको उत्तरलाई जोड्दै निम्न कुरा बताइदिनुहोस् ।

हामीले कक्षाको नियम पालना गर्दा कक्षाकोठा शान्त, मर्यादित र अनुशासित बनाउन सकिन्छ त्यसैगरी नागरिकले देशको संविधानको पालना गर्दा देश विकसित, शान्त, समृद्ध र मर्यादित बनाउन सकिन्छ यसपछि संविधानको पालना गर्नुपर्ने कारण उल्लेख गरिएको सामग्री कक्षामा प्रस्तुत गर्दै छलफल गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा पृष्ठपोषण प्रदान गर्ने थप सिकाइ अवसर प्रदान गर्ने, आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**केही प्रश्नहरू**

(क) संविधान भनेको के हो ?
(ख) संविधानको पालना किन गर्नुपर्छ ?
(ग) नेपालमा भएका संविधान निर्माणका अभ्यास उल्लेख गर्नुहोस् ?
(घ) संविधान सभा भनेको के हो ?
(ङ) कुन प्रक्रियाबाट निर्माण भएको संविधानप्रति जनविश्वास बढी हुन्छ, किन ?

**(च) थप सन्दर्भ सामग्री**

नेपालमा हालसम्म जारी भएका संविधानहरू

| **नेपालको वैधानिक कानुन, २००४** | **नेपालको अन्तरिम शासन विधान २००७** | **नेपाल अधिराज्यको संविधान, २०१५** |
|---|---|---|
| - पहिलो लिखित संविधान<br>- २००४ माघ १३ गते जारी भएर पनि लागु हुन नसकेको संविधान<br>- ६ भाग ६८ दफा र १ फेहरिस्त रहेको<br>- कार्यकारी अधिकार श्री ३ मा निहित भएको<br>- राष्ट्रिय सभा र भारदारी सभासहितको व्यवस्थापिका<br>- गाउँ, नगर तथा जिल्ला पञ्चायतको व्यवस्था | - अन्तरिम व्यवस्थाको लागि जारी गरिएको<br>- २००७ साल चैत्र १७ गते जारी भएको यस संविधानमा ७ भाग ७३ दफा र ३ अनुसूची रहेको<br>- कार्यपालिका राजाप्रति जवाफदेही<br>- दरखास्त परिषद् र प्रधान न्यायालयको व्यवस्था<br>- निर्वाचन नभएसम्मको लागि सल्लाहाकार सभाको व्यवस्था | - मसौदा आयोगले तयार पारी जारी गरिएको<br>- २०१५ साल फागुन १ गते जारी भएको यस संविधानमा १० भाग र ७७ धारा रहेको तर अनुसूची नभएको<br>- राजाको विशेष स्थान<br>- संसदीय शासन प्रणाली<br>- द्विसदनात्मक व्यवस्थापिका<br>- न्यायपालिका तथा मौलिक हकको व्यवस्था |

| **नेपालको संविधान २०१९** | **नेपाल अधिराज्यको संविधान २०४७** | **नेपालको अन्तरिम संविधान २०६३** |
|---|---|---|
| - राजाको इच्छाअनुसार २०१९ साल पौष १ गते जारी भएको<br>- निरङ्कुश संविधान<br>- २० भाग ९७ धारा र ६ अनुसूची<br>- सार्वभौमसत्ता राजामा निहित<br>- अख्तियार अनुसन्धान आयोगलगायत अन्य आयोगको व्यवस्था<br>- एक सदनात्मक संसद (राष्ट्रिय पञ्चायत) | - विज्ञ सम्मिलित आयोगले तयार पारेको<br>- २०४७ साल कार्तिक २३ गते जारी भएको यस संविधानमा<br>- सार्वभौमसत्ता जनतामा रहेको<br>- द्विसदनात्मक व्यवस्थापिका<br>- कार्यकारिणी अधिकार राजा र मन्त्रीपरिषद्मा<br>- संवैधानिक परिषद् र स्वतन्त्र न्यायपालिकाको व्यवस्था<br>- संवैधानिक राजतन्त्र<br>- बहुदलीय शासन प्रणाली<br>- मृत्युदण्ड दिन नपाउने | - जनआन्दोलनको भावनाअनुरूप तयार गरी २०६३ साल माघ १ गते जारी भएको<br>- सार्वभौमसत्ता नेपाली जनतामा निहित<br>- अधिकतम लचिलो संविधान<br>- कार्यकारिणी अधिकार मन्त्रीपरिषद्मा रहेको<br>- २५ भाग १६७ धारा र ४ अनुसूची<br>- नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा मानिएको |

**वर्तमान संविधानका विशेषताहरू**

(क) संविधान सभाबाट निर्माण भई जारी गरिएको

(ख) सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा

(ग) एकतिस (धारा १६ देखि ४६) ओटा मौलिक हकको व्यवस्था
(घ) नागरिकका कर्तव्य समावेश गरिएको
(ङ) तीन तहको राज्य संरचना
(च) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था
(छ) आवधिक निर्वाचन
(ज) कानुनको शासन
(झ) राज्यका नीति तथा मार्गदर्शन उल्लेख भएको

# पाठ : २ सङ्घीय संसद्

अनुमानित कार्यघण्टा : ३

**(क) परिचय**

कुनै पनि राज्यलाई व्यवस्थित र मर्यादित तरिकाले सञ्चालन गर्न विभिन्न ऐन तथा कानुनको आवश्यकता पर्छ । ती कानुन निर्माण गर्ने, संशोधन गर्ने र संविधान संशोधन गर्ने प्रयोजनका लागि गठित राज्यको अङ्गलाई सङ्घीय व्यवस्थापिका वा संसद् भनिन्छ । नेपालमा सङ्घीयता कार्यान्यवन भएपछि केन्द्रमा सङ्घीय संसद, हरेक प्रदेशमा प्रदेश सभा र हरेक स्थानीय तहमा गाउँ सभा वा नगर सभा रहने व्यवस्था छ । नेपालको वर्तमान संविधानअनुसार सङ्घीय संसद्अर्न्तगत प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्थापिका रहेको छ ।

यस पाठमा व्यवस्थापिका (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को परिचय, गठन प्रक्रिया, सङ्घीय व्यवस्थापिकाका कार्य, सङ्घीय संसदबाट कानुन निर्माण प्रक्रिया आदि विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, सन्दर्भ प्रस्तुति, समूह कार्य, रनिङ डिक्टेसन, भूमिका अभिनय, प्रश्नबल आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको सङ्घीय संसदको परिचय दिई यसको गठन प्रक्रिया र कार्यहरू बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| नेपालको सङ्घीय संसदको परिचय दिइ यसको गठन प्रक्रिया र कार्यहरू बताउन | – व्यवस्थापिकाको परिचय दिन<br>– सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को परिचय दिइ यसको गठन प्रक्रिया बताउन<br>– सङ्घीय व्यवस्थापिकाको कार्य बताउन<br>– सङ्घीय संसदबाट कानुन निर्माण गर्ने प्रक्रिया बताउन<br>– प्रतिनिधि सभा र राष्ट्रिय सभाको गठन प्रक्रिया र कार्यबिचको समानता र असमानताबिच तुलना गर्न |

**(ग) शैक्षणिक सामग्री**

- सङ्घीय संसदको चित्र
- सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को परिचय र गठन प्रक्रिया लेखिएको चार्ट वा तालिका
- सङ्घीय संसदका सदस्यको योग्यता झल्कने चार्ट
- सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) का कार्यहरू दर्साउने चार्ट तथा स्लाइड
- सङ्घीय संसदबाट कानुन निर्माण गर्ने प्रक्रिया प्रस्ट पार्ने चार्ट तथा स्लाइडहरू
- प्रतिनिधि सभा र राष्ट्रिय सभाको समानता र असमानताबिच तुलना गरिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

कक्षाकोठामा विद्यार्थीलाई संसद भवन र सांसदको चित्र वा तस्बिर देखाउँदै यी चित्र तथा तस्बिरहरू केसँग सम्बन्धित रहेका छन् भनी प्रश्न गर्नुहोस् र उनीहरूले दिएका उत्तरका आधारमा थप कुरा बताउँदै विषय प्रवेश गर्नुहोस् । विद्यार्थीले

दिएको उत्तरका आधारमा थप छलफल गरी देशलाई आवश्यक पर्ने कानुन निर्माण गर्ने निकाय सङ्घीय संसद हो भनी बताउनुहोस् । यसका साथै नेपालमा तीन तहमा कानुन बनाउने निकाय हुन्छन् भनी स्पष्ट पार्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) को गठन प्रक्रिया र परिचय लेखिएको चार्ट वा स्लाइड प्रस्तुत गर्दै कक्षामा छलफल गराउनुहोस् । छलफल पश्चात् यी दुवैमा रहेका समानता र भिन्नता बताउन लगाउनुहोस् ।

**क्रियाकलाप २ : रनिङ डिक्टेसन**

सङ्घीय संसदको कार्यहरूका सम्बन्धमा रनिङ डिक्टेसन विधिको प्रयोग गरी छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ : चार्ट प्रदर्शन र छलफल**

प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्य बन्नका लागि अवश्यक योग्यता लेखिएको चार्ट वा तालिका प्रस्तुत गरी छलफल गर्नुहोस् । यसपछि विद्यार्थीलाई प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्य बन्नका लागि अवश्यक योग्यतासम्बन्धी छलफल गरेर विवरण तयार गर्न लगाउनुहोस् । उनीहरूले तयार गरेका विवरण समूह नेतालाई प्रस्तुत गर्न लगाई थप कुरा विद्यार्थीबाटै भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरी निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ४ : तुलना चार्ट निर्माण र छलफल**

प्रतिनिधि सभा र राष्ट्रिय सभाको गठन, कार्य र योग्यतासम्बन्धी समानता र असमानताबिच तुलना गरिएको चार्ट समूहगत रूपमा तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

**समानताहरू**

(क) दुवै कानुन निर्माण गर्ने सङ्घीय संसदका सदन हुन् ।

(ख) विधेयकको उत्पत्ति दुवै सदनबाट हुन्छ ।

(ग) एउटा सदनमा विधेयक पारित भएपछि अर्को सदनमा अनिवार्य रूपमा पठाउनुपर्ने छ ।

(घ) दुवै सदनबाट विधेयक पारित भएपछि मात्र राष्ट्रपतिबाट प्रमाणीकरण हुन्छ ।

**असमानताहरू**

| आधार | प्रतिनिधि सभा | राष्ट्रिय सभा |
|---|---|---|
| सङ्ख्या | पहिलो हुने निर्वाचित प्रणाली १६५ जना र समानुपातिक प्रतिनिधित्वबाट ११० गरी जम्मा २७५ जना | प्रत्येक प्रदेशबाट आठ जनाका दरले ५६ जना र सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित ३ जना गरी जम्मा ५९ जना |
| स्थायित्व | ५ वर्ष कार्यकाल रहने | स्थायी सदन |
| निर्वाचन प्रक्रिया | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली | एकल सङ्क्रमणीय निर्वाचन र बहुमतीय मतभारको आधारमा |
| कार्य | अर्थविधेयक प्रतिनिधि सभामा प्रस्तुत गरिने | प्रतिनिधि सभामा मात्र पेस गर्नुपर्ने बाहेकका सबै विधेयक प्रस्तुत गरिने |
| प्रमुख र उपप्रमुख | सभामुख र उप सभामुख | अध्यक्ष र उपाध्यक्ष |
| उमेर | २५ वर्ष | ३५ वर्ष |

**क्रियाकलाप ५ : स्रोत सामग्री अध्ययन र छलफल**

विद्यार्थीलाई दुई समूहमा विभाजन गरी दुवै समूहलाई नेपालको संविधानको पुस्तक उपलब्ध गराउनुहोस् । एउटा समूहलाई प्रतिनिधि सभाको सभामुख, उपसभामुख र अर्को समूहलाई राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको छनोट सम्बन्धी संवैधानिक व्यवस्था वा प्रावधान खोजी गर्न लगाई टिपोट गर्न लगाउनुहोस् र टिपोट गरिएको कुरा कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ : भूमिका अभिनय**

कक्षाकोठालाई प्रतिनिधि सभा मानेर कुनै एउटा विषय (शिक्षा, स्वास्थ्य) को कानुन निर्माण गर्ने अभ्यास गराउनुहोस् । कक्षाका एक जना विद्यार्थीलाई सभामुखको र अर्को एक जनालाई उपसभामुख र बाँकी विद्यार्थीलाई प्रतिनिधि सभाको सांसदको भूमिका दिई कार्य गराउनुहोस् । प्रतिनिधि सभामा जुन प्रक्रियाबाट कानुन बनाउने गरिन्छ राष्ट्रिय सभामा पनि सोही प्रक्रियाबाट कानुन निर्माण गरिने कार्य गरिन्छ भन्ने कुरा बताइदिनुहोस् । व्यवस्थापिकाबाट पारित भएको विधेयकमा राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक कानुन बन्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ प्रश्न बल** (Question Ball)

एउटा रबरको बल लिनुहोस् र विद्यार्थीलाई गोलो घेरामा राखी कुनै एक जना विद्यार्थीलाइ बल फ्याँक्नुहोस् । अगिल्ला क्रियाकलापमा सिकिएका विषयवस्तुसँग सम्बन्धित कुनै एउटा प्रश्न सोध्नुहोस् । जस्तै : प्रतिनिधि सभामा कति जना सदस्य हुन्छन् ? जसको हातमा बल पुग्छ उसलाई उत्तर दिन लगाउनुहोस् । उसले उत्तर दिइसकेपछि उसलाई फरक प्रश्न गर्न लगाई अर्को विद्यार्थीकहाँ बल फ्याँक्न लगाउनुहोस् । जस्तै : राष्ट्रिय सभाको सदस्यको कार्यकाल कति वर्षको हुन्छ ? यो क्रियाकलापलाई सबै विद्यार्थीको पालो नआउँदासम्म सञ्चालन गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

१. पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् ।

**केही प्रश्नहरू**

(क) व्यवस्थापिका भनेको के हो ?

(ख) नेपालमा कति तहका व्यवस्थापिका रहेका छन् र ती के के हुन् ?

(ग) व्यवस्थापिकाले कसरी कानुन बनाउँछ ?

(घ) प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्य हुन के के योग्यता आवश्यक पर्छन् ?

(ङ) प्रतिनिधि सभा र राष्ट्रिय सभाको समानता र भिन्नतालाई तालिकामा देखाउनुहोस् ।

२.विद्यार्थीलाई व्यवस्थापिकामा हुने कानुन निर्माण प्रक्रियाको अभिनय क्रियाकलापलाई निम्न आधारमा मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहजीकरण गर्नुहोस् ।

- अभिनय कला
- विषयवस्तु र अभिनयको तालमेल
- प्रस्तुति
- समन्वय
- सक्रियता

# पाठ : ३ सङ्घीय सरकार

अनुमानित कार्यघण्टा : ३

**(क) परिचय**

राज्यको प्रमुख तीन अङ्ग मध्येको एक अङ्ग कार्यपालिका हो । यसले देशको दैनिक प्रशासन सञ्चालन गर्ने, व्यवस्थापिकाले तयार गरेको कानुनको कार्यान्वयन गर्ने, शान्तिसुरक्षा कायम गर्ने तथा शासन व्यवस्था सुचारु रूपले सञ्चालन गर्ने कार्य गर्छ । कार्यपालिकालाई मन्त्रीपरिषद् वा सरकार भनेर चिनिन्छ ।

नेपालको वर्तमान संविधानअनुसार तीन तहको कार्यपालिकाको व्यवस्था गरिएको छ । केन्द्रमा सङ्घीय कार्यपालिका ( संविधानको भाग ७) रहेको छ भने प्रदेशमा प्रदेश कार्यपालिका (संविधानको भाग १३) रहने व्यस्था छ । स्थानीय तह हरूमा नगर तथा गाउँकार्यपालिका रहेको छ (संविधानको भाग १७ ) । सङ्घीय कार्यपालिकामा प्रधानमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रीपरिषद् रहने कानुनी व्यवस्था छ ।

यस पाठमा सङ्घीय सरकारको परिचय, गठनका आधार, सङ्घीय सरकारका कार्यहरू आदि विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, सन्दर्भ प्रस्तुति, समूह कार्य, सिमुलेसन, चिठी लेखन आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको सङ्घीय सरकारको परिचय दिई यसको गठन प्रक्रिया र कार्यहरू बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| सङ्घीय सरकारको गठन प्रक्रिया र यसका कार्यहरू उल्लेख गर्न | – सङ्घीय सरकारको परिचय दिइ यसको गठनका आधारहरू बताउन<br>– सङ्घीय सरकारका कार्यहरू बताउन<br>– सङ्घीय सरकारका मन्त्रालय तथा मन्त्रीहरूको नाम बताउन |

**(ग) शैक्षणिक सामग्री**

- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय झल्कने फोटो
- सङ्घीय सरकारको परिचय र गठनका आधारहरू लेखिएको चार्ट वा पोस्टर र नेपालको वर्तमान संविधान
- सङ्घीय सरकारको कार्यहरू दर्साउने चार्ट तथा डिजिटल सामग्री
- विभिन्न मन्त्रालयहरूको तस्बिर, भिडियो तथा पोस्टरहरू
- सङ्घीय सरकारका मन्त्रालय तथा मन्त्रीहरूको नाम लेखिएको चार्ट तथा डिजिटल सामग्रीहरू

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

कक्षाकोठामा विद्यार्थीलाइ वर्तमान प्रधानमन्त्री र मन्त्रीहरूको नाम थाहा छ भनी प्रश्न गर्नुहोस् र उनीहरूले दिएका उत्तरलाई समेत जोड्दै सङ्घीय कार्यपालिकाको परिचय दिनुहोस् ।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : अनुमान र छलफल**

सङ्घीय कार्यपालिका वा सरकारले के के कार्य गर्छ होला भनी विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् र उनीहरूका विचारलाई समेत समेट्दै कार्यपालिकाका कार्यहरू छलफल गर्दै स्पष्ट पारिदिनुहोस् ।

देशको दैनिक प्रशासन सञ्चालन गर्ने, व्यवस्थापिकाले तयार गरेको कानुनको कार्यान्वयन गर्ने, शान्तिसुरक्षा कायम गर्ने तथा शासन व्यवस्था सुचारु रूपले सञ्चालन गर्ने राज्यको प्रमुख तीन अङ्गमध्येको एक अङ्ग हो । कार्यपालिकालाई सरकार भनेर चिनिन्छ भन्ने कुरासमेत बताउनुहोस् ।

**क्रियाकलाप २ : समूह कार्य**

नेपालको वर्तमान संविधानको भाग ७ को धारा ७६ मा भएको सङ्घीय सरकारको गठन सम्बन्धी संवैधानिक व्यवस्था पढेर सुनाउनुहोस् । कक्षाका विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । धारा ७६ को उपधारा १, २, ३ र ५ मध्ये प्रत्येक समूहलाई एउटा एउटा उपधारा अध्ययन गर्न लगाउनुहोस् र उक्त उपधारामा भएको सरकार गठनका विभिन्न आधारहरूको विवरण तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ३ : समूह कार्य र छलफल**

विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । पाठ्यपुस्तक वा विभिन्न सन्दर्भ सामग्री अध्ययन गर्न लगाई तीन समूहमध्ये एउटा समूहलाई सङ्घीय सरकारको परिचय, दोस्रो समूहलाई सङ्घीय सरकारको गठनका आधारहरू र तेस्रो समूहलाई सङ्घीय सरकारको कार्यसम्बन्धी छलफल गरेर विवरण तयार गर्न लगाउनुहोस् । उनीहरूले तयार गरेको विवरण समूह नेतालाई प्रस्तुत गर्न लगाई थप कुराहरू विद्यार्थीबाटै भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरी निष्कर्षमा पुग्नुहोस् । त्यसपछि सङ्घीय सरकारको परिचय र गठनको आधार र कार्यहरू लेखिएको चार्ट प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ४ : चार्ट प्रस्तुति र छलफल**

विद्यार्थीलाई थाहा भएसम्म सङ्घीय सरकारका मन्त्रालयका नामहरू कापीमा लेख्न लगाउनुहोस् । त्यसपछि मन्त्रालय र मन्त्रीहरूको नाम लेखिएको चार्ट तथा स्लाइडको सहयोगले कक्षामा छलफल गर्नुहोस् । उनीहरूले टिपोट गरेका नामसँग तपाईंले प्रस्तुत गर्नुभएको मन्त्रालयको नाम तुलना गर्न लगाई गल्ती भए सच्याउन लगाउनुहोस् । सङ्घीय सरकारका मन्त्रीहरूको सङ्ख्या बढीमा २५ जनासम्म हुनुपर्ने कुरा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ५ : सिमुलेसन कार्य**

कक्षामा प्रधानमन्त्री र मन्त्रीहरूको छनोट गराई नमुना सरकारको गठन गर्नुहोस् । नव गठित मन्त्रीपरिषद्को बैठक राख्न लगाउनुहोस् र विभिन्न निर्णयहरू गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ : चिठी लेखन अभ्यास**

पाठ्यपुस्तकको क्रियाकलाप १ मा दिइएको क्रियाकलाप गराउनका लागि विद्यार्थीलाई चार समूहमा विभाजन गरी छलफल गराउनुहोस् र चिठीको नमुना तयार पार्न लगाउनुहोस् । तयार पारेको नमुना कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**चिठीको नमुना**

मानननीय मन्त्रीज्यू मितिः २०८०/११/०९

अर्थ मन्त्रालय, सिंहदरबार

काठमाडौँ

**विषय : बजेट व्यवस्था सम्बन्धमा ।**

महोदय

प्रस्तुत विषयमा जिल्ला धादिङ गल्छी गाउँपालिका वडा न. १ मा फलफूल तथा तरकारीको उत्पादन राम्रो हुने भए पनि उचित बजार तथा सोअनुसार मूल्य किसानले पाउन सकिरहेका छैनन् । उत्पादित फलफूल तथा तरकारी चाँडै नै बिग्रने र नास हुने साथै कतिपय बिउको लागि पछि महँगो मूल्यमा खरीद गर्नुपर्ने अवस्थासमेत रहेको छ । उचित समय र उचित मूल्य पाइने गरी वस्तुको बिक्री वितरण  र बजारीकरणलाई सहज गर्न शीतभण्डार स्थापनाका लागि आवश्यक बजेट रु २०००००००/-( दुई करोड) उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

कक्षा ८ मा अध्ययनरत विद्यार्थी

श्री सरस्वती मा.वि. डुम्रीचौर

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् ।

**केही प्रश्नहरू**

१.नेपालमा कति तहका सरकार रहेका छन् र ती के के हुन् ?

२.सङ्घीय सरकार भनेको के हो ?

३.सङ्घीय सरकार गठनका आधार के के हुन् ?

# पाठ : ४ न्यायपालिका

अनुमानित कार्यघण्टा : ३

### (क) परिचय

राज्यको प्रमुख तीन अङ्गमध्येको एक अङ्ग न्यायपालिका हो । यसले संविधान र कानुनको व्याख्या गर्ने, नागरिक अधिकारको रक्षा गर्ने, अन्यायमा परेको व्यक्तिलाई न्याय दिने, कानुनको उलङ्घन गर्नेलाई सजाय तोक्ने काम गर्छ । नेपालको वर्तमान संविधानको भाग ११ मा न्यायपालिकाको व्यवस्था गरिएको छ । संविधानअनुसार तीन तहको अदालत रहने व्यवस्था छ । केन्द्रमा सर्वोच्च अदालत, प्रत्येक प्रदेशमा उच्च अदालत र प्रत्येक जिल्लामा जिल्ला अदालत रहने व्यवस्था वर्तमान संविधानमा रहेको छ । त्यस्तै कानुनबमोजिम मुद्दा हेर्न हरेक स्थानीय तहमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सक्ने व्यवस्था संविधानमा गरिएको छ । सर्वोच्च अदालतमा नेपालको प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने छन् । प्रधान न्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा र सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । न्याय परिषद्को सिफारिसमा उच्च अदालतको मुख्य न्यायाधीश तथा अन्य न्यायाधीशको र जिल्ला अदालतका न्यायाधीशको नियुक्ति प्रधान न्यायाधीशबाट हुने संवैधानिक व्यवस्था छ । उच्च अदालत र जिल्ला अदालत सर्वोच्च अदालतको मातहत रहने व्यवस्था रहेको छ । स्थानीय स्तरका न्यायिक निकायहरू जिल्ला अदालतको मातहतमा रहने व्यवस्था छ ।

यस पाठमा न्यायपालिकाको परिचय, कार्यहरू, सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको गठन प्रक्रिया, स्थानीय न्यायिक समितिको परिचय र कार्य आदि विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको न्यायपालिकाको परिचय दिई यसको गठन प्रक्रिया र कार्यहरू बताउन सक्षम हुने अपेक्षा गरिएको छ

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको न्यायपालिकाको परिचय दिई यसका कार्यहरू वर्णन गर्न | – न्यायपालिकाको परिचय दिइ यसका मुख्य कार्यहरू बताउन<br>– सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको परिचय दिइ तिनको गठन प्रक्रिया र कार्यहरू बताउन<br>– स्थानीय न्यायिक समितिको परिचय दिइ यसले गर्ने मुख्य कार्य बताउन |

### (ग) शैक्षणिक सामग्री

- सर्वोच्च अदालतको तस्बिर, भिडियो
- न्यायपालिकाको परिचय र गठन प्रक्रियाहरू लेखिएको चार्ट वा स्लाइड
- नेपालको वर्तमान संविधान
- सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको परिचय, गठन प्रक्रिया र कार्यहरू दर्साउने चार्ट तथा स्लाइड
- स्थानीय न्यायिक समितिको परिचय र कार्यहरू लेखिएको चार्ट तथा डिजिटल सामग्रीहरू

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

सर्वोच्च अदालतको चित्र देखाएर हाम्रो देशको वर्तमान प्रधान न्यायाधीशको नाम सोध्नुहोस् । विद्यार्थीले दिएको उत्तरको आधारमा आवश्यक थप छलफल गरी न्यायपालिकाको अवधारणा सम्बन्धमा छलफल गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : समूह छलफल र प्रस्तुति**

न्यायपालिकाको परिचय र कार्यहरू लेखिएको चार्ट वा पोस्टर तथा डिजिटल सामग्री प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई न्यायपालिकाको परिचय, दोस्रो समूहलाई न्यायपालिकाको कार्यसम्बन्धी पाठ्यपुस्तकमा दिइएको विषयवस्तुसमेत अध्ययन गरी छलफल गरेर विवरण तयार गर्न लगाउनुहोस् । उनीहरूले तयार गरेको विवरण समूह नेतालाई प्रस्तुत गर्न लगाई एक अर्को समूहबाटै सुझाव दिन प्रेरित गर्नुहोस् र आवश्यकताअनुसार शिक्षकले थप सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २ : समूह प्रस्तुति**

कक्षाका विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । विभिन्न स्रोतसामग्री वा पाठ्यपुस्तकको अध्ययन गर्न लगाई पाठ्यपुस्तकको क्रियाकलाप १ सँग सम्बन्धित विषयमा ( सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको परिचय, गठन प्रक्रिया र कार्यहरू) छलफल गरी विवरण तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र निष्कर्षमा पुग्नुहोस्

सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको परिचय, गठन प्रक्रिया र कार्यहरू दर्साउने चार्ट तथा स्लाइड प्रस्तुत गरी कक्षामा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ : स्रोत व्यक्ति आमन्त्रण**

स्थानीय न्यायिक समितिको संयोजक वा सदस्यलाई विद्यालयमा आमन्त्रण गरेर कक्षामा स्थानीय न्यायिक समितबाट भएका कार्य सम्बन्धमा जानकारी दिन तथा छलफलका लागि आवश्यक व्यवस्था मिलाउनुहोस् ।

**क्रियाकलाप ४ : समूह प्रस्तुति**

तीनओटा कागजको टुक्रामा तीन तहका अदालतको नाम लेखी गोला बनाउनुहोस् । कक्षाका विद्यार्थीलाई तीन समूहमा विभाजन गरी प्रत्येक समूहबाट एक एक जनालाई अगाडि बोलाई उनीहरूलाई एक एकओटा गोला टिप्न लगाउनुहोस् र गोलामा कुन अदालतको सम्बन्धमा विवरण तयार पार्ने हो, सोको सामुहिक जिम्मेवारी दिनुहोस् । विवरण तयार भएपछि तीन स्थानमा टाँस्न लगाई ग्यालरी वाक विधिबाट अध्ययन गर्न लगाई एकअर्को समूहको विवरणमा छुटेका कुरा थप गर्न लगाउनुहोस् । शिक्षकले सो कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

### (ङ) मूल्याङ्कन

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. सर्वोच्च अदालतको प्रधान न्यायधीशको नाम के हो ?

२.सर्वोच्च अदालतका कार्यहरू के के हुन् ?

३.स्थानीय न्यायिक समितिको परिचय दिनुहोस् ?

४.जिल्ला अदालत र उच्च अदालतको परिचय दिनुहोस् ।

# पाठ : ५ समावेशीकरण

अनुमानित कार्यघण्टा : ३

## (क) पाठ परिचय

समाजमा विभिन्न अवस्थामा रहेका, दबिएका, पिछिडिएका, सुविधाबाट वञ्चित भएका, सीमान्तकृत जातजाति र समूहलाई सामाजिक, राजनीतिक र आर्थिक अवसर र प्रगतिमा सहभागी गराउँदै राष्ट्रिय मूलधारमा लगिन्छ र शोषित, पीडित एवम् हर किसिमले अवसरबाट वञ्चित जनसमुदायहरूलाई अवसर, प्रोत्साहन र विशेष हेरचाहको व्यवस्था गरिन्छ भने यस प्रक्रियालाई समावेशीकरण भनिन्छ । नागरिकलाई उनीहरूको सामाजिक पहिचानअनुसार समान अधिकार, अवसर, सम्मान र प्रतिनिधित्व गराउने यो एउटा प्रक्रिया हो । यस पाठमा समावेशीकरण र सकारात्मक विभेदको परिचय, भाषिक र धार्मिक पहिचानको अवधारणा बुझी र सम्मान व्यक्त गर्न सक्ने अपेक्षा गरिएको छ । साथै राज्यलाई समावेशी बनाउने उपाय सम्बन्धमा पनि चर्चा गरिएको छ ।

यस पाठमा समावेशीकरण र सकारात्मक विभेदको परिचय, समावेशीकरणका उपाय, नेपालमा समावेशीकरणसम्बन्धी प्रावधान आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, रनिङ डिक्टेसन, ग्यालरी वाक आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् समावेशीकरणको परिचय दिई नेपालको संविधानमा भएको समावेशीकरण सम्बन्धी प्रावधान बताउन सक्षम हुने साथै विभिन्न जाति र समुदायको भाषिक र धार्मिक पहिचानलाई सम्मान गर्ने छन् अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विभेदको स्वरूप र समावेशीकरणको अवधारणा एवम् महत्त्व बताउन | – समावेशीकरणको परिचय दिई सकारात्मक विभेदका बारेमा बताउन<br>– विभिन्न जाति र समुदायको भाषिक र धार्मिक पहिचानलाई सम्मान गर्न<br>– राज्यलाई समावेशी बनाउने उपाय बताउन |

## (ग) शैक्षणिक सामग्री

- समावेशीकरणको र सकारात्मक विभेदको परिचय लेखिएको चार्ट/पोस्टर र नेपालको वर्तमान संविधान
- विभिन्न जाति र समुदायको भाषिक र धार्मिक पहिचान दर्साउने चार्ट तथा स्लाइड
- राज्यलाई समावेशी बनाउने उपाय झल्कने भिडियो तथा पोस्टरहरू

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

कक्षाकोठामा विद्यार्थीलाई आफूले समाजमा अनुभव गरेका कुनै विभेद सम्बन्धमा भन्न लगाउनुहोस् । उनीहरूको विचारलाई समेट्दै यिनै विभेदलाई अन्त्य गर्न राज्यले समावेशीकरणको अवधारणा ल्याएको सन्दर्भ जोड्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : समावेशी समूह निर्माण र छलफल**

विद्यार्थीको बसाइलाई समावेशी बनाउनुहोस् (जाति, धर्म, भाषा, लिङ्ग, शारीरिक अवस्था आदि) र कमजोरले जान्नेसँग सहकार्य गर्ने वातावरण मिल्नेगरी समूह व्यवस्थापन गर्नुहोस् । विद्यार्थीलाई उनीहरूको समूह पनि समावेशी समूह हो । समूहहरूमा विभिन्न जाति, भाषा, धर्म, शारीरिक अवस्था र क्षमता भएका साथीहरू छन् त्यही भएर ती समूह समावेशी समूह हुन् भनी बताउनुहोस् । हरेक समूहलाई पाठमा दिइएको संवाद हाउभाउसहित प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : छलफल र निष्कर्ष प्रस्तुति**

समावेशीकरण र सकारात्मक विभेदको परिचय लेखिएको चार्ट वा पोस्टर तथा डिजिटल सामग्री प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् । कक्षामा भएका छात्रा जति सबैले छात्रवृत्ति पाउने गरेको तर छात्रहरूले नपाउने गरेको कुरा दर्साउँदै लैङ्गिक हिसाबले पछाडि परेका छात्राहरूको अधिकार संरक्षण गर्न छात्रालाई मात्रै छात्रवृत्ति प्रदान गरिएको कुरा बताउँदै सकारात्मक विभेदको सम्बन्धमा थप प्रस्ट पार्नुहोस् । त्यसपछि विद्यार्थीलाई यस्ता सकारात्मक विभेदको अभ्यासमा आफूले अनुभव गरेका कुरा भन्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् र निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ३ : रनिङ डिक्टेसन**

समावेशीकरणको आवश्यकता सम्बन्धमा रनिङ डिक्टेसन गराउनुहोस् ।

**समावेशीकरणको आवश्यकता**

- **सबैको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न**
- **समानुपातिक विकासमा सहयोग गर्न**
- **सामाजिक न्याय कायम गर्न**
  **राष्ट्रिय एकता र अखण्डता कायम गर्न**
- **सामाजिक सद्भाव वृद्धि गर्न**
- **स्रोतसाधनको न्यायोचित वितरण गर्न**
- **शासन प्रणालीमा सहभागितामार्फत आफ्नो पहिचान स्थापित गर्न**
- **समृद्ध शान्त र न्यायपूर्ण राष्ट्र निर्माण गर्न**

**क्रियाकलाप ४ : चार्ट वा स्लाइड प्रस्तुति**

नेपालको वर्तमान संविधानको विभिन्न धारामा उल्लेख भएका समावेशीकरणसम्बन्धी व्यवस्था पढेर सुनाउनुहोस् र समावेशीकरणसम्बन्धी संवैधानिक व्यवस्था राख्नुका कारणसमेत बताउनुहोस् ।

**क्रियाकलाप ५ : समूह छलफल**

कक्षाका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र नेपालको संविधानमा समावेशीकरणका लागि भएका व्यवस्था खाजी गरी प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषणसहित थप प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ६ : ग्यालरी वाक**

कक्षाका विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् र कक्षाकोठाको दुई साइडको भित्तामा चार्टपेपर टाँस्नुहोस् । अलग अलग स्थानका चार्ट पेपरमा एउटा समूहलाई समावेशीकरणका आवश्यकता र अर्को समूहलाई समावेशीकरण बनाउन अपनाउनुपर्ने उपाय लेख्न लगाउनुहोस् । त्यसपछि ग्यालरी वाकमार्फत् एउटा समूहले लेखेको चार्टपेपरमा सम्बन्धित शीर्षकमा आफ्नो समूहको कुरा थप्न लगाउनुहोस् । अन्त्यमा शिक्षकले निष्कर्ष बताउनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् ।

**केही प्रश्नहरू**

१.समावेशीकरण भनेको के हो ?

२.नेपालको वर्तमान संविधानमा समावेशीकरणसम्बन्धी के कस्ता व्यवस्था रहेका छन् ?

३.समावेशीकरणको आवश्यकता किन पर्छ ?

४.सकारात्मक विभेद भनेको के हो ?

# पाठ : ६ लोकतान्त्रिक गणतन्त्र

अनुमानित कार्यघण्टा : २

**(क) पाठ परिचय**

जनताले मतदान गरी निर्वाचित भएका प्रतिनिधिहरूले शासन गर्ने प्रणालीलाई लोकतान्त्रिक गणतन्त्र भनिन्छ । यस प्रकारको शासन व्यवस्थामा वंशका आधारमा शासन गर्ने परिपाटीलाई अस्विकार गरिन्छ । जनताद्वारा चुनिएका प्रतिनिधि राष्ट्रप्रमुख हुने व्यवस्था लोकतान्त्रिक गणतन्त्रमा हुन्छ । लोकतन्त्रमा जनप्रतिनिधिहरूले जनभावनाअनुसार शासन गर्छन् । जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले शासन गर्ने हुँदा सरकार जनताप्रति उत्तरदायी हुन्छ । कानुनी शासन हुने भएकाले सबैले आफ्नो कर्तव्य पूरा गर्ने र फरक विचार तथा भावनाको समेत सम्मान गर्ने वातावरण तयार हुन्छ ।

यस पाठमा लोकतान्त्रिक गणतन्त्रको परिचय, नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको पृष्ठभूमि, लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले खेल्नुपर्ने भूमिका आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, भिडियो प्रस्तुति, माकुरी जालो आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी लोकतान्त्रिक गणतन्त्रको परिचय दिई नागरिकले निर्वाह गर्नुपर्ने भूमिका बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| लोकतान्त्रिक गणतन्त्रमा नागरिकको भूमिकाको पहिचान गर्न | – लोकतान्त्रिक गणतन्त्रको परिचय दिन<br>– नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको पृष्ठभूमि बताउन<br>– लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले खेल्नुपर्ने भूमिका बताउन |

**(ग) शैक्षणिक सामग्री**

- लोकतान्त्रिक गणतन्त्रको परिचय र नेपालमा गणतन्त्रको स्थापनाको मिति तथा पृष्ठभूमि लेखिएको चार्ट वा भिडियो
- लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले खेल्नुपर्ने भूमिका दर्साउने चार्ट तथा स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

एक जना विद्यार्थीलाई सारगर्भित र जोशिलो ढङ्गबाट १ मिनेटजति कुनै विषयमा (कक्षामा विवाद वा झैझगडा उत्पन्न नहुने गरी) आफ्ना विचार व्यक्त गर्न भन्नुहोस् । उनको विचार अभिव्यक्तिलाई लोकतन्त्रको सुन्दर अभ्यासका रूपमा चित्रित गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

लोकतान्त्रिक गणतन्त्रको परिचय लेखिएको चार्ट वा पोस्टर, नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको पृष्ठभूमिका रूपमा दोस्रो जनआन्दोलनको घटना समावेश भएको भिडियो तथा पोस्टरहरू प्रदर्शन गर्नुहोस् र लोकतान्त्रिक गणतन्त्र स्थापनाको सन्दर्भ जोड्नुहोस् ।

**क्रियाकलाप २ : लोकतान्त्रिक आचरणको अभ्यास**

विद्यार्थीलाई लोकतान्त्रिक आचरणसम्बन्धी विभिन्न क्रियापलाप गराउनुहोस् । जस्तै : बोल्दा पालो पर्खने, अरूका कुरा ध्यान दिएर सुन्ने, अरूका विचारलाई सम्मान गर्ने, बहुमतको विचारलाई स्वीकार गर्ने, अल्पमतको विचारलाई सम्मान गर्ने, नेतृत्व चयन गर्ने, समूहमा काम गर्दा सबैको सहभागिता हुने वातावरण तयार पार्ने सामुहिक रूपमा निर्णयमा पुग्ने, समन्वय र सहकार्य गर्ने आदि । यी लोकतान्त्रिक मूल्यहरू विकास भए नभएको अवलोकन गरी आवश्यक पृष्ठपोषण, सहयोग र अभिप्रेरणा आदि प्रदान गर्नुहोस् । यी क्रियाकलाप पाठसँग सम्बन्धित विषयवस्तुसँग अन्तर सम्बन्धित गरी गराउनुहोस् ।

**क्रियाकलाप ३ : विवरण तयारी र प्रस्तुति**

लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नागरिकले खेल्नुपर्ने भूमिका दर्साउने चार्ट तथा स्लाइडको सहायताले लोकतन्त्रमा नागरिकको स्थान र भूमिकासम्बन्धी छलफल गर्नुहोस् । कक्षाका विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र पाठ्यपुस्तकको क्रियाकलाप न. १ गराउनुहोस् र विवरण तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक समूहको प्रस्तुतिलाई एकआपसमा टिप्पणी गर्न लगाई निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ४ : माकुरी जालो** (Spider wave)

विद्यार्थीलाई लोकतान्त्रिक आचरणको पालना गर्ने प्रतिबद्धता जनाउने गरी माकुरी जालो क्रियाकलाप गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासका प्रश्न वा निम्न अनुसारका प्रश्नहरू गरी विद्यार्थीले उत्तर दिन सके नसकेको आधारमा मूल्याङ्कन गरि आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. लोकतान्त्रिक गणतन्त्रको परिचय दिनुहोस् ।
२. नेपालमा गणतन्त्रको स्थापना मिति उल्लेख गर्नुहोस् ?
३. लोकतन्त्र र निरङ्कुश शासन व्यवस्थामा के भिन्नता पाइन्छ ?
४. लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन हामीले के गर्नुपर्छ ?

# पाठ : ७ सुशासन

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

राज्यको प्रशासनिक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता तथा अनुकूलताअनुसार सेवा प्रवाह गर्नु सुशासन हो । अर्थात् राज्य प्रणालीमा सरोकारवालाको सक्रिय एवम् अर्थपूर्ण सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवम् न्यायिक रूपमा उपलब्ध गराउनु र आम नागरिकलाई सुखद अनुभूति दिलाउनु सुशासन हो । यसलाई असल शासन पनि भन्ने गरिन्छ । पारदर्शिता, जिम्मेवारी, जवाफदेहिता, विधिको शासन, सहभागिता आदि सुशासनका आयामहरू हुन् ।

यस पाठमा सुशासनको परिचय, पक्षहरू, सूचनाको हक र यससम्बन्धी संवैधानिक व्यवस्था आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, भूमिका अभिनय, ग्यालरी वाक आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी सुशासनसँग परिचित हुन, सुशासनका आयामहरू बताउन, सूचनाको हकको उपयोग गर्न, सुशासनमा राष्ट्र सेवकको भूमिकाको खोजी गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सेवा प्रवाह र सुशासनमा राष्ट्र सेवकको भूमिका प्रस्ट पार्न | – सुशासनको परिचय दिइ यसका पक्षहरूका बारेमा बताउन<br>– सूचनाको हकको परिचय दिई यससम्बन्धी भएको संवैधानिक व्यवस्था उल्लेख गर्न<br>– सूचनाको हकको उपयोग गर्न |

**(ग) शैक्षिक सामग्री**

- सुशासनको परिचय र यसका पक्षहरू लेखिएको चार्ट वा पोस्टर, नागरिक बडापत्र र नेपालको वर्तमान संविधान
- सूचनाको हकको परिचय र यससम्बन्धी भएको संवैधानिक व्यवस्था दर्साउने चार्ट तथा स्लाइड
- सूचनाको हकको उपयोग गर्ने उपाय वा तरिका समावेश भएको भिडियो तथा पोस्टरहरू

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

तपाईंलाइ विद्यालयका कुन कुन पक्ष राम्रो लाग्छ भन्ने प्रश्न गर्नुहोस् र उनीहरूलाई राम्रा लागेका कुनै एक पक्ष पालैपालो भन्न लगाउनुहोस् । उनीहरूले भनेका कुरा शिक्षकले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । उनीहरूले भनेका कुरासँग जोड्दै सुशासनको अवधारणा बताइदिनुहोस् र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट वा पोस्टर प्रस्तुति र छलफल**

सुशासनको परिचय र यसका पक्षहरू तथा नागरिक बडापत्र लेखिएको चार्ट वा पोस्टर तथा डिजिटल सामग्री प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् । छलफल पश्चात् विद्यार्थीलाई सुशासनसम्बन्धी विभिन्न प्रश्न गर्नुहोस् । उनीहरूले दिएका उत्तरका आधारमा थप छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ : समूह छलफल र प्रस्तुति**

विद्यार्थीलाई ४ ओटा समूहमा विभाजन गर्नुहोस् र समूह न. १ लाई समावेशिता र समन्यायिकता, समूह २ लाई विधिको शासन र जनसहभागिता, समूह ३ लाई पारदर्शिता र जिम्मेवारी तथा समूह ४ लाई जवाफदेहिता र प्रभावकारिताको

विषयमा समूह छलफल गरी विवरण तयार गर्न लगाउनुहोस् र समूह नेतामार्फत् प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीबाटै थप भन्न लगाउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गरी निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ३ : चार्ट वा स्लाइड प्रदर्शन र छलफल**

सूचनाको हकको परिचय र यससम्बन्धी भएका संवैधानिक व्यवस्था दर्साउने चार्ट तथा स्लाइड प्रर्दशन गर्दै सूचनाको हकको जानकारी गराउनुहोस् । नेपालको वर्तमान संविधानको भाग तीनको धारा २७ मा मौलिक हकअर्न्तगत सूचनाको हकको व्यवस्था रहेको कुरा संविधानको धारा पढेर सुनाउनुहोस् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा भएका विभिन्न व्यवस्था कक्षामा सुनाउनुहोस् । सूचनाको हकको उपयोगसम्बन्धी चार्ट तथा स्लाइड प्रस्तुत गरी कक्षामा छलफल गर्नुहोस् ।

**क्रियाकलाप ४ : समूह कार्य**

- कक्षाका विद्यार्थीलाई २ समूहमा विभाजन गर्नुहोस् र पाठ्यपुस्तकको क्रियाकलाप न. १ एउटा समूह र क्रियाकलाप ३ अर्को समूहलाई पढ्न दिनुहोस् । छलफलबाट मुख्य मुख्य विषयवस्तु टिपोट गर्न लगाउनुहोस् ।
- अब दुवै समूहमा टोली नेता छनोट गर्न लगाउनुहोस् । समूह १ मा टोली नेता बस्ने र बाँकी विद्यार्थीले समूह २ को टोली नेताकहाँ गएर सिक्ने कुरा बताउनुहोस् । त्यस्तै समूह २ मा पनि टोली नेता बस्ने र बाँकी विद्यार्थी समूह १ को टोली नेताकहाँ गएर सिक्ने कुरा अभ्यास गराउनुहोस् ।
- दुवै समूहका साथीहरूले फर्किएर आएर आफ्ना समूहका टोली नेतालाई सिकाउन लगाउनुहोस् । केही विद्यार्थीलाई टोली नेतालाई आफूले सिकाएको कुरा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : अभिनय र छलफल**

सूचनाको हकको उपयोग गर्ने उपायहरू वा तरिकाहरू समावेश भएको भिडियो तथा पोस्टरहरूको सहयोगले कक्षामा सूचनाको हकको उपयोग गर्ने प्रक्रियाको जानकारी गराउनुहोस् । कक्षामा विभिन्न सार्वजनिक निकायबाट हुने सेवा प्रवाह तथा सुशासन र सूचनाको हकको उपयोगसम्बन्धी अभिनय गराउनुहोस् । शिक्षकले आवश्यक निर्देशन दिनुहोस् ।

**क्रियाकलाप ६ : ग्यालरी वाक**

कक्षाका विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् र कक्षाकोठाको चार तर्फको भित्तामा चार्टपेपर टाँस्नुहोस् । चार ओटा समूहका विद्यार्थीलाई अलग अलग स्थानका चार्ट पेपरमा एउटालाई संविधानमा भएका सूचनाको हक सम्बन्धि व्यवस्था, अर्को समूहलाई सूचनाको हक अर्न्तगत नपर्ने कुराहरू,तेस्रो समूहलाई सूचनाको हक सम्बन्धि ऐन २०६४ र चौथो समूहलाई नागरिक बडापत्रको विषयमा लेख्न लगाउनुहोस् । त्यसपछि ग्यालरी वाक मार्फत् एउटासमूहले लेखेको चार्टपेपरमा सम्बन्धित शीर्षकमा आफ्नो समूहको कुरा थप्न लगाउनुहोस् । अन्त्यमा आफूले थप कुरा बताई निष्कर्षमा पुग्नुहोस् ।

**(घ) मूल्याङ्कन**

अभ्यासका प्रश्न वा निम्न अनुसारका प्रश्न गरी विद्यार्थीले उत्तर दिन सके नसकेका आधारमा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही प्रश्नहरू

१. सार्वजनिक निकायहरूमा नागरिक बडापत्रको आवश्यकता किन पर्छ ?

२. सूचनाको हक भनेको के हो ?

३. सुशासनको आवश्यकता किन पर्छ ?

## एकाइ : ४ सामाजिक समस्या र विकृतिहरू

कार्यघण्टा : २०

### (क) एकाइ परिचय

मानव समाजको विकाससँगै समाजमा विभिन्न प्रकारका सामाजिक व्यवहार विकास हुँदै आएका छन् । समाजको विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा बाधा अड्चन पुऱ्याउने सामाजिक व्यवहारहरू समाजका विकासका बाधक हुन् । यस्ता बाधक तथा समस्याहरूको समाधान गर्न सके मात्र सभ्य समाजको परिकल्पना सम्भव हुन्छ । जसका लागि बालबलिकामा पाठ्यपुस्तकका माध्यमबाट यस्ता समस्याको जानकारी सानैदेखि गराउन आवश्यक छ । यस एकाइले विद्यार्थीलाई आफ्नो समुदायमा रहेका तिनै सामाजिक विकृति र समस्याको पहिचान गराई तिनको कारण, प्रभाव र समाधानका उपायको खोजी गर्न उत्प्रेरित गराउने मुख्य उद्देश्य लिएको छ । यसमा विद्यार्थीलाई व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको सामाजिक समस्या समाधानमा खेल्न सकिने भूमिका बारेमा जानकारी हुने अपेक्षा गरिएको छ । त्यस्तै गरी परिवार र कक्षाकोठामा हुनसक्ने विवादको पहिचान गराई त्यसको समाधानमा आफ्नो भूमिकाका बारेमा जानकारी गराउने उद्देश्यका साथ यस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । यस एकाइमा रहेका विषयवस्तुहरूको सिकाइ सहजीकरण गर्नका लागि उपयुक्त शैक्षणिक सामग्री, विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट गरी त्यसको प्रयोग गर्नुका साथै सिकाइ अवस्थाको मूल्याङ्कन गरी आवश्यकताअनुसार थप सहयोगसमेत गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तै : सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ साथै कक्षामा भएका सबै प्रकारका बालबालिका सिकाइ पक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्छ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, भूमिका अभिनय, प्रतिवेदन लेखन, मस्तिष्क मन्थन, वक्तृत्वकला, जिग्सअ, समूह अनुसन्धान, अठोट वाक्यको अभ्यास, चेतनामूलक ऱ्याली, द्रुत लेखन, घटना अध्ययन आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

### (ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धीविवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनुमानित कार्य घण्टा |
|---|---|---|---|---|
| १ | सामाजिक विकृति अन्त्य गरौँ | सामाजिक विकृति र समस्याको पहिचान गर्न | – सामाजिक विकृति र समस्याहरूसँग सम्बन्धित चित्र, फोटो, भिडियो<br>– देखासिकी, फजुल खर्च र दाइजो प्रथासँग सम्बन्धित चित्र, फोटो, भिडियो, कथा, कविता तथा लेख रचना | ४ |
| २ | सामाजिक समस्या | | – बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन र भ्रष्टाचारसँग सम्बन्धित चित्र, फोटो, पोस्टर वा भिडियो | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | | – बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचारका असरहरू उल्लेखित चार्ट वा तालिका | |
| ३ | सामाजिक विकृति र समस्या समाधानका उपाय | सामाजिक समस्या समाधानका उपायहरू पत्ता लगाउन | – सामाजिक समस्या समाधानका उपायहरूबारे तयार पारिएको कथा, कविता, गीत, समाचार वा भिडियो<br>– सामाजिक समस्या समाधानका उपायहरू लेखिएको चार्ट<br>– जनचेतनामूलक नारा लेखी तयार पारिएको प्लेकार्ड<br>– सामाजिक विकृति न्यूनीकरणका उपाय लेखिएको ब्यानर | ५ |
| ४ | सामाजिक समस्या र अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका | सामाजिक समस्या समाधानमा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका उल्लेख गर्न | - सामाजिक समस्या समाधानमा भूमिका खेल्ने विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको परिचय र काम लेखिएको चार्ट<br>– यस्ता अन्तर्राष्ट्रिय सङ्घसंस्थाको लोगोको चित्र<br>– अन्तर्राष्ट्रिय सङ्घसंस्थाको नाम लेखिएको शब्दपत्ती वा चिट<br>– अन्तर्राष्ट्रिय सङ्घसंस्थाको नाम, गतिविधि र कार्यक्षेत्र लेखी तयार पारिएको तालिका | ४ |
| ५ | द्वन्द्व व्यवस्थापन | समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपाय खोजी गरी त्यसको व्यावहारिक अभ्यास गर्न | – द्वन्द्व देखाउने चित्र वा पोस्टर<br>– द्वन्द्वबारे प्रकाशित समाचारहरू<br>– द्वन्द्व समाधान गरिएको भिडियो | ३ |

# पाठ : १ सामाजिक विकृति अन्त्य गरौँ

अनुमानित कार्यघण्टा : ४

**(क) पाठ परिचय**

समाजको विकासमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा बाधा अड्चन पुऱ्याउने सामाजिक मूल्य मान्यता विपरित समाजमा चलेका सामाजिक व्यवहारहरू (चालचलन, प्रथा, परम्परा तथा प्रचलन) लाई सामाजिक विकृति तथा समस्याहरू भनिन्छ । समाजमा प्रचलित मूल्य मान्यता विपरित मानिसले अपनाएका विविध क्रियाकलापहरू नै सामाजिक समस्याका मुख्य कारक तत्त्व हुन् । त्यसैले यस्ता गतिविधिबाट बालबालिकाहरूलाई सानै उमेरदेखि सचेत गराउनुपर्छ । चोरी डकैती, लागूपदार्थ दुर्व्यसन, धूम्रपान, घरेलु हिंसा, दाइजो प्रथा, मद्यपान, बोक्सी प्रथा, धामी झाँक्री, छुवाछुत, फजुल खर्च आदि सामाजिक विकृति र समस्या हुन् । यस्ता सामाजिक विकृतिमध्ये फजुल खर्च र दाइजो प्रथाको पहिचान गरी यसबाट समाजमा परेका प्रभाव पत्ता लगाउनुपर्छ । साथै यस प्रकारका समस्या विरुद्धको सचेतनामा स्वतस्फूर्त सहभागी हुन उत्प्रेरित गराउनु यस पाठको उद्देश्य रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, भूमिका अभिनय, प्रतिवेदन लेखन आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य उपयुक्त प्रकारका सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| विभिन्न सामाजिक विकृति र समस्याको पहिचान गर्न | – सामाजिक विकृति र समस्याको पहिचान गर्न<br>– फजुल खर्चले समाजमा परेको प्रभाव बताउन<br>– दाइजो प्रथाले समाजमा पारेको असर बताई यस विरुद्ध जनचेतना जगाउन |

**(ग) शैक्षणिक सामग्री**

- सामाजिक विकृति र समस्याहरूसँग सम्बन्धित चित्र, फोटो, भिडियो
- फजुल खर्च र दाइजो प्रथासँग सम्बन्धित चित्र, फोटो, भिडियो, कथा, कविता वा लेख रचना
- सामाजिक विकृति र समस्या विरुद्ध सचेतना ऱ्यालीको चित्र

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई समाजमा रहेका विभिन्न सामाजिक समस्याहरूसँग सम्बन्धित चित्र, फोटो, भिडियो देखाउँदै यी के सम्बन्धी चित्र, फोटो तथा भिडियो हुन् ? तपाईँहरूको समाजमा यस्ता विकृति र समस्याहरू छन् ? यस्ता सामाजिक विकृति र समस्याहरूबाट तपाईँ, तपाईँको परिवार र समुदाय प्रभावित हुनुभएको छ ? जस्ता प्रश्न गर्दै समाजमा रहेका सामाजिक विकृति र समस्याका सम्बन्धमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप : १ प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई सामाजिक समस्या भन्नाले के बुझ्नुहुन्छ ? भनी प्रश्न गर्दै उनीहरूबाट आएका विचारलाई शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र उनीहरूले प्रस्तुत गरेका विचारलाई समेट्दै सामाजिक विकृति र समस्याको परिचय दिनुहोस् ।

**क्रियाकलाप २ : समूह कार्य**

- विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । पाठमा प्रस्तुत घटना १ अध्ययन गर्न लगाउनुहोस् । घटनामा उल्लेखित समस्या, कारण र समाधानका उपाय सम्बन्धमा समूहगत रूपमा छलफल गरी तालिका निर्माण गर्न लगाउनुहोस् र कक्षाको भित्तामा सबैले देख्न, हिँड्न मिल्ने गरी टाँस्न सहयोग गर्नुहोस् ।
- कक्षामा टाँसिएका कुरा सबै विद्यार्थीलाई अध्ययन गर्न लगाउदै प्रस्तुतिका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षहरू टिपोट गर्न लगाउनुहोस् र कक्षामा पालैपालो भन्न लगाउदै आवश्यक सहजीकरण गर्नुहोस् ।

| फजुल खर्च | | |
|---|---|---|
| कारण | प्रभाव | समाधानका उपायहरू |
| - अरूको अगाडि धनी र इज्जतदार देखाउने चाहना<br>- सामाजिक परम्परा, संस्कार र चाडपर्वमा क्षमताभन्दा बढी खर्च गर्ने प्रवृत्ति<br>- घरायसी हिसाब किताब राख्ने बानीको अभाव<br>- भोलिका बारेमा सोच्ने बानीको कमी<br>- अनावश्यक वस्तुको खरिद गर्ने प्रवृत्ति<br>- अनावश्यक देखासिकी गर्ने बानी | - आम्दानीको तुलनामा खर्च बढी हुँदा व्यवस्थापन गर्न समस्या हुने<br>- अत्यावश्यक काम तथा वस्तु उपभोग गर्नु पर्दा स्रोतको अभाव हुने<br>- बचत गर्ने बानीको अभाव हुने<br>- स्रोत र साधनको अनावश्यक प्रयोग हुने<br>- परिवारमा असमझदारी बढ्ने<br>- समाजमा चोरी डकैतीका घटना बढ्न सक्ने | - आम्दानीअनुसार खर्च र बचतको योजना बनाउने<br>- अत्यावश्यक वस्तुमा मात्र खर्च गर्ने<br>- अत्यावश्यक सामानको सूची बनाएर मात्र सामान खरिद गर्ने<br>-पुनः प्रयोग गर्न सकिने सामानलाई पुनः प्रयोगमा ल्याउने<br>- अरूको देखासिकी गर्नुभन्दा आफ्नो क्षमताअनुसार खर्च गर्ने |

**क्रियाकलाप ३ : छलफल**

विद्यार्थीलाई तपाईँहरूले आफ्ना अभिभावक वा आफन्तले दिएको पैसा के केमा खर्च गर्ने गर्नुभएको छ ? भनी प्रश्न गर्ने र उनीहरूबाट फजुल खर्च गर्ने गरेको सन्दर्भ आएमा सो सन्दर्भलाई जोड्दै मानिसले फजुल खर्च किन गर्छन् ? यसको असर व्यक्ति, परिवार र समाजमा के के पर्छ ? फजुल खर्च किन गर्नुहुँदैन ? आदि विषयमा छलफल गराउदै विभिन्न व्यवहारिक उदाहरणसहित स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ : समूह छलफल**

तलका अभिव्यक्ति लेखिएका मेटाकार्ड टेबुलमा राख्नुहोस् । ६ जना विद्यार्थीलाई एउटा एउटा कार्ड लिन भन्नुहोस् । कार्ड लिने ६ जना विद्यार्थीलाई कक्षाको फरक फरक ६ ठाउँमा उभिन भन्नुहोस् । कक्षामा बाँकी भएका विद्यार्थीलाई एक एक जना गरी पालैपालो रोल नम्बरका आधारमा प्रत्येक समूहमा सहभागी गराउनुहोस् । हरेक समूहलाई आफ्नो भागमा परेको समूहको मेटाकार्डमा भएको अवस्था सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । आम्दानीका स्रोतअनुसार आर्थिक व्यवहार गर्दा ख्याल राख्नुपर्ने कुरामा आधारित भई समूहमा छलफल गरी बुँदा टिपोट गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । समूहको प्रस्तुतिमा अर्को समूहलाई सुझाव दिन लगाउनुहोस् र शिक्षकले निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

१. आवश्यकभन्दा बढी सरसामान खरिद गर्दा के हुन्छ ?

२. कमाउने समयमा बचत नगरेपछि वेरोजगार हुँदा कस्तो समस्या आउन सक्छ ?

३. तिजमा पूरानै लुगा लगाउदा हुन्थ्यो त किन नयाँ लुगा किनेको ?

४. आम्दानीको स्रोत सानो छ । अनावश्यक खर्च गर्न आम्दानीले भ्याउदैन । नचाहिने खर्च पनि त्यसैबाट गरेपछि अत्यावश्यक सामानको अभाव नभएर के हुन्छ ?

५. तिर्ने स्रोत नभई नभइ सापटी रकम चलाएपछि रिन नलागेर के लाग्छ त ?

६. दाजुको किताब फाल्नुभन्दा त्यहीँ किताब जतन गरी पढ्दा हुँदैन र ?

**क्रियाकलाप ५ : भूमिका अभिनय**

फजुल खर्च र देखासिकी गर्ने प्रवृत्तिले आजको समाज धेरै ग्रसित छ। जसका कारण समाजका हरेक गतिविधि भड्किला हुन गई परिवारमा आर्थिक भार, कलह, मनमुटावको अवस्था सिर्जना हुनेलगायतका विभिन्न पक्षमा परेको प्रभाव र यसको निराकरणका लागि विभिन्न उपाय सम्बन्धित गराएर विद्याथीलाई भूमिका अभिनयका माध्यमबाट सचेतनामूलक नाटक प्रस्तुत गर्न लगाउनुहोस् ।

**अवस्था १**

अरूको देखासिकी गरी छोरीको विवाहमा क्षमताभन्दा धेरै खर्च गर्दा रिन तिर्न नसकेर बैङ्कले ताकेता लगाएर पछुताउनु परेको अवस्था झल्कने भूमिका अभिनय

**अवस्था २**

जग्गा जमिन बन्धकी राखी श्रीमान् विदेश गई घरमा पैसा पठाउदा श्रीमतीले ऋण नतिरी फजुल खर्च गर्दा घर व्यवहार डुबेर श्रीमान् श्रीमतीबिच घरझगडा भई घरबार बिग्रिएको अवस्था झल्कने भूमिका अभिनय

**क्रियाकलाप ६ : खोजी कार्य र प्रतिवेदन लेखन**

विद्यार्थीलाई स्थानीय समुदाय तथा पालिकाले दाइजो प्रथा विरुद्ध के कस्ता क्रियाकलाप सञ्चालन गरेका छन् खोजी गरी प्राप्त विवरणका आधारमा तल दिइएका शीर्षकहरूमा प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।

- शीर्षक
- उद्देश्य
- पत्ता लागेका कुराहरू

(समाजमा दाइजो लिने दिनेको अवस्था, स्थानीय समुदाय तथा पालिकाले दाइजो प्रथा नियन्त्रणका लागि चालेका गतिविधि समावेश हुनुपर्ने)

**क्रियाकलाप ७ : परियोजना कार्य**


सामाजिक विकृति र समस्याका सम्बन्धमा विभिन्न चित्र, समाचार, सम्पादकीय, लेख रचना सङ्कलन गर्न लगाई बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् । सो कार्यको मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

**बुलेटिन बोर्डको नमुना**

तपाईंलाई थाहा छ दाइजो प्रथा के हो ?

कहिले बन्ने दाइजोप्रथाविरुद्ध कडा कानून

दाइजो प्रथाले २१ औं शताब्दीलाई नै चुनौती दिएको छ। दाइजो प्रथाले सैयौं मधेसी महिलाहरूको जीवन गुमेको छ। दाइजो नल्याएको झोंकमा बुहारीमाथि हातपात गर्ने घटना सामान्य भइसकेको छ। दाइजो नल्याउने महिलामाथि ज्यादती भइरहे पनि सरकार भने मौन देखिएको छ।



हामीले छोरी पढाऔं, दाइजो हटाऔं, छोरी बचाऔं भन्ने कुरामा ध्यान दिनु पर्दछ । एउटी नारी आफ्नो आमाबुबा छाडेर आएकी हुन्छिन, यो भन्दा ठूलो

दाइजो के हुन सक्छ र ?

दाइजो नेपाललगायत विश्वका धेरै देशहरूमा संस्कृतिको रुपमा चलिआएको चलन हो, त्यसैले यसलाई प्रचा भनेर भन्ने गरिएको छ। दाइजो विवाह गर्दा परिवारले छोरीलाई दिने उपहार वा सहयोग हो, तर आजको समयमा यो छोरीका लागि नभएर छोरीको हुनेवाला श्रीमान र उनको परिवारका लागि हुने गरेको छ। अक मैने मेरे कतिपय नजिकका आफन्तहरूले विवाहको कुरा हुँदा घर, जग्गा, गाडी, सुन आदि नदिएमा विवाह नगर्ने भनेको पनि सुनेको र देखेको छु। विवाहको मण्डपमा पुगेर बेहुलाले दाइजोमा माग गरेको कुरा नपाएमा विवाह नगर्ने बनेर धम्काएको, विवाह नगरेको पनि सुनेको छु। मलाई त यो प्रथाले हामी छोरीको विवाहभन्दा पनि वस्तु किनबेच भएको जस्तै लाग्छ। एसिया, अफ्रिका, युरोपलगायतका कैयन देशहरूमा यसको




दाइजो रोक्न प्रेम विवाह, अन्तर्जातीय विवाह र कानुनी विवाहलाई प्रोत्साहन गरिनुपर्छ

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका वा तल दिइएका विषयवस्तुसँग सम्बन्धित थप प्रश्नमा आधारित भई विद्यार्थीको सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही प्रश्न

१. सामाजिक समस्या तथा विकृतिको सूची तयार पार्नुहोस् ।

२. दाइजो प्रथा विरुद्धको सचेतनामूलक एउटा नारा तयार पार्नुहोस् ।

३. अनावश्यक कुराको देखासिकी गर्ने साथीलाई तपाईंले दिने कुनै दुईओटा सल्लाह उल्लेख गर्नुहोस् ।

४. दाइजो प्रथा विरुद्ध तपाईंले के के गर्न सक्नुहुन्छ ?

५. छोरीको विवाहमा दाइजो दिन ठिक्क परेका छिमेकी काकालाई तपाईंले दिने सुझाव उल्लेख गर्नुहोस् ।

# पाठ : २ सामाजिक समस्या

अनुमानित कार्यघण्टा : ४

## (क) पाठ परिचय

सामाजिक समस्या समाज र देश विकासका प्रमुख बाधक हुन् । आधुनिक समाजको प्रमुख बाधकका रूपमा विभिन्न प्रकारका सामाजिक समस्यालाई लिइन्छ। यस्ता समस्या सभ्य र स्वस्थ समाज निर्माणका बाधक हुन्। विकसित मुलुकको तुलनामा अल्पविकसित मुलुकमा यस्ता समस्या अझ व्यापक रूपमा रहेका हुन्छन् । हाम्रो समाजमा पनि धेरै सामाजिक समस्या विद्यमान छन् । त्यस्ता समस्यामध्ये यस पाठमा बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन र भ्रष्टाचारको परिचय, कारण, असर र समाधानका उपायका सम्बन्धमा छलफल गरिने छ। विद्यार्थीलाई विभिन्न सामाजिक समस्याहरू (बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचार) को पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउन सक्षम बनाउनु यस पाठको मुख्य ध्येय रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, समूह अनुसन्धान, अठोट वाक्यको अभ्यास, परियोजना कार्य आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य उपयुक्त प्रकारका सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| विभिन्न सामाजिक विकृति र समस्याको पहिचान गर्न | - बौद्धिक पलायनको परिचय दिई यसको प्रभाव उल्लेख गर्न<br>- लागुपदार्थ दुर्व्यसनले समाजमा पारेको नकारात्मक प्रभाव एवम् यसको रोकथामका उपाय बताउन<br>- भ्रष्टाचारको पहिचान गरी सामाजमा यसको असर उल्लेख गर्न |

## (ग) सिकाइ सहजीकरण सामग्री

- बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन र भ्रष्टाचारसँग सम्बन्धित चित्र, फोटो, पोस्टर वा भिडियो
- बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचारका असर उल्लेखित चार्ट वा तालिका

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीमाझ बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचारका सम्बन्धमा समाजमा रहेको वर्तमान अवस्था चित्रण गर्ने खालका चित्र, फोटो, तथा भिडियो प्रदर्शन गर्दै त्यहाँ के के भइरहेको छ भनी छलफल गराउनुहोस् र हामी स्वयम्बाट र हाम्रो वरपर यस्ता समस्याहरू सिर्जना हुने गरेका छन् कि भनी छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : अनुभव आदानप्रदान र छलफल**

विद्यार्थीलाई बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचार सम्बन्धमा आफूले अनुभुत गरेका वा देखेसुनेका कुनै घटना कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । यस सम्बन्धी शिक्षकले आफ्ना अनुभव सुनाउदै यस्ता समस्यालाई किन सामाजिक समस्या भनिन्छ भन्ने सम्बन्धमा विभिन्न उदाहरण दिएर प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : चार्ट/तालिका प्रस्तुति र छलफल**

बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन र भ्रष्टाचारका कारण र असरसम्बन्धमा चार्ट वा तालिका प्रस्तुत गरी छलफल गर्न लगाउनुहोस् ।

**बौद्धिक पलायनको कारण र असर**

| कारण | असर |
|---|---|
| -देशमा आयआर्जन तथा रोजगारीका सम्भावनामा कमी आउनु<br>-कृषिमा सिँचाइ तथा आधुनिकीकरणको अभाव हुनु<br>-देशमा भएका उद्योग तथा कलकारखानाहरू प्रायः बन्द अवस्थामा रहनु<br>-कृषि, उद्योग, व्यापार तथा व्यवसाय, स्वरोजगारलगायतका क्षेत्रमा सरकारको लगानीमैत्री वातावरण नहुनु<br>-अस्थिर राजनीतिक अवस्था, भ्रष्टाचार, नातावाद, कृपावादको अवस्था रहनु | - विकासका लागि आवश्यक दक्ष जनशक्तिको अभाव हुनु<br>- महँगो मूल्यमा विदेशी जनशक्ति ल्याउनुपर्ने अवस्था<br>- परिवारसँग लामो समय छुट्टिएर बस्नुपर्ने अवस्थाका कारण मानसिक समस्या देखिनु<br>- आयातमा वृद्धि भई स्वदेशी पुँजी बाहिरिनु<br>- उत्पादनमा ह्रास आउनु तर उपभोगमा वृद्धि हुनु<br>- देशबासीमा राज्यप्रति वितृष्णा, निरासाको भावना सिर्जना हुनु |

**क्रियाकलाप ३ : समूह अनुसन्धान विधि**

- विद्यार्थी सङ्ख्याका आधारमा विभिन्न तीन समूहमा विभाजन गर्नुहोस् । **समूह अनुसन्धान विधि (Group investigation method)** को प्रयोगबाट पाठ्यपुस्तकमा भएको सामाजिक समस्यासम्बन्धी तीनओटा विषयवस्तुमध्ये एक एकओटा विषयवस्तु अध्ययन गर्न लगाउनुहोस् र तल दिइएका शीर्षकमा केन्द्रित रहेर समूहमा छलफल गरी उक्त समस्याका बारेमा पुस्तकालय, इन्टरनेट तथा अन्य सन्दर्भ सामग्रीसमेत अध्ययन गरी तलको खाकाअनुसारको विवरण तयार गरी कक्षामा समूहको टोली नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
    - समस्याको नाम :
    - समस्याको परिचय :
    - समस्या उत्पन्न हुनुका कारण :
    - समस्याले सामाजिक जीवनमा पारेको नकारात्मक असर :
    - समस्या समाधानका उपाय :
- प्रस्तुतिमा अन्य समूहलाई आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् ।
- अन्त्यमा शिक्षकले सबै समूहलाई धन्यवाद ज्ञापन गर्दै आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ४ : परियोजना कार्य**

आफ्नो स्थानीय गाउँ तथा नगरपालिकामा विद्यमान सामाजिक समस्या तथा विकृतिमध्ये बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचारको पहिचान गरी त्यसको कारण, असर र समाधानका उपाय सम्बन्धमा निम्नअनुसार परियोजना कार्य दिनुहोस् ।

- यसका लागि विद्यार्थीलाई आफ्नो स्थानीय गाउँ तथा नगरपालिकामा भएका समस्यामध्ये बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचारसँग सम्बन्धित घटना वा समाचारको खोजी र त्यसको टिपोट गरी कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई आफ्नो स्थानीय गाउँ तथा नगरपालिकामा बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचार र यसको समाधानसम्बन्धी विभिन्न सञ्चार माध्यममा आएका समाचारको कटिङ वा टिपोट र सामाजिक समस्यासम्बन्धी चित्र पोस्टर जम्मा गर्न लगाउनुहोस् र भित्ते पत्रिकामा टाँस्न लगाउनुहोस् ।
- बौद्धिक पलायन, लागुपदार्थ दुर्व्यसन, भ्रष्टाचारको निराकरणसँग सम्बन्धित रहेर सामाजिक समस्या तथा विकृति विरुद्ध नाराहरू लेखिएको प्लेकार्ड बनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ६ : अठोट वाक्यको अभ्यास**

अठोटका वाक्य न्युजप्रिन्टमा ठुलो र सफा अक्षरमा लेख्नुहोस् । सबैले देख्ने गरी कक्षाको भित्तामा टाँस्नुहोस् । सबै विद्यार्थी कक्षामा गोलो घेरा बनाएर उभिनुहोस् । सबैले दुवै हातमाथि उठाएर एकअर्काको औँला छिराएर बाँध्नुहोस् । सबै जना एक पाइला अगाडि बढ्नुहोस् । भित्तामा हेर्दै अठोटको पहिलो वाक्य एक जनाले लिड गर्दै ठुलो स्वरमा भन्नुहोस् । त्यसपछि अरू सबैले एकै स्वरमा त्यही वाक्य दुई पटकसम्म भन्नुहोस् । एक पाइला पछि सर्नुहोस् । फेरि एक पाइला अगि बढ्नुहोस् । अर्को साथीले लिड गरेर दोस्रो वाक्य पढ्नुहोस् । बाँकी सबैले एकै स्वरमा त्यही वाक्य दुई पटक भन्नुहोस । यही प्रक्रियाबाट पछाडि सर्दै अगाडि बढ्दै सबै नम्बरका अठोट वाक्यमा अभ्यास् गर्नुहोस् । टिफिनको समयमा सबै विद्यार्थीलाई जम्मा गरेर विद्यालयको हाताभित्र यो क्रियाकलाप गराउनुहोस् ।

१. म कुलतमा फस्दिन ।　　२. म फजुल खर्च गर्दिन ।

३. मलाई कालो धन चाहिँदैन ।　　४. म लागु औषध सेवन गर्दिन ।

५. म दाइजो लिने दिने कामको वीरोध गर्छु ।　　६. म देश छोडी जादिन ।

७. म गलत काम गरी राता रात धनी हुने काम गर्दिन　　८. म देखासिखी गर्दिन ।

९. म चोरी डकैतीको वीरोध गर्छु ।　　१० म बढी तडक भडक गर्दिन ।

११. म मितव्ययी बन्छु ।　　१२. म सधै गलत कामको वीरोध गर्छु ।

**मूल्याङ्कन**

**(ङ) मूल्याकन**

१.तलका जस्तै प्रश्न सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । आवश्यकता परेमा थप सिकाइका अवसर प्रदान र सुधारात्मक सिकाइ सहजीकरणसमेत गर्नुहोस् ।

**केही नमुना प्रश्नहरू**

(क) बौद्धिक पलायन रोक्न के गर्नुपर्छ ?

(ख) कालान्तरमा देशलाई बौद्धिक पलायनको असर कस्तो पर्न सक्छ ?

(ग) भ्रष्ट्राचार नियन्त्रण गर्ने काम कुन संवैधानिक अंगको हो ?

(घ) नैतिक भ्रष्ट्राचारको कुनै दुई ओटा उदाहरण दिनुहोस् ।

२. समूह अनुसन्धान विधि (Group investigation method) को प्रयोगबाट सफलतापूर्वक सिकाइमा र छलफलमा भाग लिए नलिएको सम्बन्धमा निम्नअनुसार मूल्याङ्कन गर्नुहोस् ।

| क्र.सं. | विद्यार्थीको नाम थर | समूहमा सक्रियता | आफ्नो विचारको प्रस्तुति | समूहको प्रस्तुति र विषयवस्तु | अन्य समूहलाई आवश्यक पृष्ठपोषण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

धेरै राम्रो ३, राम्रो २ र सुधार गर्नुपर्ने १

# पाठ : ३ सामाजिक विकृति र समस्या समाधानका उपाय

अनुमानित कार्यघण्टा : ५

**(क) पाठ परिचय**

सामाजिक विकृति र समस्याको पहिचान गरी यसका समाधानका उपायहरू जस्तै : जनचेतना, मितव्ययिता, अनुशासन, व्यवहारिक शिक्षामा जोड, नियम कानुनको पालना आदि उपाय रहेका छन् । आफ्नो समुदायमा विद्यमान समस्या र विकृतिका समाधानका उपाय पत्ता लगाउन सक्ने बनाउनु यस पाठको मुख्य उद्देश्य रहेको छ ।  यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, भूमिका अभिनय, ऱ्याली आयोजना, द्रुत लेखन आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य उपयुक्त प्रकारका सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

(ख) **सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| सामाजिक समस्या समाधानका उपायहरू पत्ता लगाउन | - सामाजिक समस्या समाधानका उपायहरू बताउन<br>- स्थानीय सामाजिक समस्या न्यूनीकरणमा सहयोग गर्न |

**३. शैक्षणिक सामग्रीहरू**

- सामाजिक समस्या समाधानका उपाय सम्बन्धित कथा, कविता, गीत, समाचार वा भिडियो
- सामाजिक समस्या समाधानका उपाय लेखिएको चार्ट
- जनचेतनामूलक नारा लेखी तयार पारिएको प्लेकार्ड
- सामाजिक विकृति न्यूनीकरणका उपाय लेखिएको ब्यानर

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

सामाजिक समस्या समाधानका उपायहरू सम्बन्धित कथा, कविता, वा गीत सुनाउनुहोस् र छलफल गर्नुहोस् । जस्तैः

**सामाजिक समस्या**

**समाजमा रहेका छन् सामाजिक समस्या**
**तिनमा लुकेका छन् धेरै नै रहस्य**
**बालविवाह, दाइजो लिने गलत हो प्रथा**
**यि विरुद्ध काम गर्ने छन् है धेरै संस्था**
**रोक्नुपर्छ सबै मिली मानव वेचविखन**
**बलात्कार विरुद्ध आवाज उठाउँ दिनप्रतिदिन**
**सबैखाले हिंसा विरुद्ध आवाज उठाऔँ**
**कानुनी कारवाहीलाई प्रमाण जुटाऔँ**
**नराम्रा काम गर्न नसरौँ है अगि**
**चुप लागी बस्नुहुन्न दुर्व्यवहार सही**
**दुर्व्यसनमा फस्नुहुन्न हामी बालवालिका**
**राम्रा कुरा सिकौँ साथी संसार भरिका**

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : भूमिका अभिनय**

कक्षाका केही विद्यार्थीलाई कक्षाबाहिर बोलाएर सुटुक्क एउटा सामाजिक समस्या झल्कने व्यवहार अभिनय गर्न भन्नुहोस् । अब ती विद्यार्थीलाई कक्षाको अगाडि आई अभिनय गर्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई के समस्या हो ? पहिचान गर्न लगाउनुहोस् । आवश्यक परेका ठाउँमा सहजीकरण गरिदिनुहोस् ।

फेरि कक्षाका अन्य केही विद्यार्थीलाई कक्षाबाहिर बोलाइ उक्त सामाजिक समस्याको समाधान गर्ने एक विधि झल्कने व्यवहार अभिनय गर्न भन्नुहोस् । अन्य विद्यार्थीलाई के भइरहेको छ, पहिचान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : समूह छलफल र निष्कर्ष प्रस्तुति**

सामाजिक समस्याबारे प्रकाशित पाँचओटा समाचार जम्मा पारी कक्षामा लैजानुहोस् । विद्यार्थीलाई पाँच समूहमा विभाजन गरी प्रत्येक समूहलाई एक एक समाचार पढ्न लगाउनुहोस् र विद्यार्थीलाई त्यस सामाजिक समस्याको समाधानका उपाय छलफल गरी निष्कर्ष निकाल्न भन्नुहोस् । प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि सामाजिक समस्या समाधानका उपाय लेखिएको चार्ट प्रस्तुत गर्दै छलफल गर्नुहोस् र यसका बारेमा विद्यार्थीलाई प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ : भिडियो प्रदर्शन र छलफल**

कुनै एक सामाजिक समस्या विरुद्धमा तयार पारिएको भिडियो प्रदर्शन गर्नुहोस् र भिडियो कुन चाहि सामाजिक समस्याको बारेमा तयार गरिएको रहेछ ? उक्त सामाजिक समस्याको कारण र समाधानका उपायसमेत छलफल गर्नुहोस् र भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई सामाजिक विकृति न्यूनीकरणका उपायका बारेमा प्रश्न गर्नुहोस् । विद्यार्थीले दिएका उत्तरलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । अब सामाजिक विकृति न्यूनीकरणका उपायहरू लेखिएको ब्यानर प्रदर्शन गर्दै कति उपायहरू ब्यानरसँग मिलेछ कति थप्नुपर्ने रहेछ आदिका बारेमा छलफल गर्नुहोस् र शैक्षणिक पाटीमा थप्नुहोस् ।

**क्रियाकलाप ५ : द्रुत लेखन**

यो पाठमा छलफल गरिएका विषयवस्तुमा आधारित भई विद्यार्थीलाई द्रुत लेखन (Quick write ) गराउनुहोस् । यस क्रियाकलाप गराउन सुरुमा विद्यार्थीलाई यस पाठमा तपाईंले के के सिक्नुभयो भनी प्रश्न गर्ने र यसको उत्तर लेख्न उनीहरूलाई तीन मिनेट समय उपलब्ध गराउने र तोकिएको समय वेला वेलामा जानकारी गराउनुहोस् । यो विधि अबलम्वन गर्दा कलम रोक्न नपाइने नियम पनि सम्झाइदिनुहोस् । समय सकिएको जानकारी गराउनुहोस् र केही विद्यार्थीलाई आफूले लेखेका कुरा भन्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका जस्तै प्रश्न सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. सामाजिक समस्या र विकृतिको परिचय दिनुहोस् ।

२. सामाजिक समस्या समाधानका उपाय के के हुन् ?

३. असल सङ्गत र मितव्ययीताले सामाजिक विकृति निराकरणमा कसरी मदत पुग्छ ?

**(च) परियोजना कार्य**

समाजमा सामाजिक विकृति र समस्या विरुद्धमा सचेतना जगाउने फरक फरक किसिमका नारा लेखिएको प्लेकार्ड, पोस्टर तयार पार्न सहयोग गर्नुहोस् । समुदायका शिक्षासँग सरोकार राख्ने व्यक्ति वा सामुदायिक प्रहरी सेवा केन्द्रसँगको सहकार्यमा विद्यार्थीलाई लिएर निम्न कार्यक्रममा आधारित रही सद्भाव र्‍याली कार्यक्रमको आयोजना गर्नुहोस् ।

**कार्यक्रम तालिका**

१. कार्य जिम्मेवारीको बाँडफाँट

२. प्लेकार्ड, पोस्टरको तयारी

३. समुदायका शिक्षासँग सरोकार राख्ने व्यक्ति तथा संस्थालाई सहभागी गराउन आमन्त्रण पत्रको तयारी र आमन्त्रण

४. सार्वजनिक अपिलको नमुना निर्माण र प्रचारप्रसार

**आमन्त्रण पत्रको नमुना**

मिति : २०८०/०८/१५

श्री.....................,

..........................

विषय : उपस्थिति सम्बन्धमा ।

उपर्युक्त विषयका सम्बन्धमा यहि मिति ...... मङ्सिर .....गते कक्षा ८ मा अध्ययनरत विद्यार्थीले लागुपदार्थ दुर्व्यसन विरुद्ध चेतनामूलक र्‍याली सञ्चालन गर्न लागेकाले उक्त र्‍यालीमा उपस्थित भई हाम्रो हौसला बढाइदिनुहुन सादर अनुरोध गर्छौं ।

भवदीय

कक्षा ८ का सम्पूर्ण विद्यार्थी

श्री जनकल्याण मा.वि. काठमाडौँ

**नाराका नमुना**

महिला शिक्षाको सुनिश्चित्ता

हामी सबैको साझा प्रतिबद्धता ।

आजैबाट सुरु गरौँ

फजुल खर्च बन्द गरौँ ।

भविष्य सुन्दर बनाऔँ

दुर्व्यसनीबाट टाढा रहौँ ।

"समृद्ध लोकतन्त्रिक समाजको आधार
भ्रष्टाचार मुक्त नेपाली समाज ।"

**सार्वजनिक अपिलको नमुना**

**सूचना !** **सूचना !!** **सूचना !!!**

## सार्वजनिक अपिल

यहि मिति २०८० मङ्सिर २० गते कक्षा ८ मा अध्ययनरत विद्यार्थीले लागुपदार्थ दुर्व्यसन विरुद्ध चेतनामूलक ऱ्याली सञ्चालन गर्न गइरहेकाले सम्पूर्ण वडाबासी, अभिभावक, सङ्घसंस्थाका प्रतिनिधिज्यूलाई ऱ्यालीमा उपस्थित भई हाम्रो यस कार्यमा हौसला बढाइदिनुहुन सादर अनुरोध गर्दछौँ ।

कक्षा ८ का सम्पूर्ण विद्यार्थी

श्री जनकल्याण मा.वि. काठमाडौँ ।

# पाठ : ४ सामाजिक समस्या र अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका

अनुमानित कार्यघण्टा : ४

(क) **पाठ परिचय**

विभिन्न देशमा काम गर्ने संस्थालाई अन्तर्राष्ट्रिय सङ्घसंस्था भनिन्छ । यस्ता सङ्घसंस्थाले सामाजिक समस्या समाधान गर्न विभिन्न भूमिका खेलेका हुन्छन् । एम्नेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, सेभ द चिल्ड्रेन जस्ता संस्थाले हाम्रो समुदायमा रहेका सामाजिक समस्या समाधानमा खेलेको भूमिका उल्लेख गर्न सक्षम बनाउनु यस पाठको मुख्य उद्देश्य रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, जिग्सअ, खोज र सामुदायिक कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ। शिक्षकले आवश्यकताअनुसार अन्य उपयुक्त प्रकारका सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| सामाजिक समस्या समाधानमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको भूमिका उल्लेख गर्न | - अन्तर्राष्ट्रिय सङ्घसंस्था( एम्नेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सेभ द चिल्ड्रेन) को परिचय दिन<br>- सामाजिक समस्या समाधानमा तिनीहरूले खेलेको भूमिका उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्रीहरू**

- सामाजिक समस्या समाधानमा भूमिका खेल्ने विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको लोगोको चित्र
- एम्नेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सेभ द चिल्ड्रेनको नाम लेखिएको शब्दपत्ती वा चिट
- एम्नेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सेभ द चिल्ड्रेनको गतिविधि र कार्यक्षेत्र लेखी तयार पारिएको तालिका

## ४. सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

**क्रियाकलाप १**

विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाको लोगो प्रदर्शन गर्नुहोस् । त्यसका बारेमा विद्यार्थीलाई केही भन्न लगाई विद्यार्थीमा भएको पूर्व जानकारी पत्ता लगाउनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : जिग्स विधि**

विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । अब समूहमा सबैलाई १, २ र ३ नम्बर भन्न लगाउनुहोस् । यो समूह होम ग्रुप हो । अब १/१/१ एकातिर, २/२/२ अर्को समूह र ३/३/३ अर्को समूहमा जम्मा भई एक नम्बर समूहलाई एम्नेस्टी इन्टरनेसनल, २ नम्बर समूहलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठन र ३ नम्बर समूहलाई सेभ द चिल्ड्रेनको परिचय र त्यसका कार्यका बारेमा पाठ्यपुस्तक अध्ययन गरी छलफल गर्न लगाउनुहोस् । सबै सदस्यले आफ्नो समूहलाई परेको शीर्षकका बारेमा जानकारी लिएपछि उनीहरू त्यो विषयमा विज्ञ बने र अब उनीहरूलाई आफ्नो होम ग्रुप पहिलाको समूहमा फर्कन लगाउनुहोस् । अब सबैले सिकेर आएका कुरा आफ्नो समूहलाई भन्नुहोस् । अब होम ग्रुपको सबै सदस्यले तीनओटै संस्थाका बारेमा जानकारी पाउने छन् । यस्तो समूह कार्यलाई जिग्स विधि भनिन्छ ।

**क्रियाकलाप २ : पावर पोइन्ट प्रस्तुति**

पावर पोइन्ट प्रस्तुतिमार्फत एमनेस्टी इन्टरनेसनल, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, सेभ द चिल्ड्रेनको परिचय र यिनीहरूले सामाजिक समस्या समाधानमा खेलेको भूमिका सम्बन्धमा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : खोज र प्रस्तुतीकरण**

विद्यार्थीलाई तपाईंको समुदायमा कुन कुन संस्थाले के के कार्य गर्दै आइरहेका छन् ? सामाजिक समस्या समाधानमा ती संस्थाले खेलेको भूमिका खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : तालिकीकरण**

विद्यार्थीलाई सामुदायिक विकास र सामाजिक समस्या तथा विकृति समाधानमा कार्यरत अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सूची बनाई तिनीहरूको मुख्य कार्यक्षेत्रसमेत खोजी गरी तालिकामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : सामुदायिक कार्य**

पाठ्यपुस्तकको पेज न. ८५ मा रहेको सामुदायिक कार्य गर्नका लागि समुदायमा गई सोध्ने प्रश्नावली तयार गर्न लगाउनुहोस् । सामाजिक विकृति र समस्याका रूपमा रहेको बालश्रम शोषणको न्यूनीकरण गर्न स्थानीय सरकार र सरोकारवालाले गर्नुपर्ने कामका बारेमा सुझाव सङ्कलन गर्न आवश्यक सहयोग गर्नुहोस् । उक्त कार्यको मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका जस्तै प्रश्न सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही प्रश्नहरू

१. सेभ द चिल्डेनले सामाजिक समस्या समाधानमा के भूमिका रहेको छ ?

२. सामाजिक समस्या समाधानमा अन्तर्राष्टिय सङ्घसंस्थाको भूमिका सम्बन्धमा एक लेख तयार पार्नुहोस् ।

क्रियाकलाप ४ लाई निम्नानुसार मूल्याङ्कन गर्नुहोस् ।

- प्रश्नावली तयारी
- सरोकारवालासँग अन्तरक्रिया
- समन्वय र सहकार्य
- सुझावको सङ्कलन र सूचीबद्ध
- प्राप्तिको प्रस्तुति
- निष्कर्ष

## पाठ : ५ द्वन्द्व व्यवस्थापन

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

समाजमा फरक विचार र दृष्टिकोण भएका मानिस रहेका हुन्छन् । दुई पक्षबिचमा विचार वा कुरा नमिलेको अवस्थालाई द्वन्द्व भनिन्छ । लोभ, अभाव, विचारमा भिन्नता, गलत बुझाइ, भेदभावपूर्ण व्यवहार, गलत सूचना, म ठुलो राम्रो र सिपालु भन्ने भावना, कुण्ठा, निराशा, डर, त्रास, असुरक्षाको अनुभूति आदिका कारणले द्वन्द्व सिर्जना हुन्छ । द्वन्द्वका कारण समाज र व्यक्तिलाई विभिन्न नकारात्मक असर पर्छ जस्तै : सम्बन्ध बिग्रिने, तनाव हुने, विकास नहुने, अशान्ति हुने आदि । यस्ता द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायसँग परिचित भई व्यावहारिक अभ्याससमेत गराउनु यस पाठको मुख्य उद्देश्य रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, घटना अध्ययन, भूमिका अभिनय, आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य उपयुक्त प्रकारका सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| - समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपाय खोजी गरी त्यसको व्यावहारिक अभ्यास गर्न | - समाजमा हुने द्वन्द्वका कारक तत्त्व पत्ता लगाउन<br>- द्वन्द्व व्यवस्थापनका उपाय बताउन<br>- द्वन्द्व व्यवस्थापनका उपायको व्यावहारिक अभ्यास गर्न |

### (ग) शैक्षणिक सामग्रीहरू

- द्वन्द्व झल्कने चित्र वा पोस्टर
- द्वन्द्वबारे प्रकाशित समाचारहरू
- द्वन्द्व समाधान गरिएको भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई आफ्नो कक्षामा केही कुरामा साथीसँग झगडा परे नपरेको जस्तै : पहिलो बेन्चमा को बस्ने कुरामा झगडा परेको वा घर परिवारमा बेमेल भएको घटना अनुभव सुनाउन लगाउनुहोस् र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : जोडीमा छलफल**

समाजमा भएका झगडा, बेमेल, लडाइँ वा युद्धबारे प्रकाशित समाचारहरू ल्याई अध्ययन गर्न लगाउनुहोस् । समाचारमा भएका घटनाका बारेमा छलफल गर्नुहोस् । विद्यार्थीलाई जोडी जोडीमा छलफल गरी झैझगडाका कारणहरू, यसका असरहरू अनि द्वन्द्व व्यवस्थापनका उपायहरू पत्ता लगाई कक्षामा व्यक्त गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई तपाइँको समुदायमा द्वन्द्व वा झैझगडा हुँदा कस्तो असर पर्छ ? विद्यालयमा द्वन्द्व भए के हुन्छ ? जस्ता प्रश्नमा छलफल गराई द्वन्द्वका परिणाम सकारात्मक र नकारात्मक गरी दुई प्रकारका हुन्छन् भनी यसका असरका बारेमा विभिन्न उदाहरण दिएर प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : चित्र र भिडियो प्रदर्शन**

विद्यार्थीलाई द्वन्द्वका घटना देखाउने चित्र, पोस्टर, भिडियो प्रदर्शन गर्नुहोस् । त्यसमा देखाइएका घटना के कसरी घटेका हुन् ? त्यस्ता खालका द्वन्द्व व्यवस्थापन कसरी गर्न सकिन्छ भनी चिन्तन गर्न लगाई उनीहरूका विचार व्यक्त गर्न भन्नुहोस् । थप छलफलका लागि आवश्यक समय दिनुहोस् । उनीहरूका विचार समेट्दै शिक्षकले निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ४ : घटना अध्ययन**

विद्यार्थीलाई कक्षामा द्वन्द्व हुँदा वा समाजमा झगडा पर्दा कसरी समाधान भएको थियो ? भन्ने सम्बन्धमा अनुभव सुनाउन लगाउनुहोस् । अब द्वन्द्व व्यवस्थापनका चरण देखिने गरी तयार गरिएको कुनै एक समाचार वा घटना सुनाउनुहोस् । दुवै पक्षलाई चित्त बुझ्ने गरी यसको अन्त्य गर्नु द्वन्द्व व्यवस्थापन हो भनी द्वन्द्व व्यवस्थापन गर्दा (win win situation) दुवै पक्षले जित्ने गरी निष्पक्ष रूपमा द्वन्द्वको मध्यस्थकर्ता बन्नलाई प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ५ : प्रश्नोत्तर र छलफल**

किताबको पेज न. ८७ को घटना १ पढी त्यसमा द्वन्द्व के कारण भएको छ ? द्वन्द्व व्यवस्थापन कसरी भयो ? आदि कुरामा छलफल गर्नुहोस् । त्यस्तै पेज न. ८८ को चिठी अध्ययन गरी द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिकाका बारेमा पनि छलफल गर्नुहोस् ।

**क्रियाकलाप ६ : भूमिका अभिनय**

विद्यालय वा कक्षाकोठामा हुने विभिन्न खालका द्वन्द्वका घटनामा आधारित भई उक्त द्वन्द्व समाधान गर्ने उपायसहित अभिनय गर्न लगाउनुहोस् ।

जस्तै :

- कक्षामा बसाइ व्यवस्थापन
- खेलकुदका सामग्रीको प्रयोग
- हेपाइ
- विभेद

**(ङ) मूल्याङ्कन**

पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. कक्षामा हुने द्वन्द्वबाट हुने फाइदा र बेफाइदा उल्लेख गर्नुहोस् ।

२. तपाईँका दुई जना साथीहरूको बोलचाल बन्द भएको एक हप्ता भयो, उनीहरूको मेलमिलाप तपाईँ कसरी गराउनुहुन्छ ?

भूमिका अभिनयलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।

- विषयवस्तुको जानकारी
- अभिनय
- हाउभाउ
- समस्या समाधान सिप
- समन्वय र सहकार्य

# एकाइ : पाँच    हाम्रो विगत

कार्यघण्टा : २०

### (क) एकाइ परिचय

विगतका मानव क्रियाकलाप, सभ्यता  र राज्य व्यवस्थामा घटेका घटनाहरूको विवरणलाई इतिहास भनिन्छ । ऐतिहासिक स्रोतहरूको आधारमा इतिहासको अध्ययन गरिन्छ । विगतमा घटेका घटना तथा गतिविधिहरूलाई वर्तमानमा विश्लेषण गरी भविष्यका लागि मार्गदर्शन गर्न इतिहास उपयोगी हुन्छ । विद्यार्थीलाई आफ्ना पूर्वजहरूका इतिहासको खोज गर्न र समाजमा भएका ऐतिहासिक घटनाको सङ्कलन तथा विश्लेषण गर्न सिकाउने, ऐतिहासिक एवम् पूरातात्त्विक वस्तुहरूको खोज तथा अनुसन्धान गरी संरक्षण गर्न प्रेरित गर्ने यस एकाइको मुख्य उद्देश्य रहेको छ ।

यस एकाइमा नेपालको प्राचीन इतिहास, काठमाडौँ उपत्यकाको सभ्यता, ग्रिस, रोम र सिन्धु उपत्यकाको सभ्यता, साथै यी सम्यताले मानव जीवनमा पारेका प्रभाव, नेपालमा लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र यसपछिका सुधारका गतिविधि, हाम्रा वीर सहिदहरूका योगदान जस्ता विषयवस्तु रहेका छन् ।
यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, कथाकथन, सङ्गठित सिंहावलोकन, मस्तिष्क मन्थन, One stays others stray, अभिनय, प्रश्नबल, नक्सा अध्ययन, चार्ट निर्माण र तुलना आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालबालिकामा विभिन्न प्रकारका जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरू जस्तै : सञ्चार सिप, अन्तरवैयक्तिक सिप, नेतृत्व सिप आदिको विकास गर्न सहयोग पुऱ्याउनेतर्फ ध्यान दिनुपर्छ साथै कक्षामा भएका सबै प्रकारका बालबालिका सिकाइ प्रक्रियामा समावेश हुने कुराको सुनिश्चित गर्नुपर्छ । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

### (ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धी | शैक्षणिक सामग्री | अ.कार्य घण्टा |
|---|---|---|---|---|
| १ | नेपाल शब्दको अर्थ र उत्पत्ति | प्राचीन नेपालको राजनीतिक र सामाजिक अवस्थाको वर्णन गर्न | – नेपालको नामकरणसम्बन्धी विभिन्न भाषिक आधार लेखिएको चार्ट वा पोस्टर<br>– नेपाललाई पवित्र भूमि भनिनुका आधारहरू उल्लेख भएको चार्ट तथा स्लाइड<br>– स्थानीय क्षेत्रको हाल प्रचलित नामका आधारहरू लेखिएको चार्ट | २ |
| २ | प्राचीन नेपालः आर्थिक र सामाजिक अवस्था | | – नेपालको प्राचीन इतिहासको पुस्तक<br>– महिषपाल, गोपाल र किराँत वंशको सामाजिक र आर्थिक अवस्था झल्कने चार्ट वा पोस्टर<br>– महिषपाल, गोपाल र किराँत वंशका प्रथम र अन्तिम राजाहरूको नाम उल्लेख भएको चार्ट | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | | – प्राचीन र वर्तमान समयको आर्थिक क्रियाकलापबिच तुलना गरिएको चार्ट | |
| ३ | काठमाडौँ उपत्यकाको सभ्यता | काठमाडौँ उपत्यकाको प्राचीन सभ्यता र यसले जनजीवनमा पारेको प्रभाव बताउन | – नेपालको प्राचीन तथा मध्यकालीन इतिहासको पुस्तक, काठमाडौँ उपत्यकाकाको सभ्यता उल्लेखित चार्ट वा पोस्टर<br>– स्थानीय क्षेत्रको सभ्यता उल्लेख भएको चार्ट<br>– प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था उल्लेख गरिएको चार्ट<br>– प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था र हालको सामाजिक अवस्थाबिच तुलना गरिएको तालिका | २ |
| ४ | हाम्रा वीर सहिद | हाम्रा वीर सहिदहरूको परिचय र योगदान बताउन | - नेपालका सहिद शुक्रराज, धर्मभक्त, गङ्गालाल, दशरथचन्द र लखन थापाको परिचयसहितको तस्बिर, चार्ट वा पोस्टर<br>- सहिदहरूले दिएको योगदान उल्लेख भएको चार्ट<br>- सहिदको सम्मान गर्ने उपायहरू र उनीहरूबाट लिन सकिने प्रेरणा उल्लेख गरिएको चार्ट<br>- सहिदहरूको जीवनी र योगदानसम्बन्धी भिडियो तथा वृत्तचित्र | २ |
| ५ | लोकतान्त्रिक गणतन्त्र र यसका उपलब्धिहरू | नेपालमा लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछिका आर्थिक र सामाजिक सुधारका पक्ष खोजी गर्न | – लोकतान्त्रिक गणतन्त्रको परिचय लेखिएको तस्बिर, चार्ट वा पोस्टर<br>– लोकतान्त्रिक गणतन्त्रको महत्त्व र उपलब्धि उल्लेख भएको फरक फरक चार्ट<br>– राजतन्त्र र गणतन्त्रका बिच भिन्नता देखाउने तालिका | २ |
| ६ | ग्रिस र रोमको सभ्यता | सिन्धु उपत्यका र युनानी (ग्रिस र रोम) सभ्यता एवम् पुनर्जागरणको छोटो परिचय दिन तथा यसले मानव जीवनमा पारेको प्रभाव बताउन | - एटलस, भित्ते नक्सा<br>- प्राचीन ग्रिसको नक्सा र प्राचीन युरोपको इतिहास होमर र हेरोहोटसको तस्बिर<br>- प्राचीन ग्रिसको परिचय लेखिएको चार्ट वा पोस्टर<br>- प्राचीन रोमको सभ्यताको परिचय लेखिएको चार्ट रोमस र रोमुलसको तस्बिर<br>- प्राचीन रोमको नक्सा, प्लेटो, होमर, अरस्तु, सुकरात आदिको तस्बिर<br>- ग्रिस र रोमको सभ्यताको प्रभाव लेखिएको तालिका | ३ |
| ७ | सिन्धु उपत्यकाको सभ्यता | | - एटलस, भित्ते नक्सा<br>- एसियाको नक्सा र प्राचीन सिन्धु उपत्यकाको इतिहास<br>- उत्खननबाट भेटिएको मेहेन्जोदाडो र हरप्पाको चित्र वा तस्बिर | ३ |

| | | | | |
|---|---|---|---|---|
| | | | - सिन्धु उपत्यकाको सभ्यताको परिचय लेखिएको चार्ट वा तस्बिर<br>- सिन्धु उपत्यकाको सभ्यताको प्रभाव उल्लेख गरिएको चार्ट | |
| ८ | पुनर्जागरण र यसको प्रभाव | | - एटलस, युरोपको नक्सा<br>- लियोनार्दो दा भिन्ची, माइकेल एन्जेलो, राफेल, गिवर्टी, ब्रुन्लेस्की, दाँते, इरामस, स्पेन्सर, निकोलस, गिलवर्ट, ग्यालिलियो, न्युटन, केप्लर, निपियर, केलम्बस, भास्को डि गामा र मार्कोपोलोको तस्बिर<br>- युरोपको मध्यकालीन इतिहास<br>- पुनर्जागरणको परिचय उल्लेख गरिएको चार्ट<br>- पुनर्जागरणको कारणहरू उल्लेख गरिएको चार्ट<br>- पुनर्जागरणले ल्याएका परिवर्तनहरू उल्लेख गरिएको चार्ट तथा परिवर्तन झल्कने चित्र<br>- पुनर्जागरणको कारण कला, साहित्य र विज्ञान प्रविधिमा प्रभावहरू उल्लेखित चार्ट | ३ |

# पाठ : १ नेपाल शब्दको अर्थ र उत्पत्ति

अनुमानित कार्यघण्टा : ३

**(क) परिचय**

प्राचीन समयमा नेपाल भनेर काठमाडौँ उपत्यकालाई मात्र चिनिन्थ्यो । नेपाल प्राचीन समयदेखि नै एक स्वतन्त्र राज्यका रूपमा अस्तिवमा रहेको थियो । उत्तरमा हिमालयको काखदेखि दक्षिणमा समथर तराइसम्म फैलिएको यो मुलुकको नाम नेपाल कसरी रहन गयो भन्ने विषयमा धेरै किंवदन्ती रहेका छन् । फरक फरक धारणा रहेको भएता पनि केहीलाई यस पाठमा समावेश गरिएको छ । खासगरी यस पाठमा 'ने' नाम गरेका ऋषि, किराँती भाषा, तिब्बती भाषा, नेवारी भाषा, लिम्बू भाषा, लेप्चा भाषा र संस्कृत भाषाका विभिन्न आधारको सामान्य परिचय दिइएको छ ।
यस पाठमा नेपालको नामाकरण सम्बन्धी विभिन्न आधार, नेपाललाई पवित्र भूमि भनिनुका आधार आदि विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह

कार्य, एक रहने अरू छरिने, कथाकथन, तालिका निर्माण आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको नामकरणसम्बन्धी विभिन्न भाषिक आधार र नेपाललाई पवित्र भूमि भनिनुका आधार उल्लेख गर्न साथै आफू बसोबास गरेका स्थानका नामको अधारको खोजी गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| प्राचीन नेपालको राजनीतिक र सामाजिक अवस्थाको वर्णन गर्न | – नेपालको नामकरणसम्बन्धी विभिन्न भाषिक आधारका सम्बन्धमा बताउन<br>– नेपाललाई पवित्र भूमि भनिनुका आधार उल्लेख गर्न<br>– आफू बसोबास गरेका स्थानको नामको अधार खोजी गर्न |

**(ग) शैक्षणिक सामग्री**

- नेपालको नामकरणसम्बन्धी विभिन्न भाषिक आधारहरू लेखिएको चार्ट वा पोस्टर
- नेपाललाई पवित्र भूमि भनिनुका आधारहरू उल्लेख भएको चार्ट तथा स्लाइड
- स्थानीय क्षेत्रको हाल प्रचलित नामको आधारहरू लेखिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई विद्यालयको वा तपाईँ बसोबास गरेको ठाउँको नाम केका आधारमा राखिएको हो ? भनी प्रश्नहरू गर्नुहोस् । यससम्बन्धी उनीहरूका विभिन्न तर्क र विचारहरूलाई छलफलमा ल्याउनुहोस् । यसैगरी विद्यालय रहेको स्थानीय क्षेत्रको नाम कसरी रहन गयो भन्ने विषयमा चर्चा गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : एक जना रहने, अरू छरिने** ( One stays, others stray )

- नेपालको नामकरणसम्बन्धी विभिन्न आधार लेखिएको चार्ट वा पोस्टर सामग्री प्रस्तुत गर्दै कक्षामा छलफल गर्नुहोस् ।
- छलफल पश्चात् विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् र नेपालको नामाकरण सम्बन्धमा 'ने' नाम गरेका ऋषि, किराँती भाषा, तिब्बती भाषा, नेवारी भाषा, लिम्बू भाषा, लेप्चा भाषा र संस्कृत भाषाको आधार समूहगत रूपमा छलफल गरी मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउनुहोस् ।
- हरेक समूहमा समूह नेता छनोट गर्न लगाउनुहोस् । समूह नेतालाई आफ्नै समूहमा रहन र अरू समूहबाट आएका साथीलाई अगि गरिएका छलफलका विषयवस्तु सिकाउन लगाउनुहोस् । अरू समूहका विद्यार्थी पालैपालो घडी घुम्ने दिशामा सबै समूहका टोली नेताकहाँ गएर छलफल, प्रश्नोत्तर गर्दै सिक्न भन्नुहोस् ।
- अरू समूहबाट सिकेर आएपछि सबै जनाले पालैपालो आफ्नो समूह नेतालाई सिकाउनुहोस ।
- शिक्षकले समूह नेतालाई साथीबाट सिकेका कुरा बताउन लगाउनुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र छलफल**

स्थानीय क्षेत्रको हाल प्रचलित नामका आधारहरू लेखिएको चार्ट तथा स्लाइड प्रर्दशन गर्दै उक्त स्थानको नामकरणका आधारको जानकारी गराउनुहोस् ।

**क्रियाकलाप ३ : कथा कथन**

कक्षामा शिक्षकले केही स्थानहरूको नामकरणका आधारहरू कथाका रूपमा सुनाउनुहोस् । विद्यार्थीलाई पनि आफू जन्मेको वा बसोबास गरिरहेको वा अन्य कुनै स्थानको नामाकरण सम्बन्धमा पाएको जानकारीलाई कथाका रूपमा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीको प्रस्तुतिलाई धन्यवाद दिँदै अन्य स्थानको पनि यस्तै खोजी गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप ४ : चार्ट वा स्लाइड प्रस्तुति**

विद्यार्थीलाई नेपाललाई पवित्र भूमि किन भनिएको होला ? भनी सोच्न लगाउनुहोस् । उनीहरूले सोचेका कुरा पालैपालो मनन लगाउनुहोस् । शिक्षकले नेपाललाई पवित्र भूमि भनिनुका आधारहरू उल्लेख भएको चार्ट तथा स्लाइड प्रदर्शन गर्दै नेपाललाई पवित्र भूमि भनिनुका आधार प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ : तालिका निर्माण र छलफल**

विद्यार्थीलाई पाठको क्रियाकलाप २ गराउनुहोस् र आफूले यसमा सहयोग तथा निर्देशन दिनुहोस् ।

| भाषा | शब्द | नेपाली भाषामा अर्थ |
|---|---|---|
| किराँत | ने+पा | मध्य +देश |
| | | |
| | | |
| | | |
| | | |

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्न**

१. नेपाल शब्दको अर्थका विभिन्न आधार के के हुन् ?
२. तपाईं बसोबास गरेको स्थानको नाम कसरी रहन गयो ?
३. नेपाल नाम रहनुका विभिन्न आधारमध्ये तपाईंलाई कुन आधार ठिक लाग्छ, किन ?

# पाठ : २  प्राचीन नेपाल : आर्थिक र सामाजिक अवस्था

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

नेपाल प्राचीन समयमा नेपालको आर्थिक अवस्था ज्यादै मजबुत थियो । कृषि उत्पादनले राज्यको लागि खाद्यान्न पुग्थ्यो । पशुपालन, जडिबुटी सङ्कलन जस्ता कार्य गरिन्थे । तिब्बतसँगको व्यापार प्राचीन समयदेखि नै भएको इतिहासमा उल्लेख पाइन्छ । घरेलु तथा साना उद्योगको प्रशस्त विकास भएको थियो । फलाम, तामा खानी उत्खनन गरेर विभिन्न प्रकारका भाँडा उद्योग सञ्चालनमा आएकाले स्थानीय आवश्यकता पूरा गर्न नेपाल आत्मनिर्भर भएको थियो ।
प्राचीन कालमा नेपालमा गोपाल, महिषपाल र किराँत वंशका राजाहरूले शासन गर्थे । त्यस समयमा देवी देवता तथा पितृहरूको पूजाअर्चना गरिन्थ्यो । मानिसहरू हिन्दु धर्म मान्थे । त्यस समयमा प्रकृति, गाई, पितृ र देवीदेवताको विशेष पूजा हुन्थ्यो । किराँतीहरूको समयमा समाज नारी प्रधान थियो । विभिन्न चाडपर्व, मेला, जात्रा तथा नाचगान गरिन्थे । यस पाठबाट विद्यार्थीले प्राचीन कालको शासक वंश, त्यो कालमा भएका सामाजिक आर्थिक अवस्थाका सम्बन्धमा जानकारी प्राप्त गर्ने अपेक्षा गरिएको छ ।
यस पाठमा नेपालका प्राचीन कालका शासक वंश (महिषपाल, गोपाल र किराँत) को सामाजिक र आर्थिक अवस्था, प्राचीनकालीन र वर्तमानको आर्थिक क्रियाकलापको तुलना जस्ता विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, संवाद आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी प्राचीन नेपालको आर्थिक र सामाजिक अवस्थाको वर्णन गर्न साथै प्राचीनकालीन र वर्तमानको आर्थिक क्रियाकलापको तुलना गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| प्राचीन नेपालको राजनीतिक र सामाजिक अवस्थाको वर्णन गर्न | – महिषपाल, गोपाल र किराँत वंशको सामाजिक र आर्थिक अवस्थाका बारेमा बताउन<br>– महिषपाल, गोपाल र किराँत वंशका प्रथम र अन्तिम राजाहरूको नाम उल्लेख गर्न<br>– प्राचीनकालीन र वर्तमान समयको आर्थिक क्रियाकलापबिच तुलना गर्न |

**(ग) शैक्षणिक सामग्री**

- नेपालको प्राचीन इतिहासको पुस्तक
- महिषपाल, गोपाल र किराँत वंशको सामाजिक र आर्थिक अवस्था झल्कने चार्ट वा पोस्टर
- महिषपाल, गोपाल र किराँत वंशका प्रथम र अन्तिम राजाहरूको नाम उल्लेख भएको चार्ट
- प्राचीनकालीन र वर्तमान समयको आर्थिक क्रियाकलापबिच तुलना गरिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

कक्षाकोठामा विद्यार्थीलाई छोटो मेडिटेसन गराउनुहोस् । विषयवस्तुसँग सान्दर्भिक चुटकिला तथा गीत वा कविता भन्दै मुख्य क्रियाकलापमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : अनुमान र छलफल**

अगिल्लो पाठको सन्दर्भ जोड्दै काठमाडौँ उपत्यकामा बस्ती बस्न योग्य भएपछि त्यहाँ बस्न को को आए होलान ? किन आए होलान ? अनुमान गर्न लगाउनुहोस् । हरेक विद्यार्थीका अनुमान शिक्षण पाटीमा टिप्दै जानुहोस् र सही अनुमान गर्नेलाई धन्यवाद दिई प्रशंसा गर्नुहोस् ।
काठमाडौ उपत्याकामा बस्ती बस्न योग्य भएपछि सुरुमा गोपाल वंश, त्यसपछि महिषपाल वंश र किराँत वंशले शासन गरेको सन्दर्भलाई छलफल गर्दै प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : समूह छलफल र निष्कर्ष**

विद्यार्थीलाई ३ समूहमा विभाजन गर्नुहोस् र समूह १ लाई महिषपाल वंशको सामाजिक र आर्थिक अवस्था, समूह २ लाई गोपाल वंशको सामाजिक र आर्थिक अवस्था, समूह ३ लाई किराँत वंशको सामाजिक र आर्थिक अवस्थाका विषयमा समूह छलफल गरी विवरण तयार गर्न लगाउनुहोस् र समूह नेतामार्फत् प्रस्तुत गर्न लगाउनुहोस् । एक समूहको प्रस्तुतिमा अन्य समूहका विद्यार्थीबाट थप कुरा भन्न लगाउनुहोस् । शिक्षकले महिषपाल, गोपाल र किराँत वंशको सामाजिक र आर्थिक अवस्था झल्कने चार्ट वा पोस्टर प्रस्तुत गर्दै निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ३ : चार्ट प्रदर्शन, छलफल र अभ्यास**

महिषपाल, गोपाल र किराँत वंशका प्रथम र अन्तिम राजाको नाम उल्लेख भएको चार्टको सहायताले गोपाल, महिषपाल र किराँत वंशका प्रथम र अन्तिम राजाहरूको नामका विषयमा छलफल गर्नुहोस् र पाठ्यपुस्तकको अभ्यासको प्रश्न न. २ को तालिका भर्न लगाउनुहोस् र प्रसङ्ग जोड्दै थप कुराको जानकारी दिनुहोस् ।

**क्रियाकलाप ४ : संवाद**

कक्षाका विद्यार्थीलाई दुई दुई जनाको जोडी बनाई पाठ्यपुस्तकको क्रियाकलाप न. १ गराउनुहोस् । सो कार्यको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ५ : तालिका निर्माण**

तलको जस्तै तालिका बनाई पाठ्यपुस्तकको क्रियाकलाप २ मा रहेको तालिका भर्न लगाउनुहोस् र आफूले आवश्यक सहजीकरण गर्नुहोस् । यसरी भर्दा विद्यार्थीको आफ्नो समुदायको आर्थिक क्रियाकलापसँग सम्बन्धित रही भर्ने अभ्यास गराउनुहोस् ।

| प्राचीन कालका आर्थिक क्रियाकलाप | वर्तमान समयको आर्थिक क्रियाकलाप |
|---|---|
| | |
| | |

माथिको तालिका भरिसकेपछि सामग्रीका रूपमा लगेको प्राचीनकालीन र वर्तमान समयको आर्थिक क्रियाकलापबिच तुलना गरिएको चार्ट प्रर्दशन गर्दै उनीहरूले तयार पारेको तालिकासँग तुलना गर्न लगाई स्वमूल्याङकन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ६ : चुनौती सामाना गर्ने खेल**

विद्यार्थीलाई दुई समूहमा विभाजन गरी पाठका विषयवस्तु समेटी प्रश्न निर्माण गर्ने र अर्को समूहलाई सोध्ने गरी चुनौतीपूर्ण अभ्यास गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका जस्तै प्रश्न सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

केही प्रश्नहरू

१. महिषपाल, गोपाल र किराँत वंशका प्रथम र अन्तिम राजा को को हुन् ?
२. नेपालको प्राचीनकालीन आर्थिक अवस्था कस्तो थियो ?

३. नेपालको प्राचीनकालीन सामाजिक अवस्था कस्तो थियो ?
४. महिषपाल र गोपालको अर्थ के हो ?

# पाठ : ३ काठमाडौँ उपत्यकाको सभ्यता

अनुमानित कार्यघण्टा : २

### (क) पाठ परिचय

प्राचीन समयमा काठमाडौँ उपत्यकामा ठुलो तलाउ थियो । उक्त तलाउलाई नाग दह भन्ने गरिन्थ्यो । विपश्वी नाम गरेका ऋषिले उक्त तलाउमा कमलको बिउ रोपेका थिए र उक्त कमलको फूलबाट स्वयम्भूनाथको आकृति देखियो । पछि चीनबाट अएका मञ्जुश्रीले चोभारको छेउमा खड्गले काटेर दहको पानी बगाए । त्यसपछि उनले आफ्ना भक्त धर्माकरलाई उपत्यकाको राजा बनाएको कुरा स्वयम्भू पुराणमा उल्लेख भएको पाइन्छ। यसरी काठमाडौँ उपत्यका बस्न लायक भएको मानिन्छ। काठमाडौ उपत्याकामा बस्तीयोग्य भएपछि सुरुमा गोपालवंशले शासन गरे । त्यसपछि महिषपाल अनि किराँतहरूले काठमाडौँमा शासन गरे । वैशालीबाट आएका लिच्छवीहरूले किराँतहरूलाई हराई काठमाडौँमा शासन गर्न थाले । यसरी प्राचीनकालमा विभिन्न वंशहरूले काठमाडौ उपत्यकामा शासन गरेको पाइन्छ ।

यस पाठमा काठमाडौँ उपत्यकाको सभ्यतासम्बन्धी विषयवस्तु समावेश गरिएको छ। यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, सङ्गठित संहावलोकन, प्रश्नबल जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी काठमाडौँ उपत्यकाको सभ्यताका साथै आफू बसेको स्थानको सभ्यताका बारेमा बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| काठमाडौँ उपत्यकाको प्राचीन सभ्यता र यसले जनजीवनमा पारेको प्रभाव बताउन | – काठमाडौँ उपत्यकाका साथै आफू बसेको स्थानको सभ्यताका बारेमा बताउन<br>– प्राचीन समयको काठमाडौँ उपत्यकाको सामाजिक अवस्था उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालको प्राचीन तथा मध्यकालीन इतिहासको पुस्तक, काठमाडौँ उपत्यकाकाको सभ्यता उल्लेखित चार्ट वा पोस्टर
- काठमाडौँ उपत्याकाको पुरानो र नयाँ चित्र, नक्सा
- स्थानीय क्षेत्रको सभ्यता उल्लेख भएको चार्ट
- प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था उल्लेख गरिएको चार्ट
- प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था र हालको सामाजिक अवस्थाबिच तुलना गरिएको तालिका

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

काठमाडौँ उपत्याकाको पुरानो फोटा वा चित्रहरू देखाउँदै छलफल गर्नुहोस् र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

#### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : सङ्गठित सिंहावलोकन**

काठमाडौँ उपत्यकाको उत्पत्तिसम्बन्धी विभिन्न किंवदन्ती सुनाउनुहोस् । विद्यार्थीलाई पोखरी वा कुवाको पिँधको माटो कालो तथा मलिलो हुने कुरा स्थानीय परिवेशको स्मरण गराउँदै उपत्यकाको माटो पनि कालो, मलिलो र उब्जाउ भएका कारणले यस स्थानमा तलाउ भएको कुरा पुष्टि हुने कुरा स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : समूह कार्य र छलफल**

छलफल पश्चात् विद्यार्थीलाई ३ ओटा समूहमा विभाजन गर्नुहोस् र समूह १ लाई प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था, समूह २ लाई आर्थिक अवस्था, समूह ३ लाई सांस्कृतिक अवस्थाको विषयमा समूह छलफल गरी विवरण तयार गर्न लगाउनुहोस् र समूह नेतामार्फत् प्रस्तुत गर्न लगाउनुहोस्। विद्यार्थीबाटै थप कुरा भन्न लगाउनुहोस् र शिक्षकले काठमाडौँ उपत्यकाकाको सभ्यता उल्लेखित चार्ट वा पोस्टर प्रस्तुत गर्दै निष्कर्ष प्रस्तुत गर्नुहोस्।

**क्रियाकलाप ३ : तालिका निर्माण**

तलको जस्तै तालिका बनाई विद्यार्थीलाई तालिका भर्न लगाउनुहोस् र आफूले सहयोग गर्नुहोस्।

| प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था | काठमाडौँ उपत्यकाको वर्तमान समयको सामाजिक अवस्था |
|---|---|
| | |
| | |

माथिको तालिका भरेर सकेपछि सामग्रीका रूपमा लगेको प्राचीनकालीन काठमाडौँ उपत्यकाको सामाजिक अवस्था र हालको सामाजिक अवस्थाबिच तुलना गरिएको तालिका प्रर्दशन गर्दै विद्यार्थीले तयार पारेको तालिकासँग तुलना गर्न लगाउनुहोस्। कक्षाका विद्यार्थीलाई पाठ्यपुस्तकको क्रियाकलाप न. २ गराउनुहोस् र आवश्यक छलफल गरी निष्कर्षमा पुग्नुहोस्।

**क्रियाकलाप ४ : चार्ट प्रदर्शन र छलफल**

स्थानीय क्षेत्रको सभ्यता वा विगतका विशिष्ट ऐतिहासिक पहिचान उल्लेख भएको चार्ट प्रदर्शन गरी छलफल गर्नुहोस् र निष्कर्ष प्रस्तुत गर्नुहोस्।

**क्रियाकलाप ५ : प्रश्नबल**

विद्यार्थीलाई गोलो घेरामा राखी प्रश्नबल क्रियाकलापमार्फत सिकाइको सबलीकरण गर्नुहोस्।

**नमुना प्रश्न**

- प्राचीनकालीन काठमाडौँ उपत्यकाको कुनै दुई सामाजिक अवस्था उल्लेख गर्नुहोस्।
- लिच्छवीको आर्थिक क्रियाकलाप कुन कुन हुन् ?

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

तलका जस्तै प्रश्न सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस्।

**केही प्रश्नहरू**

१. काठमाडौँ उपत्यकामा कुन कुन राज्य थिए ?
२. लिच्छविकालीन सामाजिक तथा आर्थिक अवस्था कस्तो थियो ?
३. तपाइँ बसोबास गरेको स्थानको सभ्यताको छोटकरीमा बयान गर्नुहोस्।

## पाठ : ४ हाम्रा वीर सहिद

अनुमानित कार्यघण्टा : २

**(क पाठ परिचय**

देश र जनताको हितका लागि आफ्नो ज्यानको बलिदान दिएका व्यक्तिहरू सहिद हुन् । जहानिया राणा शासन तथा निरङ्कुश शासनको अन्त्य गरी प्रजातन्त्र (लोकतन्त्र) स्थापना गर्न देशका सयौँ मानिसले ज्यान दिएका छन् । उनीहरूले दिएको महत्त्वपूर्ण योगदानका कारणले हाल हामी लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको स्वतन्त्र नागरिक भएर बाँच्न पाएका छौँ । हामीले हाम्रा वीर सहिदलाई सम्मान गर्नुपर्छ । उनीहरूको योगदानबाट प्रेरणा लिई आफूलाई पनि देश र जनताको भलाइका लागि योगदान गर्न अभिप्रेरित गर्नु यस पाठको उद्देश्य रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, तालिका निर्माण, अभिनय जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले सिकाइ सहजीकरण गर्दा आवश्यकताअनुसार अन्य रचनात्मक क्रियाकलापसमेत प्रयोग गर्न सक्नु हुने छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| हाम्रा वीर सहिदको परिचय र योगदान बताउन | – सहिदको परिचय दिइ उनीहरूले दिएका योगदानको चर्चा गर्न<br>– सहिदहरूको सम्मान गर्न<br>– सहिदको जीवनीबाट प्रेरणा लिन |

**(ग) शैक्षणिक सामग्री**

- नेपालका सहिदहरू शुक्रराज, धर्मभक्त, गङ्गालाल, दशरथ चन्द र लखन थापाको तस्बिर, चार्ट वा पोस्टर
- सहिदहरूको योगदान उल्लेख भएको चार्ट
- सहिदको सम्मान गर्ने उपायहरू र उनीहरूबाट लिन सकिने प्रेरणा उल्लेख गरिएको चार्ट
- सहिदहरूको जीवनी र योगदानसम्बन्धी भिडियो तथा वृत्तचित्र

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

कक्षाकोठामा विद्यार्थीलाई राष्ट्र र जनताका भलाइको निम्ति ज्यान दिने व्यक्तिलाई के भनिन्छ ? उनीहरूलाई किन सम्मान गर्नुपर्छ ? जस्ता पाठसँग सान्दर्भिक प्रकारका प्रश्न सोध्नुहोस । उनीहरूले दिएको उत्तरलाई आवश्यकताअनुसार चर्चा गर्दै कक्षामा विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चित्र/तस्बिर अध्ययन**

सहिदहरू शुक्रराज, धर्मभक्त, गङ्गालाल, दशरथचन्द र लखन थापाको तस्बिर देखाउँदै उनीहरूका बारेमा विभिन्न प्रश्न सोध्नुहोस् । विद्यार्थीलाई ती व्यक्तिले देशका लागि दिएको योगदान लेख्न लगाउनुहोस् । उनीहरूले लेखिसकेपछि सामग्रीका रूपमा लगेको सहिदको परिचयसहितको चार्ट तथा सहिदको जीवनी र योगदानसम्बन्धी भिडियो तथा वृत्तचित्र प्रस्तुत गर्दै विद्यार्थीलाई आफूले लेखेका कुरा मिले नमिलेको हेर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप २ : समूह कार्य**

विद्यार्थीलाई ५ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई सहिदहरू शुक्रराज, धर्मभक्त, गङ्गालाल, दशरथचन्द र लखन थापामध्ये कुनै एकले देश र जनताका लागि दिएको योगदानका विषयमा समूह छलफल गरी विवरण तयार पार्न

लगाउनुहोस् र पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । उनीहरूले प्रस्तुति सकेपछि सहिदहरूले दिएका योगदान उल्लेख भएको चार्ट देखाउँदै थप छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३ : तालिका निर्माण**

तलको जस्तै तालिका बनाई विद्यार्थीलाई तालिका भर्न लगाउनुहोस् र आफूले सहयोग गर्नुहोस् ।

| सहिदको सम्मान गर्ने उपायहरू | उनीहरूबाट लिन सकिने प्रेरणा |
|---|---|
| | |
| | |

माथिको तालिका भरेर सकेपछि सामग्रीका रूपमा लगेको सहिदको सम्मान गर्ने उपाय र उनीहरूबाट लिन सकिने प्रेरणा उल्लेख गरिएको चार्ट प्रर्दशन गर्दै उनीहरूले तयार पारेको तालिकासँग तुलना गर्न भनी स्वमूल्याङ्कन गर्न लगाउनुहोस् । त्यसपछि आवश्यक छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ४ : अभिनय**

विद्यार्थीलाई पालैपालो विभिन्न सहिदको अभिनय गर्दै सहिदको आत्मकथा भन्न लगाउनुहोस् । जस्तै : 'म' शुक्रराज शास्त्री हुँ । मेरो जन्म .......... यो क्रियाकलाप सकिएपछि राम्रो अभिनय गर्ने विद्यार्थीलाई पुरस्कार दिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. लखन थापालाई किन प्रथम सहिद मानिन्छ ?
२. शुक्रराज शास्त्रीले देशका लागि के योगदान दिएका थिए ?
३. दशरथ चन्दबाट के प्रेरणा पाउन सकिन्छ ?
४. गङ्गालाल श्रेष्ठको योगदानको छोटकरीमा बयान गर्नुहोस् ।

# पाठ : ५ लोकतान्त्रिक गणतन्त्र र यसका उपलब्धिहरू

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

लोकतान्त्रिक व्यवस्था एउटा त्यस्तो प्रणाली हो, यसमा कानुनी राज्य, मानव अधिकार, जनप्रतिनिधिमूलक शासन व्यवस्थाको प्रत्याभूत गरिन्छ । जनता सार्वभौम हुन भन्ने मात्रै होइन व्यवहारसमेत त्यही अनुरूपको गरिन्छ । मौलिक हकको पूर्ण रूपमा ग्यारेन्टी हुन्छ । अल्पमत वा फरक मत तथा विचारको पूर्ण सम्मान भएको हुन्छ । राज्यका सम्पूर्ण अङ्ग देश र जनताको हितका लागि क्रियाशील रहेका हुन्छन् । साथै राज्यको प्रमुख व्यक्ति पनि वंशका आधारमा नभई जनताको मतबाट निश्चित समयको लागि छानिएर आउँछन् ।

यस पाठमा लोकतान्त्रिक गणतन्त्रको परिचय, महत्त्व र सामाजिक, आर्थिक उपलब्धि जस्ता विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, तस्बिर अध्ययन, तालिका निर्माण, समूह कार्य जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी लोकतान्त्रिक गणतन्त्रको परिचय दिई यसका उपलब्धिका बारेमा बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालमा लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछिका आर्थिक र सामाजिक सुधारका पक्ष खोजी गर्न | – लोकतान्त्रिक गणतन्त्रको परिचय दिन<br>– लोकतान्त्रिक गणतन्त्रको महत्त्व उल्लेख गर्न<br>– लोकतान्त्रिक गणतन्त्रका उपलब्धिको चर्चा गर्न<br>– राजतन्त्र र गणतन्त्रकोबिच भिन्नता बताउन |

### (ग) शैक्षणिक सामग्री

- लोकतान्त्रिक गणतन्त्रको परिचय लेखिएको तस्बिर, चार्ट वा पोस्टर
- लोकतान्त्रिक गणतन्त्रको महत्त्व र उपलब्धि उल्लेख भएको फरक फरक चार्ट
- राजतन्त्र र गणतन्त्रका बिच भिन्नता देखाउने तालिका

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

कुनै एक जना विद्यार्थीलाई क्यालेन्डर दिई गणतन्त्र दिवस कहिले पर्छ ? पत्ता लगाउन भन्नुहोस् । विद्यार्थीहरलाई गणतन्त्र दिवस किन मनाइन्छ ? यो दिवसको के महत्त्व छ ? जस्ता प्रश्न पनि गर्नुहोस् र उनीहरूले दिएका उत्तरका आधारमा विषय प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

विद्यार्थीलाई लोकतन्त्र तथा गणतन्त्र भनेको के हो ? भन्ने प्रश्न गर्नुहोस् । उनीहरूबाट धेरैभन्दा धेरै कुरा व्यक्त गराउने प्रयास गर्नुहोस् । लोकतान्त्रिक गणतन्त्रको परिचय लेखिएको चार्ट वा पोस्टर प्रर्दशन गर्दै थप छलफल गर्नुहोस् र लोकतान्त्रिक गणतन्त्रका बारेमा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : चार्ट प्रस्तुति**

विद्यार्थीलाई लोकतान्त्रिक गणतन्त्रका कारण हामीले के कस्ता अधिकार र सुविधा पाएका छौँ ? भन्ने प्रश्न गरी कक्षामा छलफल गर्नुहोस् । छलफलपछि सबैलाई आफ्नो कापीमा टिपोट गर्न लगाउनुहोस् । लोकतान्त्रिक गणतन्त्रको उपलब्धि उल्लेख भएको चार्ट प्रस्तुत गर्नुहोस् । विद्यार्थीलाई आफूले लेखेका कुरासँग उक्त चार्टमा लेखिएको कुरालाई तुलना गर्न लगाई आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ३ : तालिका निर्माण**

तलको तालिका बनाई विद्यार्थीलाई तालिका भर्न लगाउनुहोस् र आफूले सहयोग गर्नुहोस् ।

| लोकतान्त्रिक गणतन्त्रका उपलब्धिहरू | उपलब्धि रक्षा गर्ने उपायहरू |
|---|---|
| | |
| | |

माथिको तालिका भरेर सकेपछि सामग्रीका रूपमा लगेको लोकतान्त्रिक गणतन्त्रको उपलब्धि रक्षा गर्ने उपाय उल्लेख गरिएको चार्ट प्रदर्शन गर्दै उनीहरूले तयार पारेको तालिकासँग तुलना गर्न लगाउनुहोस् । त्यसपछि आवश्यक छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ४ : समूह कार्य**

विद्यार्थीलाई २ समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई राजतन्त्र शासन व्यवस्था र अर्को समूहलाई लोकतान्त्रिक गणतन्त्रको विषयमा समूह छलफल गरी विवरण तयार गर्न लगाउनुहोस् । त्यसपछि राजतन्त्र र गणतन्त्रका बिच भिन्नता देखाउने तालिका प्रस्तुत गर्दै उनीहरूले तयार गरेको विवरणसँग तुलना गर्न लगाउनुहोस् । त्यसपछि एउटा समूहलाई अर्को समूहले तयार गरेको विवरण अध्ययन गरी सुझाव दिन लगाउनुहोस् ।

**क्रियाकलाप ५ : प्रश्न बल**

प्रश्नबल विधिबाट पाठको विषयवस्तुका मुख्य मुख्य बुँदा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

तलका जस्तै प्रश्नहरू सोधेर वा पाठमा दिइएका विषयवस्तुका आधारमा रही सिकाइ उपलब्धि हासिल भए नभएको मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. लोकतान्त्रिक गणतन्त्रका कुनै ३ ओटा विशेषता लेख्नुहोस् ।
२. लोकतन्त्र र राजतन्त्रमा के भिन्नता रहेको छ ?
३. तपाईंले लोकतन्त्रको उपयोग कसरी गर्नुभएको छ ?

# पाठ : ६ ग्रिस र रोमको सभ्यता

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

ई.पू. को १२ औँ शताब्दीबाट सुरु भई ई.पू.को ८ औँ शताब्दीसम्म कायम रहेको प्राचीन युनानको सभ्यतालाई नै ग्रिसको सभ्यताको नामले चिनिन्छ । तत्कालीन युनानमा विभिन्न नगरराज्य थिए । ती नगरराज्यका नागरिक सहरमा भेला भई राज्यका विभिन्न महत्त्वपूर्ण निर्णय गर्थे । तत्कालीन समयमा एथेन्स र स्पार्टा त्यहाँका प्रमुख नगर राज्य थिए ।
वर्तमान इटालीको राजधानी रहेको प्राचीन रोम नगर राज्यको स्थापना रोमस र रोमुलस नाम गरेका दुई जुम्ल्याहा दाजुभाइले स्थापना गरेका थिए । पछि उनीहरूकै नामबाट रोम नाम रहन गएको हो । प्राचीन रोमन साम्राज्यभित्र हालका इटली, जर्मनी, फ्रान्स, ग्रिस, मिश्र, स्पेन तथा मेसोपोटामिया पर्थे । रोमन साम्राज्यमा अगस्ट सिजर नाम गरेका सम्राटको पालामा रोमको विकासले फड्को मार्ने मौका पाएको थियो । यही कारणले उनको शासनकाललाई रोमको इतिहासमा स्वर्ण युग भनिन्छ ।
यस पाठमा प्राचीन ग्रिस र रोमको सभ्यता र प्रभावहरू आदि विषयवस्तु समावेश गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, एटलस अध्ययन, कथाकथन, तालिका निर्माण, समूह कार्य जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी प्राचीन ग्रिस र रोमको सभ्यता बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको कक्षागत सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सिन्धु उपत्यका र युनानी ( ग्रिस र रोम) सभ्यता एवम् पुनर्जागरणको छोटो परिचय दिन तथा यसले मानव जीवनमा पारेको प्रभाव बताउन | – प्राचीन ग्रिसको सभ्यताको परिचय दिन<br>– प्राचीन रोमको सभ्यताको परिचय दिन<br>– ग्रिस र रोमको सभ्यताको प्रभावहरू बताउन |

### (ग) शैक्षणिक सामग्री

- एटलस, भित्ते नक्सा
- प्राचीन ग्रिसको नक्सा तथा होमर र हेरोडोटस्को तस्बिर
- प्राचीन ग्रिसको परिचय लेखिएको चार्ट वा पोस्टर
- प्राचीन रोमको सभ्यताको परिचय लेखिएको चार्ट तथा रोमस र रोमुलसको तस्बिर
- प्राचीन रोमको नक्सा, सुकरात, प्लेटो, अरस्तुको तस्बिर
- ग्रिस र रोमको सभ्यताको प्रभाव लेखिएको तालिका

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई ग्रिस र रोम कहाँ पर्छ भन्ने प्रश्न गर्नुहोस् । उनीहरूले कस्तो उत्तर दिन्छन् त्यसपछि युरोपको नक्सामा ती स्थान खोजी गर्न लगाउनुहोस् । ती स्थान वरपर रहेका विभिन्न नदी, अन्य सहर तथा देश पहिचान गर्न लगाउनुहोस् र विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : एटलस अध्ययन र छलफल**

सुरुआती क्रियाकलापपछि विद्यार्थीलाई एटलसमा इटली, जर्मनी, फ्रान्स, ग्रिस, मिश्र, स्पेन जस्ता स्थान खोजी गर्न लगाउनुहोस् । उनीहरूले खोजी गर्दा आफूले अवलोकन गर्नुहोस् र आवश्यक सहयोग गर्नुहोस् । उक्त स्थान पहिचान गरिसकेपछि यिनीहरू रोमन साम्राज्यभित्र पर्थे भनेर बताइदिनुहोस् । सामग्रीका रूपमा लगेको युरोपको भित्ते नक्सामा रोमन साम्राज्यअर्न्तगतका स्थान देखाएर थप छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ : तस्बिर प्रदर्शन र छलफल**

विद्यार्थीलाई रोमस र रोमुलसको तस्बिर देखाउनुहोस् र ती व्यक्तिलाई पहिचान गर्न लगाउनुहोस् । उनीहरूले पहिचान गर्न नसके विभिन्न क्लुहरू दिएर भए पनि उनीहरूलाई नै पहिचान गर्न लगाई रोमन इतिहासमा ती व्यक्तिको के योगदान छ ? भनी प्रश्न गर्नुहोस् र विद्यार्थीले दिएको उत्तरका आधारमा आवश्यक छलफल गरी प्राचीन रोमको सभ्यताको परिचय लेखिएको चार्टको सहायताले थप प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : चार्ट प्रस्तुति र छलफल**

होमर, सुकरात, प्लेटो, अरस्तु र हेरोडोटस्को तस्बिर देखाउँदै यी कहाँका नागरिक हुन भनी प्रश्न गर्नुहोस् । उनीहरूले के के कुरामा योगदान दिएका थिए भनी प्रश्न गर्दै विद्यार्थीलाई छलफल गरेर भन्न लगाउनुहोस् । त्यसपछि प्राचीन ग्रिसको परिचय लेखिएको चार्टको सहयोगमा ग्रिसको सभ्यताका बारेमा थप जानकारी दिनुहोस् ।

तलको तालिका बनाई विद्यार्थीलाई तालिका भर्न लगाउनुहोस् र आफूले सहयोग गर्नुहोस् ।

| व्यक्तिको नाम | दिएको योगदान |
|---|---|
| होमर | |
| अरस्तु | |
| सुकरात | |
| हेरोडोटस | |

माथिको तालिका भरेर सकेपछि आवश्यक सुझाव सहित निष्कर्षमा पुग्नुहोस् ।

**क्रियाकलाप ४ : कथाकथन**

कुनै एक विद्यार्थीलाई प्राचीन ग्रिस र रोमको इतिहास सम्बन्धित स्रोत समग्री पढ्न लगाउनुहोस् । अन्य विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउनुहोस् त्यसपछि सबैलाई कथाका रूपमा त्यसको सारांश तयार गर्न लगाउनुहोस् । विद्यार्थीले नसकेको खण्डमा पाठ्यपुस्तकको विषयवस्तुको सहयोग लिन लगाई उनीहरूले तयार गरेको कथा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ५ : बुँदा टिपोट र छलफल**

अगिल्लो क्रियाकलाप न. ३ का आधारमा विद्यार्थीलाई ग्रिक र रोमन सभ्यताका प्रभाव लेख्न लगाउनुहोस् । उनीहरूले लेखिसकेपछि ग्रिस र रोमको सभ्यताको प्रभाव लेखिएको तालिकाको सहयोगमा थप छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

### (ङ) मूल्याङ्कन

निम्न अनुसारका प्रश्नहरू गरी विद्यार्थीले उत्तर दिन सके नसकेको आधारमा मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् :

१. युनानी सभ्यता केलाई भनिन्छ, लेख्नुहोस् ।

२. युनानी सभ्यताका प्रभाव के के हुन् ?

३. रोम राज्यको स्थापना कसरी भयो ?

४. ओलम्पिक खेलको सुरुआत कसरी भएको थियो ?

५. प्राचीन युनानका विभिन्न व्यक्तिहरूले दिएका योगदानलाई तालिकामा देखाउनुहोस् ।

# पाठ : ७ सिन्धु उपत्यकाको सभ्यता

अनुमानित कार्यघण्टा : २

## (क) पाठ परिचय

प्राचीन कालमा सिन्धु नदीको किनारमा विकास भएको सभ्यतालाई सिन्धु सभ्यता भनेर चिनिन्छ । यो सभ्यताको प्रभाव हालसम्म पनि नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, अफगानिस्तानमा कायम रहेको पाइन्छ । यी मुलुकका व्यापार, रहनसहन, कला संस्कृति, वेशभूषा, सामाजिक मूल्यमान्यता र संस्कारलाई सिन्धु घाँटीको सभ्यताको प्रभावका रूपमा लिइन्छ । विशेष गरी मेहेन्जोदाडो र हरप्पा नाम गरेको दुईओटा स्थानको उत्खनन् गरिएपछि यस बारेमा धेरै कुरा जानकारीमा आएको थियो ।

यस पाठमा प्राचीन सिन्धु नदी र उपत्यकाको सभ्यता र ती सभ्यताको प्रभाव आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, एटलस अध्ययन, भ्रमणको वर्णन, समूह कार्य जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी सिन्धु उपत्यकाको सभ्यताका बारेमा बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सिन्धु उपत्यका र युनानी (ग्रिस र रोम) सभ्यता एवम् पुनर्जागरणको छोटो परिचय दिन तथा यसले मानव जीवनमा पारेको प्रभाव बताउन | – प्राचीन सिन्धु नदीको सभ्यताको परिचय दिन<br>– प्राचीन सिन्धु उपत्यकाको परिचय दिन<br>– प्राचीन सिन्धु उपत्यकाको सभ्यताको प्रभाव बताउन |

## (ग) शैक्षणिक सामग्री

- एटलस, भित्ते नक्सा
- एसियाको नक्सा र प्राचीन सिन्धु उपत्यकाको इतिहास
- मेहेन्जोदाडो र हरप्पाको उत्खनन्बाट भेटिएका पुरातात्विक चित्र वा तस्बिर
- सिन्धु उपत्यकाको सभ्यताको परिचय लेखिएको चार्ट वा तस्बिर
- सिन्धु उपत्यकाको सभ्यताको प्रभाव उल्लेख गरिएको चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई सिन्धु नदी कहाँ पर्छ भन्ने प्रश्न गर्नुहोस् । उनीहरूलाई एटलसमा उक्त स्थान खोजी गर्न लगाउनुहोस् । त्यस स्थान वरपर रहेका विभिन्न सहर तथा देशहरू पहिचान गर्न लगाउनुहोस् र विषय वस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : एटलस अध्ययन र छलफल**

विद्यार्थीलाई एटलस वा दक्षिण एसियाको भित्ते नक्सामा हरप्पा, मोहेन्जोदाडो, सिन्धु नदी, रावी नदी, पाकिस्तान जस्ता स्थानहरू खोजी गर्न लगाउनुहोस् । उनीहरूले खोजी कार्य गरेको आफूले अवलोकन गर्नुहोस् र आवश्यक सहयोग

गर्नुहोस् । उक्त स्थान पहिचान गरिसकेपछि यही स्थानमा सिन्धु उपत्यकाको सभ्यताको विकास भएको हो भनेर बताई दिनुहोस् ।

**क्रियाकलाप २ : भ्रमणको वर्णन लेखन**

विद्यार्थीलाई सिन्धु नदीको सभ्यताको इतिहास पढेर सुनाउनुहोस् । त्यसपछि उनीहरूलाई आफैले भ्रमण गरे जस्तै गरी सिन्धु नदीको सभ्यताको वर्णन लेख्न लगाउनुहोस् र प्रस्तुत पनि गर्न लगाउनुहोस् । साथै सिन्धु नदीको परिचय लेखिएको चार्टको सहायताले थप प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : समूह छलफल**

विद्यार्थीलाई विभिन्न ४ समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई नेपाललगायत भारत, पाकिस्तान, अफगानिस्तानको रहनसहन र वेशभूषा दोस्रो समूहलाई कला संस्कृति, तेस्रो समूहलाई सामाजिक मूल्य र मान्यता तथा चौथो समूहलाई समाजिक संस्कारका बारेमा समूह छलफल गरी चार्ट पेपरमा लेख्न लगाउनुहोस् र कक्षाको चार भित्तामा टाँस्न लगाउनुहोस् । त्यसपछि प्रत्येक समूहलाई सबैले तयार गरेको विवरण पालैपालो अध्ययन गर्न लगाउनुहोस् । उनीहरूले यी सभ्यताका बारेमा जानकारी पाएपछि यी सबै सभ्यता सिन्धु नदीको सभ्यताबाट विकास भएको कुरा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : टिपोट र तुलना**

विद्यार्थीलाई वर्तमान समयमा नेपाललगायत भारत, पाकिस्तान, अफगानिस्तानमा अभ्यासमा आएका सामाजिक चालचलन, रीतिरिवाज, संस्कार, सामाजिक मूल्यमान्यता, जीवनशैली आदी टिपोट गर्न लगाई त्यसलाई सिन्धु नदीको सभ्यतासँग तुलना गर्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

निम्न अनुसारका प्रश्न गरी विद्यार्थीले उत्तर दिन सके नसकेका आधारमा मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् :

१. सिन्धु उपत्यकाको सभ्यता केलाई भनिन्छ, लेख्नुहोस् ।

२. सिन्धु उपत्यकाको सभ्यताको प्रभाव के के हुन् ?

३. सिन्धु उपत्यकाको सभ्यताको विशेषता के के हुन् ?

४.प्राचीन युनानका विभिन्न व्यक्तिले दिएको योगदानलाई तालिकामा देखाउनुहोस् ।

# पाठ : ८ पुनर्जागरण र यसको प्रभाव

अनुमानित कार्यघण्टा : २

### (क) पाठ परिचय

प्राचीन कालमा विकास भएको युरोपको शिक्षा, संस्कृति, भाषा, साहित्य, कला तथा सभ्यतामा छैटौँ शताब्दीदेखि तेह्रौँ शताब्दीसम्म अन्धविश्वास तथा धार्मिक कट्टरताको कारण ह्रास आएको थियो । सो अवधिमा नागरिकका अधिकारहरू खोसिएका र सभ्यता र समुन्नतिमा अवरोध आएको थियो । चौधौँ शताब्दीदेखि विभिन्न व्यक्तिको अभियान र योगदानको कारण पुनः आफ्नो प्राचीनकालीन शिक्षा, संस्कृति, भाषा, साहित्य, कला तथा सभ्यताको वैज्ञानिक तवरले खोजी हुन थाल्यो । त्यसपछि हरेक क्षेत्रमा नयाँ खोज तथा आविष्कारका कारण ज्ञानको पुनर्जन्म भयो । युरोपको इतिहासमा यसलाई पुनर्जागरण भन्न थालियो ।

यस पाठमा पुनर्जागरणको परिचय, कारण, यसले ल्याएका परिर्वतन र प्रभाव आदि विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी पुनर्जागरणको परिचय दिई यसको प्रभाव बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| सिन्धु उपत्यका र युनानी (ग्रिस र रोम) सभ्यता एवम् पुनर्जागरणको छोटो परिचय दिन तथा यसले मानव जीवनमा पारेको प्रभाव बताउन | – पुनर्जागरणको परिचय दिन<br>– पुनर्जागरणको कारण बताउन<br>– पुनर्जागरणले ल्याएका परिवर्तन बताउन<br>– पुनर्जागरणको कारण कला, साहित्य र विज्ञान प्रविधिमा परेका प्रभाव बताउन |

### ३. शैक्षणिक सामग्री

- एटलस, युरोपको नक्सा
- लियोनार्दो दा भिन्ची, माइकेल एन्जेलो, राफेल, गिवर्टी, ब्रुन्लेस्की, दाँते, इरामस, स्पेन्सर, निकोलस, गिलवर्ट, ग्यालिलियो, न्युटन, केप्लर, निपियर, कोलम्बस, भास्को डि गामा र मार्कोपोलोको तस्बिर
- युरोपको मध्यकालीन इतिहास
- पुनर्जागरणको परिचय उल्लेख गरिएको चार्ट
- पुनर्जागरणको कारणहरू उल्लेख गरिएको चार्ट
- पुनर्जागरणले ल्याएका परिवर्तनहरू उल्लेख गरिएको चार्ट तथा परिवर्तन झल्कने चित्र
- पुनर्जागरणको कारण कला, साहित्य र विज्ञान प्रविधिमा परेको प्रभावहरू उल्लेखित चार्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई लियोनार्दो दा भिन्ची, माइकेल एन्जेलो, राफेल, गिवर्टी, ब्रुन्लेस्की, दाँते, इरामस, स्पेन्सर, निकोलस, गिलवर्ट, ग्यालिलियो, न्युटन, केप्लर, निपियर, कोलम्बस, भास्को डि गामा र मार्कोपोलोमध्ये केही तस्बिर देखाउँदै यी व्यक्तिहरू को हुन् ? यिनीहरूले के योगदान गरेका छन् ? जस्ता प्रश्नमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट प्रदर्शन र छलफल**

विद्यार्थीलाई पुनर्जागरणको अर्थ सोध्नुहोस् । यसको अर्थ उनीहरूबाटै प्राप्त गर्ने कोसिस गर्नुहोस् । शिक्षकले पुनर्जागरणको परिचय उल्लेख गरिएको चार्ट प्रस्तुत गर्दै निम्न जानकारी दिनुहोस् ।

| |
|---|
| प्राचीन कालमा विकास भएको युरोपको शिक्षा, संस्कृति, भाषा, साहित्य, कला तथा सभ्यतामा अन्धविश्वास तथा धार्मिक कट्टरताका कारण छैटौँ शताब्दीदेखि तेह्रौँ शताब्दीसम्म ह्रास आएको थियो ।  नागरिकका अधिकार खोसिएका र सभ्यता र समुन्नतिमा अवरोध आएको थियो । चौधौँ शताब्दीदेखि विभिन्न व्यक्तिहरूको अभियान र योगदानको कारण पुनः आफ्नो प्राचीनकालीन शिक्षा, संस्कृति, भाषा, साहित्य, कला तथा सभ्यताको वैज्ञानिक तवरले खोजी हुन थाल्यो । त्यसपछि हरेक क्षेत्रमा नयाँ खोज तथा आविष्कारहरू भए र ज्ञानको पुनर्जन्म भयो । युरोपको इतिहासमा यसैलाई पुनर्जागरण भन्न थालियो । |

**क्रियाकलाप २  : जोडी छलफल**

पाठ्यपुस्तकको अध्ययन गरी विद्यार्थीलाई पुनर्जागरणका कारण खोजी जोडीमा छलफल गर्न लगाउनुहोस् । केही जोडीलाई प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले पुनर्जागरणका कारण उल्लेख गरिएको चार्ट प्रस्तुत गर्दै विभिन्न उदाहरण दिएर विषयवस्तुलाई प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : चित्र प्रदर्शन र छलफल**

लियोनार्दो दा भिन्ची, माइकेल एन्जेलो, राफेल, गिवर्टी, ब्रुन्लेस्की, दाँते, इरामस, स्पेन्सर, निकोलस, गिलवर्ट, ग्यालिलियो, न्युटन, केप्लर, निपियर, कोलम्बस, भास्को डि गामा र मार्कोपोलाको तस्बिर वा चित्र प्रदर्शन गर्दै  पुनर्जागरणका लागि उनीहरूको योगदान पत्ता लगाई चार्ट पेपरमा तलको जस्तै तलिकामा भर्न लगाउनुहोस् ।

| **क्र.स.** | **व्यक्ति** | **योगदान** |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

**क्रियाकलाप ४ : समूह कार्य र छलफल**

विद्यार्थीलाई विभिन्न ३ समूहमा विभाजन गर्नुहोस् । पहिलो समूहलाई कलामा आएको पुनर्जागरण, दोस्रो समूहलाई साहित्यमा भएको पुनर्जागरण र तेस्रो समूहलाई विज्ञान प्रविधिमा भएको पुनर्जागरणका बारेमा समूह छलफल गरी चार्ट पेपरमा लेख्न लगाउनुहोस् र कक्षाको तीन भित्तामा टाँस्न लगाउनुहोस् । त्यसपछि प्रत्येक समूहलाई सबैले तयार गरेको विवरण पालैपालो अध्ययन गर्न लगाउनुहोस् । सबैले अध्ययन गरिसकेपछि एउटा समूहले अर्को समूहलाई विभिन्न प्रश्न सोध्न लगाउनुहोस् । यसो गर्दा सबै समूहले प्रश्न सोध्न सक्ने व्यवस्था मिलाउनुहोस् ।

**क्रियाकलाप ५ : तालिका पूरा गरौँ**

प्रत्येक विद्यार्थीलाई पाठ्यपुस्तकको क्रियाकलाप न. ३ को कुन कुन कलाकारले कसरी योगदान दिए ? भन्ने प्रश्नको उत्तर तलको तालिकामा भर्न लगाउनुहोस् ।

| क्र.स. | कलाकारको नाम | उनले दिएको योगदान |
| --- | --- | --- |
| | | |
| | | |

**(ङ) मूल्याङ्कन**

निम्नअनुसारका प्रश्न गरी विद्यार्थीले उत्तर दिन सके नसकेका आधारमा मूल्याङ्कन गरी आवश्यक सहजीकरण गर्नुहोस् :

१. पुनर्जागरण केलाई भनिन्छ, लेख्नुहोस् ।
२. पुनर्जागरणमा योगदान दिने व्यक्ति को को हुन् ?
३. युरोपमा भएको पुनर्जागरणले संसारभर के प्रभाव पर्न गयो ?
४. युरोपमा पुनर्जागरण किन भएको थियो ?

## एकाइ : छ हाम्रा आर्थिक क्रियाकलाप

**कार्यघण्टा : २०**

### (क) एकाइ परिचय

घर परिवार वा समाजमा आयआर्जनका लागि गरिने कार्य आर्थिक क्रियाकलाप हो । यस्ता क्रियाकलापमा कृषि, व्यापार उद्योग, सेवा, पर्यटन व्यवसाय आदि पर्छन् । विद्यार्थीलाई नेपालका विभिन्न आर्थिक क्रियाकलापका सम्बन्धमा जानकारी दिई भविष्यमा आर्थिक गतिविधि विवेकपूर्ण तरिकाबाट गर्न सहयोग पुग्छ ।

यस एकाइमा मौद्रिक कारोबार, नेपालका वित्तीय संस्था, नेपालमा पर्यटन, वैदेशिक व्यापार र वैदेशिक रोजगारी जस्ता विषयवस्तु समावेश गरिएका छन् । यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुहरूको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, Gallery Walk, अभिनय, चुनौती खेल जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

### (ख) सिकाइ उपलब्धि, विषयवस्तु, सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धि | शैक्षणिक सामग्री | अनु. का.घण्टा |
|---|---|---|---|---|
| १ | मौद्रिक कारोबार | मौद्रिक कारोबारको अवधारणा बताई यसको व्यावहारिक प्रयोग गर्न | – केही धातु मुद्रा, केही पुरानो समयका नोट<br>– बैङ्क चेक, एटिएम वा बैङ्क ड्राफ्ट | ४ |
| २ | नेपालका वित्तीय संस्थाहरू | नेपालका वित्तीय संस्थाको परिचय र यी संस्थाबाट प्राप्त गर्ने सेवाहरूको पहिचान गर्न | – स्थानीय स्तरमा सन्चालित वित्तीय संस्थाहरूका ब्रोसर<br>– वित्तीय संस्थासम्बन्धी अडियो वा भिडियो सामग्री | ४ |
| ३ | नेपालमा पर्यटन | नेपालका पर्यटन उद्योगको वर्तमान अवस्था, महत्त्व बताउन र पर्यटन व्यावसायमार्फत रोजगार प्रवर्धनका उपाय खोजी गर्न | – नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था, पर्यटन उद्योगको महत्त्व, पर्यटन उद्योगका समस्या र समाधानका उपाय लेखिएको स्लाइड<br>– नेपालका मुख्य धार्मिक वा अन्य पर्यटकीय स्थलसँग सम्बन्धित डकुमेन्ट्री वा भिडियो | ४ |
| ४ | वैदेशिक व्यापार | नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था र महत्त्व बताउन | – मोबाइल वा ट्याबलेट वा ल्यापटप र वाइवाइ चाउचाउको प्याकेट<br>– नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था झल्कने स्लाइड | ४ |

| | | | | |
|---|---|---|---|---|
| | | | – नेपालको वैदेशिक व्यापारसँग सम्बन्धित समाचारको कटिङ वा अडियो<br>– वैदेशिक व्यापारको महत्त्व लेखिएको मेटाकार्ड | |
| ५ | वैदेशिक रोजगारी | वैदेशिक रोजगारीको परिचय, चुनौती र असर पहिचान गर्न | – वाध्ययन्त्र वा रेकर्डर<br>– वैदेशिक रोजगारीको परिचय, वैदेशिक रोजगारीका चुनौती र अवसर लेखिएको स्लाइड<br>– न्युजप्रिन्ट वा कार्डबोर्ड पेपर, कलर पेन | ४ |

# पाठ : १ मौद्रिक कारोबार

अनुमानित कार्यघण्टा : ४

## (क) पाठ परिचय

मुद्राका माध्यमबाट गरिने आर्थिक कारोबारलाई मौद्रिक कारोबार भनिन्छ । नेपालमा विभिन्न समयमा भिन्न वस्तुलाई मुद्राका रूपमा प्रयोग गरिएका इतिहास छन् । अन्य मुद्राको प्रयोग गर्दा धेरै किसिमका समस्या आएकाले नेपालमा वि सं. २००२ बाट कागजी मुद्रा प्रचलनमा ल्याइयो । हाल नेपालमा विभिन्न दरका कागजी मुद्रा प्रचलनमा रहेका छन् । मुद्रा छाप्ने अधिकार नेपालको केन्द्रिय बैङ्क अर्थात् नेपाल राष्ट्र बैङ्कलाई मात्र छ । राष्ट्र बैङ्कले अन्तर्राष्ट्रिय मुद्राकोषको अनुमति लिएर मात्र नोट छाप्न पाउँछ । अन्तर्राष्ट्रिय मुद्राकोष संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्था हो । हाल नेपालमा मौद्रिक कारोबारका माध्यमका रूपमा मुद्रा, बैङ्क चेक, ड्राफ्ट, एटिएम कार्ड, अनलाइन भुक्तानी आदि प्रचलनमा रहेका छन् ।

यस पाठमा मौद्रिक कारोबारको अवधारणा, माध्यम र महत्त्व जस्ता विषयवस्तु समावेश गरिएको छ । यसबाट विद्यार्थीहरूलाई मौद्रिक कारोबारको जानकारी प्राप्त हुनुको साथै मुद्राको उपयोग के कसरी भइरहेको छ भन्ने सम्बन्धमा खोजी गर्न र यसको व्यावहारिक प्रयोग गर्न मदत पुग्ने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| **पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| मौद्रिक कारोबारको अवधारणा बताई यसको व्यावहारिक प्रयोग गर्न | – वस्तु विनिमयको अवधारणा बताउन र भइरहेका अभ्यास पहिचान गर्न<br>– मौद्रिक करोबारको परिचय दिन र महत्त्व बताउन<br>– मौद्रिक करोबारका माध्यम पहिचान गर्न र व्यवहारमा प्रयोग गर्न |

## (ग) शैक्षणिक सामग्री

- केही धातु मुद्रा, केही पुरानो समयका नोटहरू
- बैङ्क चेक, एटिएम कार्ड वा बैङ्क ड्राफ्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

कक्षाका सबै विद्यार्थीलाई आफ्नो घर परिवारमा दैनिक रूपमा प्रयोग गरिने सामग्री सम्झिएर सूची तयार गर्न भन्नुहोस् । त्यसपछि सूचीमा राखिएका वस्तुमध्ये बजार वा पसलबाट किनेर ल्याएका, छिमेकबाट पैँचो मागेर ल्याएका वा कसैसँग कुनै वस्तुसँग साटासाट गरेका वस्तुलाई छुट्याउन लगाउनुहोस् । केही विद्यार्थीलाई उक्त विवरण प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि कुनै वस्तु कसैलाई दिएर उक्त व्यक्तिसँगबाट अर्को वस्तु साटासाट गर्न सजिलो हुन्छ कि पैसाले उक्त वस्तु किन्न सजिलो हुन्छ ? भनेर सामुहिक रूपमा प्रश्न गर्नुहोस् । उनीहरूबाट आएका जवाफ समेट्दै मौद्रिक कारोबार विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : पात्र अभिनय**

विद्यार्थीलाई केही समूहमा राख्नुहोस् । पुस्तकको पेज १२० को भिमबहादुरको कथा अंश समूहमा पढेर छलफल गर्न भन्नुहोस् । त्यसपछि समूहको एक जनाले भिमबहादुर बनेर अर्थात् म पात्र बनेर उक्त अंशमा समेटिएको कुरालाई पुस्तक नहेरी व्यक्त गर्न लगाउनुहोस् । जुन समूहबाट उक्त अंशको मर्मलाई अभिनयात्मक तरिकाले राम्रोसँग प्रस्तुति भयो सो समूहका लागि सबैले ताली बजाएर बधाई व्यक्त गर्नुहोस् । क्रियाकलापको अन्त्यमा शिक्षकले भिमबहादुरको कथा अंशको सारांश बताइदिनुहोस् ।

**क्रियाकलाप २ : जोडी छलफल र प्रस्तुतीकरण**

विद्यार्थीलाई पुस्तकको पेज १२२ को अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकाबाट साभार गरिएको समाचार राम्रोसँग अध्ययन गर्न भन्नुहोस् । उक्त समाचारका अनुसार चानुवाको हाटडाँडामा वस्तु विनिमय कायम रहनुका कारण खोजी गरी जोडी जोडीमा छलफल गर्न लगाउनुहोस् । जोडी छलफलमा प्रत्येकले आफूलाई मन परेको कुरा पनि व्यक्त गर्न भन्नुहोस् । जोडी छलफल सकिए पछि केही जोडीलाई सम्बन्धित स्थानमा वस्तु विनिमय कायम रहनुका कारणहरू र राम्रो लागेको पक्ष बताउन लगाउनुहोस् । उनीहरूबाट व्यक्त धारणा समेट्दै पैसाको अभाव भएको अवस्थामा पनि वस्तु विनिमयले अझै पनि व्यक्तिका आवश्यकता पूरा गर्न सहयोग गरेको निचोड बताइदिनुहोस् ।

**क्रियाकलाप ३ : अनुभव आदानप्रदान र छलफल**

विद्यार्थीलाई तपाईंले वा तपाईंको परिवारले के कस्ता मौद्रिक कारोबारको अभ्यास गर्ने गर्नुभएको छ ? भनी सामुहिक प्रश्न गर्नुहोस् । विद्यार्थीबाट व्यक्त मौद्रिक अभ्यासहरूलाई लेख्ने पाटीमा टिप्दै जानुहोस् । उनीहरूमध्ये बैङ्क चेक, बैङ्क ड्राफ्ट, एटिएमको प्रयोग, अनलाइन भुक्तानी आदि भन्ने विद्यार्थीलाई सम्बन्धित कारोबारको अनुभव बताउन प्रेरित गर्नुहोस् । चेक, एटिएमको प्रदर्शन तथा प्रयोग तरिका आफूले पनि बताइदिनुहोस् । यदि आफूले अनलाइन भुक्तानी गर्ने गर्नुभएको छ भने सोको विवरण पनि नमुनाका रूपमा देखाउँदै पाठको विषयवस्तुलाई थप प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ : चुनौती खेल**

कक्षाका विद्यार्थीलाई दुई समूहमा बाँड्नुहोस् । दुबै समूहलाई **मौद्रिक कारोबार** पाठ राम्रोसँग अध्ययन गर्न र आवश्यक छलफल गर्न पुग्ने समय दिनुहोस् । त्यसपछि एउटा समूहलाई अर्को समूहले नसुन्ने गरी पाठका आधारमा केही अति छोटो उत्तर आउने खालका प्रश्न बनाउन लगाउनुहोस् । दुवै समूहलाई अर्को समूहले अति छोटो उत्तर आउने प्रश्न सोधेर चुनौती दिनुहोस् । खेल सकिएपछि धेरै प्राप्ताङ्क ल्याउने समूहलाई विजयी घोषित गर्नुहोस् । साथै विषयवस्तुको सम्बन्धमा आवश्यक सहजीकरण गर्दै क्रियाकलाप अन्त्य गर्नुहोस् ।

| समूहको नाम | प्राप्ताङ्क |
|---|---|
| | |

### (ङ) मूल्याङ्कन/स्वप्रतिविम्बन

पाठको अभ्यासमा दिएका प्रश्नका साथै तलका जस्तै प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गरी पृष्ठपोषण समेत प्रदान गर्नुहोस् ।

केही प्रश्नहरू

१. मौद्रिक कारोबार भनेको के हो, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२.तपाईंले वा परिवारले अनुभव गरेका वस्तु विनिमयकाका अभ्यास र भोग्नुपरेको समस्यालाई सानो कथाका रूपमा तयार गरी प्रस्तुत गर्नुहोस् ।
३. मौद्रिक कारोबारअन्तर्गत पर्ने कुन कारोबार तपाईंलाई बढी सुरक्षित र सजिलो लाग्छ, कारण पनि उल्लेख गर्नुहोस् ।

विद्यार्थीलाई आफ्नो परिवारका अग्रज वा जानकार व्यक्तिसँग सोधी उहाँहरूले पहिले वस्तु विनीमय गर्दाका अनुभव, भोगेका अप्ठ्यारा र हालको अनुभव सङ्कलन गरी प्रतिवेदन पेस गर्न लगाउनुहोस् । उक्त कार्यको निम्ननानुसार मूल्याङ्कन गर्नुहोस् ।

| विद्यार्थीको नाम | दिइएको कार्य राम्रोसँग सम्पन्न गरेको (३) | दिइएको कार्य सामान्य तरिकाले सम्पन्न गरेको ( २) | दिइएको कार्य राम्रोसँग सम्पन्न नगरेको (१) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नोटः प्रतिवेदनको लागि शिक्षकले सामान्य ढाँचा दिन सक्नुहुन्छ ।

# पाठ : २    नेपालका वित्तीय संस्थाहरू

अनुमानित कार्यघण्टा : ४

### (क) पाठ परिचय

नियमानुसार मौद्रिक कारोबार गर्न इजाजत/अनुमति पाएका संस्थाहरू वित्तीय संस्था हुन् । नेपालमा विभिन्न वित्तीय संस्थाहरूले मौद्रिक कारोबार गर्छन् । यस्ता संस्थाहरूमा सरकारी, अर्धसरकारी तथा निजी क्षेत्रका बैङ्क, बचत तथा ऋण सहकारी संस्था, वित्त कम्पनी आदि पर्छन् । यी संस्थाहरूमा रुपियाँ पैसा बचत गर्न आवश्यक परेको समयमा ऋण लिएर व्यावसाय सञ्चालन तथा अन्य कार्य गर्न सकिन्छ । बहुमूल्य वस्तु सुरक्षित राख्न लकरको सुविधाका साथै नेपाल सरकारले तोकेका बैङ्कहरूमा वैदेशिक मुद्रा सटही गर्न पाइन्छ । जुनसुकै वित्तीय संस्थाहरूमा बचत गर्न वा ऋण लिनका लागि तोकिएको नियम तथा प्रक्रिया पूरा गर्नुपर्छ । विभिन्न प्रलोभनमा परी स्थानीय साहु महाजनबाट चर्को ब्याजदरमा ऋण लिनाले धेरै जनसाधारण समस्यामा परेका सन्दर्भमा नेपालका वैधानिक वित्तीय संस्थाहरूको सेवाबारे विद्यार्थीलाई जानकारी दिई उसको घरपरिवार तथा समुदायलाई सहयोग पुऱ्याउन सकिन्छ । यसको साथै प्रचलित आधुनिक वित्तीय कारोबारको अभ्यास गर्न पनि सहयोग पुग्ने देखिन्छ ।

यस पाठमा नेपालका वित्तीय संस्थाहरूको परिचय तथा ती संस्थाहरूबाट प्राप्त हुने सेवासम्बन्धी विषयवस्तु समावेश गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – नेपालका वित्तीय संस्थाको परिचय र यी संस्थाहरूबाट प्राप्त गर्ने सेवाहरूको पहिचान गर्न | – स्थानीय स्तरमा सञ्चालित वित्तीय संस्थाहरू र तिनका सेवाहरू बताउन<br>– स्थानीय साहुमहाजनबाट भन्दा वित्तयि संस्थासँग कारोबार गर्दा हुने फाइदा बताउन |

### (ग) शैक्षणिक सामग्री

- स्थानीय स्तरमा सञ्चालित वित्तीय संस्थाहरूका ब्रोसर
- वित्तीय संस्थासम्बन्धी अडियो वा भिडियो सामग्री

### (घ) शिक्षण सिकाइ क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

तपाईंको घर वा बस्ती नजिकै कुनै बैङ्क वा वित्तीय संस्था छन् ? छन् भने तिनीहरूले गर्ने कुन कुन कामको सम्बन्धमा तपाईंलाई जानकारी छ ? आदि प्रश्न गर्दै प्राप्त उत्तरलाई समेटेर विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप १ : दोहरी गीत प्रस्तुति

कक्षालाई दुई समूहमा बाँड्नुहोस् । तलका दुईओटा दोहोरी गीतका टुक्रा कक्षाको दायाँ र बायाँ लहरमा बस्ने विद्यार्थी समूहलाई बाँड्नुहोस् । उक्त गीत विद्यार्थीलाई आफैँले भाका दिएर गाउन प्रेरित गर्नुहोस् । उनीहरूले समूहमा अभ्यास गरिसकेपछि कक्षाका दाँया रहेको समूहलाई गीत गाउन सुरु गर्न भन्नुहोस । उक्त समूहले गाइसकेपछि  बाँया रहेको

समूहलाई गाउन लगाउनुहोस् । दुबै समूहले गाएको गीतको विषयवस्तु के होला भनी सामुहिक रूपमा प्रश्न गर्नुहोस् र आवश्यक छलफल गरी अर्को क्रियाकलापमा प्रवेश गर्नुहोस् ।

दाँया समूहले गाउने गीत

हे....व्यावसाय गर्न चाहिने भो धन त

कसो गरी काम चलाउँ भन त

कमाउनु छ धन,

विदेश जाउँ कि नेपालमै बसौँ खै,

दोधारे भो मन ।

बाँया समूहले गाउने गीत

हे...नजाउ विदेश यही देशमा गरौँ काम

ऋृण चाहिएमा हिँड लौ बैङ्क जाउँ

नडुलाउ न मन,

आफ्नै देश काम गरी कमाउने हो धन ।

**क्रियाकलाप २ : संवाद र पृष्ठपोषण**

चार जना विद्यार्थीलाई नुरुल हक, प्रेक्षा, प्रतीक र एलिजाको भूमिका निर्वाह गर्न लगाउनुहोस् । तीन जना विद्यार्थीलाई क्रियाकलाप अवलोकन गर्न र पुष्ठपोषण दिने जिम्मेवारी दिनुहोस् । संवादमा सहभागी हुने विद्यार्थीलाई पुस्तक हेरेर नभइ अगि पढेको वा सुनेको आधारमा पाठसँग सम्बन्धित जिज्ञासा राख्न भन्नुहोस् । यदि उनीहरूलाई गाह्रो परेमा नजिकको साथीले सहयोग गर्न सक्ने कुरा पनि बताइदिनुहोस् र संवाद सुरु गर्नुहोस् । विद्यार्थीले आवश्यक ठानेमा यो क्रम दोहऱ्याउन र संवादमा भाग लिने पात्र पनि फरक गर्न सक्नुहुने छ । क्रियाकलाप सकिएपछि अवलोकनकर्तालाई पालैपालो पुष्ठपोषण दिन लगाउनुहोस् । पृष्ठपोषणकर्ता र संवादमा सहभागी सबैलाई धन्यवाद दिनुहोस् र पाठको विषयवस्तुलाई थप स्पष्ट पार्दै क्रियाकलाप अन्त्य गर्नुहोस् ।

**क्रियाकलाप ३ : स्रोत व्यक्ति आमन्त्रण**

सम्भव भएमा नजिकैको बैङ्क वा अन्य वित्तीय संस्थाका कर्मचारी वा जानकार व्यक्ति आमन्त्रण गरी नेपालका वित्तीय संस्थाहरूको परिचय तथा सामान्य कार्यहरूको सम्बन्धमा कक्षा लिन अनुरोध गर्नुहोस् । यदि संभव नभएमा कक्षाका विद्यार्थीलाई आवश्यक निर्देशन दिई पाठमा लेखिएका संवादलाई हाउभाउका साथ पढ्न लगाउनुहोस् । यो क्रियाकलाप विद्यार्थी सङ्ख्या, उनीहरूको रुचि तथा समय हेरी दुई तीन पटक पनि गराउन सकिन्छ । यो क्रियाकलाप गराउँदा विद्यार्थीलाई संवादमा समेटिएका महत्त्वपूर्ण कुरा स्मरण गर्न पनि भन्नुहोस् ।

**क्रियाकलाप ४ : समूह कार्य र प्रस्तुति**

स्थानीय तह वा आसपासमा सञ्चालित वित्तीय संस्था र तिनले प्रदान गरेका सेवा सम्बन्धमा जानकारी आदानप्रदान गर्नका लागि कक्षाका विद्यार्थीलाई आवश्यकताअनुसार समूहमा विभाजन गर्नुहोस् । तपाईंको जानकारीमा रहेका वित्तीय संस्थाका आधारमा समूह सङ्ख्या र समूहको नामाकरण पनि गर्न सकिन्छ । जस्तै : कृषि सहकारी, लघुवित्त, ...बैङ्क आदि । गोला प्रथाद्वारा वित्तीय संस्था रोज्न लगाई सबै समूहले आफूलाई परेको स्थानीय वित्तीय संस्थाको छोटो परिचय

र प्रदान गर्ने सेवाहरू लेख्न प्रेरित गर्नुहोस् । उनीहरूलाई उक्त कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित संस्थाहरूको वेबसाइट वा सम्बन्धित संस्थाका ब्रोसरहरू उपलब्ध गराउनुहोस् । सबै समूहलाई एक एकओटा कार्डबोड वा लुजसिट उपलब्ध गराई सम्बन्धित संस्थाको परिचय र सेवाहरू लेखेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । सम्बन्धित संस्थाहरूको श्रव्यदृष्य सामग्री प्रस्तुत गर्दै समूहलाई आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ङ) मूल्याङ्कन/प्रतिविम्बन**

पाठको अभ्यासमा दिएका साथै तलका जस्तै प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् ।

केही प्रश्नहरू

१. तपाइँ वा तपाइँको परिवारले कुनै व्यक्तिलाई ऋण दिने वा व्यक्तिसँगबाट ऋण लिने गर्नुभएको छ ? यदि छ भने सोको प्रक्रिया उल्लेख गर्नुहोस् ।

२. तपाइँ बस्ने स्थानमा भएका वित्तीय संस्थामध्ये आफूले सेवा लिएको संस्थाको नाम र सेवा उल्लेख गर्नुहोस् ।

३. साहुमहाजनभन्दा वित्तीय संस्थाबाट कारोबार गर्दा हुने फाइदा के के होलान, खोजी गरी प्रस्तुत गर्नुहोस् ।

४. तपाइँको घर परिवारले बचत तथा ऋण सहकारीमा बचत गर्नुभएको छ भने सो आफ्नो बचत सुरक्षित छ भन्ने आधार के के छन्, खोजी गर्नुहोस् ।

विद्यालय आसपासमा रहेको कुनै वित्तीय संस्थामा अवलोकन भ्रमणमा लागि उक्त संस्थाले दिने सेवाका सम्बन्धमा अन्तरक्रिया गर्ने व्यवस्था मिलाउनुहोस् । उक्त कार्यको निम्न आधारमा मूल्याङ्कन गर्न सकिन्छ ।

| सहभागी विद्यार्थीको नाम | ...विषयवस्तुप्रतिको जिज्ञासा | अन्तरक्रियामा देखाएको सक्रियता | सहभागिता | समन्वय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोट : यसका अलावा अन्य मूल्याङ्कन तरिका पनि अपनाउन सक्नुहुने छ ।

# पाठ : ३ नेपालमा पर्यटन

अनुमानित कार्यघण्टा : ४

### (क) पाठ परिचय

धर्मिक, व्यावसायिक, मनोरञ्जनलगायत उद्देश्यले एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने कार्यलाई पर्यटन भनिन्छ । पर्यटन आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । नेपालको आर्थिक विकासका लागि पर्यटन महत्त्वपूर्ण क्षेत्र हो । नेपालका प्राकृतिक मनोरम दृश्य र यहाँको भौगोलिक विविधताअनुसारका सामाजिक सांस्कृतिक विविधताले विदेशी तथा स्वदेशी पर्यटकहरूलाई लोभ्याउँछ । नेपालमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनले यहाँका पर्यटन व्यावसायमा राम्रो सहयोग पुगेको छ । नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्थाको जानकारी, महत्त्व बुझाउँदै रोजगारी प्रवर्धनका उपायसमेत खोजी गर्न सिकाउने यस पाठको उद्देश्य रहेको छ । यसका लागि विद्यार्थीलाई स्थानीय स्तरमा भएका पर्यटनसँग सम्बन्धित गतिविधीहरूसँग जोड्दै सिकाइ सहजीकरण गरेमा पाठगत र पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धी हासिल गर्न सहज हुने देखिन्छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालका पर्यटन उद्योगको वर्तमान अवस्था, महत्त्व बताउन र पर्यटन व्यवसायमार्फत रोजगार प्रवर्धनका उपायहरू खोजी गर्न | – स्थानीय स्तरमा भएका पर्यटकीय गतिविधि पहिचान गर्न<br>– नेपालका पर्यटन उद्योगको वर्तमान अवस्था बताउन<br>– पर्यटन उद्योगको महत्त्व व्याख्या गर्न<br>– पर्यटन व्यवसायमा स्थानीयको संलग्नताको जानकारी लिई पर्यटन व्यावसायले रोजगारी प्रवर्धनमा खेल्ने भूमिकाको खोजी गर्न |

### (ग) शैक्षणिक सामग्री

- नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था, पर्यटन उद्योगको महत्त्व, पर्यटन उद्योगका समस्या र समाधानका उपाय लेखिएको स्लाइड/चार्ट
- नेपालका मुख्य धार्मिक वा अन्य पर्यटकीय स्थलसँग सम्बन्धित डकुमेन्ट्री वा भिडियोहरू

### (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई आफू बसेको ठाउँबाहेक स्वदेश विदेशमा कही जानुभएको छ होला ? किन त्यहाँ जानुभएको थियो ? तपाईं गएका ठाउँमा के के नयाँ कुरा देख्नुभयो ? जस्ता प्रश्न सोधेर जानकारी लिनुहोस् र शैक्षणिक पाटीमा मुख्य कुरा टिपोट गर्नुहोस् । शिक्षकले समेत आफ्ना अनुभव सुनाउँदै पर्यटनसम्बन्धी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

#### क्रियाकलाप १ : प्रदर्शन र छलफल

नेपालका विभिन्न पर्यटकीय क्षेत्र तथा स्थलहरूको भिडियो वा डकुमेन्ट्री वा तस्बिरहरू प्रदर्शन गर्दै सो स्थानका बारेमा विद्यार्थीको पूर्व ज्ञान भए सो पनि सुनाउने अवसर दिएर कक्षामा केहीबेर छलफल गराउनुहोस् ।

यसै क्रममा धार्मिक, व्यावसायिक तथा मनोरञ्जनका लागि पर्यटकहरू विभिन्न ठाउँमा जाने गर्छन् भन्ने कुरा बताउँदै पर्यटनको अवधारणा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : छलफल**

विद्यार्थीलाई आफ्नो स्थानीय तह वा जिल्लामा पनि पर्यटन प्रयोजनका लागि पर्यटक आउने स्थानहरू छन् कि भनी केही समय सोच्न भन्नुहोस् र एउटै बेन्चमा बस्ने साथीबिच छलफल गर्न लगाउनुहोस् । उनीहरूको छलफल सकिएपछि सम्बन्धित स्थानको विद्यमान अवस्था बताउन प्रेरित गर्नुहोस् । उनीहरूलाई सजिलो पार्न र पर्यटन उद्योगसँग विषयवस्तुलाई जोड्नको लागि केही क्ल्यु पनि दिँदै जानुहोस् । जस्तै : स्थानीय सिप, जानकारीमूलक सूचना, उत्पादनका वस्तुको व्यापार, होमस्टे वा होटल आदि । विद्याथीहरूबाट व्यक्त गरिएका कुरालाई शैक्षणिक पाटीको एक साइडमा टिपोट गर्दै जानुहोस् । टिपोट गरिएका कुरालाई समेट्दै विभिन्न उदाहरण दिएर स्थानीय पर्यटनको वर्तमान अवस्था स्पष्ट गर्नुहोस् ।

**क्रियाकलाप ३ : प्रदर्शन र छलफल**

विद्यार्थीलाई स्थानीय पर्यटनको वर्तमान अवस्था र नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था फरक होला कि नहोला ? के के कुरामा फरक होला भनी प्रश्न सोध्नुहोस् । उनीहरूबाट आएका कुरामध्ये सान्दर्भिक कुराहरू बोर्डमा टिप्नुहोस् । त्यसपछि **नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था** लेखिएको स्लाइड वा चार्ट प्रदर्शन गरी प्रत्येक बुँदालाई विभिन्न उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : मस्तिष्क मन्थन**

विद्यार्थीको चार पाँचओटा समूह निर्माण गरी पर्यटन उद्योगको महत्त्व सम्बन्धमा समूह समूहमा छलफल गराउनुहोस् । उनीहरूले आपसमा छलफल गर्दै गर्दा शिक्षकले पर्यटन उद्योगको महत्त्वबोध गराउने खालका केही वाक्यांश शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । जस्तै : विदेशी मुद्रा आर्जन, रोजगारीको अवसर, घरेलु उद्योगलाई टेवा ..आदि । विद्यार्थीको समूह छलफल सकिएपछि प्रत्येक समूहलाई कुनै ३ ओटा महत्त्व बताउन भन्नुहोस् । महत्त्व बताउँदा अगिल्लो समूहले भनेको बुँदा नदोहोरिने गरी बताउन भन्नुहोस् । उनीहरूबाट आएका बुँदा तपाईँले बोर्डमा टिपेका कुरासँग धरै मेल खान सक्छन् र विद्यार्थीबाट कतिपय नयाँ बुँदा पनि आएका हुन सक्छन् । ती सबैलाई समेट्दै नेपालको आर्थिक विकासमा पर्यटन क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको कुरा प्रस्ट पारिदिनुहोस् ।

नेपालमा पर्यटन उद्योगको महत्त्व

१. विदेशी मुद्रा आर्जन हुन्छ ।

२. रोजगारीको अवसर प्राप्त हुन्छ ।

३. व्यापार वृद्धि हुन्छ ।

४. घरेलु उद्योगको विकासमा टेवा पुग्छ ।

५.विश्वमा नेपालको प्रचार प्रसार हुन्छ ।

६. नेपाली कला र संस्कृतिको संरक्षणमा सहयोग पुग्छ ।

**क्रियाकलाप ५ : भूमिका अभिनय/संवाद**

कक्षामा विद्यार्थीको चारओटा समूह निर्माण गर्नुहोस् । समूहको नामाकरण गर्दा पर्यटन क्षेत्रसँग सम्बन्धित हुने गरी गर्नुहोस् । जस्तै : पर्वतारोहण समूह, होटल तथा होमस्टे समूह, ऱ्याफ्टिङ समूह, हस्तकला समूह नामाकरण गरी सम्बन्धित नामअनुसारको काम अभिनय गरेर देखाउन लगाउनुहोस् । अभिनयका लागि कम्तिमा १० ओटा संवाद

तयार गर्नुपर्ने कुरा बताउनुका साथै सोका लागि आवश्यक सहजीकरण पनि गरिदिनुहोस् । सबैको तयारी पूरा भएपछि पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । सबै समूहको प्रस्तुतिसँगै सम्बन्धित क्षेत्रमा संलग्न रोजगारीकर्ताले पर्यटकको बसाइ लम्ब्याउनका लागि उपलब्ध गराउनुपर्ने आवश्यक सेवा सुविधा र गर्नु पर्ने व्यवहारका कुराहरू पनि बताइदिनुहोस् ।

**क्रियाकलाप ६ : छलफल र प्रस्तुतीकरण**

विद्यार्थीलाई क्रियाकलाप ५ कै समूहमा रही पर्यटन उद्योगको समस्याहरू छलफल गरी टिपोट गर्न लगाउनुहोस् । उनको टिपोटको प्रस्तुति पछि स्लाइड वा चार्ट प्रदर्शन गरी पर्यटन उद्योगको समस्या सम्बन्धमा प्रस्ट पारिदिनुहोस् ।

**पर्यटन उद्योगका समस्याहरू**

- **गुणस्तरीय होटल तथा लजको कमी**
- **पर्यटकीय क्षेत्रको प्रचारप्रसारको कमी**
- **पथ प्रदर्शकको कमी**
- **यातायात र सञ्चार जस्ता पूर्वाधारको कमी**
- **मनोरञ्जनका साधनको कमी**
- **धार्मिक सांस्कृतिक सम्पदाको संरक्षणको अभाव**

**क्रियाकलाप ७ : रनिङ डिक्टेसन**

विद्यार्थीलाई ४ ओटा समूहमा बस्न लगाई रनिङ डिक्टेसन गराउनुहोस् ।

**पर्यटन उद्योगका समस्या समाधानका उपायहरू**

उच्च स्तरका होटल तथा लजको व्यवस्था गर्नुपर्छ ।

नयाँ नयाँ पर्यटकीय गन्तव्यको विकास गर्नुपर्छ ।

देश र विदेशमा समेत पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा जोड दिनुपर्छ ।

दक्ष पथ प्रदर्शकको व्यवस्था गर्नुपर्छ ।

पूर्वाधारको विकास गर्नुपर्छ

शान्ति सुरक्षाको प्रबन्ध मिलाउनुपर्छ ।

**(ङ) मूल्याङ्कन**

पाठमा दिइएको क्रियाकलाप, अभ्यास र तलका जस्तै प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

१. तपाईं बस्ने ठाउँ वरपर के कस्ता पर्यटन व्यवसाय सञ्चालन गर्न सकिने सम्भावना देख्नुहुन्छ, उल्लेख गर्नुहोस् ।

२. अरूले सञ्चालन गरेको पर्यटन व्यवसायबाट स्थानीय बासिन्दाले पनि फाइदा लिन सक्छन्, कसरी ?

३. तपाईँ गाउँ वा नगरको प्रमुख हुनुभयो भने स्थानीय स्तरमा कसरी पर्यटक आकर्षण गरी युवालाई स्वदेशमा नै रोजगारी दिलाउनु हुने थियो, आधार तयार गर्नुहोस् ।

# पाठ : ४ वैदेशिक व्यापार

अनुमानित कार्यघण्टा : ४

**(क) पाठ परिचय**

नाफा कमाउने उद्देश्यले वस्तु तथा सेवाको खरीद बिक्री गरिने कार्यलाई व्यापार भनिन्छ । वस्तु तथा सेवाको व्यापार देशभित्र र बाहिर गरी दुई किसिमबाट गरिन्छ । देशमा उत्पादन भएका वस्तु तथा सेवाहरू आफ्नै देशका विभिन्न स्थानमा गरिने व्यापार स्वदेशी व्यापार वा आन्तरिक व्यापार हो । स्वदेशी वस्तु तथा सेवा अर्को देशमा बिक्री गरिने वा बाहिर मुलुकबाट आयात वा खरिद गर्ने कार्य वैदेशिक व्यापार हो । यस अर्थमा वैदेशिक व्यापार देशको सिमानाभन्दा बाहिर हुन्छ । नेपालले दशकपहिले देखि कृषिजन्य वस्तुहरू जस्तै चिया, कफीलगायतका वस्तुका साथै पस्मिना, गलैंचा, जडीबुटी, जुत्ता, वियर आदि विदेशमा निर्यात गर्दै आएको छ भने सुन चाँदी, डिजेल पेट्रोल, विद्युतीय सामग्री आदि विदेशबाट आयात गर्छ । यस पाठको अध्ययन पश्चात् विद्यार्थीले नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्थालाई बुझ्न र महत्त्व बताउन सक्षम हुने छन् । यस पाठको माध्यमबाट वस्तुको विवेकपूर्ण उपयोग गरी नेपालमा चुलिँदै गएको आयातलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्न पनि सिकाउन खोजिएको छ । शिक्षकले यहाँ दिइएका क्रियाकलापका साथै अन्य सान्दर्भिक क्रियाकलापका माध्यमबाट आयात नियन्त्रण र निर्यात वृद्धिका लागि चिन्तन गर्न विद्यार्थीलाई सहयोग पुऱ्याउन सक्नु हुने छ ।

(ख) **सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था र महत्त्व बताउन | – वैदेशिक व्यापारको परिचय दिन<br>– नेपालबाट आयात निर्यात हुने मुख्य वस्तु तथा सेवाको सूची तयार गर्न<br>– वैदेशिक व्यापारको महत्त्व बताउन<br>– वैदेशिक व्यापारसँग सम्बन्धित समस्या पहिचान गर्न र समाधानका उपाय उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- मोबाइल वा ट्याबलेट वा ल्यापटप र बिस्कुट, चाउचाउ आदिको खोल वा ऱ्यापिङ पेपर
- नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था झल्काउने स्लाइड/तालिका/चार्ट
- नेपालको वैदेशिक व्यापारसँग सम्बन्धित समाचारका कटिङ
- वैदेशिक व्यापारको महत्त्व लेखिएको मेटाकार्ड

**(घ) सिकाइ सहजीकरण प्रक्रिया**

**(अ) सुरुआती क्रियाकलाप**

आफ्नो मोबाइल वा ट्याबलेट वा ल्यापटपआदि मध्ये कुनै एक सामग्री देखाएर उक्त वस्तुका बारेमा सबै विद्यार्थीलाई बोल्न प्रेरित गर्नुहोस् । उनीहरूबाट आएका कुरा ध्यान दिएर सुन्नुहोस् । विषयवस्तुसँग सान्दर्भिक कुरा जस्तै : सञ्चारका साधन, विदेशबाट आयात, बढ्दो आयात, धेरै नेपालीको हातहातमा मोबाइल...आदि कुरा विद्यार्थीले बताउन सक्छन् । सान्दर्भिक कुरा शैक्षणिक पाटीमा टिपोट पनि गर्नुहोस् । त्यस पछि नेपालको वाइवाइ वा अन्य धेरै बिक्री हुने चाउचाउको प्याकेट प्रदर्शन गर्दै उनीहरूलाई त्यसका बारेका केही कुरा बोल्न भन्नुहोस् । उनीहरूबाट आएका कुरालाई समेत जोड्दै यीमध्ये मोबाइल आयात हुने र चाउचाउ निर्यात हुने वस्तु वा सामान हुन् भनी विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : समाचार, घटना अध्ययन**

वैदेशिक व्यापारसँग सम्बन्धित केही समाचारका अंशहरू वा एफएम वा राष्ट्रिय समाचारको अडियो सङ्कलन गरी कक्षामा लैजानुहोस् र विद्यार्थीलाई अध्ययन गर्न लगाउनुहोस् । उक्त सामग्रीमा भएका मुख्य कुरा विद्यार्थीलाई भन्न लगाई आफूले लेख्ने पाटीमा टिपोट गर्नुहोस् । टिपोट गरिएका कुरालाई जोड्दै विभिन्न उदाहरणसहित वैदेशिक व्यापारको परिचय दिनुहोस् ।

**क्रियाकलाप २ : वर्गीकरण र प्रस्तुति**

प्रत्येक बेन्चमा बसेका विद्यार्थीलाई एउटा समूह मानी उनीहरूको साथमा भएका र उनीहरूको घरमा प्रयोग गरिएका वस्तुहरूका नाम र उत्पादन गर्ने देशको नामसहितको सूची तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । सबै समूहबाट आएका मुख्य कुरालाई समेट्दै नेपालमा वैदेशिक व्यापारको वर्तमान अवस्था झल्कने (आयात निर्यातका वस्तु तथा सेवासमेतको) स्लाइड प्रस्तुत गर्दै स्पष्ट गर्नुहोस् ।

नेपालले आयात गर्ने मुख्य वस्तुहरू : पेट्रोलियम पदार्थ, औषधी, सुन, मेसिनरी, इलेक्ट्रोनिक्स सामान, सवारी साधन आदि

नेपालले निर्यात गर्ने वस्तुहरू : गलैँचा, उनका कपडा, चिया, जडिबुटी, अलैँची, हस्तकलामा सामान आदि

**क्रियाकलाप ३ : परियोजना कार्य**

विद्यार्थीलाई घरनजिकै रहेका केही पसलमा गएर उक्त पसलमा रहेका स्वदेशी उत्पादन र विदेशबाट आयात गरिएका वस्तुहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस्

| स्वदेशमा उत्पादन भएका वस्तु | उत्पादन मिति | विदेशमा उत्पादन भएका वस्तु | उत्पादन मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**क्रियाकलाप ४ : मेटाकार्ड प्रस्तुति र छलफल**

कुनै सात जना विद्यार्थीलाई अगाडि बोलाउनुहोस् । उनीहरूलाई वैदेशिक व्यापारको महत्त्व लेखिएको एक एकओटा मेटाकार्ड दिनुहोस् । प्रत्येकलाई आफूलाई परेको कार्डमा लेखिएको कुरा कक्षाका सबैले सुन्नेगरी पढ्न भन्नुहोस् । साथै उक्त कार्डमा लेखिएको कुरालाई थप प्रस्ट पार्न पनि प्रेरित गर्नुहोस् । जस्तै : वैदेशिक व्यापारले रोजगारीका अवसरमा वृद्धि हुन्छ भन्ने कार्ड पढ्ने विद्यार्थीले, निर्यात गरिने वस्तु उत्पादन गर्न धेरै कामदार वा जनशक्ति आवश्यक पर्ने भएकाले देशमा रोजगारीको अवसर बढ्छ भन्न सक्छ । यदि आफूले पढेको कुरा प्रस्ट पार्न कुनै विद्यार्थीले नसकेमा कक्षाका अरूलाई बोल्ने अवसर दिनुहोस् । सबैको सक्रियताका लागि धन्यवाद दिँदै उनीहरूबाट आएका कुरालाई समेत मिलाएर मेटाकार्डमा लेखिएको प्रत्येक महत्त्वलाई सान्दर्भिक उदाहरणसहित शिक्षकले प्रस्ट पारिदिनुहोस् ।

**मेटाकार्डको नमुना**

वैदेशिक व्यापारको महत्त्व

आवश्यक उपयोग्य वस्तु वा सेवाको आपूर्ति हुन्छ ।

रोजगारीको अवसरमा वृद्धि हुन्छ ।

उचित मूल्यमा गुणस्तरीय वस्तु उपयोग गर्न पाइन्छ ।

स्थानीय स्रोत साधनको सदुपयोग हुन्छ ।

स्वदेशी वस्तुको बजार विस्तार भई विदेशी मुद्रा आर्जन हुन्छ ।

विज्ञान र प्रविधिको विकास हुन्छ ।

राजस्व सङ्कलनमा वृद्धि हुन्छ ।

**क्रियाकलाप ५ : जोडी जोडीमा छलफल र प्रस्तुति**

कक्षाका सबै विद्यार्थीलाई पाठ्यपुस्तमा रहेको **नेपालको वैदेशिक व्यापारका समस्या र समाधानका उपायहरू अध्ययन** गर्न भन्नुहोस् । त्यसपछि कक्षाका एक साइडका विद्यार्थीहरूलाई जोडी जोडीमा **नेपालको वैदेशिक व्यापारका समस्या** सम्बन्धमा छलफल गर्न भन्नुहोस् । दुई जनाबिच छलफल गरिसकेपछि साझा समस्या पहिचान गरी टिपोट गर्न लगाउनुहोस् । कक्षाको अर्को साइडमा बस्ने विद्यार्थीलाई पनि जोडी जोडीमा **नेपालमा वैदेशिक व्यापारका समस्या समाधानका उपाय**का सम्बन्धमा छलफल गर्न लगाई साझा उपायहरू पहिचान गरी टिपोट गर्न भन्नुहोस् । उनीहरूले टिपोट गरेका कुराहरू प्रस्तुत गर्न लगाउनुहोस् र कुनै जोडी समूहले थप गर्न चाहेमा अवसर दिनुहोस् । त्यसपछि शिक्षकले **नेपालको वैदेशिक व्यापारका समस्या र समाधानका उपायहरू** लेखिएको स्लाइड प्रस्तुत गर्दै विषयवस्तुलाई सान्दर्भिक उदाहरणसहित प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ६ : प्रश्नोत्तर खेल**

विद्यार्थीलाई सङ्ख्याका आधारमा दुई, चार वा छ समूहमा विभाजन गर्नुहोस् । सबै समूहलाई पुस्तकको पेज १३० वैदेशिक व्यापार पाठ अध्ययन गर्न र समूह छलफल गरी मुख्य बुँदा टिपोट गर्न भन्नुहोस् । त्यसपछि सबै समूहलाई त्यस अंशमा भएका मुख्य कुरामा आधारित भएर केही छोटो उत्तर आउने खालका प्रश्न निर्माण गर्न लगाउनुहोस् र प्रश्नोत्तर खेल खेलाउनुहोस् ।

**खेल खेल्ने तरिका**

- पहिलो समूहले दोस्रो समूहलाई कुनै एक प्रश्न सोध्ने छन् । दोस्रोले उत्तर दिएपछि उक्त समूहले पहिलो समूहलाई प्रश्न सोध्ने छ । त्यसरी नै तेस्रोले चौथोलाई, चौथोले तेस्रोलाई र पाँचौँले छैटौँलाई र छैटौँले पाँचौँलाई क्रमशः प्रश्न सोध्नेछन् ।
- उत्तर दिनका लागि एक मिनेट मात्र समय हुने र सो अवधिमा अर्को समूहले उत्तर नदिए प्रश्न सोध्ने समूहले नै नम्बर पाउने छ ।
- एउटै प्रश्न दोहोरिनु हुँदैन ।
- क्रमश : सबै समूहले एक एक पटक प्रश्न सोधेपछि र दोस्रो राउन्ड सुरु गर्ने र पहिले जस्तै गरी आआफ्नो पालोमा प्रश्न सोध्ने तथा उत्तर दिने क्रम अगाडि बढाउने ।
- अन्त्यमा जुन समूहले बढी नम्बर ल्याउँछ उसलाई विजेता घोषित गर्नुहोस् ।

- अन्त्यमा अगिल्ला क्रियाकलापको समेत स्मरण गराउँदै वैदेशिक व्यापार पाठको सारांश शिक्षकले बताइदिनुहोस् ।

**मूल्याङ्कन / प्रतिविम्बन**

पाठमा दिइएको क्रियाकलाप, अभ्यास र तलका जस्तै प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

१. वैदेशिक व्यापारको परिचय दिनुहोस् ।

२. नेपालले वैदेशिक व्यापारबाट बढी फाइदा लिन के के गर्नुपर्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

३. नेपालमा विदेशी वस्तुको आयात कम गर्न तपाईँ र तपाईँको परिवारले के कसरी योगदान पुऱ्याउन सक्छ ? सो कुरा उल्लेख गर्नुहोस् ।

# पाठ : ५ वैदेशिक रोजगारी

अनुमानित कार्यघण्टा : ४

## (क) पाठ परिचय

एक देशका व्यक्ति अर्को देशमा गएर काम गरी आयआर्जन गर्नु वैदेशिक रोजगारी हो । नेपालका युवा पनि वैदेशिक रोजगारीका लागि भारत, युरोपका विभिन्न देश, अमेरिका, अष्ट्रेलिया, जापान, मलेसिया र अरेबियन मुलुकमा पुगेका छन् । उनीहरूले विदेशमा कमाएको पैसा नेपालमा पठाउँछन् । यसबाट नेपाललाई विदेशी मुद्रा प्राप्त हुन्छ । यसरी प्राप्त हुने आम्दानीलाई विप्रेषण अर्थात् रेमिट्यान्स् भनिन्छ । हाल नेपालको कुल गार्हस्थ उत्पादनमा करिब बिस प्रतिशतभन्दा बढी रेमिट्यान्सले सहयोग पुऱ्याएको छ । वैदेशिक रोजगारीका चुनौती पनि रहेका छन् ।

यस पाठमा वैदेशिक रोजगारीको परिचय, चुनौती र अवसरसम्बन्धी विषयवस्तु समावेस गरिएको छ । यी विषयवस्तु अध्ययन गरी विद्यार्थीहरूले वैदेशिक रोजगारीसम्बन्धी विविध विषयवस्तुको जानकारी लिई आफू सचेत हुन र आफ्नो घरपरिवार तथा समुदायमा सहयोग गर्न सक्ने छन् भन्ने अपेक्षा गरिएको छ । यसका लागि शिक्षकले यहाँ दिइएका क्रियाकलापलाई सोही मर्मअनुरूप सञ्चालन गर्नुहुन र आवश्यकताअनुसार थप क्रियाकलाप पनि गराई सिकाइ उपलब्धि हासिल गराउन सक्नुहुने छ ।

## (क) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| – वैदेशिक रोजगारीको परिचय, चुनौती र अवसर पहिचान गर्न | – वैदेशिक रोजगारीको परिचय दिन<br>– नेपालीहरू वैदेशिक रोजगारीमा जाने कारणहरू बताउन<br>– वैदेशिक रोजगारीका चुनौती र अवसरहरू प्रस्तुत गर्न |

## (ग) शैक्षणिक सामग्री

- वैदेशिक रोजगारीको परिचय, वैदेशिक रोजगारीका चुनौती र अवसरहरू लेखिएको स्लाइड वा चार्ट
- न्युजप्रिन्ट वा कार्डबोर्ड पेपर, कलर पेन

## (घ) सिकाइ सहजीकरण प्रक्रिया

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई तपाईंको अभिभावक वा नातेदारहरू कोही विदेशमा काम गर्न जानुभएको छ ? कुन देशमा जानुभएको छ ? कति वर्ष भयो विदेश गएको ? त्यहाँ के काम गर्नुहुन्छ ? उहाँले महिनामा कति कमाउनुहुन्छ ? उहाँले चाडपर्व मनाउनको लागि वा काम परेको वेला घर परिवारमा पैसा पठाउनु हुन्छ कि हुँदैन ? आदि प्रश्नहरू सोधेर वैदेशिक रोजगारीसम्बन्धी विद्यार्थीको पूर्वज्ञानको अवस्थाको जानकारी लिनुहोस् । विद्यार्थीका कुरा समेट्दै वैदेशिक रोजगारीको परिचय दिई विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रश्नोत्तर**

विद्यार्थीलाई इमेल भनेको के हो ? भनी प्रश्न सोधेर जानकारी हुने विद्यार्थीलाई हात उठाउन भन्नुहोस् । हात उठाउने विद्यार्थीलाई सोधिएका प्रश्नको उत्तर बताउन लगाउनुहोस् र उनीहरूको उत्तरलाई समेट्दै इमेल भनेको विद्युतीय माध्यमबाट गरिने पत्राचार हो भन्ने जानकारी दिनुहोस् । पहिले हुलाकबाट पत्र पठाउने चलन भएको, पत्र पुग्न लामो समय लाग्ने, हुलाक टिकट टाँसेर हुलाक अफिसमार्फत पठाउन पर्ने लगायतका अनुभवहरू विद्यार्थीलाई रोचक ढङ्गले बताउनुहोस् । यस सम्बन्धमा उनीहरूका अनुभव छन् भने बताउन भन्नुहोस् ।

**क्रियाकलाप २ : प्रश्नोत्तर र छलफल**

पाठमा भएको इमेल कसले कसलाई पठाउनुभएको रहेछ ? इमेल पाउनेको ठेगाना अर्थात् Email Address के रहेछ ? इमेलको विषय के रहेछ ? बहिनीले दिदीलाई के सहयोग गर्न भनेकी रहिछन् ? तपाईंले पनि कसैलाई इमेल गर्नुभएको छ ? यी र यस्तै प्रश्नको उत्तर खोजीका लागि कक्षामा छलफल गराउँदै पाठमा प्रस्तुत गरिएको इमेलको सन्दर्भ जोड्नुहोस् ।

**क्रियाकलाप ३ : घटना अध्ययन**

**विद्यार्थीलाई निम्न घटना अध्ययन गर्न लगाई छलफल गराउनुहोस् ।**

सानु चार बज्नासाथ विद्यालयबाट निकै हतार गर्दै घर फर्किन् । उनी आमालाई केही वर्षदेखि बेखबर रहेका बाबाको खबर सुनाउनका लागि निकै आतुर थिइन् । सानु घरमा पुग्दा दुई जना अपरिचित व्यक्ति आँगनमा उभिएका देखिन् । सानुले ती व्यक्तिलाई परिचय बताउन आग्रह गरिन् । आफूहरू रोजगार विभागका कर्मचारी भएको कुरा उनीहरूले बताउँदै भने, “हामीले हिजो शन्तबहादुरले कुनै टिभी चयानलमा आफू जीवित रहेको तर घर मालिकले चार वर्षदेखि बन्धक बनाएर राखेको छ भन्ने कुरा उहाँकै आवाजमा सुन्यौं । उहाँ कहाँबाट कसरी विदेश पुग्नुभयो भन्ने कुरा हाम्रो अभिलेखमा छैन । तर घर परिवारको आर्थिक अवस्था सुधार्न विदेश गएको एउटा नेपालीले त्यहाँको कानुन नजान्दा कसरी यतिका वर्ष बन्धक बनेर बस्नुपरेको रहेछ । हामी शन्तजीको बारेमा घरपरिवारमा केही जानकारी छ कि भनेर बुझ्न आएका हौं ।” यो कुरा सुनेर सानुका आँखाबाट आँसुका धारा बग्न लागे । उनी रुँदै झुपडीको ढोका खोलिन् । सानुको आँसु र परिवारको दयनीय अवस्था बताउने झुपडी देखेर ती आगन्तुक कर्मचारीको पनि मन अमिलो भयो ।

एकछिन पछि सानु कुच्चिएको सिल्भरको लोहटामा पानी लिएर बाहिर आइन् । उनीहरूलाई पानी पिउन दिइन् । ती कर्मचारीले मुखामुख गर्दै पानीको लोहटा त समाते तर पानी पिउन सकेनन् । उनीहरूले सानुलाई सोधे, नानी, घरमा अरू कोही हुनुहुन्न ? सानुले यताउती आँखा डुलाउँदै भनिन्, आमा हुनुहुन्छ तर अहिले कता जानुभएछ कुन्नी...। संयोगवश सानुकी आमा प्लास्टिकको गाग्रोमा पानी लिएर आँगनमा देखिइन् । सानु दौडिँदै गएर उनको हात समाउँदै भनिन्, आमा ! हाम्रो बाबा जीवितै हुनुहन्छ रे । मलाई आज सरले भन्नुभएको थियो । म यो कुरा हजुरलाई सुनाउन हतार गर्दै घर आउँदा उहाँ सरहरू पनि आउनुभएको रहेछ । सानुकी आमा निशब्द आँखाबाट आशा र निराशा दुबै थरी आँसु बगाँउँदै झुपडीभित्र पसिन् ।

केही वेरको सन्नाटापछि विभागका कर्मचारीले सानुकी आमालाई आफूहरूले सोधेको कुराको जबाफ दिन आग्रह गरे । सानुले पनि आमालाई बाबाको वैदेशिक रोजगारको क्रममा के के भएको थियो ? सबै कुरा बताउनुस् आमा ! उहाँहरू हाम्रो सहयोगका लागि आउनुभएको हो । छोरीले पनि यति भनेपछि सानुकी आमाले आफूलाई थाहा भएको कुरा सबै बताइन् । सबै कुरा सुनेपछि विभागका कर्मचारीले शन्तजीलाई हामी प्रक्रिया पुऱ्याएर नेपाल फर्काउन हरतरहले कोसिस गर्ने छौं । यत्रो समय त कुर्नुभएको थियो, अब केही दिन पर्खन पर्न सक्छ । धैर्य गर्नुहोला भन्दै उनीहरू त्यहाँबाट निस्किन खोजे । सानुले साँझ पर्न लागेको र वरिपरि बास बस्ने राम्रो ठाउँ नभएकाले उहाँहरूलाई

त्यो रात आफ्नै घरमा बस्न आग्रह गरिन् । गरिब परिवारको धनी सत्कारमा बितेको त्यो रातको अविस्मरणीय घटना अनुभव लिएर अर्को दिन बिहानै पाहुना फर्किए ।

**छलफलका लागि प्रश्नहरू**

१. माथिको घटना केसँग सम्बन्धित छ ?

२. सानुका बाबा किन वैदेशिक रोजगारीमा गएका होलान ?

३. सानुका बाबा वैदेशिक रोजगारीमा गएको अभिलेख श्रम विभागमा किन नभएको होला ?

४. शन्तबहादुरले कम्पनीमा काम गर्ने रहेछन् कि व्यक्तिको घरमा ?

५. शन्तबहादुरको घटना पढेर तपाईँले के जानकारी पाउनुभयो ?

६. यो घटना पढेपछि तपाईँ आफ्नो घरपरिवार तथा छिमेकीलाई के सल्लाह दिनुहुन्छ ?

**क्रियाकलाप ४ : तालिका निर्माण र प्रस्तुति**

प्रत्येक बेन्चमा बसेका विद्यार्थीलाई आफ्नो घर परिवार वा समुदायमा वैदेशिक रोजगारीमा गएका व्यक्तिका सम्बन्धमा निम्नानुसारको विवरण तयार पारी कक्षामा प्रस्तुत गर्न भन्नुहोस् । सोका आधारमा वैदेशिक रोजगारीका राम्रा तथा नराम्रा पक्षहरू रहेको कुरा थप उदाहरणसहित प्रस्ट पारिदिनुहोस् ।

| वैदेशिक रोजगारीमा गएका व्यक्ति ( नाम नराख्न पनि सकिने) | गएको देश | त्यहाँ गएर गरेको काम | भोगेका समस्याहरू | आर्जन गरेको रकमको उपयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**क्रियाकलाप ५ : समूह कार्य र प्रस्तुति**

विद्यार्थीको चार समूह निर्माण गर्नुहोस् । चारओटा कागजको टुक्रा बनाउनुहोस् । ती टुक्रामा क्रमश: वैदेशिक रोजगारीमा जानुका कारण, वैदेशिक रोजगारीका चुनौतीहरू, वैदेशिक रोजगारीका अवसर र सुपरिवेक्षण लेख्नुहोस् । चारओटा टुक्रालाई पट्याएर समूहको एक एक जनालाई एकओटा टुक्रा झिक्न लगाई सोहीअनुसार कार्य जिम्मेवारी दिनुहोस् । काम सुरु गर्नुभन्दा पहिले सबै समूहलाई पाठ राम्रोसँग पढ्न लगाउनुहोस् । सुपरिवेक्षण समूहलाई बाहेक अरू तीनओटा समूहलाई एक एकओटा कार्डबोर्ड वा न्युज प्रिन्ट र साइनपेन पनि उपलब्ध गराउनुहोस् । तीनओटा समूहले गरेको कामलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाई सुपरिवेक्षण समूहलाई प्रत्येक समूहको प्रस्तुतिपछि उक्त समूहका लागि सल्लाह सुझाव दिन लगाउनुहोस् । शिक्षकले सबै समूहको कामको मूल्याङ्कन गर्दै धन्यवाद दिनुहोस् । त्यसपछि वैदेशिक रोजगारीको आवश्यकता, चुनौती र अवसरका सम्बन्धमा आफूले तयार गरेको स्लाइड प्रस्तुत गर्दै आवश्यक छलफल गरी विषयवस्तु प्रस्ट पार्नुहोस् ।

**वैदेशिक रोजगारीका अवसरहरू**

अन्तर्राष्ट्रिय ज्ञान, सिप र प्रविधिको सिक्ने अवसर प्राप्त हुन्छ ।

विप्रेषण प्राप्त हुन्छ ।

आर्थिक क्रियाकलापमा वृद्धि भई देशको अर्थतन्त्र सुदुढ हुन्छ ।

गरिबी निवारणमा सहयोग पुग्छ ।

विदेशमा सिकेको सिप र प्रविधिको प्रयोगले उद्योग कृषिलगायत उत्पादनशील क्षेत्रमा नवीनता ल्याउँछ ।

**क्रियाकलाप ६** दोहरी गीत

कक्षाका विद्यार्थीसँग केही जिज्ञांसा राख्नुहोस् । जस्तै : तपाईंहरूले लोक दोहरी गीत गाएको सुन्नुभएको छ ? तपाईंहरूलाई पनि लोक दोहरी गाउन आउँछ ? गाउन आउने जतिलाई हात उठाउन लगाउनुहोस् । लोक दोहरी गाउन जान्नेहरूलाई दुई समूहमा राख्नुहोस् । बाँकी विद्यार्थीलाई १ २, १ २ गन्न लगाई १, नम्बरलाई अगि बनेको समूहमध्ये कुनै एउटा समूहमा र २ नम्बरवाला विद्यार्थीलाई अर्को समूहमा बस्न भन्नुहोस् । एक नम्बर समूहले रोजगारीको पक्षमा र दुई नम्बर समूहले वैदेशिक रोजगारीको विपक्षमा दोहरी गीत गाउन पर्ने कुरा बताउनुहोस् । दुवै समूहलाई वैदेशिक रोजगारी सम्बन्धी पाठ राम्रोसँग अध्ययन गर्न र आआफ्नो पक्षमा गीत गाउनका लागि उपयुक्त हुने शब्दावली टिपोट गर्न भन्नुहोस् । उनीहरूको तयारी पूरा भएपछि सम्बन्धित समूहलाई गीत सुरु गर्न लगाउनु पर्ने छ । शिक्षकले आवश्यक तयारीको व्यवस्था मिलाउने र समूह प्रस्तुतिको मूल्याङ्कन गरी पृष्ठपोषण दिने र अभिलेखीकरण पनि गर्न सक्नुहुने छ । यस्तो कार्यक्रममा विद्यालयका प्रधानाध्यापक तथा अन्य शिक्षकलाई पनि आमन्त्रण गर्न सक्नुहुने छ ।

**दोहरी गीत सञ्चालन गर्ने तरिका**

- गीतको लय विद्यार्थीको सहमतिमा निर्णय गर्ने
- आवश्यक मादल वा अन्य बाध्ययन्त्रको व्यावस्था गर्न सकिने
- प्रत्येक गीतलाई दोहऱ्याएर गाउनुपर्ने
- एउटा समूहले गीत सकेको दश सेकेन्डभित्र अर्को समूहले सुरु गरिसक्नुपर्ने
- अश्लिल र अरूलाई चोट पर्ने खालका शब्दको प्रयोग गर्न नपाइने
- समूहको एक जना वा सबैले पालैपालो गीत सुरु गर्न सक्ने
- राष्ट्रिय भावनामा चोट पुग्ने खालका गीत गाउन नहुने
- गीतमा शब्दहरूको छनोट, लय, लाक्ष्यणिक भाव, हाउभाउ, पाठसँग मिल्ने विषयवस्तु र सवाल जबाफको तरिका आदिका आधारमा मूल्याङ्कन गर्न र विजेता घोषण गर्न सकिन्छ । विजेता घोषणा नगर्ने गरी पनि मूल्याङ्कन गर्न सकिन्छ । दुवै अवस्थामा शिक्षकले सम्बन्धित समूहलाई आवश्यक सुझाव तथा सल्लाह दिई सो कार्यको मूल्याङ्कन र अभिलेखीकरण गर्न सक्नुहुने छ ।

उदाहरणका लागि

हे....जाँदै छौ रे तिमी नि विदेश

युवाविहीन बन्ने भो यो देश ।

फर्कि आउ है, देशलाई सम्झेर फर्कि आउ है
यही देशमा मिहिनेतको पसिना बगाउँ है !

हे.....मिहिनेतको यहाँ फल केही नपाइने
विदेश गए डलरमा काम पाइने
जान्छु विदेश, धन कमाउन जान्छु विदेश
यहाँ विकास भएमा आउँला स्वदेश ।

**क्रियाकलाप ७ : वादविवाद प्रतियोगिता**

वैदेशिक रोजगारीभन्दा स्वदेशमा नै स्वरोजार हुनु राम्रो हो भन्ने विषयमा कक्षामा वादविवाद प्रतियोगिता सञ्चालन गर्नुहोस् । शिक्षकले सहजीकरण मात्र गरी बाँकी जिम्मेवारी विद्यार्थीलाई दिइ कार्य सम्पन्न गराउनुहोस् ।

(ङ) **मूल्याङ्कन / प्रतिविम्बन**

पाठमा दिइएको क्रियाकलाप, अभ्यास र तलका जस्तै प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

१. तपाईँको विचारमा नेपालीहरू के के कारणले वैदेशिक रोजगारीमा जाने गर्छन् ?

२. वैदेशिक रोजगारीबाट घरपरिवार र राष्ट्रलाई पुग्ने दुई दुईओटा फाइदा उल्लेख गर्नुहोस् ।

३. तपाईँलाई वैदेशिक रोजगारी र स्वदेशमा रोजगारीमध्ये कुन ठिक हो जस्तो लाग्छ ? कारणसहित आफ्ना विचार राख्नुहोस् ।

**समूह कार्यको मूल्याङ्कनका लागि**

| समूहको नाम | विद्यार्थीको नाम | समूह कार्यमा नेतृत्व ( ३,२,१) | समूह कार्यमा सहभागिता (३,२,१) | समूह कार्यमा समन्वय ( ३,२,१) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# एकाइ : सात हाम्रो पृथ्वी

कार्यघण्टा : २०

### (क) एकाइ परिचय

सौर्यमण्डलमा आठओटा ग्रह एवम् त्यसका उपग्रह पर्छन् । पृथ्वीलगायत सबै ग्रहले सूर्यको परिक्रमा गर्छन् । सूर्यमा आफूतिर तान्ने विशेष शक्ति (गुरुत्वाकर्षण शक्ति) भएका कारण ग्रहहरूले सूर्यको परिक्रमा गरेका हुन् । सौर्यमण्डलका आठओटा ग्रहमध्ये एक मात्र मानव बसोबास भएको ग्रह पृथ्वी हो । पृथ्वीको वार्षिक र दैनिक गरी दुई गति हुन्छन् । यस एकाइमा पृथ्वीको दैनिक गति र वार्षिक गतिको परिचय दिइ यसले मानव जीवनमा पार्ने प्रभावका बारेमा जानकारी दिने उद्देश्य राखिएको छ । त्यस्तै हावापानी र मौसमलाई प्रभाव पार्ने तत्त्वको जानकारी गराई हावापानी फरक हुनुका कारण सम्बन्धमा सत्यतथ्य कुराको जानकारी गराउनु पनि यस एकाइको उद्देश्य रहेको छ । जलवायु परिवर्तन, नेपालका छिमेकी देशहरू, सार्क राष्ट्रहरूको सम्बन्धमा जानकारी गराई विद्यार्थीलाई बिस्तारै विश्व परिवेशका बारेमा परिचित गराउनुपर्छ । विपत्का घटनाको पहिचान गरी त्यसबाट बच्ने उपायहरू अवलम्बन गर्न सक्ने व्यवहारिक सिपको विकास गराउनुपर्छ । त्यस्तै नेपालको नक्सा बनाइ नक्सामा विभिन्न भौगोलिक तथ्यहरू भर्न सक्ने प्रयोगात्मक सिपको विकास विद्यार्थीमा गराउनुपर्छ ।

यी विषयवस्तुको सहजीकरणका क्रममा पाठ्यक्रमले अपेक्षा गरेका सिर्जनात्मक चिन्तन, समालोचनात्मक चिन्तन, सहकार्यलगायत व्यवहारकुशल सिपहरूको विकासमा सहयोगी हुने खालका छलफल र अन्तरक्रिया, परियोजना कार्य, खोज अनुसन्धान, अभिनय, प्रदर्शन, प्रयोगात्मक कार्य, समूह छलफल, आदि विधिहरू अवलम्बन गर्न सकिन्छ ।

### (ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धी | शैक्षणिक सामग्री | अ.घ |
|---|---|---|---|---|
| १ | पृथ्वीको दैनिक र वार्षिक गती | पृथ्वीको दैनिक र वार्षिक गतिले मानव जीवनमा पार्ने प्रभाव बताउन | - पृथ्वीको दैनिक तथा वार्षिक गति झल्काउने चित्र र भिडियो क्लिप<br>- ग्लोब, मोबाइल, मैनबत्ती, सलाई वा लाइटर वा टर्च लाइट<br>- गहुँको पिठो वा मैदा<br>- पृथ्वीको दैनिक तथा वार्षिक गतिको प्रभाव लेखिएको चार्ट | ३ |
| २ | मौसम र हावापानी | मौसम र हावापानीको परिचय दिई हावापानीमा परिवर्तन ल्याउने तत्त्वहरू उल्लेख गर्न | – मौसम र हावापानीको परिचय दिने चार्ट/स्लाइड<br>– मौसमका तत्त्व लेखिएको चार्ट वा चित्र<br>– विभिन्न स्थानको तापक्रम र वर्षाको रेकर्ड राखिएको तालिका<br>– ग्लोब<br>– विश्वको प्राकृतिक नक्सा<br>– हावापानीलाई प्रभाव पार्ने तत्त्वहरू लेखिएको चार्ट | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | – मौसमसम्बन्धी एप्स | |
| ३ | जलवायु परिवर्तन | जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरू खोजी गर्न | जलवायु परिवर्तन देखाउने कुनै एक चित्र, पम्प्लेट/स्लाइड<br>जलवायु परिवर्तनका कारण र असर लेखिएका चार्ट<br>– जलवायु परिवर्तनका कारण पृथ्वीमा परेको असर देखाउने चित्र र भिडियो | ३ |
| ४ | नेपालका छिमेकी देशहरू | नेपालको अन्तर्राष्ट्रिय सिमाना पहिचान गरी छिमेकी देशहरूको सामान्य परिचय र सम्बन्ध उल्लेख गर्न | – ग्लोब<br>– एसिया महादेशको नक्सा<br>– नेपालको नक्सा<br>– चीन र भारतको सहयोगमा बनेका राजमार्ग र अन्य विकास निर्माण कार्यहरूको चित्र र भिडियो | ३ |
| ५ | सार्क राष्ट्र र नेपाल | | – एसिया महादेशको नक्सा<br>– सार्कका सदस्य राष्ट्रहरू लेखिएको कार्ड<br>– सार्कका सदस्य राष्ट्रहरूको परिचय र नेपालसँगको सम्बन्ध झल्कने चित्र, चार्ट वा भिडियो | ३ |
| ६ | विपद् व्यवस्थापन | नेपालमा घट्ने विपद्का घटनाहरू र जोखिमको न्यूनीकरणका उपायहरूको पहिचान र अभ्यास गर्न | – नेपालमा घट्ने विभिन्न विपत्का घटनाहरू झल्कने चित्र वा भिडियो क्लिप ( जस्तै : २०७२ सालमा भूकम्प जाँदाको सिसी टिभी फुटेज, बाढीले तराईमा डुबान पारेको तस्बिर )<br>– विपत् व्यवस्थापन र न्यूनीकरणका उपायहरू समेटिएको चार्ट<br>– विपत् व्यवस्थापनमा प्रदेश सरकार, रेडक्रस र अन्य सङ्घ संस्थाहरूको भूमिका उल्लिखित चार्ट वा चित्र | ३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | नक्सा तथा प्रयोगात्मक कार्य | नेपालको नक्सा बनाउन र नक्सामा भौगोलिक तथ्य भर्न | – नेपालको नक्सा<br>– नेपालको नक्सा बनाउने तरीकासम्बन्धी तयार पारिएको रेखाङ्कित चित्र वा भिडियो<br>– एटलस, स्केल<br>– भौगोलिक तथ्यको सङ्केत लेखि तयार पारिएको चार्ट | ३ |

# पाठ : १ पृथ्वीको दैनिक र वार्षिक गति


अनुमानित कार्यघण्टा : ३


## (क) पाठ परिचय

पृथ्वी आफ्नो अक्षमा रही पश्चिमबाट पूर्वतर्फ घुम्छ । पृथ्वीको यो गतिलाई दैनिक गति वा परिभ्रमण भनिन्छ । पृथ्वीको दैनिक गतिले गर्दा दिन र रात हुन्छ । पृथ्वीले आफ्नो अक्षमा एक फन्को लगाउन २३ घण्टा ५६ मिनेट ४ सेकेन्ड लगाउँछ । पृथ्वीको परिभ्रमणको कारणले पूर्वको समय चाँडो र पश्चिमको समय ढिलो हुन्छ । साथै सूर्य, चन्द्र र तारा पूर्वमा उदाएर पश्चिममा अस्ताएको देखिनु पनि पृथ्वीको परिभ्रमणको कारणले भएको हो ।

पृथ्वीले सूर्यलाई परिक्रमा गर्छ । यसलाई परिक्रमण वा पृथ्वीको वार्षिक गति भनिन्छ । पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने बाटोलाई कक्ष भनिन्छ । यो अन्डाकार हुन्छ । पृथ्वीले सूर्यलाई एक फन्को लगाउन ३६५ दिन ५ घण्टा ४८ मिनेट ४६ सेकेन्ड लाग्छ । यो एक वर्षको अवधि हो । पृथ्वीको परिक्रमणले गर्दा ऋतु परिवर्तन हुन्छ । सूर्य ग्रहण र चन्द्र ग्रहण लाग्नु, दिन र रातको लम्बाइ फरक हुनु, ताराहरू देखिनु र बिलाउनु, महिना र वर्ष हुनु पनि पृथ्वीको परिक्रमणको कारणले गर्दा नै हो ।

यस पाठमा पृथ्वीको दैनिक र वार्षिक गतिको परिचय, यसका असरहरू र मानव जीवनमा पार्ने प्रभाव आदि विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, प्रयोग, परियोजना कार्य, अवलोकन जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी पृथ्वीको दैनिक र वार्षिक गतिले मानव जीवनमा पार्ने प्रभाव बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।




## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| पृथ्वीको दैनिक र वार्षिक गतिले मानव जीवनमा पार्ने प्रभाव बताउन | - पृथ्वीको दैनिक र वार्षिक गतिको परिचय दिई यसका असरहरू बताउन |

| | |
|---|---|
| | - पृथ्वीको दैनिक र वार्षिक गतिले मानव जीवनमा पार्ने प्रभाव बताउन |

**(ग) शैक्षणिक सामग्री**

- पृथ्वीको दैनिक तथा वार्षिक गति झल्काउने चित्र र भिडियो क्लिप
- ग्लोब
- मोबाइल
- मैनबत्ती सलाई वा लाइटर वा टर्च लाइट
- गहुँको पिठो वा मैदा
- पृथ्वीको दैनिक तथा वार्षिक गतिको प्रभाव लेखिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**


**(अ) सुरुआती क्रियाकलाप**



सुरुमा दिन र रातको चित्र देखाउनुहोस् र विद्यार्थीलाई दिन र रात किन भएको हो ? प्रश्न गरी विद्यार्थीलाई एकआपसमा छलफल गर्न लगाउनुहोस् । छलफलपछि आएको निष्कर्ष पालैपालो भन्न लगाउनुहोस् । विद्यार्थीबाट आएका उत्तरलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । विद्यार्थीको विचारलाई समेट्दै पृथ्वीको दैनिक गतिको कारण दिन र रात हुने कुरा बताइदिनुहोस् र आजको छलफल पृथ्वीको दैनिक र वार्षिक गतिसँग सम्बन्धित हुने छ भनी कक्षा अगाडि बढाउनुहोस् ।


**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रयोगात्मक अभ्यास**



ग्लोबलाई टेबुलमा राख्नुहोस् । एक विद्यार्थीलाई एकातर्फबाट टर्च वा मोबाइलको लाइट वा बत्ती बाल्न लगाउनुहोस् । अब अर्को विद्यार्थीलाई ग्लोबलाई बायाँबाट दायाँतर्फ घुमाउन भन्नुहोस् । पृथ्वी आफ्नो अक्षमा रही पश्चिमबाट पूर्वतर्फ घुम्छ । पृथ्वीको यो गतिलाई दैनिक गति वा परिभ्रमण भनिन्छ ।  यो कुरा कक्षा ७ मा पनि पढिसकेको स्मरण गराउदै पृथ्वीको दैनिक गतिको अवधारणा प्रस्ट पारिदिनुहोस् । पृथ्वीको दैनिक गतिले गर्दा सूर्यको सम्मुख परेको भागमा दिन र विमुख परेको भागमा रात हुने कुरा प्रयोगको माध्यमबाट प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २** : प्रयोग र छलफल




कक्षामा पूर्व र पश्चिम दिशा पत्ता लगाउनुहोस् । एक जना विद्यार्थीलाई अगाडि आई ग्लोब समाउन लगाउनुहोस् । अर्को विद्यार्थीलाई मोबाइल वा टर्च  बाल्न लगाउनुहोस् । ग्लोब समाउने विद्यार्थीलाई बायाँबाट दायाँ तर्फ विस्तारै ग्लोब घुमाउन भन्नुहोस् । कुन दिशामा पहिले बत्तीको किरण पर्‍यो ? छलफल गर्दै पृथ्वी दैनिकरूपमा पश्चिमबाट पूर्वतर्फ घुम्ने क्रममा पूर्वको समय चाँडो र पश्चिमको समय ढिलो हुने कुरा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : प्रश्नोत्तर र छलफल**

सूर्य, चन्द्र र तारा कुन दिशाबाट उदाएर कुन दिशामा अस्ताएको देख्नुभएको छ ? सधैं सूर्य चन्द्रमा किन पूर्वबाट उदाएको देखिन्छ ? प्रश्न सोधी छलफल गर्नुहोस् । सूर्य, चन्द्र र तारा पूर्वमा उदाएर पश्चिममा अस्ताएको देखिनु पनि पृथ्वीको दैनिक गति (परिभ्रमण) को समयमा पृथ्वी पश्चिमबाट पूर्वतर्फ घुम्ने कारण भएको कुरा स्पष्ट पारिदिनुहोस् ।


**क्रियाकलाप ४ : प्रयोगात्मक अभ्यास**

विद्यार्थीलाई गहुँको पिठो मुछेर गोलो आकार पारी बिचमा सिन्का घुसाई केही समय घुमाउन लगाउनुहोस् । यसरी घुमाउँदा बिचको भाग फुक्दै जान्छ । त्यसरी नै पृथ्वीको दैनिक गतिका कारण यसको उत्तर र दक्षिण ध्रुव थेप्चिएको र भूमध्यरेखीय भाग फुकेको छ भनी ग्लोबलाई देखाई प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ५ : छलफल र निष्कर्ष प्रस्तुति**

विद्यार्थीलाई वर्तमान समयको दिन र रातमा कुन लामो छ ? कहिले दिन लामो त कहिले दिन छोटो किन भएको होला ? तपाईंले अहिले जाडो वा गर्मी के महसुस गर्नुभएको छ ? कहिले गर्मी त कहिले जाडो मौसम किन भएको होला ? एक वर्षपछि पहिलेकै जस्तो ऋतु किन आउँछ ? जस्ता प्रश्नहरू सोध्दै पृथ्वीको वार्षिक गतिका सम्बन्धमा छलफल गराउनुहोस् ।

पृथ्वीको वार्षिक गतिको कक्ष अण्डाकार भएको हुँदा पृथ्वीको कहिले उत्तरी ध्रुवीय क्षेत्र त कहिले दक्षिणी ध्रुवीय क्षेत्र सूर्यको नजिक वा टाढा पर्ने कुरा चार्ट वा चित्रको माध्यमबाट प्रस्टाउनुहोस् । यो भूमध्ये रेखाबाट ६६.५ डिग्रीको कोण मा ढल्किएका कारण सूर्यको किरण कहिले दक्षिणी गोलार्द्धको मकर रेखा माथि सिधा पर्छ त कहिले उत्तरी गोलार्द्धको कर्कट रेखामा सिधा पर्छ तर भुमध्य रेखामाथि वर्षको दुई पटक मात्र सिधा पर्छ । सूर्यको किरण उत्तरी गोलार्द्धमा सिधा परेको समयमा उत्तरी गोलार्द्धमा दिन लामो र रात छोटो एवम् ग्रीष्म ऋतु हुन्छ भने त्यही समयमा दक्षिणी गोलार्द्धमा दिन छोटो र रात लामो एवम् हिउँद ऋतु हुन्छ। दक्षिणी गोलार्द्धमा सूर्यको किरण सिधा परेको समयमा दक्षिणी गोलार्द्धमा दिन लामो र रात छोटो हुन्छ । त्यो समयमा दक्षिणी गोलार्द्धमा ग्रीष्म ऋतु हुन्छ भने उत्तरी गोलार्धमा हिउँद ऋतु हुन्छ भनी स्पष्ट पारिदिनुहोस् । त्यस्तै जुन २१ मा कर्कट रेखामाथि सूर्यको किरण सिधा पर्ने हुँदा यस क्षेत्रमा अत्यधिक गर्मी र दिन लामो तथा रात छोटो हुन्छ भने डिसेम्बर २२ मा मकर रेखा माथि सूर्यको किरण सिधा पर्ने हुँदा यस क्षेत्रमा अत्यधिक गर्मी र दिन लामो तथा रात छोटो हुन्छ ।




**क्रियाकलाप ६ : चित्र वा भिडियो प्रदर्शन**

पृथ्वीको दैनिक र वार्षिक गति देखाउने चित्र र एनिमेटेड भिडियो क्लिप देखाउनुहोस् । वार्षिक गतिका कारणले सूर्यको किरण कहिले कर्कट र कहिले मकर रेखामा सिधा पर्ने हुँदा ऋतु परिवर्तन भएको कुरा प्रस्ट पार्नुहोस् ।


**क्रियाकलाप ७ : उदाहरण प्रस्तुतीकरण**

पृथ्वीले आफ्नो अक्षमा एक फन्को लगाउन लगभग २४ घण्टा लगाउँछ। पृथ्वीको यस एक चक्करलाई १ दिन मानिन्छ । पृथ्वीले सूर्यलाई एक पटक परिक्रमा गर्न ३६५ दिन ५ घण्टा ४८ मिनेट ४६ सेकेन्ड लाग्छ यसलाई एक वर्ष मानिन्छ । यसरी पृथ्वीको दैनिक र वार्षिक गतिका कारण दिन र वर्षको गणना गरिन्छ भन्ने कुरा उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप : ८ प्रदर्शन र छलफल**

सूर्य र चन्द्र ग्रहण लागेको चित्र वा भिडियोबाट प्रदर्शन गर्नुहोस् । पृथ्वीको वार्षिक गतिको कारण सूर्य र चन्द्र ग्रहण लाग्ने कुरा छलफल गराई प्रस्ट पार्नुहोस् । ग्रहणसम्बन्धी समाजमा रहेका धारणा समुदायका व्यक्तिसँग सोधखोज गरी

कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र ग्रहण सम्बन्धमा भएका गलत बुझाइहरूको वैज्ञानिक आधारहरू रहे नरहेको सम्बन्धमा छलफल गर्नुहोस् ।




पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने क्रममा पृथ्वी र सूर्यको बिचमा चन्द्रमा पर्दा चन्द्रमाले सूर्यबाट आएको प्रकाशको केही भाग छेक्छ र पृथ्वीको कुनै भागबाट सूर्य देख्न सकिँदैन यसलाई सूर्य ग्रहण भनिन्छ । सूर्य ग्रहण औँसीका दिनमा मात्र लाग्छ किनभने सूर्य दिनमा मात्र देखिन्छ ।

त्यस्तै चन्द्रमा र सूर्यको बिचमा पृथ्वी पर्दा पृथ्वीले सूर्यको किरण छेकी पृथ्वीको छायाँ चन्द्रमामा पर्छ । जसका कारण चन्द्रमामा दाग वा अँध्यारो देखिन्छ । यसलाई चन्द्र ग्रहण भनिन्छ । चन्द्र ग्रहण पूर्णिमाको रातमा मात्र लाग्छ ।

**क्रियाकलाप ९ : अवलोकन कार्य**

विद्यार्थीलाई राति आकाशमा ताराहरू हेर्दा कहिले देखिने कहिले हराउने गरेको ख्याल गर्नुभएको छ भनी प्रश्न गर्नुहोस् । विद्यार्थीको विचारलाई समेट्दै पृथ्वीको परिक्रमणका कारणले ताराहरू आफ्नो स्थानबाट सर्दै गएर हराउनु र एक वर्षपछि त्यही स्थानमा देखिएको हो भनी प्रस्ट पार्नुहोस् ।



**क्रियाकलाप : १० समूह कार्य र प्रस्तुतीकरण**

विद्यार्थीलाई दुई समूहमा विभाजन गरी एक समूहलाई पृथ्वीको दैनिक र अर्को समूहलाई वार्षिक गतिको प्रभावबारे छलफल गर्न लगाउनुहोस् । छलफलपछि आएको निष्कर्षलाई चार्ट पेपरमा उतार्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. पृथ्वीको वार्षिक गति देखाउने चित्र तयार गर्नुहोस् ।

२. ऋतु परिवर्तनका कारण उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

३. पृथ्वीको दैनिक र वार्षिक गति नभएको भए के हुन्थ्यो होला ?

समूह कार्यको मूल्याङ्कन निम्नअनुसारको श्रेणी मापन वा रुब्रिक्सको ढाँचामा गर्नुहोस् ।

| क्र. स | नाम थर | छलफलमा सक्रियता/सहभागिता | | | प्रस्तुतीकरण | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट | मध्यम | सामान्य | उत्कृष्ट | मध्यम | सामान्य |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

# पाठ : २ मौसम र हावापानी

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

छिटो छिटो समयमा परिवर्तन हुने वायुमण्डलीय अवस्थालाई मौसम भनिन्छ। यो वातावरणमा हुने परिवर्तन हो। मौसम स्थायी र निश्चित हुँदैन। कुनै पनि स्थानमा वर्षैभरि अनुभव गरिने मौसमको औसत अवस्था हावापानी हो। हावापानी लामो समय रहन्छ। यो मौसम जस्तो छिटो छिटो समयमा परिवर्तन हुँदैन।

वायुमण्डलको तापक्रम, हावाको चाप, हिउँ, असिना, बादल र वर्षाको अवस्थाले मौसमको अवस्था निर्धारण गर्छ। अक्षांश, उचाइ, समुद्रदेखिको दुरी, पहाड र यसको ढाल, सामुद्रिक धार, वनजङ्गल र माटाले हावापानीमा प्रभाव पार्छ। यस पाठमा विद्यार्थी मौसम र हावापानीको परिचय दिन र हावापानीमा परिवर्तन ल्याउने तत्त्व उल्लेख गर्न सक्षम हुने अपेक्षा गरिएको छ। यस पाठको सिकाइ सहजीकरणका लागि मष्तिस्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, रनिङ डिक्टेसन, अनुभव आदानप्रदान, Speed dating जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ। शिक्षकले आवश्यकताअनुसार सिकाइ सहजीकरणका लागि अन्य सिर्जनात्मक क्रियाकलापको प्रयोग गर्न सक्नुहुने छ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| मौसम र हावापानीको परिचय दिई<br>हावापानीमा परिवर्तन ल्याउने तत्त्व<br>उल्लेख गर्न | - मौसम र हावापानीको परिचय दिन<br>- मौसम र हावापानीबिचको भिन्नता छुट्ट्याउन<br>- हावापानीमा परिवर्तन ल्याउने तत्त्व बताउन |

### (ग) शैक्षणिक सामग्री

- मौसम र हावापानीको परिचय दिने चार्ट/स्लाइड
- मौसमका तत्त्व लेखिएको चार्ट वा चित्र
- विभिन्न स्थानको तापक्रम र वर्षाको रेकर्ड राखिएको तालिका
- ग्लोब
- विश्वको प्राकृतिक नक्सा
- हावापानीलाई प्रभाव पार्ने तत्त्व लेखिएको चार्ट
- मौसमसम्बन्धी एप्स

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई कक्षाकोठा बाहिरको मौसमको अवस्था अवलोकन गर्न लगाउनुहोस् । घाम लागेको, पानी परेको, हावा चलेको आदि हुन सक्छ । विद्यार्थीको प्रतिक्रिया सुन्नुहोस् । हिजोको मौसम कस्तो थियो ? सोध्नुहोस् । विद्यार्थीले दिएको प्रतिक्रियाका आधारमा विभिन्न उदाहरण दिँदै मौसमको अवधारणा प्रस्ट पार्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : अनुमान र चित्र चार्ट प्रस्तुति**

मौसमलाई प्रभाव पार्ने तत्त्व के के हुन् ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीको उत्तरलाई समेत समेट्दै मौसमका तत्त्व लेखिएको चार्ट र चित्र देखाउनुहोस् र छलफल गरी मौसमको तत्त्व प्रस्ट पार्नुहोस् ।



**मौसमलाई प्रभाव पार्ने तत्त्वहरू**

**तापक्रम, आद्रता, हावाको चाप र गति, बादल, कुहिरो, हिउँ, असिना, शीत, हुस्सु**

**क्रियाकलाप २ : प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई आजकाल जाडो र गर्मी कस्तो अनुभव गरिरहनुभएको छ ? कस्तो प्रकृतिको (पातलो वा बाक्लो कपडा) पहिरन लगाउनुभएको छ ? तपाईंहरू ग्रीष्म र हिउँदको समयमा कस्ता कस्ता कपडा लगाउने र कस्ता खानेकुरा खाने गर्नुहुन्छ ? जस्ता प्रश्न गर्दै हावापानीको परिचय लेखिएको चार्ट देखाई छलफल गराउनुहोस् र हावापानीको अवधारणा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ३ : रनिङ डिक्टेसन**

मौसम र हावापानीबिचको भिन्नतामा आधारित भई रनिङ डिक्टेसन खेल खेलाउनुहोस् ।

तलका जस्तै हावापानी र मौसमबिचको भिन्नता लेखिएको चार्ट कक्षाकोठा बाहिर टाँस्नुहोस् ।

| मौसम | हावापानी |
|---|---|
| | |

| | |
|---|---|
| कुनै स्थानको छोटो समयको वायुमण्डलीय अवस्था हो । | कुनै पनि स्थानमा वर्षभरि अनुभव गरिने मौसमको औसत अवस्था हो । |
| छिटो छिटो समयमा परिवर्तन हुन्छ । | परिवर्तन हुन लामो समय लाग्छ । |
| यसको प्रभाव सीमित ठाउँमा हुन्छ । | यसको प्रभाव ठुलो क्षेत्रमा पर्छ । |

**क्रियाकलाप ४ : अनुभव आदानप्रदान र छलफल**

अग्लो ठाउँमा वा डाँडामा जाँदा गर्मी वा शीतल कस्तो अनुभव गर्नुभएको छ ? जङ्गलमा जाँदा कस्तो अनुभव गर्नुभएको छ ? छलफल गर्नुहोस् । यसका आधारमा हावापानीलाई प्रभाव पार्ने तत्त्व लेखिएको चार्ट र प्रभाव पार्ने तत्त्वहरू प्रस्तुत गर्दै यसको बारेमा छलफल गर्नुहोस् ।

| हावापानीलाई प्रभाव पार्ने तत्त्वहरू |
|---|
| **अक्षांश** |
| **उचाइ** |
| **सामुद्रिक दुरी** |
| **सामुद्रिक धार** |
| **जङ्गल** |
| **जमिनको ढाल** |
| **माटो** |

**क्रियाकलाप ५ : ग्लोब वा नक्सा प्रदर्शन**

पृथ्वीको भूमध्यरेखामा सूर्यको किरण सधैँ सिधा पर्ने हुँदा भूमध्यरेखीय क्षेत्रमा तापक्रम बढी हुन्छ र सधै उष्ण हावापानी पाइन्छ भन्ने कुरा ग्लोबका माध्यमबाट प्रस्ट पारिदिनुहोस् । भूमध्यरेखादेखि जति उत्तर र दक्षिण ध्रुवतिर गयो त्यति नै सूर्यको किरण छड्के पर्ने हुँदा तापक्रम पनि क्रमशः कम हुँदै जान्छ र हावापानी पनि क्रमशः ठण्डा हुँदै जान्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् । अक्षांश बढ्दै जाँदा तापक्रम घट्दै जान्छ भने अक्षांश घट्दै जाँदा तापक्रम बढ्दै जान्छ भन्ने कुरा ग्लोबका माध्यमबाट प्रस्ट पार्नुहोस्

**क्रियाकलाप ६ : मष्तिस्क मन्थन**


हामी जति जति उचाइमा वा पहाडमा जान्छौँ त्यति नै चिसो हुन्छ किन होला ? प्रश्न सोधी मस्तिष्क मन्थन गराउनुहोस् । विद्यार्थीले दिएको प्रतिक्रियाका आधारमा छलफल गर्नुहोस् र निम्नअनुसारको निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**प्रत्येक १६५ मिटर उचाइ बढ्दै जाँदा १ डिग्री सेल्सियस तापक्रम घट्दै जान्छ । यसरी जति उचाइ बढ्दै गयो त्यति नै तापक्रम घट्ने हुँदा तराईभन्दा पहाडमा चिसो र पहाडभन्दा हिमालमा अझ बढी चिसो हुने कुरा बताउनुहोस् ।**

**क्रियाकलाप ६ : अनुभव आदानप्रदान**

विद्यार्थीलाई खोला वा नदीको किनारामा कसको घर छ ? सोध्नुहोस् र नदी किनारामा घर हुनेलाई आफूले अनुभव गर्ने हावापानीका बारेमा वा अन्यलाई नदीको किनारामा डुल्दै जाँदाको अनुभव बताउन लगाउनुहोस् ।


पानी ढिलो तात्ने र ढिलै सेलाउने हुँदा समुद्रबाट गर्मीमा जमिनतिर चिसो हावा बहन्छ । रातको समयमा जमिन छिट्टै सेलाउने र पानी ढिला सेलाउने हुँदा न्यानो हावापानी हुन्छ । जसले गर्दा हावापानी मनोरम हुन्छ । समुद्रबाट टाढा रहेको स्थानमा हावापानी विषम रहन्छ । यसरी सामुद्रिक दुरीले हावापानीमा प्रभाव पर्छ भनी बुझाउनुहोस् ।




**क्रियाकलाप ७ : व्याख्यात्मक प्रस्तुति**

पहाडको उपस्थितिले हावापानीमा प्रभाव पर्छ भन्ने कुरा नेपालको हिमाल र पहाडले मनसुनी वायु रोकेर नेपालमा वर्षा हुने र हिमालले उत्तरबाट बहने चिसो वायु रोकेर न्यानो पार्ने र नेपालको हिमालले मनसुनी वायु रोकेर तिब्बतमा वर्षा कम भएको कुरा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ८ : प्रदर्शन र छलफल**



चित्र देखाउदै समूह छलफल गर्नुहोस् । समूह छलफलको निष्कर्षसँग जोड्दै तल उल्लेखित विषयवस्तु प्रस्ट पार्नुहोस् ।

सूर्यको सम्मुख पर्ने स्थानमा हावापानी न्यानो र विमुख पर्ने स्थानमा चिसो र सुक्खा हुने जानकारी गराउँदै नेपालका पहाडका बस्तीहरू प्रायः सूर्यको सम्मुखमा रहेका छन् भनी जमिनको ढालको कारण हावापानीमा प्रभाव पर्छ भन्ने कुरा प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप ९ : Speed Dating**

विद्यार्थीलाई बराबर सङ्ख्या हुनेगरी दुई समूहमा विभाजन गर्नुहोस् । दुवै समूहलाई दुई घेरामा बस्न लगाउनुहोस् । एक घेरा भित्रपट्टि फर्कने अर्को घेरा बाहिरतिर फर्केर आमनेसामने (Inner and Outer) हुने गरी बस्न लगाउनुहोस् । अब शिक्षकले हावापानीलाई प्रभाव पार्ने तत्त्व के के हुन् ? प्रश्न सोध्नुहोस् । अब सबै विद्यार्थीले आफ्नो अगाडिको जोडीलाई प्रश्नको उत्तर पालैपालो भन्न लगाउनुहोस् । यसका लागि समय एक वा दुई मिनेटसमय तोकिदिनुहोस् । बाहिरी समूहलाई घडी घुम्ने दिशामा एक स्टेप अगाडि बढ्न लगाउनुहोस् । अब सबैका पहिलेका भन्दा नयाँ जोडी बन्नेछन् । अब फेरि अर्को प्रश्न गर्नुहोस् । जस्तैः उचाइले हावापानीमा पार्ने प्रभाव सम्बन्धमा आफ्नो जोडीसँग छलफल गर्न भन्नुहोस् । यस प्रश्नको उत्तर विद्यार्थीले आफ्नो जोडीलाई बताउनेछन् । यसैगरी पाठसँग सम्बन्धित अरू एक दुईओटा प्रश्न सोध्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । थप सहजीकरण गर्नुपर्ने भएमा सोको योजना समेत गर्नुहोस् ।

१. मौसम र हावापानीको परिचय दिनुहोस् ।

२. मौसम र हावापानीबिच भिन्नता लेख्नुहोस् ।

३. हावापानीलाई प्रभाव पार्ने तत्त्व उल्लेख गर्दै कुनै एकको व्याख्या पनि गर्नुहोस् ।

४. नाम्चेबजार र नेपालगन्ज एकै अक्षांशमा परे पनि नाम्चेबजारमा चिसो र नेपालगञ्जमा गर्मी हुनुको कारण के हो ?


५. उचाइले कसरी हावापानीमा प्रभाव पार्छ ?

**(च) परियोजना कार्य**

तपाइँ आफू बसोबास गरेको स्थानको एक हप्तासम्मको तापक्रम वा वर्षाको औसत तथ्याङ्क सङ्कलन गरी सो तथ्याङ्कलाई रेखाचित्रमा देखाउनुहोस् ।

मनिषाले एक हप्तासम्मको तापक्रम र वर्षाको औसत तथ्याङ्क सङ्कलन गरी सो तथ्याङ्कलाई रेखाचित्रमा देखाइन् । उनले रेखाचित्र बनाउँदा निम्न कार्य गरिन् । पहिला कापीमा स्केलका माध्यमबाट तेर्सो रेखा र ठाडो रेखा तानिन् ।

त्यसपछि ठाडो रेखामा तापक्रम देखाउनका लागि स्केलले प्रत्येक १ सेमीमा चिह्न लगाइन् । तेर्सो रेखामा गते वा बार लेखिन् । प्रत्येक दिनको सङ्कलन गरेको तापक्रम र वर्षामा चिह्न लगाइन् र एक हप्तासम्मको तथ्याङ्कको चिह्न लगाइसकेपछि ती चिह्नलाई जोडिन् । अब रेखाचित्र तयार भयो । तपाईँले पनि बालबालिकालाई यसरी नै रेखाचित्र बनाउन सिकाउनुहोस् ।



# पाठ : ३ जलवायु परिवर्तन

अनुमानित कार्यघण्टा : २

### (क) पाठ परिचय

कुनै स्थानको तापक्रम औसतभन्दा बढ्ने वा घट्ने अवस्थालाई जलवायु परिवर्तन भनिन्छ । जलवायु परिवर्तनको मुख्य कारक मानिस हो । मानिसले उद्योग, आणविक भट्टी, यातायातका साधन आदिमा जिवास्म इन्धनको प्रयोग बढी गर्नाले वायुमण्डलमा कार्बन डाइअक्साइड, मिथेन जस्ता हरितगृह ग्याँस उत्पन्न भई सोको वृद्धिका कारण वायुमण्डलको तापक्रममा समेत वृद्धि हुन्छ । जसले गर्दा हिमालका हिउँ पग्लनु, फूलहरू समय अगावै वा समय भन्दापछि फुल्नु, पानी पर्ने समयमा पानी नपर्नु, अतिवृष्टि अनावृष्टि, खण्डवृष्टि, खडेरी हुनु, बिरुवामा रोग किराको सङ्क्रमण बढ्नु आदि असर देखा पर्छन् । जलवायु परिवर्तनलाई कम गर्न मानिसले वायुमण्डलमा तापक्रम बढाउने हरितगृह ग्याँसको उत्सर्जन कम गर्नुपर्छ । वृक्षारोपण गर्नुपर्छ । विद्युतीय सवारी साधन र चुलोको प्रयोगमा जोड दिनुपर्छ । जलवायु परिवर्तनसम्बन्धी चेतना जागरण गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ । यस पाठमा जलवायु परिवर्तनका कारण, असर र प्रभाव सम्बन्धमा छलफल गरिने छ ।

यस पाठको सिकाइ सहजीकरणका लागि मष्तिस्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, जिग्सअ, माकुरी जालो अनुभव आदानप्रदान जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार सिकाइ सहजीकरणका लागि अन्य सिर्जनात्मक क्रियाकलापहरूको प्रयोग गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी जलवायु परिवर्तनका असर न्यूनीकरणका उपाय खोजी गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| जलवायु परिवर्तनका असर न्यूनीकरणका उपाय खोजी गर्न | - जलवायु परिवर्तनको परिचय दिन<br>- जलवायु परिवर्तनका कारण र असर बताउन<br>- जलवायु परिवर्तनको असर न्यूनीकरणका उपाय खोजी गर्न<br>- जलवायु परिवर्तनका स्थानीय प्रभाव र अनुकूलनका उपाय खोजी र अभ्यास गर्न |

### (ग) शैक्षणिक सामग्री

- जलवायु परिवर्तन देखाउने चित्र, पम्प्लेट/स्लाइड
- जलवायु परिवर्तनका कारण र असर लेखिएका चार्ट

- जलवायु परिवर्तनका कारण पृथ्वीमा परेको असर देखाउने चित्र र भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**





जलवायु परिवर्तन देखाउने कुनै एक चित्र देखाउनुहोस् । यो के हो र किन यस्तो भएको होला प्रश्न गरी विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् । चित्रका बारेमा विद्यार्थीले गरेको अनुमान पालैपालो भन्न लगाउनुहोस् । उनीहरूले दिएका उत्तरलाई समेट्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : अनुभव आदानप्रदान**

चैत महिनामा फुल्ने लालीगुँरास फूल फागुण महिनामै फुल्ने गरेको/चराले बचेरा कोरल्ने सामान्य समयभन्दा छिट्टै कोरल्ने गरेको/ग्रीष्म याममा बढी गर्मी महसुस भएको आदि के अनुभव गर्नुभएको छ ? वा यस्ता फरक अनुभव के के गर्नुभएको छ ? प्रश्न गर्नुहोस् र आफूले गरेको अनुभव पनि बताउदै छलफल गर्नुहोस् ।

**क्रियाकलाप २ : घटना अध्ययन**



जलवायु परिवर्तनसम्बन्धी विभिन्न चित्र देखाउनुहोस् र चित्रमा के के भएको छ ? किन त्यस्तो भएको हो ? जस्ता प्रश्न गर्दै छलफल गर्नुहोस् । विभिन्न स्थानीय जलवायु परिवर्तनको घटनाहरूको प्रसँग जोड्दै स्थानीय उदाहरणसमेत दिँदै जलवायु परिवर्तनको अवधारणा प्रस्ट पार्नुहोस् । विद्यार्थीलाई पनि अग्रजद्वारा बताइएका वा थाहा भएका त्यस्ता घटनाहरू भए सुनाउन लगाउनुहोस् । यी सबै परिवर्तन जलवायु परिवर्तनले गर्दा भएको कुरा स्पष्ट पारिदिनुहोस् । जस्तैः

वि.सं. २०२० सालको हिउँद याममा काठमाडौँ आउँदा काठमाडौँमा बाक्लो हुस्सु लाग्थ्यो भनेर मेरी आमाले भन्नुहुन्थ्यो । यहाँ हिउँदमा हिउँ पनि पर्थ्यो रे । लामखुट्टेहरू हुँदैन थिए रे । तर आजकाल काठमाडौँमा हुस्सु लाग्न छोडेको छ, लामखुट्टेको प्रकोप बढेको छ, हिउँ पर्न कम भएको छ आदि उदाहरण दिनुहोस् ।

**क्रियाकलाप ३ : जिग्स विधि**

विद्यार्थीलाई बराबर सङ्ख्यामा रहने गरी समूह बनाउनुहोस् । प्रत्येक समूहलाई कुनै नाम दिनुहोस् । यी समूहलाई मातृ समूह भनी चिनाउनुहोस् । प्रत्येक मातृ समूहमा १, २, ३ वा ४ भन्न लगाउनुहोस् । चारभन्दा बढी सङ्ख्या भएमा पुन १, २, ३ वा ४ गन्न लगाउनुहोस् । आवश्यकताअनुसार बाँकी सदस्य भएमा १ वा २ वा ३ आदि सङ्ख्या भन्न लगाउनुहोस् । सङ्ख्या सबै समूहका एउटै सङ्ख्या भएकाहरूलाई अर्को छुट्टै समूह निर्माण गर्न लगाउनुहोस्, जस्तैः (प्रत्येक मातृ समूहका १, १, १, १ मिलाएर एउटा समूह, २, २, २, २ मिलाएर अर्को समूह.............) यसरी बनेका ४ समूहको नाम विज्ञ समूह वा एक्स्पर्ट समूह भनी चिनाउनुहोस् । अब प्रत्येक विज्ञ समूहलाई जलवायु परिवर्तनको परिचय, जलवायु परिवर्तनका कारण, जलवायु परिवर्तनका असर र जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायमध्येबाट एउटा एउटा विषयवस्तुमा छलफल गर्न लगाउनुहोस् । विद्यार्थीलाई आवश्यक परेमा थप सहजीकरण गर्नुहोस् । आआफ्नो विषयमा प्रत्येक समूहका प्रत्येक सदस्यले विज्ञता हासिल गरिसकेपछि सबैलाई आआफ्नो मातृ समूहमा जम्मा हुन भन्नुहोस् । त्यसपछि प्रत्येक मातृ समूहका प्रत्येक सदस्यलाई पालैपालो आफूले विज्ञता हासिल गरेको विषयमा बाँकी साथीहरूलाई सिकाउन लगाउनुहोस् ।

| जलवायु परिवर्तनका कारणहरू |
|---|
| उद्योग कलकारखानाबाट निस्कने धुँवा र फोहोर पदार्थ |
| आणविक भट्टीबाट निस्कने धुँवा र रासायनिक पदार्थ |
| यातायातका साधनबाट निस्कने धुँवा |
| हरितगृह प्रभाव |
| खाना पकाउने ग्याँस, दाउराको धुँवा, आगलागी |
| रेफ्रिजेरेटर, एसी आदिबाट निस्कने ग्याँस |

**जलवायु परिवर्तनका प्रभाव**

- हिमाल र ध्रुवीय क्षेत्रका हिउँ पग्लनु
- फूलहरू समय अगावै वा समय भन्दापछि फुल्नु
- पानी पर्ने समयमा पानी नपर्नु
- समुद्री सतह वृद्धि भई तटीय क्षेत्र डुबानमा पर्नु
- अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि हुनु
- खडेरी पर्नु
- बिरुवामा रोग किराको सङ्क्रमण बढ्नु

## जलवायु परिवर्तनका असर न्यूनीकरणका उपाय

**वृक्षरोपण गर्ने, विद्युतीय सवारी साधन र विद्युतीय चुल्होको प्रयोगमा जोड दिने, पेट्रोलियम पदार्थको उपयोग कम गर्ने, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पानीको स्रोतको संरक्षण गर्ने, उद्योग कलकारखानालाई बस्तीभन्दा टाढा राख्ने आदि ।**

**क्रियाकलाप ४ : माकुरी जालो** (**Spider web**)

विद्यार्थीलाई गोलो घेरामा बस्न लगाउनुहोस् । एउटा धागाको डल्ला लिनुहोस् । अब जलवायु परिवर्तनका असर न्यूनीकरणमा आफूले खेल्ने एक भूमिका भन्दै प्रतिबद्धता जाहेर गर्नुहोस् । अब धागाको एक छेउ समाती धागाको डल्लो एक विद्यार्थीलाई दिनुहोस् । उक्त विद्यार्थीले धागाको डल्लो समाउँदै एक प्रतिवद्धता भन्छ । फेरि उसले धागाको एक छेउ समातेर फेरि अर्को साथीलाई डल्लो फाल्छ । अब अर्को विद्यार्थीले जलवायु परिवर्तनको असर कम गर्न निर्वाह गर्नुपर्ने भूमिका वा प्रतिवद्धता जाहेर गर्दै अर्कोलाई धागो दिन्छ । यसरी सबैले धागो नसमाएसम्म पालैपालो आफ्ना प्रतिबद्धता गर्न लगाउनुहोस् ।

**५.मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. जलवायु परिवर्तनको परिचय दिनुहोस् ।

२. जलवायु परिवर्तनका कारणको सूची तयार पार्नुहोस् ।

३. जलवायु परिवर्तनका कारण नेपालमा पारेको प्रभाव बताउनुहोस् ।

४. तपाईंले जलवायु परिवर्तनका के कस्ता असरहरू भोग्नुभएको छ ?

५. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न तपाईंले के के भूमिका निर्वाह गर्नुहुन्छ ?

समूह कार्य गराउँदा श्रेणी मापन वा रुब्रिक्सका आधारमा मूल्याङ्कन गर्न सकिन्छ, जसको नमुना तल दिइएको छ ।

| क्र. स | नाम थर | छलफलमा सक्रियता/सहभागिता | | | प्रस्तुतीकरण | | | जिम्मेवारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य | उत्कृष्ट | मध्यम | सामान्य | उत्कृष्ट | मध्यम | सामान्य | उत्कृष्ट | मध्यम |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# पाठ : ४ नेपालका छिमेकी देश

अनुमानित कार्यघण्टा : २

**(क) पाठ परिचय**

नेपालको पूर्व, पश्चिम र दक्षिणी सिमाना भारतसँग र उत्तरी सिमाना चीनसँग जोडिएको छ । नेपाल र भारतबिचमा दौत्य सम्बन्ध वि. सं. २००४ साल जेठ ३० गते भएको थियो भने नेपाल र चीनबिचमा दौत्य सम्बन्ध वि.स. २०१२ मा भएको थियो । भारत र चीनलगायत नेपालका छिमेकी देशमा पाकिस्तान, भुटान, बङ्गलादेश, श्रीलङ्का आदि रहेका छन् ।

यस पाठमा नेपालका छिमेकी देशको सामान्य परिचय साथै नेपालको भारत र चीनसँगको सम्बन्ध र सहयोगका क्षेत्रहरू आदि मुख्य विषवस्तु रहेका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मष्तिस्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, खोज जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार सिकाइ सहजीकरणका लागि अन्य सिर्जनात्मक क्रियाकलापको प्रयोग गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको अन्तर्राष्ट्रिय सिमाना पहिचान गरी छिमेकी देशहरूको सामान्य परिचय र सम्बन्ध उल्लेख गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

(ख) **सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको अन्तर्राष्ट्रिय सिमाना पहिचान गरी छिमेकी देशको सामान्य परिचय र सम्बन्ध उल्लेख गर्न | - नेपालको छिमेकी देशको सामान्य परिचय दिन<br>- नेपालको भारत र चीनसँगको सम्बन्ध र सहयोग उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्री**

- ग्लोब
- एसिया महादेशको नक्सा
- नेपालको नक्सा
- चीन र भारतको सहयोगमा बनेका राजमार्ग र अन्य विकास निर्माण कार्यको चित्र र भिडियो

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

एसियाको नक्सा वा ग्लोब वा एटलसमा नेपाल र नेपालका छिमेकी राष्ट्रहरू पहिचान गर्न लगाउदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र पहिचान**

एटलस, नक्सा र सन्दर्भ सामग्रीको अध्ययन गर्न लगाई भारतको सिमाना, क्षेत्रफल, अवस्थिति, भौगालिक विभाजन आदि पहिचान गर्न लगाउनुहोस् । त्यसपछि छिमेकी देश भारतको भौगोलिक, सामाजिक अवस्था झल्कने चित्र वा भिडियो प्रदर्शन गर्दै भारतको सामान्य चिनारी गराउनुहोस् ।

**क्रियाकलाप २ : खोजी र प्रस्तुतीकरण**

नेपालले छिमेकी देश भारतलाई के के सहयोग गरेको छ ? भन्ने सम्बन्धमा विद्यार्थीका विचार लिनुहोस् । त्यसपछि भारतले नेपाललाई गरेको सहयोगका क्षेत्र सम्बन्धमा विद्यार्थीलाई के के जानकारी छ ? सो बताउन लगाउनुहोस् । साथै भारतको सहयोगबाट बनेका राजमार्गलगायत अन्य भौतिक संरचना र सेवाका क्षेत्रहरूको सम्बन्धमा पाठ्यपुस्तक वा सन्दर्भ सामग्री र इन्टरनेटबाट खोजी गरी टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले नेपाल भारतको सम्बन्ध र सहयोगका क्षेत्र सम्बन्धमा आवश्यक सहजीकरण गरी प्रस्ट पार्नुहोस् ।

| नेपाल र भारतका सम्बन्ध र सहयोगका क्षेत्रहरू |
|---|
| - प्राचीनकालमा नेपालकी छोरी सीताको विवाह भारत अयोध्याका राजकुमार रामचन्द्रसँग भएको<br>- नेपालका सिदार्थ गौतमले भारतको बोधगयामा तपस्या गरी ज्ञान प्राप्त गरेका<br>- भारतका सम्राट अशोकले लुम्बिनीमा अशोक स्तम्भ खडा गरेका र आफ्नी छोरी चारुमतीको विवाह देवपालसँग गराएका र देवपाटन सहर स्थापना गरेका<br>- प्राचीनकालदेखिदेखि नै नेपाल र भारतका बिचमा व्यापारिक सम्बन्ध कायम रहेको<br>- परापूर्वकालदेखि नै नेपाल र भारतका बिचमा रोटीबेटीको सम्बन्ध रहँदै आएको<br>- भारतले नेपालमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापनामा सहयोग पुर्‍याएको ।<br>- वि.सं. २०७२ को महाभूकम्पमा आर्थिक र प्राविधिक सहयोग साथै कोभिड १९ को महामारीको समयमा कोभिड विरुद्धको खोप सहयोग गरेको ।<br>- त्रिभुवन राजपथ, सिद्धार्थ राजमार्ग, वीर अस्पताल, वि.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत विकास निर्माणका कार्यमा सहयोग पुऱ्याएको |

| |
|---|
| - भारतको स्वतन्त्रता सङ्ग्राममा नेपालका राजनीतिक दल र सर्वसाधरण जनताको साथ, सहयोग र समर्थन रहेको |

**क्रियाकलाप ३ : प्रदर्शन र पहिचान**

छिमेकी देश चीनको भौगोलिक, सामाजिक अवस्था झल्कने चित्र वा भिडियो प्रदर्शन गर्दै चीनको सामान्य चिनारी गराउनुहोस् । त्यसपछि एटलस, नक्सा र सन्दर्भ सामग्रीको अध्ययन गर्न लगाई चीनको सिमाना, क्षेत्रफल, अवस्थिति, भौगालिक विभाजन आदि पक्षमा छलफल गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : खोजी र प्रस्तुतीकरण**

नेपालले चीनलाई र चीनले नेपाललाई गरेका सहयोगका क्षेत्र सम्बन्धमा विद्यार्थीलाई के के जानकारी छ ? भन्न लगाउनुहोस् । चीनको सहयोगबाट बनेका राजमार्गलगायत अन्य भौतिक संरचना र सेवाका क्षेत्रहरूको सम्बन्धमा पाठ्यपुस्तक वा सन्दर्भ सामग्री र इन्टरनेटबाट खोजी गरी टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र शिक्षकले नेपाल चीनको सम्बन्ध र सहयोगका क्षेत्र सम्बन्धमा आवश्यक सहजीकरण गरी प्रस्ट पार्नुहोस् ।

| नेपाल र चीनबिचका सम्बन्ध र सहयोगका क्षेत्रहरू |
|---|
| • नेपालकी राजकुमारी भृकुटीको विवाह तिब्बतका सम्राट स्रङचङ गम्पोसँग भएको<br>• अरनिको लगायतको नेपाली कलाकारको टोली चीनमा गई प्यागोडा शैलीको वास्तुकलाको विकास र प्रचारप्रसार गरेका<br>• प्राचीनकालदेखि नै नेपाल र तिब्बतबिचमा व्यापारिक कारोबार हुने गरेको<br>• चीनले नेपालको राजमार्ग, जलविद्युत्, स्वास्थ्य र शिक्षालगायतका क्षेत्रको विकासमा सहयोग गर्दै आएको<br>– काठमाडौँको चक्रपथ, पृथ्वी राजमार्ग, अरनिको राजमार्ग आदि<br>– वि.पी. कोइराला क्यान्सर अस्पताल, निजामती अस्पताल आदि<br>– भृकुटी कागज कारखाना, बाँसबारी छाला जुत्ता कारखाना, हेटौँडा सिमेन्ट उद्योग आदि<br>– सुनकोसी जलविद्युत् परियोजना<br>– नेपाली विद्यार्थीका लागि उच्च शिक्षा अध्ययनमा छात्रवृत्ति |

**क्रियाकलाप ५ : टिपोट र तालिका निर्माण**

भारत र चीनले गरेका सहयोगका क्षेत्रहरू मेटाकार्डमा लेखी एउटा बाकसमा राखी विद्यार्थीलाई एक एकओटा टिपोट गर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीलाई सहयोगका क्षेत्रहरू कुन देशले गरेको हो पहिचान गर्न लगाई भन्न लगाउनुहोस् र न्युजप्रिन्टमा तयार पारिएको तालिकामा टाँस्न लगाउनुहोस् ।

| भारतले नेपाललाई गरेको सहयोगको क्षेत्र | चीनले नेपाललाई गरेको सहयोगको क्षेत्र |
| --- | --- |
| त्रिभुवन राजपथ<br>वीर अस्पताल | पृथ्वी राजमार्ग<br>निजामती अस्पताल |

**(ङ) मूल्याङ्कन**

विभिन्न राजमार्गको नाम र अस्पतालको नाम ( भारत र चीनको सहयोगमा बनेका मात्र) शब्दपत्तीमा लेख्नुहोस् ।
भित्तामा पकेट चार्ट टाँसी एउटा पकेटमा चीन र अर्को पकेटमा भारत लेख्नुहोस् ।

विद्यार्थीलाई पालैपालो शब्दपत्ती छानेर पकेट चार्टको पकेटमा राख्न लगाउनुहोस् । अन्त्यमा पकेटहर खोलेर हेर्न विद्यार्थीलाई नै लगाउनुहोस् । विद्यार्थीले राखेका शब्दपत्ती सही ठाउँमा भए नभएको मूल्याङ्कन गरी आवश्यक सहजीकरण गरिदिनुहोस् ।

# पाठ : ५ सार्क राष्ट्रहरू र नेपाल

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC) दक्षिण एसियाका देश मिलेर बनेको एक क्षेत्रीय सङ्गठन हो । सन् १९८५ डिसेम्बर ८ मा स्थापित यस सङ्गठनमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, भुटान, माल्दिभ्स, श्रीलङ्का र अफगानिस्तान सदस्य रहेका छन् । यस सङ्गठनको मुख्य उद्देश्य सदस्य राष्ट्रबिच आपसी सहयोग आदानप्रदान गर्नु रहेको छ। नेपालको सिमाना भारत र चीनबाहेक अन्य देशसँग नजोडिए पनि यी सबै सदस्य राष्ट्रसँग नेपालको सम्बन्ध अत्यन्तै सुमधुर रहेको छ । यस पाठमा सार्कमा पर्ने हाम्रा मित्र राष्ट्रहरू बङ्गलादेश, पाकिस्तान, भुटान, श्रीलङ्का, माल्दिभ्स र अफगानिस्तानको भौगोलिक अवस्थिति, आर्थिक सामाजिक अवस्था र नेपाल र ती देशबिचको सम्बन्धका क्षेत्रको चर्चा गरिएको छ। यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, नक्सा निर्माण जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार सिकाइ सहजीकरणका लागि अन्य सिर्जनात्मक क्रियाकलापको प्रयोग गर्न सक्नुहुने छ। यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी सार्क र यसका सदस्य देशको सामान्य परिचय दिन र नेपालको ती देशसँगको सम्बन्ध उल्लेख गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| नेपालको अन्तर्राष्ट्रिय सिमाना पहिचान गरी छिमेकी देशहरूको सामान्य परिचय र सम्बन्ध उल्लेख गर्न | - सार्क र यसका सदस्य देशहरूको सामान्य परिचय दिन<br>- नेपालको सार्क राष्ट्रसँगको सम्बन्ध उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्रीहरू**

- एसिया महादेशको नक्सा
- सार्कको लोगो, सार्कका सदस्य राष्ट्रहरू लेखिएको कार्ड
- सार्कका सदस्य राष्ट्रहरूको परिचय र नेपाल सँगको सम्बन्ध झल्कने चित्र, चार्ट वा भिडियो

(घ) **सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीहरूलाई सार्कको लोगो देखाउँदै सार्कका सदस्य देशहरूको नाम वर्णानुक्रमअनुसार बताउन उत्प्रेरित गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : पहिचान र तुलना**

एशिया महादेशको नक्सामा सार्कमा पर्ने देशहरू पहिचान गर्न लगाउनुहोस् ।  ती देशमा ठुलोदेखि सानो क्रममा कुन कुन पर्छन् भनी पत्ता लगाउन भन्नुहोस् ।




**क्रियाकलाप २  : समूह कार्य र प्रस्तुति**

विद्यार्थीको छओटा समूह निर्माण गर्नुहोस् । नेपाल र भारतबाहेक सार्कका अन्य सदस्य राष्ट्रको नाम लेखिएको कार्ड अगाडि टेबुलमा राख्नुहोस् । प्रत्येक समूहलाई एक एकओटा कार्ड निकाल्न लगाउनुहोस् । जुन समूहलाई जुन देशको नाम पर्छ त्यही देशको भौगोलिक, आर्थिक, सामाजिक अवस्थाको परिचय पाठ्यपुस्तक, विभिन्न सन्दर्भ सामग्री र गुगलबाट खोजी गर्न लगाउनुहोस् । खोजी गरिएको विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३ : प्रदर्शन र छलफल**

सार्कका सदस्य राष्ट्रहरूको परिचय र नेपालसँगको सम्बन्ध झल्कने चित्र, चार्ट वा  भिडियो प्रस्तुत गर्दै नेपाल र सार्क राष्ट्रहरूबिचको सम्बन्ध छलफल गरी स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप ४ : नक्सा निर्माण र सङ्केत**

पाठ्यपुस्तकको क्रियाकलाप न. १ मा रहेको (सार्कको नक्सा बनाई तिनीहरूको राजधानीलाई सङ्केतमा देखाउन र देशलाई फरक फरक रङको प्रयोग गर्ने) क्रियाकलाप गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप ५ : तालिका निर्माण**

अभ्यासको ४ नम्बरको सार्कसम्बन्धी तालिका भर्न निम्नानुसार सिकाउनुहोस् ।

| क्र. स. | देशको नाम | राजधानी | क्षेत्रफल | आर्थिक क्रियाकलाप | धर्म | भाषा | नेपालसँग सम्बन्ध स्थापना भएको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | भारत | नयाँ दिल्ली | ३२,८७,२६३ वर्ग कि.मी | कृषि, उद्योग पशुपालन | हिन्दु, इस्लाम, बौद्ध | हिन्दी | सन् १९५० |
| २ | बङ्गलादेश | ढाका | १,४३,९९८ वर्ग कि.मी | कृषि र मत्स्यपालन | इस्लाम र हिन्दु | बङ्गाली | सन् १९७२ |
| ३ | पाकिस्तान | इस्लामाबाद | ८,८१,९१३ वर्ग कि.मी | पर्यटन र व्यापार | इस्लाम, हिन्दु | उर्दु | सन् १९६० |
| ४ | भुटान | थिम्पु | ३८,३९४ वर्ग कि.मी | कृषि, व्यापार | बौद्ध र हिन्दु | जोङ्खा | सन् १९८३ |
| ५ | श्रीलङ्का | कोलम्बो | ६५,६१० वर्ग कि.मी | मत्स्य व्यवसाय र कृषि | बौद्ध, हिन्दु, इस्लाम | सिंहाला र तामिल | सन् १९७५ |
| ६ | माल्दिभ्स | माले | ३०० वर्ग कि.मी | पर्यटन, मत्स्य व्यवसाय | इस्लाम | माल्दिभियन, अरेबिक, हिन्दी | सन् १९८० |
| ७ | अफगानिस्तान | काबुल | ६,५२,८६० वर्ग कि.मी | कृषि, पशुपालन | इस्लाम, | पुस्तुन, पर्सियन | सन् १९६१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | नेपाल | काठमाडौँ | १,४७,१८१ व.कि.मि. | कृषि, पर्यटन, सेवा | हिन्दु, बौद्ध, इस्लाम, किराँत, इसाइ आदि | नेपाली, मैथिली, भोजपुरी, तामाङ, मगर आदि | |

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**नमुना प्रश्नहरू**

१. नेपालका छिमेकी देश कुन कुन हुन् ?

२. श्रीलङ्काको भौगोलिक विशेषता उल्लेख गर्नुहोस् ।

३. भुटानको सामाजिक सांस्कृतिक पक्ष उल्लेख गर्नुहोस् ।

४. नेपाल र बङ्गलादेशको सम्बन्ध उल्लेख गर्नुहोस् ।

# पाठ : ६ विपत् व्यवस्थापन

अनुमानित कार्यघण्टा : ३

## (क) पाठ परिचय

कुनै प्रकोपका कारण जनजीवन अस्तव्यस्त बनेको अवस्था विपत् हो । नेपालमा बाढी, पहिरो, आँधी, आगलागी, भूकम्प, महामारी, चट्याङ आदि जस्ता धेरै प्रकोपका घटनाबाट विपत् सिर्जित हुने गर्छ । विपत्को रोकथामको पूर्व तयारी गर्ने, यसको क्षतिलाई न्यूनीकरण गर्ने र विपत्पछि जनजीवनलाई सामान्य अवस्थामा फर्काउनका लागि गरिने सम्पूर्ण कामलाई विपत् व्यवस्थापन भनिन्छ । जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्ने, वृक्षरोपण गर्ने, जनचेतना अभिवृद्धि गर्ने, विद्यालयमा विपत् व्यवस्थापनसम्बन्धी शिक्षा दिने आदि उपाय अवलम्बन गर्नुपर्छ । यस पाठमा विपत् र यसका व्यवस्थापनका उपाय सम्बन्धमा चर्चा गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मष्तिस्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, समूह कार्य, ड्रिल अभ्यास, निर्देशित पढाइ र अब मेरो पालो जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार सिकाइ सहजीकरणका लागि अन्य सिर्जनात्मक क्रियाकलापहरूको प्रयोग गर्न सक्नुहुने छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालमा घट्ने विपत्का घटनाहरू तथा जोखिम न्यूनीकरणका उपाय पहिचान र अभ्यास गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालमा घट्ने विपत्का घटनाहरू तथा जोखिम न्यूनीकरणका उपायहरू पहिचान र अभ्यास गर्न | – नेपालमा घट्ने विपत्का घटनाहरू पहिचान गर्न<br>– विपत्बाट आइपर्ने जोखिम न्यूनीकरणका उपायहरू पहिचान र अभ्यास गर्न<br>– विपत् व्यवस्थापनमा प्रदेश सरकार र नेपाल रेडक्रस सोसाइटी र अन्य सङ्घसंस्थाको भूमिका उल्लेख गर्न |

## (ग) शैक्षणिक सामग्रीहरू

- नेपालमा घट्ने विभिन्न विपत्का घटना झल्कने चित्र वा भिडियो क्लिप ( जस्तै : २०७२ सालमा भूकम्प जाँदाको सिसी टि भी फुटेज, बाढीले तराईमा डुबान पारेको तस्बिर)
- विपत् व्यवस्थापन र न्यूनीकरणका उपायहरू समेटिएको चार्ट
- विपत् व्यवस्थापनमा प्रदेश सरकार, रेडक्रस र अन्य सङ्घसंस्थाको भूमिका उल्लिखित चार्ट वा चित्र

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विपत्सम्बन्धी कुनै अनुभव भए विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् । उनीहरूको अनुभवलाई जोड्दै विपत् सम्बन्धी भिडियो वा चित्र देखाउनुहोस् (जस्तै : २०७२ सालमा भूकम्प जाँदाको सीसी टि भी फुटेज ) र छलफल गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : अनुभव, चित्र चार्ट प्रस्तुति र छलफल**

तपाईँले विपत्का के कस्ता घटनाहरू अनुभव गर्नुभएको छ ? विद्यार्थीले दिएको उत्तरका आधारमा भूकम्प, बाढी, पहिरो, महामारी, आगलागी, चट्याङ आदिको कारण र प्रभाव सम्बन्धमा चित्र, चार्ट, उदाहरण, छलफल आदिमार्फत सामान्य जानकारी दिनुहोस् ।

**क्रियाकलाप २ : ड्रिल अभ्यास**

भूकम्प आउँदाको समयमा विद्यार्थीले के के गर्ने गरेका छन् ? भूकम्प आउँदा के के गर्नुभयो ? आदि अनुभव बताउन लगाउनुहोस् । अब कुन कुन र कस्तो प्रकृतिको स्थान सुरक्षित हुन्छ विद्यालयमा कुन कुन स्थान सुरक्षित छ ? कस्ता ठाउँमा बढी जोखिम हुन्छ ? आदिका बारेमा छलफल गरी विद्यालयमा भूकम्प आउँदा कसरी सुरक्षित रहने भन्ने बारेमा विद्यार्थीलाई ड्रिल अभ्यास गराउनुहोस् । घर, बाटो र साथीको घर, विद्यालय आदि स्थानमा सुरक्षित रहने उपायका बारेमा जानकारी गराउनुहोस् ।

**क्रियाकलाप ३ : खोजी र प्रस्तुति**

आफ्नो स्थानीय क्षेत्रमा हुने गरेका विभिन्न विपत्का घटनाको कारण र प्रभाव अभिभावक वा स्थानीयसँग सोधखोज गरी टिपोट गर्न र कक्षामा विवरण प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यक परेमा क्षेत्र भ्रमणमा पनि विद्यार्थीलाई लैजान सक्नुहुन्छ ।

**क्रियाकलाप ४ : समूह कार्य र प्रस्तुतीकरण**

विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । एक समूहलाई विपत् आउनुअगि, अर्कोलाई विपत्को समयमा र अन्तिम समूहलाई विपत्पछि अपनाउनुपर्ने उपायहका सम्बन्धमा पाठ्यपुस्तक, सन्दर्भ सामग्रीको अध्ययन गरी समूहमा छलफल गर्न लगाई विवरण तयार गर्न लगाउनुहोस् । उनीहरूले तयार गरेको विवरणलाई समूह नेताद्वारा प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुति सकिएपछि आवश्यक पृष्ठपोषणसहित निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

| विपत् पूर्व | विपत्को समयमा | विपत् पछि |
|---|---|---|
| **सचेतना कार्यक्रम फैलाउने** | सावधानी अपनाउने | क्षतिको आकलन |

| | | |
|---|---|---|
| **संरचना निर्माणमा निश्चित मापदण्ड अपनाउने** | पीडितलाई सुरक्षित स्थानमा राख्ने | पीडितहरूलाई राहत वितरण तथा पुनर्स्थापना गर्ने |
| **आवश्यक तालिम प्राप्त र सिपयुक्त जनशक्ति तयार** | खोज तथा उद्धार गर्ने | पीडित व्यक्ति र परिवारलाई परामर्श |
| **सुरक्षा र संरक्षणका उपाय अवलम्बन** | घाइतेलाई उपचारको तत्काल व्यवस्था | पुनः निर्माणका कार्यलाई प्रभावकारी बनाउने |
| **पूर्व सूचना प्रणाली व्यवस्थित** | खाद्यान्न तथा बसोबासको उचित व्यवस्था गर्ने | आमसञ्चारका माध्यम तथा सामाजिक सञ्जालमार्फत नियमित सही सूचना प्रवाह गर्ने |

**क्रियाकलाप ५: प्रदर्शन र छलफल**

विपत्को समयमा तपाईंको स्थानीय तहले के के कार्य गर्ने गरेको देख्नु वा थाहा पाउनुभएको छ ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीले दिएको उत्तरलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । विद्यार्थीले दिएको उत्तरलाई समेट्दै विपत् व्यवस्थापनमा स्थानीय सरकार र नेपाल रेडक्रस सोसाइटीलगायत अन्य सङ्घसंस्थाहरूको भूमिका लेखिएको चार्ट प्रदर्शन गर्दै छलफल गर्नुहोस् ।

**क्रियाकलाप ६ : छलफल र विवरण टिपोट**

किताबको पेज नम्बर १५८ मा रहेको प्रदेश राजपत्र अध्ययन गर्न लगाउनुहोस् । विपत् व्यवस्थापनमा प्रदेश सरकारको भूमिकाका बारेमा छलफल गराउनुहोस् र मुख्य मुख्य जानकारी टिपोट गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ : निर्देशित पढाइ क्रियाकलाप** (DRA)

विद्यार्थीलाई पाठको क्रियाकलाप न. २ मा दिइएको घटना अध्ययन गर्न लगाउनुहोस् । उनीहरूलाई घटनाका मुख्य मुख्य बुँदा टिपोट गर्न र घटनाले दिने सन्देश सम्बन्धमा समूह समूहमा छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ८ : अब मेरो पालो ( Pens in the middle)**

प्रत्येक बेन्चका विद्यार्थीको आफ्नो पेन टेबुलको बिचमा राख्न लगाउनुहोस् । प्रत्येक विद्यार्थी प्रदेश सरकारले विपत् व्यवस्थापनमा खेल्ने एक एक भूमिका भन्न लगाउनुहोस् । प्रत्येक विद्यार्थीले प्रदेश सरकारले विपत् व्यवस्थापनमा खेल्ने एउटा भूमिका बताएपछि मात्र आफ्नो पेन लिन पाउने छन् भनी बताइदिनुहोस् । उत्तर दिन नसक्ने विद्यार्थीलाई सक्नेले सहयोग गर्न भन्नुहोस् । त्यसैगरी विपत्पूर्व के कस्ता तयारी गर्नु आवश्यक छ भनी दोस्रो प्रश्न सोध्नुहोस् । अगिकै

प्रक्रियाअनुसार क्रियाकलाप गराउनुहोस् । त्यस्तै विपत् व्यवस्थापनमा तपाईंहरूले खेल्ने गरेको कुनै एक भूमिका भन्नुहोस् जस्ता २/४ ओटा प्रश्न गरी यो खेल खेलाउनुहोस् । हरेक प्रश्नमा बिच बिचमा कसले के भनेर पेन फिर्ता लिएको हो भनी उनीहरूको सिकाइ अवस्थाको पनि मूल्याङ्कन गर्नुहोस् ।

(ङ) **मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. विपत् व्यवस्थापनको परिचय दिनुहोस् ।

२. भूकम्पबाट हुने क्षतिलाई न्यूनीकरण गर्ने उपायको सूची तयार गर्नुहोस् ।

३. विपत् व्यवस्थापनका लागि विपत्पूर्व, विपत्को समय र विपत्पश्चात् गर्नुपर्ने कार्यहरू उल्लेख गर्नुहोस् ।

४. विपत् व्यवस्थापनमा तपाईंको समुदायमा रहेका सङ्घसंस्थाले खेलेको भूमिका सम्बन्धमा एक लेख तयार पार्नुहोस् ।

# पाठ : ७ नक्सा तथा प्रयोगात्मक कार्य

अनुमानित कार्यघण्टा : ४

**(क) पाठ परिचय**

कुनै पनि समतल सतहमा छापिएको वा कोरिएको भौगोलिक रेखाचित्र नक्सा हो । यसले एक निश्चित भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्छ । नक्सा बनाउने कार्यलाई अङ्ग्रेजीमा कार्टोग्राफी भनिन्छ । नक्सा कोर्ने विभिन्न विधि छन् । स्वतन्त्र नक्साकंन विधि, टेम्पलेट विधि, कार्बन विधि, वर्ग विधि, ट्रेसिङ विधि, ओभरहेड प्रोजेक्टर विधि आदि नक्सा निर्माणका परम्परागत विधिमा पर्छन् भने आधुनिक विधिमा भौगोलिक सूचना प्रणाली (GIS, विश्व अवस्थिति प्रणाली (GPS), गुगल अर्थ आदि पर्छन् । यी माथिका जुनसुकै विधि प्रयोग गरेर पनि हामी विद्यार्थीलाई नेपालको नक्सा कोर्न सक्षम बनाउनु पर्छ । विद्यार्थीलाई सामान्य आकारमा नेपालको नक्सा बनाउन सक्नु र उपयुक्त सङ्केतका आधारमा भौगोलिक तथ्यहरू भर्न सक्षम बनाउनु यस पाठको मुख्य उद्देश्य रहेको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, अवलोकन, प्रदर्शन, समूह कार्य, नक्सा कोर्ने, सङ्केतको प्रयोग गरी तथ्य भर्ने जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार सिकाइ सहजीकरणका लागि अन्य सिर्जनात्मक क्रियाकलापको प्रयोग गर्न सक्नुहुने छ ।

(ख) **सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| नेपालको नक्सा बनाउन र नक्सामा भौगोलिक तथ्य भर्न | – सामान्य आकृति मिल्नेगरी नेपालको नक्सा बनाउन<br>– नेपालको नक्सामा उपयुक्त सङ्केतको प्रयोग गरी भौगोलिक तथ्य भर्न |

**(ग) शैक्षणिक सामग्रीहरू**

- नेपालको नक्सा
- नेपालको नक्सा बनाउने तरीकासम्बन्धी तयार पारिएको रेखाङ्कित चित्र वा भिडियो
- एटलस
- स्केल
- भौगोलिक तथ्यको सङ्केत लेखी तयार पारिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**


**(अ) सुरुआती क्रियाकलाप**

नेपालको नक्सा कस्तो आकारको छ ? भनी कक्षामा सामुहिक प्रश्न गर्दै नेपालको नक्साको आकृतिका बारेमा छलफल गर्नुहोस् । जस्तै : इँट आकार पश्चिममा फुकेको पूर्वमा केही सुकेको बिचमा मुस्ताङको माथि उठेको अनि चितवनको भागमा भित्र पसेको आदि । अब सबै विद्यार्थीलाई आफूले जस्तो जानेको छ त्यस्तै नेपालको नक्सा कोर्न भन्नुहोस् । सबै विद्यार्थीले तयार पारेको नेपालको नक्सा अवलोकन गर्नुहोस् । विद्यार्थीले तयार पारेका नक्सामा सकारात्मक पृष्ठपोषण दिनुहोस् ।


**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : नक्सा कोर्ने अभ्यास**

विद्यार्थीलाई कापीमा २० से. मी. लम्बाइ र १२ से. मी. चौडाइ नाप बराबरको आयातकार कोठा बनाउन लगाउनुहोस् । तलको चित्रमा जस्तै २० सें मी. को लम्बाइलाई सुरुमा ४ से. मि. ६/६ से. मि. र ४ से. मि. को फरकमा ठाडो धर्काले काट्न लगाउनुहोस् । १२ से. मी.को चौडाइलाई बिचमा ४/४ से.मि. मा तेर्सो धर्काले काट्न लगाउनुहोस् ।





२. चित्रमा देखाए जस्तै चिह्न लगाउनुहोस् ।





लिम्पियाधुरा, मुस्ताङ, लाङटाङ, कञ्चनजङ्घा, विराटनगर, जनकपुर, चितवन, भैरहवा, धनगढी, बाँके आदि देखाउनुहोस् ।

३. चित्रमा देखाए जस्तै गरी चिह्न लगाएको स्थानमा आकार बनाउनुहोस् ।







चित्रमा देखाए जस्तै नेपालको नक्सामा उत्तर दिशा सङ्केत गर्नुहोस् । त्यसपछि नक्साभित्रका रेखा मेट्नुहोस् ।





विद्यार्थीले तयार गरेको नक्सा पालैपालो हेरेर उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

अब तल दिएको तरिका प्रयोग गरी स्वतन्त्र नक्साङ्कन विधिद्वारा नक्सा बनाउन सिकाउनुहोस् ।

**चरण** १. नेपाल आयतकार छ । 

**चरण** २. नेपाल पश्चिमबाट पूर्वतर्फ ढल्केको छ । 


**चरण** ३. नेपाल पश्चिममा हल्का फराकिलो र पूर्वमा साँघुरिँदै गएको छ । 

**चरण** ४. नेपाल करिब अर्ध चन्द्राकार जस्तै : मध्यउत्तर भागमा बाङ्गिएको छ । 

**क्रियाकलाप २ : नक्सा बनाउने अभ्यास**


शिक्षकले शैक्षणिक पाटीमा मार्करले स्वतन्त्र विधिबाट नेपालको नक्सा कोर्नुहोस् । विद्यार्थीलाई पनि आफू सँगसँगै नक्सा बनाउन लगाउनुहोस् । प्रत्येक विद्यार्थीले तयार पारेको नक्सा अवलोकन गरी नमिलेको ठाउँमा मिलाउन लगाउनुहोस् । विद्यार्थीलाई अरू केही नक्सा बनाउने अभ्यास गराउनुहोस् ।

गौरीशङ्कर, सगरमाथा र कञ्चनजङ्घा रहेका छन् । पूर्वमा पाँचथर दक्षिणमा विराटनगर, जनकपुर, चितवन, भैरहवा र धनगढीमा भित्रतिर घुसेका क्षेत्र रहेका छन् ।



**क्रियाकलाप ३ : सङ्केत अभ्यास**

विद्यार्थीलाई पालैपालो शैक्षणिक पाटीमा नक्सामा विभिन्न तथ्य जनाउनका लागि प्रयोग गरिने सङ्केतहरू बनाउन लगाउनुहोस् । विद्यार्थीले बनाएको सङ्केतको सुधारका लागि पृष्ठपोषण दिन उनीहरूलाई नै सक्रिय गराउनुहोस् । सबैले उक्त अभ्यास गरिसकेपछि समूह समूहमा विभिन्न सङ्केत बनाउने अभ्यास गराउन लगाउनुहोस् । शिक्षकले तल दिइए जस्तै सङ्केत चार्ट कक्षाको विभिन्न स्थानमा टाँसी दिनुहोस् ।

| तथ्यहरू | भौगोलिक सङ्केतहरू | तथ्यहरू | भौगोलिक सङ्केतहरू |
|---|---|---|---|
| १. नदी |  | २. ताल |  |
| ३. टाकुरा |  | ४. सडक |  |
| ५. भन्ज्याङ |  | ६. पुल |  |
| ७. मन्दिर |  | ८पहाडी शृङ्खला |  |

**क्रियाकलाप ४ : स्थानीय नक्सा निर्माण**

पाठ्यपुस्तकको पेज न. १६५ को क्रियाकलाप २ मा दिइएको जस्तै विद्यार्थीलाई आफ्नो वरिपरिको विभिन्न स्थान जस्तैः सडक, मन्दिर, चौतारो, वडा कार्यालय भवन, विद्यालय, सार्वजनिक चउर, पुल आदि सङ्केतको प्रयोग गरी स्थानीय नक्सा बनाउन र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । उक्त कार्यको अवलोकन गरी आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ५ : नक्सामा तथ्य भर्ने**

विद्यार्थीलाई ५ समूहमा विभाजन गर्नुहोस् । अब प्रत्येक समूहलाई नेपालको नक्सा बनाई एक समूहले नेपालका प्रमुख हिमाल, एक समूहलाई नेपालका प्रमुख नदी, एक समूहलाई नेपालका ताल, अर्को समूहलाई प्रमुख सहर र अर्को समूहलाई राष्ट्रिय निकुञ्ज एटलस वा नक्साको अध्ययन गरी भरेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप ६ : सिर्जनात्मक कार्य**

विद्यार्थीलाई नेपालको नक्सामा भर्ने विभिन्न तथ्य स्मरण गराउन वा तथ्यमा सबल बनाउनका लागि हाजिरीजवाफ, गीतको माध्यमबाट अभ्यास र प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**गीतको नमुना**

कञ्चनजङ्घा, मकालु र सगरमाथा हिमाल
कोसीमा नै बस्छन् साथी सतार र धिमाल ।
चियाखेती इलाममा, सनपाट मोरङ, झापा
शेर्पाहरू हिमाल चढ्न हुँदा रैछन् मापा ।
हलेसी खोटाङको धरोहर, धानफाँट झापाको मनोहर
जानकी अनि गढीमाई मधेसमा पर्छन् ।
वीरगन्जलाई उद्योगको राजधानी भन्छन्
जनकपुर जयनगर रेल पनि चल्छ
यो प्रदेशमा आँप, केरा प्रशस्त नै फल्छ
गौरीशङ्कर, जुगल अनि गणेश बाग्मतीमा छन्
वि.पि.मार्ग, अरनिको, पृथ्वी यहि पर्छन्
गोसाइकुण्ड रसुवामा, दोलखा भिमेश्वर
चितवन राष्टिय निकुञ्ज घुम्दा हुँदैन है बोर
त्रिशुलीमा राफ्टिङ सरर, घुम्न जाउँ नगरकोट हरर
माछापुच्छे, धौलागिरी पश्चिमको शान
गण्डकीको गुरुङ संस्कार नमुना छ जान
मुक्तिनाथ, विन्ध्यवासिनी, गलेश्वर छन् नामी
मुस्ताङमा स्याउ खेती हुने रैछ दामी
मनकामना केबुलकार सरर, फेवा, रूपाा डुङ्गामा हरर
सिस्ने हिमाल, बागेश्वरी लुम्बिनीको  सान
सुपा देउराली र तिलौराकोट यहि पर्छ जान
कान्जिरोवा, पातारासी कर्णालीको सान
हुम्ला जुम्ला जाउँ न साथी मिठो स्याउ खान
देउत्तीवज्यै, काँक्रेविहार, चन्दननाथ बाबा
पवित्र छन् ती स्थल, चल्छन् धार्मिक हावा
जडिबुटीमा धनी छ कर्णाली, घुम्न जाउँ रारा ताल
यसपालि
अपि सैपाल सुदुरको हाम्रा गहना हुन्
खप्तड, शुक्लाफाँटाहरू सधैँ सुन्दर रहुन्
कैलाली र कञ्चनपुर थारु संस्कार राम्रो
साँफेबगर, टिकापुर सुन्दर देश हाम्रो ।

**क्रियाकलाप ७ : नक्सा अभ्यास**

विद्यार्थीलाई नेपालको खाली नक्सामा विभिन्न तथ्यलाई सङ्केतमा देखाउने अभ्यास पटक पटक गराउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । पृष्ठपोषण प्रदान गर्न विद्यार्थीलाई पनि लगाउन सकिन्छ ।

(ङ) **मूल्याङ्कन**

नेपालको सातओटा नक्सा बनाई एउटामा हिमाल मात्रै, अर्कोमा नदी मात्रै गरी निम्न तथ्य भर्नुहोस् ।

हिमाल – सगरमाथा हिमाल, धौलागिरी, गोरख, मनास्लु, मकालु, कञ्चनजङ्गा, गौरीशङ्कर, माछापुछ्रे , अन्नपूर्ण, अपि, सैपाल

नदी – सप्तकोसी, कन्काइ, कमला, बाग्मती, कर्णाली, महाकाली, मेची, त्रिशूली, नारायणी, भेरी, बबइ, पश्चिम सेती

ताल– रारा, गोसाइकुण्ड, फेवा, बाहृकुने, नन्दभाउजू, सत्यवती, इन्द्रसरोवर, शेफोक्सुण्डो

धार्मिक क्षेत्र – स्वर्गद्धारी, मुक्तिनाथ, पाथीभरा, मनकामना, पशुपतिनाथ, जानकी, बराहक्षेत्र, लुम्बिनी

राजमार्ग– पूर्वपश्चिम राजमार्ग, पृथ्वी राजमार्ग, अरनिको राजमार्ग, मध्यपहाडी राजमार्ग

कृषि उत्पादन क्षेत्र –चिया उत्पादन, उखु उत्पादन, कफी उत्पादन, कपास उत्पादन, सनपाट उत्पादन

सहर –काठमाडौँ, पोखरा, विराटनगर, वीरगन्ज, भरतपुर, सुर्खेत, तानसेन, धरान, तुलसीपुर महेन्द्रनगर

नेपालको नक्सा बनाई सात प्रदेश र त्यसको राजधानी देखाउनुहोस् ।

# पाठ : ८ जनसङ्ख्या र यसको व्यवस्थापन

कार्यघण्टा : १२

### (क) एकाइ परिचय

कुनै सीमा क्षेत्रभित्र निश्चित समयमा बसोबास गरेका मानिसको समूह जनसङ्ख्या हो । देशमा उपलब्ध स्रोत साधनको परिचालन गरी दिगो विकास हासिल गर्न जनसङ्ख्याको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जनसङ्ख्या लामो समयसम्म स्थिर रहन सक्दैन । यो निरन्तर परिवर्तन भइरहन्छ । जनसङ्ख्या परिवर्तन हुनमा जन्म, मृत्यु र बसाइँसराइले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

उमेर, लिङ्ग, जातजाति, धर्म, पेसा, साक्षरता, मातृभाषाअनुसार जनसङ्ख्याको अवस्था जनसङ्ख्याको बनोट हो । जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा प्रभाव पार्छ । जनसङ्ख्याको वितरण देशका सबै स्थानमा बराबर हुँदैन यसलाई विभिन्न कुराले प्रभाव पारेको हुन्छजसले गर्दा जनसङ्ख्याको वितरणमा विविधता अर्थात् असमानता ल्याउँछ भन्ने कुराको बोध गराई भौगोलिक क्षेत्र, प्रदेशअनुसार जनसङ्ख्याको वितरण र जनघनत्वका बारेमा चर्चा गरी यिनीहरूबिच तुलना गर्न सक्ने अपेक्षा यस एकाइमा गरिएको छ ।

यस एकाइमा समाविष्ट भएका पाठ तथा विषयवस्तुको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, परियोजना कार्य, मस्तिष्क मन्थन, TPS, हाजिरीजवाफ, मान्यता आदि जस्ता शिक्षण विधि र सोहीअनुसारका नमुना क्रियाकलाप विकास गरिएका छन् । शिक्षकले कक्षाको आकार, विद्यार्थी सङ्ख्या, भौतिक सुविधाको उपलब्धतासमेतलाई ध्यानमा राखी अन्य सिर्जनात्मक सिकाइ क्रियाकलाप पनि प्रयोग गर्न सक्नुहुने छ ।

### (ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण

| पाठ | पाठको नाम | सिकाइ उपलब्धी | शैक्षणिक सामग्री | अनुमानित कार्यघण्टा |
|---|---|---|---|---|
| १ | जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू | जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू पहिचान गर्न | – जन्म, मृत्यु बसाइँसराइलाई देखाउने चित्र, फोटो, पोस्टर<br>– जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व लेखिएको शब्दपत्ती<br>– जन्म, मृत्यु र वसाइँसराइसम्बन्धी विवरण उल्लेखित चार्ट वा स्तम्भ चित्र<br>– जन्म, मृत्यु र बसाइँसराइलाई गणना गर्ने सूत्र लेखिएको चार्ट | ३ |
| २ | नेपालको जनसङ्ख्या | नेपालको जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभावको वर्णन गर्न | – जनसङ्ख्याको बनोटको अवस्था झल्कने तालिका, चित्र, चार्ट, फोटो<br>– जनगणनाका तथ्याङ्कका आधारमा लिङ्ग, साक्षरता, ग्रामीण तथा सहरी क्षेत्रको तथ्याङ्क सङ्कलित तालिका<br>– जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव समेटिएको चार्ट | ३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व | नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व तुलना गर्न | – जनसङ्ख्याको वितरणसँग सम्बन्धित चित्र, तस्बिर वा भिडियोहरू<br>– भौगोलिक क्षेत्र, ग्रामीण तथा सहरी क्षेत्र र प्रदेशअनुसार जनसङ्ख्याको वितरण उल्लेखित तालिका<br>– जनघनत्वको परिचय लेखिएको मेटाकार्ड<br>– नेपालको जनघनत्वको अवस्था देखाइएको चार्ट<br>– जनसङ्ख्याको वितरण र जनघनत्वलाई प्रभाव पार्ने तत्त्वको सूची | ३ |
| ४ | नेपालमा बसाइँसराइ | नेपालमा बसाइँसराइका कारण र प्रभाव पहिचान गर्न | – बसाइँसराइसँग सम्बन्धित चित्र, फोटो तथा पोस्टरहरू<br>– बसाइँसराइका कारक तत्त्वहरू ( आकर्षण र विकर्षण) को चार्ट तथा स्लाइड<br>– बसाइँसराइले पारेको प्रभाव उल्लेखित चार्ट | ३ |

# पाठ : १ जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

कुनै निश्चित क्षेत्र र समयमा बसोबास गरिरहेका मानिसको सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ । जनसङ्ख्या कहिले घट्ने र कहिले बढ्ने क्रम चलिरहन्छ । यसलाई जनसङ्ख्या परिवर्तन भनिन्छ । जनसङ्ख्या परिवर्तन हुनुमा तीनओटा तत्त्व जन्म, मृत्यु र बसाइँसराइले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थीलाई यिनै जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू जन्म, मृत्यु र बसाँइसराइको धारणा प्रस्ट्याउनु, यी तत्त्वको दर मापन गर्ने सूत्रहरूको प्रयोग गरी अभ्यास गराउनुका साथै जनसङ्ख्या दोब्बर हुन लाग्ने समयको गणना गर्नु यस पाठको मुख्य उद्देश्य रहेको छ ।

यस पाठमा जनसङ्ख्या परिवर्तनको अवधारणा, जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू र मापन गर्ने तरिकासम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अनुभव आदानप्रदान, समूह कार्य आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व पहिचान गरी जन्म, मृत्यु र बसाइँसराइको मापन गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू पहिचान गर्न | - जनसङ्ख्या परिवर्तनलाई परिभाषित गर्न<br>- जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू जन्म, मृत्यु र बसाइँसराइको अवधारणा बताउन<br>- जन्म, मृत्यु र बसाइँसराइको मापन गर्न<br>- जनसङ्ख्या दोब्बर हुन लाग्ने समय गणना गर्न |

**(ग) सिकाइ सहजीकरण सामग्री**

- जन्म, मृत्यु बसाँइसराइलाई देखाउने चित्र, फोटो, पोस्टर
- जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व लेखिएको शब्दपत्ती
- जन्म, मृत्यु र बसाइँसराइसम्बन्धी विवरण उल्लेखित चार्ट वा स्तम्भ चित्र
- जन्म, मृत्यु र बसाँइसराइलाई गणना गर्ने सूत्र लेखिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

तलको तालिकामा दिइएका जिल्लाको जनसङ्ख्याको अवस्था अध्ययन गर्न लगाउनुहोस् र त्यहाँको जनसङ्ख्या परिवर्तन हुनुका कारण के के होलान् ? यसरी जनसङ्ख्या घट्दा वा बढ्दा के के असर पर्छ अनुमान गर्न लगाउँदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

| जिल्ला | २०६८को अनुसार जनसङ्ख्या | २०७८ को जनगणनाअनुसार जनसङ्ख्या |
|---|---|---|
| भक्तपुर | ३,०४,६५१ | ४,३२,१३२ |

| | | |
|---|---|---|
| रामेछाप | २,०२,६४६ | १,७०,३०२ |

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

जन्म, मृत्यु बसाँइसराइलाई देखाउने चित्र, फोटो, पोस्टर प्रदर्शन गर्दै उक्त चित्र, तस्बिर वा पोस्टरमा के देख्नुभयो ? छलफल गराउनुहोस् । हाम्रो घरपरिवार, समुदाय, देशको जनसङ्ख्या जन्मको कारण बढ्ने, मृत्युको कारण घट्ने र बसाईँसराइको कारण एक वा अर्को ठाउँमा रहेको मानिसहरूको सङ्ख्यामा परिवर्तन आउछ, जसलाई जनसङ्ख्या परिवर्तन भनिन्छ । जनसङ्ख्या परिर्वतन हुन सहयोग गर्ने यि कारक तत्त्व जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू हुन् भनि जानकारी गराउनुहोस् ।




**क्रियाकलाप २ : समूह कार्य**

विद्यार्थीको तीनओटा समूह बनाउनुहोस । प्रत्येक समूहलाई जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्वहरू लेखिएको शब्दपत्ती पालैपालो देखाउनुहोस् । अनि विद्यार्थीलाई त्यसका बारेमा पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययनका आधारमा एक एक वाक्य भन्न लगाउनुहोस् । यसरी नै सबै तत्त्वको सम्बन्धमा उनीहरूले भनेका महत्त्वपूर्ण लागेका बुँदालाई टिप्दै जानुहोस् । आवश्यकताका ाधारमा पृष्ठपोषण सहित जन्म, मृत्यु र बसाईँसराइको अवधारणा प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ : अनुभव आदानप्रदान र छलफल**

विद्यार्थीलाई जन्म, मृत्यु र वसाईँसराइसम्बन्धी विवरण कति जनाले वडा कार्यालयमा दर्ता गराउन जानुभएको छ भन्ने प्रश्न गर्दै उनीहरूको अनुभव समूहमा बाढ्न लगाउनुहोस् । सँगै जन्म, मृत्यु र वसाइँसराइसम्बन्धी स्थानीय विवरण उल्लेखित चार्ट वा स्तम्भ चित्र प्रदर्शन र छलफल गर्नुहोस् । विद्यार्थीलाई पनि चार्ट वा चित्र बनाउने अभ्यास गराउनुहोस् र कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : तथ्याङ्क सङ्कलन, प्रस्तुतीकरण र छलफल**

विद्यार्थीलाई उनीहरू रहेको समुदायमा भएका कुनै १० ओटा छिमेकीका घरमा गई विगत दुई वर्षको जन्म, मृत्यु र बसाइँसराइसम्बन्धी तथ्याङ्कको खोजी तथा सङ्कलन गर्ने कार्य गर्न लगाउनुहोस् । त्यसबाट जनसङ्ख्या परिवर्तनमा जन्म, मृत्यु र बसाइँसराइका भूमिका रहने कुराको निष्कर्षका रूपमा बताइदिनुहोस् । जस्तै :

भोर्ले, थाहा गाउँपालिका –४, मकवानपुर

| साल | २०७८ | २०७९ |
|---|---|---|
| जन्म | ..... | ...... |
| मृत्यु | .... | ...... |
| बसाइँसराइ | .... | ...... |

**क्रियाकलाप ५ : व्याख्यान**

विद्यार्थीमा कुनै पनि निश्चित ठाउँको जनसङ्ख्या परिवर्तनलाई निर्धारण गर्ने तत्त्व जन्म, मृत्यु र बसाइँसराइलाई विभिन्न तरिकाले मापन गर्न सकिने कुराको जानकारी गराउँदै यसरी मापन गर्दा निश्चित ठाउँको मध्य वर्षको जनसङ्ख्याको आवश्यकता पर्छ भन्ने कुराको बोध गराउनुहोस् ।

**क्रियाकलाप ६ : चार्ट प्रदर्शन र छलफल**

जन्म, मृत्यु र बसाँइसराइ दरका मापकहरूलाई गणना गर्ने सूत्र लेखिएको चार्ट प्रदर्शन गर्दै विद्यार्थीलाई पाठ्यपुस्तकको पेज न. १६८ देखि १७० सम्म रहेको जन्मदर, मृत्युदर र बसाइँसराइदरका विभिन्न मापकको अवधारणागत अभ्यास गर्न लगाउनुहोस् ।

**अभ्यास गराउँदा ध्यान दिनुपर्ने कुरा**

- एक वर्ष भित्रमा घटेका जन्म, मृत्यु र बसाइँसराइको सङ्ख्या
- सोही वर्षको मध्य वर्षको जनसङ्ख्या
- दरमा निकालिने हुँदा १००० ले गुणा
- हिसाब गरी निकाल्ने सूत्र

**कोरा जन्मदरको मापक**

यो जन्मलाई मापन गर्ने सरल तरिका हो । यो दर निकाल्नका लागि कुनै खास स्थलको निश्चित वर्षमा जीवित जन्मेका शिशुहरूको जन्म सङ्ख्या र त्यसै वर्षको मध्य वर्षको जनसङ्ख्या आवश्यक पर्दछ ।

$$\text{कोरा जन्मदर} = \frac{\text{कुनै वर्षमा जीवित जन्मेका शिशुको सङ्ख्या}}{\text{मध्य वर्षको जनसङ्ख्या}} \times १०००$$

उदाहरणका लागि सन् २०२१ को जनगणनाअनुसार त्यस वर्षको कुनै स्थानमा जीवित जन्मेका शिशुको सङ्ख्या ३१०० र उक्त स्थानको मध्य वर्षको कुल जनसङ्ख्या २२००००

सन् २०२१ को कोरा जन्मदर यसरी निकालिन्छ,

$$\text{कोरा जन्मदर} = \frac{३१००}{२२००००} \times १००० = १४.०९ \text{ प्रति हजार}$$

तसर्थ सन् २०२१ मा उक्त स्थानमा प्रति १००० जनसङ्ख्यामा लगभग १४ जना शिशुको जन्म भएको रहेछ ।

**क्रियाकलाप ७ : प्रश्नोत्तर र छलफल**


विद्यार्थीमा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय भनेको कस्तो समय हो ? यसलाई कसरी निकालिन्छ ? यसका लागि के कस्ता कुराको आवश्यकता पर्छ ? भनी प्रश्न गर्दै उनीहरूलाई भन्न र खोज्न उत्प्रेरित गर्नुहोस् । उनीहरूबाट आएका कुरालाई समेट्दै जनसङ्ख्या दोब्बर हुन लाग्ने समयको गणना अगिल्लो जनगणनाको कुल जनसङ्ख्या र वार्षिक वृद्धिदरका आधारमा निकालिन्छ भन्ने कुरा छलफल तथा अभ्यासद्वारा प्रस्ट पार्नुहोस् र नेपालको जनसङ्ख्याका आधारमा वार्षिक वृद्धिदर र जनसङ्ख्या दोब्बर हुन लाग्ने समयको प्रवृति विश्लेषण गर्नुहोस् ।

जनगणनाको आधारमा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय (वि.स २०३८–२०७८)

| **जनगणना वर्ष (वि.स.मा)** | **जनसङ्ख्या** | **वार्षिक वृद्धिदर** | **दोब्बर हुन लाग्ने समय** |
|---|---|---|---|
| २०३८ | १,५०,२२,८३९ | २.६२ | २७ |
| २०४८ | १,८४,९१,०९७ | २.०८ | ३४ |
| २०५८ | २,३१,५१,४२३ | २.२५ | ३१ |
| २०६८ | २,६४,९४,५०४ | १.३५ | ५२ |
| २०७८ | २,९१,६४,५७८ | ०.९२ | ७६ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग*

*रेखाचक्र*




**(ङ) मूल्याङ्कन**

पाठ्यपुस्तकको अभ्यासमा दिइएका तथा विषयवस्तुसँग सम्बन्धित थप प्रश्नका आधारमा विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारमा थप पृष्ठपोषण प्रदान गरी सिकाइ अवसर प्रदान गर्ने र आवश्यकताअनुसार सुधारात्मक सिकाइ योजना तयार पार्ने जस्ता क्रियाकलाप गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. जनसाङ्ख्यिक परिवर्तनका निर्धारकहरूको सूची तयार गर्नुहोस् ।

२. जनसङ्ख्या दोब्बर हुन लाग्ने समय कसरी गणना गरिन्छ, लेख्नुहोस् ।

३. आन्तरिक बसाइँसराइ दर कसरी निकालिन्छ ?

४.कुनै एक गाउँपालिकाको मध्यवर्षको कुल जनसङख्या ६००० छ र उक्त गाउँपालिकामा एक वर्षभित्रमा मृत्यु हुने मानिसको सङ्ख्या ६० छ भने कोरा मृत्युदर पत्ता लगाउनुहोस् ।

५. निम्न आधारमा विद्यार्थीले गरेको सामुहिक कार्यको मूल्याङ्कन गर्नुहोस् :

- विषयवस्तुको ज्ञान
- सक्रिय सहभागिता
- सहकार्य सिप

# पाठ : २ नेपालको जनसङ्ख्या

अनुमानित कार्यघण्टा : ३

### (क) पाठ परिचय

लिङ्ग, उमेर, पेसा, साक्षरता, ग्रामीण तथा सहरी जनसङ्ख्या आदिका आधारमा गरिने जनसङ्ख्याको वर्गीकरण तथा अध्ययनलाई जनसङ्ख्याको बनोट भनिन्छ । जनसाङ्ख्यिक बनोटले देश, समाज र समुदायको जनसङ्ख्याको स्थिति देखाउँछ । यसले देशको जनसङ्ख्याको अध्ययन तथा अनुसन्धान गर्न, नीति तथा कार्यक्रम तर्जुमा गर्न, आयोजनाहरू प्रस्ताव गर्न, विभिन्न क्षेत्रमा लगानी तथा अवसर सिर्जना गर्न, भविष्यका लागि योजना बनाउन, पहिचान स्थापित गर्न लगायत महङवपूर्ण क्षेत्रमा आधार तयार गरेको हुन्छ ।

यस पाठमा जनसङ्ख्या बनोटको अवधारणा, साक्षरता, पेसा, ग्रामीण तथा सहरीअनुसारको नेपालको जनसङ्ख्या बनोट, जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभावसम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, तालिका र चार्ट प्रस्तुति, समूह कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभावको वर्णन गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

### (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालको जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभावको वर्णन गर्न | - जनसङ्ख्या बनोटको अवधारणा दिन<br>- साक्षरता, पेसा, ग्रामीण तथा सहरीअनुसारको नेपालको जनसङ्ख्या बनोट प्रस्तुत गर्न<br>- जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव उल्लेख गर्न |

### (ग) शैक्षणिक सामग्री

- जनसङ्ख्याको बनोटको अवस्था झल्कने तालिका, चित्र, चार्ट, फोटो
- जनगणनाका तथ्याङ्कका आधारमा लिङ्ग, साक्षरता, ग्रामीण तथा सहरी क्षेत्रको तथ्याङ्क सङ्कलित तालिका
- जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव समेटिएको चार्ट

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई कक्षाकोठामा भएको जनसङ्ख्यालाई लिङ्ग, जाति, धर्म आदिका आधारमा छुट्याउन लगाई कक्षाकोठामा भएको जनसङ्ख्याको बनोटको अवधारणा दिँदै नेपालको जनसङ्ख्या बनोटको सन्दर्भ जोड्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रदर्शन र छलफल**

जनसङ्ख्या बनोटको अवस्था झल्कने तालिका, चित्र, चार्ट, फोटो प्रर्दशन गर्दै नेपालको वर्तमानको जनसङ्ख्या, महिला र पुरुष, साक्षर र निरक्षर, ग्रामीण र सहरी र पेसाको अवस्थाका आधारमा छलफल गराउनुहोस् र जनसङ्ख्याको बनोटको अवधारणा स्पष्ट पारिदिनुहोस् ।


**क्रियाकलाप २ : तालिका र चार्ट प्रस्तुति**


लिङ्गका आधारमा नेपालको पछिल्ला दुईओटा जनगणनाअनुसारको लैङ्गिक जनसङ्ख्यालाई तालिकामा प्रस्तुत गर्दै नेपालको जनसङ्ख्याको लैङ्गिक बनोटको अवस्थाबारे तुलनात्मक चार्ट तयार गर्न लगाउँदै छलफल गर्नुहोस् र नेपालमा लैङ्गिक जनसङ्ख्याको अवस्थाका बारेमा थप प्रस्ट पारिदिनुहोस् ।

नेपालको लिङ्गअनुसारको जनसङ्ख्या बनोट प्रतिशतमा

| | जनगणना २०६८ | | जनगणना २०७८ | |
|---|---|---|---|---|
| **लिङ्ग** | **जनसङ्ख्या** | **प्रतिशत** | **जनसङ्ख्या** | **प्रतिशत** |
| **महिला** | १,३६,४३,१६३ | ५१.५० | १,४९,११,०२७ | ५१.१३ |
| **पुरुष** | २,२८,४५,४६३ | ४८.४९ | १,४२,५३,५५१ | ४८.८७ |
| **जम्मा** | २,६४,९४,५०४ | १०० | २,९१,६४,५७८ | १०० |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग*




**क्रियाकलाप ३ : तालिका प्रदर्शन र स्तम्भ रेखाचित्र विकास**

जनगणनाका तथ्याङ्कका आधारमा पछिल्ला दुइओटा जनगणनाको साक्षरता (ग्रामीण तथा सहरी र भौगोलिक क्षेत्र) को अवस्था उल्लेखित तथ्याङ्क सङ्कलित तालिका प्रदर्शन गर्दै छलफल र तालिकाको तुलनात्मक अवस्था अध्ययन गर्न लगाउनुहोस् । अवस्था अध्ययनपछि विद्यार्थीबाट आएको धारणालाई समेट्दै उनीहरूमा भएको कुनै अस्पष्टतालाई स्पष्ट पारिदिनुहोस् ।


नेपालको जनसङ्ख्याको साक्षरता प्रतिशत, २०७८

| **बसाइँको आधारमा** | **क्षेत्र** | **पुरुष** | **महिला** | **कुल** |
|---|---|---|---|---|
| | सहरी क्षेत्र | ८५.४ | ७१.९ | ७८.५ |
| | ग्रामीण क्षेत्र | ७९.९ | ६४.४ | ७१.९ |
| **भौगोलिक क्षेत्रको आधारमा** | हिमाल | ८१.८ | ६४.८ | ७२.८ |
| | पहाड | ८७.९ | ७४.३ | ८०.९ |

| | | | | |
|---|---|---|---|---|
| | तराई | **८०.५** | **६६.१** | **७३.१** |
| | नेपाल | **८३.६** | **६९.४** | **७६.२** |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग*

**स्तम्भचित्र**




**क्रियाकलाप ४ : समूह छलफल**

विद्यार्थीलाई समूहमा जनसङ्ख्याको बनोटले हाम्रो सामाजिक र आर्थिक जनजीवनमा कस्तो प्रभाव पारेको हुन्छ ? भनी प्रश्न गर्दै छलफलका लागि केहि समय दिनुहोस् । शिक्षकले जनसङ्ख्याको बनोटले सामाजिक र आर्थिक जनजीवनमा पार्ने प्रभाव समेटिएको चार्ट प्रदर्शन गर्दै जनसाङ्ख्यिक बनोटले कुनै पनि देशको सामाजिक र आर्थिक अवस्थामा कस्तो प्रभाव पारिरहेको हुन्छ भन्ने कुरा छलफलबाट प्रस्ट पारिदिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका प्रश्न साथै थप प्रश्नहरू सोधी विद्यार्थीको सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् र आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. जनसङ्ख्याको बनोट केलाई भनिन्छ ?
२. नेपालमा महिला र पुरुष साक्षरता दरको तुलना गर्नुहोस् ।
३. साक्षरताले सामाजिक र आर्थिक जनजीवनमा कसरी प्रभाव पार्छ ?

४. नेपालको साक्षरता दर कति रहेको छ ?

५. जनगणना २०७८ को तथ्याङ्क प्रयोग गरी नेपालको लिङ्गअनुसारको जनसङ्ख्या बनोट प्रतिशतलाई स्तम्भचित्रमा देखाउनुहोस् ।

# पाठ : ३ नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

सामान्य अर्थमा कुनै सीमाभित्र निश्चित अवधिका लागि बसोबास गरेका व्यक्तिहरूको समूह जनसङ्ख्या हो । जनसङ्ख्या वितरणले कुनै पनि देशको कुन क्षेत्रमा कति जनसङ्ख्या छन् र तिनीहरू के कस्तो किसिमबाट भौगोलिक रूपमा छरिएर बसेका छन् भन्ने कुरालाई जनाउँछ । जनसङ्ख्याको वितरण देशका सबै स्थानमा बराबर हुँदैन । जनसङ्ख्याको वितरणलाई विभिन्न कुराले प्रभाव पारेको हुन्छ । जसले जनसङ्ख्याको वितरणमा विविधता अर्थात् असमानता ल्याउँछ ।

यस पाठमा जनसङ्ख्या वितरणको अवधारणा, भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण र तुलना, प्रदेशअनुसार जनसङ्ख्या वितरण र तुलना, जनघनत्व अवधारणा र नेपालको जनघनत्वको अवस्था तुलनासम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, तालिका र चार्ट प्रस्तुति, स्तम्भ चित्र निर्माण, समूह कार्य, हाजिरीजवाफ, TPS आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व तुलना गर्नसक्षम हुने अपेक्षा गरिएको छ ।

(ख) **सिकाइ उपलब्धि**

| **पाठ्यक्रममा उल्लेखित कक्षागत सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| नेपालको जनसङ्ख्याको वितरण र जनघनत्व तुलना गर्न | - जनसङ्ख्याको वितरणको अवधारणा बताउन<br>- भौगोलिक क्षेत्र (हिमाल, पहाड, तराई, ग्रामीण र सहरी) अनुसार जनसङ्ख्याको वितरण उल्लेख गर्न<br>- भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको तुलना गर्न<br>- प्रदेशअनुसार (सात प्रदेश) जनसङ्ख्याको वितरण उल्लेख गर्न<br>- प्रदेशअनुसार जनसङ्ख्याको तुलना गर्न<br>- जनघनत्वको परिचय दिन<br>- नेपालको जनघनत्वको अवस्था तुलना गर्न |

**(ग) शैक्षणिक सामग्री**

- जनसङ्ख्याको वितरणसँग सम्बन्धित चित्र, तस्बिर वा भिडियोहरू
- भौगोलिक क्षेत्र, ग्रामीण तथा सहरी क्षेत्र र प्रदेशअनुसार जनसङ्ख्याको वितरण उल्लेखित तालिका
- जनघनत्वको परिचय लेखिएको मेटाकार्ड
- नेपालको जनघनत्वको अवस्था देखाइएको चार्ट
- जनसङ्ख्याको वितरण र जनघनत्वलाई प्रभाव पार्ने तत्त्वको सूची

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

सर्वप्रथम शिक्षकले विद्यार्थीलाई उनीहरू बस्ने वडा र अन्य वडामा जनसङ्ख्याको तुलना गर्न लगाउनुहोस् र जनसङ्ख्याको वितरणको अवस्था झल्काउने विभिन्न चित्र, फोटो र भिडियोको नमुनाहरू प्रस्तुत गर्दै छलफलका माध्यमबाट जनसङ्ख्या वितरणको अवधारणा सम्बन्धमा प्रस्ट पारिदिनुहोस् ।

### (आ) मुख्य क्रियाकलाप


**क्रियाकलाप १ : तालिका प्रदर्शन र अध्ययन**

विद्यार्थीमा नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण उल्लेखित तालिका प्रदर्शन गर्दै उक्त तालिका अध्ययन गर्न लगाउनुहोस् । उल्लेखित तथ्याङ्कका आधारमा नेपालको हिमाल, पहाड र तराईको जनसङ्ख्याबिच तुलना गर्न भन्नुहोस् । विभिन्न जनगणनाको प्रवृत्तिलाई हेर्दा तराई क्षेत्रको तुलनामा हिमाल र पहाडमा क्रमशः जनसङ्ख्या घट्ने क्रममा रहनु र जनसङ्ख्याको वितरणमा असमानता देखा पर्नुको कारण के होला भनी तर्क गर्न लगाउनुहोस् । शिक्षकले उनीहरूको विचारलाई समेट्दै केही अस्पष्टता भएमा स्पष्ट पारिदिनुहोस् ।

**विभिन्न ससमयको जनगणनाअनुसार भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको तुलना (प्रतिशतमा)**

| क्षेत्र | जनसङ्ख्या (%) (२०४८) | जनसङ्ख्या (%) (२०५८) | जनसङ्ख्या (%) (२०६८) | जनसङ्ख्या (%) (२०७८) |
|---|---|---|---|---|
| **हिमाल** | ७.८ | ७.३ | ६.७३ | ६.०८ (१७,७२,९४८) |
| **पहाड** | ४५.५ | ४४.३ | ४३.०१ | ४०.३१ (१,१७,५७,६२४) |
| **तराई** | ४६.७ | ४८.४ | ५०.२७ | ५३.६१ (१,५६,३४,००६) |
| **कुल** | १०० | १०० | १०० | १०० (२,९१,६४,५७८) |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग*





**क्रियाकलाप २ : तालिका प्रस्तुति र स्तम्भ रेखा चित्र**

विद्यार्थीलाई उनीहरूको गाउँ टोल, सहर, बस्तीमा रहेको विगत र वर्तमानको जनसङ्ख्याको अवस्थामध्ये कुन क्षेत्रमा मानिसहरू बढी बसोबास गर्दै आएका छन् ? भनी अनुमान गर्न लगाउदै नेपालको ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण समावेश गरिएको तालिका प्रस्तुत गर्नुहोस् । तालिकामा उल्लेखित तथ्याङ्कका आधारमा नेपालको ग्रामीण र सहरी जनसङ्ख्याको अवस्था अध्ययन र तुलना गर्न लगाउनुहोस् ।

**नेपालको ग्रामीण तथा सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण**

| विवरण | २०५८ | | २०६८ | | २०७८ | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ग्रामीण क्षेत्र | १,६७,९,५,३७८ | ८६.१ | २,११,७०,६८४ | ८२.९ | ९८,६७,७९० | ३३.८३ |
| सहरी क्षेत्र | १७,०१,१८१ | १३.९ | ४५,२३,८२० | १७.१ | १,९२,९६,७८८ | ६६.१७ |
| जम्मा | १,८४,९१,०९७ | १०० | २,६४,९४,५०४ | १०० | २,९१,६४,५७८ | १०० |

*स्रोत : केन्द्रिय तथ्याङ्क विभाग*





**क्रियाकलाप : ३ तालिका प्रस्तुति र स्तम्भ रेखा चित्र निर्माण**

नेपाल कति प्रदेशमा विभाजित छ ? तपाईंहरू कुन प्रदेशमा बस्नुहुन्छ ? त्यस प्रदेशको जनसङ्ख्या कति छ ? के तपाईं बस्नुभएको प्रदेश जनसङ्ख्याको हिसाबले कति नम्बरमा पर्छ थाहा छ ? जस्ता प्रश्न गर्दै नेपालको प्रादेशिक जनसङ्ख्याको वितरण उल्लेखित तालिका प्रस्तुत गर्नुहोस् र अगि सोधिएका प्रश्नको उत्तर आफैँले खोजी गर्न लगाउनुहोस् । शिक्षकले उल्लेखित जनगणनाको तथ्याङ्कलाई आधार मानी नेपालको जनसङ्ख्याको प्रादेशिक वितरणको अवस्था तुलना गर्न लगाउदै विद्यार्थीबाट आउने प्रश्नको उत्तर दिँदै स्पष्ट पार्नुहोस् ।

| क्र.स. | प्रदेश | क्षेत्रफल प्रतिशत | जनसङ्ख्या प्रतिशत (२०६८) | जनसङ्ख्या प्रतिशत (२०७८) |
|---|---|---|---|---|
| १. | कोसी | १७.६ | १७.१२ | १७.०३ |
| २. | मधेस | ६.६ | २०.४० | २०.९९ |
| ३. | बाग्मती | १३.८ | २०.८७ | २०.९९ |
| ४. | गण्डकी | १४.६ | ९.०७ | ८.४९ |

| | | | | |
|---|---|---|---|---|
| ५. | लुम्बिनी | १५.१ | १६.९८ | १७.५५ |
| ६. | कर्णाली | १९.० | ५.९३ | ५.८१ |
| ७. | सुदूरपश्चिम | १३.३ | ९.६३ | ९.२९ |
| | जम्मा | १००.० | १०० | १०० |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग*




**क्रियाकलाप ४ : मेटाकार्ड प्रदर्शन र उदाहरण प्रस्तुति**

विद्यार्थीलाई आफ्नो पालिकाको क्षेत्रफल कति छ ? त्यहाँ बसोबास गर्ने जनसङ्ख्या कति रहेको छ ? भनी प्रश्न राख्दै जनघनत्वका बारेमा विद्यार्थीको बुझाइ सङ्कलन गर्नुहोस् । जनघनत्वको परिचय लेखिएको मेटाकार्ड प्रदर्शन गर्दै शिक्षकले विभिन्न उदारण दिँदै प्रस्ट पारिदिनुहोस् ।


**क्रियाकलाप ५ : तालिका र रेखाचित्र प्रस्तुति**

नेपालको जनघनत्वको अवस्था देखाइएको चार्ट प्रदर्शन गर्दै जनघनत्वको अवस्था  र विभिन्न जनगणनाबिचको अनुपात तुलना गर्न लगाउनुहोस् ।

**नेपालको जनघनत्वको अवस्था, २०३८–२०७८**

| **जनगणना वर्ष** | **जनघनत्व** |
|---|---|
| २०३८ | १०२.०१ |
| २०४८ | १२५.६३ |
| २०५८ | १५७.३० |
| २०६८ | १८०.०० |
| २०७८ | १९८.०० |

*स्रोत : केन्द्रिय तथ्याङ्क विभाग*



**क्रियाकलाप : ६ सोच–जोडीमा छलफल –आदानप्रदान (Think- Pair- Share)**

- विद्यार्थीलाई व्यक्तिगत रूपमा जनसङ्ख्याको वितरणमा प्रभाव पार्ने कुनै एक तत्त्व लेख्न लगाउनुहोस्, जोडी जोडीमा छलफल गरी व्यक्तिगत विचारलाई जोडीको साझा विचार बनाउन लगाउनुहोस् ।
- जोडीका विचारलाई पालैपालो भन्न लगाउनुहोस् र शिक्षकले बोर्डमा टिप्दै जानुहोस् र उनीहरूले व्यक्त गरेका विचारलाई जोड्दै शिक्षकले जनसङ्ख्याको वितरणलाई प्रभाव पार्ने तत्त्व लेखिएको चार्ट प्रदर्शन गरी जनसङ्ख्या वितरणलाई प्रभाव पार्ने तत्त्व स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ८ : हाजिरीजवाफ प्रतियोगिता**

पाठसँग सम्बन्धित विषयवस्तुका बारेमा छलफल पश्चात् विद्यार्थीलाई अब अगाडि सिकेका विषयवस्तुमा आधारित भई कक्षामा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गराउनुहोस् । हरेक समूहलाई आवश्यकताअनुसार प्रश्नको नमुना तयार गरी हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् र विजयी टिमलाई पुरस्कृतसमेत गर्नुहोस् । (प्रश्न निर्माण विद्यार्थी स्वयम्लाई नै बनाउन लगाएर पनि हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न सकिन्छ)

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका प्रश्न वा थप प्रश्नमा आधारित भई विषयवस्तुको मूल्याङ्कन गर्नुहोस् र मूल्याङ्कनका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि प्राप्तिको अवस्थालाई ख्याल गरी नियमित रूपमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**केही प्रश्नहरू**

१. हिमाली क्षेत्र र तराई क्षेत्रको जनसङ्ख्या वितरणको तुलना गर्नुहोस् ।
२. सबैभन्दा धेरै जनसङ्ख्या भएको प्रदेश कुन हो ?
३. जनघनत्व कसरी मापन गरिन्छ ?

# पाठ : ४ नेपालमा बसाइँसराइ

अनुमानित कार्यघण्टा : ३

## (क) पाठ परिचय

परापूर्वकालदेखि नै मानिस बसोबास गरिरहेको ठाउँ छोडी विभिन्न कारण अर्को ठाउँमा गई बसोबास गर्दै आइरहेका छन् । यसरी मानिसहरू कुनै एक स्थानबाट बसाइँ सरेर अर्को स्थानमा जानुलाई बसाइँसराई भनिन्छ । एक निश्चित समयमा मानिस एउटा प्रशासनिक एकाइबाट अर्को प्रशासनिक एकाइमा सरेर जानु नै बसाइँसराइ हो । बसाइँसराइको कारण देशका कतिपय स्थानमा जनसङ्ख्या वृद्धि भएको र कतिपय स्थानमा कमी आएको अवस्था छ । यसो हुनुमा बसाइँसराइ नै प्रमुख कारक हो । जसको कारण देशले विभिन्न प्रभावको सामना गर्नु परिरहेको छ ।

यस पाठमा बसाइँसराइको अवधारणा, कारण र प्रभासम्बन्धी विषयवस्तुहरूसमावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, तालिका र चार्ट प्रस्तुति, समूह कार्य, मान्यता आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थीहरू नेपालमा बसाइँसराइका कारण र प्रभाव पहिचान गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालमा बसाइँसराइका कारण र प्रभाव पहिचान गर्न | - बसाइँसराइको परिचय दिन<br>- नेपालमा बसाइँसराइको कारण उल्लेख गर्न<br>- नेपालमा बसाइँसराइले पारेको प्रभाव बताउन |

## (ग) शैक्षणिक सामग्री

- बसाइँसराइँसँग सम्बन्धित चित्र, फोटो तथा पोस्टरहरू
- बसाइँसराइका कारक तत्त्वहरू (आकर्षण र विकर्षण) को चार्ट तथा स्लाइड
- बसाइँसराइले पारेको प्रभाव उल्लेखित चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई आफ्नो समुदायमा बसोबास गर्न आएका तथा आफ्नो समुदायबाट अन्यत्र बसोबासका लागि गएका मानिसहरू देख्नुभएको छ भनी प्रश्न गर्दै उनीहरूलाई आफ्नो अनुभव तथा देखे सुनेका कुरा बताउन लगाउदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : प्रश्नोत्तर**

केही विद्यार्थीलाई बसाइँसराइ भनेको के हो भनी प्रश्न सोध्नुहोस् र उनीहरूबाट आएका उत्तरहरूलाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र विभिन्न उदाहरण, चित्र, फोटो आदि देखाउँदै बसाइँसराइको अवधारणा स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप २ : छलफल**

मानिसहरू के कारण एक ठाँउबाट अर्को ठाँउमा बसाइँसराइ गर्छन होला ? उनीहरूलाई आफू बसिरहेको ठाउँ के कुराले गर्दा छोड्न बाध्य बनाउछ होला ? नयाँ ठाउँमा जान के कुराले लोभ्याउछ होला ? जस्ता प्रश्नहरू गर्दै उनीहरूको विचारलाई समेट्दै नेपालमा बसाइँसराइका कारक तत्त्वहरू अर्थात् प्रमुख कारणहरू (आकर्षण र विकर्षण) का बारेमा विभिन्न उदाहरण र सूची प्रस्तुत गर्दै छलफलका माध्यमबाट स्पष्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ३ : समूह प्रस्तुति**

बसाइँसराइले समाजमा के कस्तो प्रभाव पार्छ अर्थात् बसाइसराइले उद्गम स्थल (छाडेको ठाउँ) र गन्तव्य स्थल ( बसाइँ सरेर गएको ठाउँ) मा के कस्तो प्रभाव पार्छ ? भन्ने सम्बन्धमा विद्यार्थीलाई समूह समूहमा छलफल गर्न लगाई समूहको निस्कर्षलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । शिक्षकले समाजमा पारेको प्रभाव समावेश भएको चार्ट/स्लाइड प्रदर्शन गर्दै वा कथा वा घटना सुनाउँदै उद्गम तथा गन्तव्य स्थलमा पारेको प्रभावबारे प्रस्ट पारिदिनुहोस् ।

**क्रियाकलाप ४ : चार्ट पेपरमा प्रस्तुति**

खुला चउरमा एउटा टेबुल राख्नुहोस् । एउटा चार्टपेपरमा बसाइँसराइको कारण र यसको प्रभाव शीर्षक लेखी तीन कोलमसहितको तालिका बनाउनुहोस् । पहिलो कोलममा बसाइँ सर्नुको कारण, दोस्रोमा बसाइँसराइले उद्गम स्थलमा पार्ने प्रभाव र तेस्रोमा बसाइँसराइले गन्तव्य स्थलमा पार्ने प्रभाव लेख्नुहोस् । त्यसलाई कक्षाको अगाडि टेबुलमा राखिदिनुहोस् र विद्यार्थीलाई निम्न निर्देशन दिनुहोस् :

- सबै जना पालैपालो अगाडि गई प्रत्येक कोलममा एक एक कारण र प्रभाव लेख्नुपर्ने
- पहिले जाने साथीहरूले लेखेका उदाहरण पढ्नुपर्ने र आफूले नदोहोरिने गरी कारण र प्रभाव लेख्नुपर्ने
- आफूलाई जानकारी भएका सबै उदाहरण लेखिसकिएका भए पढेर मात्र फर्कने

सबै विद्यार्थीको पालो सकिएपछि चार्टपेपरलाई भित्तामा टाँसेर नेपालमा बसाइँसराइको कारण र प्रभाव छुट्याई चित्रसमेत देखाउँदै थप छलफल गराउनुहोस् ।

**क्रियाकलाप ५ : मान्यता** (Value line)

समाज परिवर्तन र विकासका लागि बसाइँसराइ आवश्यक छ वा छैन भन्ने शीर्षकमा मान्यता (value line) क्रियाकलाप गराउने । यसमा छ भन्ने विद्यार्थीलाई एक समूह र छैन भन्ने जति अर्को समूहमा राखी आफ्ना आफ्ना पक्षमा तर्कहरू सङ्कलन गर्न लगाई पालैपालो ४/५ जनालाई आफ्ना विचार राख्ने अवसर दिनुहोस् ।

**(ङ) मूल्याङ्कन**

पाठसँग सम्बन्धित निम्न लिखित प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् र आवश्यक पृष्ठपोषणसमेत प्रदान गर्नुहोस् ।

१. बसाइँसराइको परिचय दिनुहोस् ।
२. नेपालमा हिमाली तथा पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बसाइँसराइँको दर बढी हुनुका कारण के के हुन् ?
३.तपाइँ बसोबास गरिरहेको स्थानमा बसाइँसराइले पारेको प्रभाव उल्लेख गर्नुहोस् ।

# एकाइ : नौ  अन्तर्राष्ट्रिय सम्बन्ध, समसामयिक घटना र सूचना प्रविधि

कार्यघण्टा : १२

(क) **एकाइ परिचय**

विश्वका विभिन्न देशले एकआपसमा तथा साङ्गठनिक रूपमा सम्बन्ध कायम गरेका हुन्छन् । यस्ता सम्बन्ध कुटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय संस्थामार्फत गरिन्छन् । यसबाट दुइपक्षीय तथा बहुपक्षीय सम्बन्धका उद्देश्य पूरा गर्न सजिलो हुन्छ । विश्वमा घटिरहेका शैक्षिक, वैज्ञानिक, राजनीतिक, खेलकुद, सूचना प्रविधि, आर्थिक, स्वास्थ्य जस्ता क्षेत्रका समसामयिक घटना तथा गतिविधिले पनि विश्व समुदायमा प्रभाव पारिरहेको हुन्छ ।

यस एकाइमा कुटनीतिक नियोगको परिचय र कार्य, बिमस्टेक, संयुक्त राष्ट्र सङ्घ जस्ता संस्थाको परिचय र कार्य, समसामयिक घटना तथा सूचना प्रविधि जस्ता विषयवस्तु समावेश गरिएको छ । यी विषयवस्तुबाट विद्यार्थीमा कुतनीतिक सम्बन्ध, विश्ववन्धुत्व तथा समसामयिक विषयवस्तु तथा सूचना प्रविधिको ज्ञान र सिप हासिल हुने छ ।  साइबर अपराध बारेमा सुसूचित गराई यस्ता अपराधबाट बँच्न सहयोग पुऱ्याउनु यस एकाइको मुख्य उद्देश्य रहेको छ ।

यसमा समावेश विषयवस्तुलाई सहजीकरण गर्नका लागि प्रश्नोत्तर, छलफल, प्रदर्शन, खोज तथा अनुसन्धान, अभिनय, समूह कार्य, भिडियो चित्र प्रदर्शन, प्रयोगात्मक विधि आदिको प्रयोग गर्न सकिन्छ । सम्भव भएमा सूचना प्रविधिको विधिलाई बढी प्राथमिकता दिँदा राम्रो हुन्छ ।

**(ख) विषयवस्तु, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री र समय विभाजनसम्बन्धी विवरण**

| पाठ | पाठको नाम | सिकाइ उपलब्धी | शैक्षणिक सामग्री | अ. घ |
|---|---|---|---|---|
| १ | कुटनीतिक नियोग | – कुटनीतिक नियोगको परिचय दिई यिनका कार्यहरू बताउन | – कुटनीतिक नियोगका परिचय र नामहरू लेखिएको चार्ट<br>– कुटनीतिक नियोगका कामहरू लेखिएको चार्ट<br>– नेपाली राजदूतावास रहेका देशहरू र नेपालमा राजदूतावास रहेका देशहरूको नाम लेखिएको चार्ट | ३ |
| २ | विमस्टेक र नेपाल | – विमस्टेक (BIMSTEC) को परिचय दिई यसबाट नेपालले प्राप्त गरेका उपलब्धि बताउन | – बिमस्टेकको परिचय र सदस्य राष्ट्रका नामहरू वा झन्डाको चित्र भएको चार्ट<br>– बिमस्टेकको उद्देश्य लेखिएको चार्ट<br>– बिमस्टेकबाट नेपालले प्राप्त गरेका उपलब्धि लेखिएको चार्ट | २ |
| ३ | संयुक्त राष्ट्रसङ्घ | – संयुक्त राष्ट्रसङ्घ ( UNO) को परिचय दिई संयुक्त राष्ट्रसङ्घ र नेपालबिचको सम्बन्ध | – संयुक्त राष्ट्रसङ्घका परिचय र उद्देश्य लेखिएको चार्ट<br>– संयुक्त राष्ट्रसङ्घको लोगोको चित्र<br>– संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको भूमिका लेखिएको चार्ट | २ |

| | | | | |
|---|---|---|---|---|
| | | तथा सहयोग बताउन | – संयुक्त राष्ट्रसङ्घबाट नेपालले प्राप्त गरेको सहयोगका क्षेत्र लेखिएको चार्ट<br>– संयुक्त राष्ट्रसङ्घको बैठक बसेको भिडियो | |
| ४ | साइबर अपराध | – नेपालमा साइबर अपराधको अवस्था बोध गर्न र यससम्बन्धी कानुनी प्रावधान सम्बन्धमा सचेत रहन | – साइबर अपराधसम्बन्धी चार्ट वा चित्र<br>– साइबर अपराध नियन्त्रणका लागि नेपालमा भएका विद्यमान व्यवस्था लेखिएको चार्ट<br>– साइबर अपराधको उजुरी गर्ने निकाय र प्रक्रिया उल्लिखित तालिका<br>– साइबर अपराध विरुद्ध सचेत रहने उपाय लेखिएको चार्ट<br>– साइबर अपराध विरुद्ध सचेत रहन तयार पारिएको भिडियो | ३ |
| ५ | समसामयिक घटना | – समसमायिक गतिविधि र घटनासँग परिचित भई यसले मानव जीवनमा पारेको प्रभाव बताउन | – केही दिनको समाचारपत्र<br>– टेलिभिजन वा युट्बबाट प्रसारित समाचार वा घटना<br>– समसामयिक घटनासम्बन्धी समाचार, लेख<br>– समसामयिक विषयवस्तुसँग सम्बन्धित तयार गरिएको हाजिरीजवाफको प्रश्न वा पावरप्वाइन्ट स्लाइड | २ |

# पाठ : १ कूटनीतिक नियोग

अनुमानित कार्यघण्टा : ३

## (क) पाठ परिचय

अन्य राष्ट्रसँग सम्बन्ध स्थापना, विकास र विस्तार गर्नका लागि स्थापना गरिएका कार्यालयलाई कूटनीतिक नियोग भनिन्छ । यस्ता कार्यालयमा काम गर्ने सरकारका प्रतिनिधिलाई कूटनीतिक प्रतिनिधि भनिन्छ । राजदूत, महावाणिज्यदूत कुटनीतिक प्रतिनिधि हुन् । विश्वका विभिन्न राष्ट्रले अन्य देशसँग सम्बन्ध स्थापना गरेका हुन्छन् । दुई पक्षीय सम्बन्ध स्थापना भएपछि दुवै राष्ट्रले एकअर्काको देशमा राजदूतावास स्थापना गरेका हुन्छन् । महावाणिज्य दूतावास, संयुक्त राष्ट्रसङ्घ स्थायी नियोग, कन्सुलर कार्यालय आदि जस्ता कूटनीतिक नियोगले अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग स्थापना गर्छन् । दुई देशबिचको सम्बन्ध सुमधुर बनाउनु र आपसी हितको विषयमा काम गर्नु यसको मुख्य कार्य हो ।

यस पाठमा कुटनीतिक नियोगका परिचय र यिनका कार्यसम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, सन्दर्भ सामग्रीको अध्ययन, समूह कार्य, प्रश्नबल आदि जस्ता विधि र क्रियाकलापहरूको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी कुटनीतिक नियोगको परिचय दिई यिनका कार्य बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

## (ख) सिकाइ उपलब्धि

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| कुटनीतिक नियोगको परिचय दिई यिनका कार्य बताउन | – कुटनीतिक नियोगको परिचय दिन<br>– कुटनीतिक नियोगका विभिन्न निकायको पहिचान गर्न<br>– कुटनीतिक नियोगका काम बताउन |

## (ग) शैक्षणिक सामग्रीहरू

- कुटनीतिक नियोगका परिचय र नामहरू लेखिएको चार्ट
- कुटनीतिक नियोगका काम लेखिएको चार्ट
- नेपाली राजदूतावास रहेका देश र नेपालमा राजदूतावास रहेका देशको नाम लेखिएको चार्ट

## (घ) सिकाइ सहजीकरण क्रियाकलाप

### (अ) सुरुआती क्रियाकलाप

आफ्नो कोही आफन्त अमेरिकामा जान चाहेको र अमेरिकन राजदूतावास ( Embassy ) ले भिसा दिएको कुराको प्रसङ्गलाई कथात्मक रूपमा रोचक ढङ्गले बताउनुहोस् । त्यसपछि राजदूतावास भनेको के हो ? भन्ने सम्बन्धमा छलफल गर्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : प्रश्नोत्तर र छलफल**

विद्यार्थीलाई कुटनीतिक सम्बन्ध भनेको के हो ? भनी प्रश्न गर्नुहोस् । विद्यार्थीबाट प्राप्त जवाफलाई जोड्दै कुटनीतिक सम्बन्धका सम्बन्धमा छलफल गराई प्रस्ट पार्नुहोस् ।

एक मानिसका धेरै मानिससँग सम्बन्ध भए जस्तै कुनै पनि देशले विभिन्न उद्देश्यले अन्य देशसँग राखिने सम्बन्ध कुटनीतिक सम्बन्ध हो । यसका लागि एकअर्काको देशमा कार्यालय स्थापना गरी आफ्नो सरकारको प्रतिनिधि पठाउँछन् । यसरी स्थापना गरिएका कार्यालयलाई कुटनीतिक नियोग र सरकारका प्रतिनिधिलाई कुटनीतिक प्रतिनिधि भनिन्छ । नेपालको हालसम्म १८१ (जुन २३, २०२३ मार्सल आइल्यान्ड) देशसँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ ।

**क्रियाकलाप २ : समूह कार्य र प्रस्तुतीकरण**

विद्यार्थीलाई चार समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको अध्ययन गर्न लगाई क्रमशः राजदूतावास, महावाणिज्य दूतावास, संयुक्त राष्ट्रसङ्घ स्थायी नियोग, कन्सुलर कार्यालयको परिचय र कामका बारेमा खोजी गरी टिपोट गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ३ : इन्टरनेट वा सन्दर्भ सामग्री अध्ययन**

विद्यार्थीलाई इन्टरनेटबाट वा सन्दर्भ सामग्रीबाट खोजी गरी नेपाली राजदूतावास रहेका देशहरू र नेपालमा राजदूतावास रहेका देशहरूको र नेपालको महावाणिज्य दूतावास र स्थायी नियोग रहेको सहरको नाम चार्टमा लेखी कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् र छलफल गर्नुहोस् ।

| नेपालको राजदूतावास रहेका देशहरू | नेपालमा राजदूतावास रहेका देशहरू | नेपालको महावाणिज्य दूतावास | स्थायी नियोग |
|---|---|---|---|
| १. अस्ट्रेलिया<br>२. बहराइन<br>३. बङ्गलादेश<br>४. बेल्जियम<br>५. ब्राजिल<br>६. क्यानडा<br>७. चीन<br>८. डेनमार्क<br>९. इजिप्ट<br>१०. फ्रान्स<br>११. जर्मनी<br>१२. भारत<br>१३. इजरायल<br>१४. जापान<br>१५. दक्षिण कोरिया<br>१६. कुवेत<br>१७. मलेसिया<br>१८. म्यानमार<br>१९. ओमन<br>२०. पाकिस्तान<br>२१. कतार<br>२२. रसिया<br>२३. साउदी अरेबिया<br>२४. दक्षिण अफ्रिका | १. अस्ट्रेलिया<br>३. बङ्गलादेश<br>३. ब्राजिल<br>४. चीन<br>५. डेनमार्क<br>६. इजिप्ट<br>७. फिनल्यान्ड<br>८. फ्रान्स<br>९. जर्मनी<br>१०. भारत<br>११. इजरायल<br>१२. जापान<br>१३. दक्षिण कोरिया<br>१४. उत्तर कोरिया<br>१५. मलेसिया<br>१६. म्यानमार<br>१७. नर्वे<br>१८. पाकिस्तान<br>१९. कतार<br>२०. रसिया<br>२१. साउदी अरेबिया<br>२२. श्रीलङ्का<br>२३. स्विजरल्यान्ड<br>२४. थाइल्यान्ड | १. हङकङ<br>२. ल्हासा<br>३. कलकत्ता<br>४. साउदी अरेबिया<br>५. न्यूयोर्क अमेरिका<br>६. गोन्जाउ चीन<br>७. छेङ्जु चीन | १. जेनेभा स्विजरल्यान्ड<br>२. अस्ट्रियाको भियना<br>३. अमेरिकाको न्यूयोर्क |

| | | | |
|---|---|---|---|
| २५. श्रीलङ्का<br>२६. थाइल्यान्ड<br>२७. युनाइटेड अरब इमिरेट्स<br>२८. बेलायत<br>२९. संयुक्त राज्य अमेरिका<br>३०. स्पेन | २५. युनाइटेड अरब इमिरेट्स<br>२६. बेलायत<br>२७. संयुक्त राज्य अमेरिका | | |

**क्रियाकलाप ४ : प्रश्न बल**

विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् । एउटा सानो प्लास्टिकको बल लिनुहोस् । कुटनीतिक नियोग पाठसँग सम्बन्धित कुनै एक प्रश्न सोध्नुहोस् । जस्तै : कुटनीतिक नियोग भनेको के हो ?

त्यसपछि कुनै एक जना व्यक्तिलाई बल पास गर्नुहोस् । बल पाउने व्यक्तिलाई तपाईंले सोधेको प्रश्नको उत्तर दिन लगाउनुहोस् । त्यसपछि ती व्यक्तिलाई एउटा प्रश्न सोध्न भन्नुहोस्, जस्तै : नेपालको स्थायी नियोग भएको कुनै एक सहर र देशको नाम भन्नुहोस् । एवम् रितले सबैलाई पालैपालो बल फ्याँक्न र प्रश्न सोध्न लगाउनुहोस् र बल प्राप्त गर्नेलाई उत्तर भन्न पनि लगाउनुहोस् । यसरी सबैलाई यो खेल खेलाउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. कूटनीतिक नियोगको परिचय दिनुहोस् ।

२. राष्ट्रहरूबिच कूटनीतिक सम्बन्ध स्थापना गर्दा के फाइदा हुन्छ ?

३. राजदूतावास भनेको के हो, यसले के काम गर्छ ?

**(च) परियोजना कार्य**

तपाईंका परिवारमा वा छिमेकमा कोही विदेश जानुभएको छ भने त्यो देशमा नेपाली राजदूतावास भए नभएको सोधेर उहाँलाई राजदूतावासबाट के के सहयोग प्राप्त गर्नुभएको थियो ? भन्ने सम्बन्धमा अन्तर्वार्ता लिई प्राप्त जानकारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

# पाठ : २ बिमस्टेक र नेपाल

अनुमानित कार्यघण्टा : २

**(क) पाठ परिचय**

बङ्गालको खाडीका आसपास दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको क्षेत्रीय सङ्गठन बिमस्टेक (BIMSTEC) हो । यसको नेपाली नाम बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास ( Bay of Bengal Initiative for Multisectoral Technical and Economic cooperation ) हो । यसको स्थापना सन् १९९७ जुन ६ मा भएको हो । यस सङ्गठनको मुख्य उद्देश्य सदस्य राष्ट्रहरूको आर्थिक विकास, सहयोग र समानताको भावना, साझा हित र पारस्परिक सहायता, सामाजिक प्रगति आदिमा सहयोग गर्ने रहेको छ । नेपाल सन् २००३ मा यसको सदस्य भएको थियो । नेपालले बिमस्टेकको माध्यमबाट दक्षिण र दक्षिण पूर्वी एसियाली राष्ट्रहरूसँग व्यापार बिस्तार गर्न र नेपालमा विदेशी लगानी बढाउन सफल भएको छ ।

यस पाठमा बिमस्टेकको परिचय, प्रमुख उद्देश्य, नेपालले प्राप्त गरेका उपलब्धिसम्बन्धी विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, सन्दर्भ सामग्रीको अध्ययन, विचार अभिव्यक्ति, समूह कार्य, रनिङ डिक्टेसन आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी बिमस्टेकको परिचय दिई यसबाट नेपालले प्राप्त गरेका उपलब्धि बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| बिमस्टेकको परिचय दिई यसबाट<br><br>नेपालले प्राप्त गरेका उपलब्धि बताउन | – बिमस्टेकका परिचय दिन<br>– बिमस्टेकको प्रमुख उद्देश्य बताउन<br>– बिमस्टेकबाट नेपालले प्राप्त गरेका उपलब्धि बताउन |

**(ग) शैक्षणिक सामग्रीहरू**

- बिमस्टेकको परिचय र सदस्य राष्ट्रका नाम वा झन्डाको चित्र भएको चार्ट
- बिमस्टेकको उद्देश्य लेखिएको चार्ट
- बिमस्टेकबाट नेपालले प्राप्त गरेका उपलब्धि लेखिएको चार्ट

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

**क्रियाकलाप १ :  झन्डा हेरी देश पहिचान**




विमस्टेकका सदस्य राष्ट्रहरूको झन्डा भएको चार्ट देखाउनुहोस् । झन्डाका आधारमा राष्ट्रहरू पहिचान गर्न लगाउनुहोस् र मुख्य विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : चार्ट निर्माण र प्रस्तुति**

विभिन्न स्रोत सामग्री, पाठ्यपुस्तक र इन्टरनेटका माध्यमबाट बिमस्टेकको परिचय र उद्देश्यको चार्ट तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप २ : रनिङ डिक्टेसन**

रनिङ डिक्टेसन विधिका माध्यमबाट किताबको पेज न. १९१ मा रहेको यो तालिका उतार्न लगाई छलफल गर्नुहोस्

| सहयोगका क्षेत्र | संयोजक मुलुक |
|---|---|
| १. व्यापार र लगानी | वङ्गलादेश |
| २ उर्जा | म्यान्मार |
| ३. यातायात र सञ्चार | भारत |
| ४. पर्यटन | भारत |
| ५. प्रविधि | श्रीलङ्का |
| ६ मत्स्यपालन | थाइल्यान्ड |

।

### क्रियाकलाप ३ : सन्दर्भ सामग्री अध्ययन

बिमस्टेकको शिखर सम्मेलन कहाँ कहाँ र कहिले भएको थियो ? विभिन्न सन्दर्भ सामग्रीका माध्यमबाट खोजी गर्न लगाउनुहोस् ।

हालसम्म पाँचओटा शिखर सम्मेलन भएको पहिलो थाइल्यान्ड, दोस्रो भारत, तेस्रो म्यानमार, चौथो नेपालमा भएको थियो भने पाँचौँ शिखर सम्मेलन कोभिड - १९ का कारण श्रीलङ्काको कोलम्बोबाट भर्चुअल रूपमा सम्पन्न भएको कुरा जानकारी दिनुहोस् ।







### क्रियाकलाप ४ : विचार अभिव्यक्ति

बिमस्टेकका सहयोगका क्षेत्रहरू लेखिएको मेटाकार्ड निर्माण गरी टेबुलमा राख्नुहोस् । विद्यार्थीलाई पालैपालो एक एकओटा मेटाकार्ड उठाउन र साथीहरूलाई देखाउन लगाउनुहोस् र मेटाकार्डमा लेखिएका कुरा सबैले पढ्न भन्नुहोस् । जसको जिम्मामा जुन मेटाकार्ड परेको छ उसले सो विषयवस्तुमा आधारित भएर आफ्नो विचार राख्न लगाउनुहोस् ।

मेटाकार्डको नमुना

व्यापार | ऊर्जा | पर्यटन | कृषि

पर्यावरण तथा सम्पदा संरक्षण | प्रविधि | यातायात र सञ्चार

**क्रियाकलाप ५ : चार्ट निर्माण र प्रदर्शन**

बिमस्टेकबाट नेपालले प्राप्त गरेका उपलब्धि लेखिएको चार्ट प्रदर्शन गरी छलफल गर्नुहोस् र विद्यार्थीलाई यस्तै चार्ट बनाई कक्षाकोठाको भित्तामा टाँस्न लगाउनुहोस् ।

(क) सहज रूपले विश्व बजारमा पहुँच वृद्धि भएको

(ख) सदस्य राष्ट्रबाट वैदेशिक लगानी भित्र्याउने वातावरण तयार भएको

(ग) पर्यटन प्रवर्धन गरी आर्थिक विकासको आधार तयार हुँदै भएको

(घ) वस्तु र सेवाको उपयुक्त मूल्य कायम हुन गई उत्पादक र उपभोक्ता दुवैको हित अभिवृद्धि भएको

(ङ) विभिन्न मुलुकमा उत्पादन भएका गुणस्तरीय वस्तु तथा सेवाको सहज उपलब्धता सुनिश्चित भएको

**क्रियाकलाप ६ : छलफल**

विद्यार्थीलाई बिमस्टेकबाट नेपालले लिन सक्ने थप फाइदाका सम्बन्धमा समूहमा छलफल गरी बुँदा टिपोट गर्न र प्रस्तुतीकरण गर्न लगाउनुहोस् । शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. बिमस्टेकमा कुन कुन राष्ट्र सदस्य छन् ?

२. बिमस्टेकका उद्देश्य लेख्नुहोस् ।

३. नेपालले बिमस्टेकबाट के कस्ता थप फाइदा लिन सक्ने सम्भावना देख्नुहुन्छ ?

# पाठ : ३ संयुक्त राष्ट्रसङ्घ

अनुमानित कार्यघण्टा : २

**(क) पाठ परिचय :**

सन् १९३९ देखि १९४५ सम्म चलेको द्वितीय विश्वयुद्धको अन्त्य भएपछि विश्वमा शान्ति कायम गर्न र यस्ता युद्ध दोहोरिन नदिने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको स्थापना सन् १९४५ अक्टोबर २४ मा भएको थियो । संयुक्त राष्ट्र सङ्घको मुख्य उद्देश्य विश्वमा शान्ति सुरक्षा कायम गर्ने, राष्ट्रबिच आपसी समझदारी बढाउने, मानव अधिकारको प्रवर्धन गर्ने, सदस्य राष्ट्रको सामाजिक, आर्थिक विकासका लागि सामुहिक प्रयास गर्ने, अन्तर्राष्ट्रिय बिबादको समाधान गर्ने आदि रहेका छन् । नेपालले सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएको थियो । नेपालले संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा रहेर दुई कार्यकाल आफ्नो भूमिका निर्वाह गरेको छ । नेपालले संयुक्त राष्ट्र सङ्घको महासभामा हतियार निर्माण र ओसारपसार, रङभेद, आतङ्कवाद विरुद्ध आवाज उठाउदै आएको छ ।

यस पाठमा संयुक्त राष्ट्रसङ्घको परिचय, उद्देश्य, संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका र संयुक्त राष्ट्रसङ्घबाट नेपालले प्राप्त गरेको सहयोगसम्बन्धी विषयवस्तुहरू समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि छलफल, प्रश्नोत्तर, प्रदर्शन, One Stays Others Stray, प्रश्नबल, भूमिका अभिनय, समूह कार्य, रनिङ डिक्टेसन आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी संयुक्त राष्ट्रसङ्घको परिचय दिई संयुक्त राष्ट्रसङ्घ र नेपालबिचको सम्बन्ध तथा सहयोग बताउन सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| संयुक्त राष्ट्रसङ्घको परिचय दिई संयुक्त राष्ट्रसङ्घ र नेपालबिचको सम्बन्ध तथा सहयोग बताउन | – संयुक्त राष्ट्रसङ्घको परिचय दिन<br>– संयुक्त राष्ट्रसङ्घको उद्देश्य बताउन<br>– संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका र संयुक्त राष्ट्रसङ्घबाट नेपालले प्राप्त गरेको सहयोग उल्लेख गर्न |

**(ग) शैक्षणिक सामग्रीहरू**

- संयुक्त राष्ट्रसङ्घको परिचय र उद्देश्य लेखिएको चार्ट
- संयुक्त राष्ट्रसङ्घको लोगोको चित्र
- संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको भूमिका लेखिएको चार्ट
- संयुक्त राष्ट्रसङ्घबाट नेपालले प्राप्त गरेको सहयोगका क्षेत्र लेखिएको चार्ट
- संयुक्त राष्ट्रसङ्घको बैठक बसेको भिडियो

(घ) **सिकाइ सहजीकरण क्रियाकलाप**

(अ) **सुरुआती क्रियाकलाप**



संयुक्त राष्ट्रसङ्घको लोगो प्रदर्शन गर्नुहोस् । लोगो पहिचान गर्न लगाउनुहोस् । यस संस्थाका बारेमा कसैलाई थाहा भएको भए थाहा भएको कुरा भन्न लगाउदै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

(आ) **मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : एक जना बस्ने अरू छरिने (One Stays Others Stray)**

विद्यार्थीलाई तीन समूहमा विभाजन गर्नुहोस् । एक समूहलाई संयुक्त राष्ट्रसङ्घको परिचय, अर्को समूहलाई यसका अङ्गहरू र अर्को समूहलाई यसका उद्देश्यहरूका बारेमा समूहमा छलफल गरी प्राप्त निष्कर्ष चार्ट पेपरमा तयार गर्न लगाउनुहोस् । अब समूहको एक सदस्यलाई समूह नेता छान्न लगाउनुहोस् । समूह नेताले आफू बसेको स्थानमा सिक्न आएका साथीहरूलाई आफ्नो छलफलका विषयवस्तु भन्न लगाउनुहोस् । सबै समूहबाट सिकेर फर्केपछि आफ्नो समूह नेतालाई आफूले जानेर आएको विषयवस्तुका बारेमा बताउन लगाउनुहोस् । अब समूह नेताले सबै शीर्षकका बारेमा जानेपछि तालि बजाउन लगाउनुहोस् । शिक्षकले संयुक्त राष्ट्रसङ्घको परिचय ,उद्देश्य र अंग लेखिएको चार्ट प्रस्तुत र छलफल गर्दै थप प्रस्ट पार्नुहोस् ।

**क्रियाकलाप २ : प्रश्न बल**

विद्यार्थीलाई गोलो घेरामा उभिन लगाउनुहोस् । एउटा सानो प्लास्टिकको बल लिनुहोस् । अब क्रियाकलाप १ मा छलफल गरिएका विषयवस्तुमा आधारित भई एउटा प्रश्न सोध्नुहोस्, जस्तैः संयुक्त राष्टसङ्घको स्थापना कहिले भयो ? प्रश्न सोधेपछि कुनै एक जना विद्यार्थीलाई बल दिनुहोस् । अब बल प्राप्त गर्ने विद्यार्थीलाई प्रश्नको उत्तर दिन लगाउनुहोस् । अब पालैपालो यसैगरी प्रश्न सोध्दै र बल पास गर्दै खेल खेलाउनुहोस् ।

**क्रियाकलाप ३ : भूमिका अभिनय**

संयुक्त राष्ट्रसङ्घको महासभाको बैठक बसेको भूमिका अभिनय गराउनुहोस् । यसको लागि कक्षाका सबै विद्यार्थीलाई महासभाको सदस्य मानी कक्षालाई महासभाका रूपमा लिनुहोस् । अब कक्षामा एक जना विद्यार्थीलाई महासचिव, एक

जना लाई अध्यक्ष र बाँकीलाई सदस्य राष्ट्रको प्रतिनिधि मानी नमुना बैठक गराउनुहोस् । छलफलका एजेन्डा छान्ने, कसले के विषयमा के बोल्ने भन्ने कुरा पनि शिक्षकले सहजीकरण गरिदिनुहोस् । एजेन्डामा छलफल गरी पारित गराउने कार्यसमेत छलफल गरी भूमिका निर्वाह गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ : रनिङ डिक्टेसन**

विद्यार्थीले थाहा नपाउने गरी एउटा चार्टपेपरमा संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको भूमिका सम्बन्धमा तयार गरेको बुँदा लेखी कक्षाकोठाभन्दा बाहिर टाँस्नुहोस् । कक्षालाई विभिन्न समूहमा विभाजित गरी हरेक समूहमा एक जनालाई टिपोटकर्ता र बाँकीलाई टाँसीएको विवरण पढेर आएर टिपोटकर्तालाई सुनाउने (रिपोर्टर) को जिम्मेवारी दिनुहोस् । टिपोटकर्तालाई साथीहरूले सुनाएका विवरण लेख्न लगाउनुहोस् । यसरी सबै बुँदा लेखिसकेपछि प्रत्येक समूहका सबै जना एकै स्थानमा बस्न र लेखिएका बुँदा पढ्न र छलफल गर्न लगाउनुहोस् । यसरी टिपोटकर्तालाई जानकारी गराउँदा कापीमा सारेर ल्याउन वा फोटो खिच्न नपाइने कुरासमेत जानकारी गराउनुहोस् । सबैभन्दा पहिले ताली बजाउने समूहलाई पहिलो विजयी र क्रमैसँग त्यसपछिका समूहलाई दोस्रो, तेस्रो भनी घोषणा गरी स्याबासी दिनुहोस् ।

**क्रियाकलाप ५ : खोजी र निष्कर्ष प्रस्तुतीकरण**

विद्यार्थीलाई आवश्यक समूहमा विभाजन गरी नेपाललाई संयुक्त राष्ट्रसङ्घले गरेको सहयोगका सम्बन्धमा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री अध्ययन गर्न लगाई टिपोट गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । त्यसपछि शिक्षकले संयुक्त राष्ट्रसङ्घले नेपाललाई गरेका सहयोग उल्लेख भएको चार्ट प्रस्तुत गरी विद्यार्थीको टिपोट र चार्टको तुलना गर्दै निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ६ : सिकाइ प्रस्तुतीकरण**

संयुक्त राष्ट्रसङ्घको परिचय, संयुक्त राष्ट्रसङ्घका उद्देश्य, संयुक्त राष्ट्रसङ्घका अङ्ग, संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका, संयुक्त राष्ट्रसङ्घले नेपालमा खेलेको भूमिका शीर्षकसँग सम्बन्धित विषयवस्तु लेखिएका कार्ड बनाएर टेबुलमा राखिदिनुहोस् । प्रत्येक व्यक्तिलाई एक एक कार्ड झिक्न लगाउनुहोस् । कार्डमा लेखिएको विषयवस्तुमा आधारित भई उनीहरूले सिकेका कुरा प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकताअनुसार शिक्षकले पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. संयुक्त राष्ट्रसङ्घका उद्देश्य के के हुन् ?

२. संयुक्त राष्ट्रसङ्घमा नेपालको भूमिका बुँदामा प्रस्तुत गर्नुहोस् ।

३. संयुक्त राष्ट्रसङ्घले नेपालमा खेलेको भूमिका व्याख्या गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

४. संयुक्त राष्ट्रसङ्घको लोगो तयार पार्नुहोस् ।

# पाठ : ४ साइबर अपराध

अनुमानित कार्यघण्टा : ३

**(क) पाठ परिचय**

कम्प्युटर र इन्टरनेट जस्ता विद्युतीय सञ्चार माध्यमको दुरूपयोग गरी हुने अपराधलाई साइबर अपराध भनिन्छ । यसअन्तर्गत डिजिटल डाटा चोरी, ठगी, गाली बेइज्जती, धोका, बालबालिकाको यौनजन्य हिंसा, बैङ्क खाताको पैसा चोरी गर्ने आदि अपराध पर्छन् । साइबर अपराध नियन्त्रण गर्नका लागि नेपालमा कानुनी र संस्थागत व्यवस्था छन् । विद्युतीय कारोबार ऐन, २०६३ र विद्युतीय कारोबार नियमावली, २०६४ कानुनी व्यवस्थाअन्तर्गत पर्छन् । नेपाल प्रहरी मातहत रहेको केन्द्रिय साइबर व्युरो संस्थागत व्यवस्थाअन्तर्गत पर्ने निकाय हो । साइबर अपराध विरुद्धको सचेतनामार्फत साइबर अपराधका घटनालाई न्यूनीकरण गर्न सकिन्छ, जसका लागि विद्यार्थीलाई अप्रिय हुने फोटो र भिडियो नबनाउने र यसको प्रचारप्रसार गर्न नहुने कुरामा सचेत गराउनुपर्छ । अपरिचित व्यक्तिहरूलाई सामाजिक सञ्जालमा साथी नबनाउने, सजिलै अरूले अनुमान गर्ने खालका पासवर्ड नराख्ने, सामाजिक सञ्जालमा अस्लिल फोटो, भिडियो नहेर्ने आदि जस्ता कुरामा समेत विद्यार्थीलाई सचेत गराउनुपर्छ ।

यस पाठमा साइबर अपराधको परिचय, यसअन्तर्गत पर्ने क्रियाकलाप, साइबर अपराध नियन्त्रणका लागि नेपालमा भएका विद्यमान कानुनी र संस्थागत व्यवस्था, साइबर अपराध विरुद्ध उजुरी गर्ने निकाय र प्रक्रियासम्बन्धी विषयवस्तु समावेश गरिएका छन् । यस पाठको सिकाइ सहजीकरणका लागि मष्तिस्क मन्थन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, One Stays Others Stray, समाचार सङ्कलन, समूह कार्य, सिर्जनात्मक कार्य आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । यस पाठको सिकाइ सहजीकरण पश्चात् विद्यार्थी नेपालमा साइबर अपराधको अवस्था बोध गर्न र यससम्बन्धी कानुनी प्रावधान सम्बन्धमा सचेत रहन सक्षम हुने अपेक्षा गरिएको छ ।

**(ख) सिकाइ उपलब्धि**

| पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि | पाठगत सिकाइ उपलब्धि |
|---|---|
| नेपालमा साइबर अपराधको अवस्था बोध गर्न र यससम्बन्धी कानुनी प्रावधान सम्बन्धमा सचेत रहन | – साइबर अपराधअन्तर्गत पर्ने क्रियाकलाप पहिचान गर्न<br>– साइबर अपराध नियन्त्रणका लागि नेपालमा भएका विद्यमान कानुनी र संस्थागत व्यवस्था बताउन<br>– साइबर अपराध विरुद्ध उजुरी गर्ने निकाय र प्रक्रिया उल्लेख गर्न<br>– साइबर अपराध विरुद्ध सचेत रहन |

**(ग) शैक्षणिक सामग्रीहरू**

- साइबर अपराध सम्बन्धी चार्ट वा चित्र
- साइबर अपराध नियन्त्रणका लागि नेपालमा भएका विद्यमान व्यवस्था लेखिएको चार्ट
- साइबर अपराधको उजुरी गर्ने निकाय र प्रक्रिया उल्लिखित तालिका
- साइबर अपराध विरुद्ध सचेत रहने उपाय लेखिएको चार्ट

– साइबर अपराध विरुद्ध सचेत रहन तयार पारिएको भिडियो

### (घ) सिकाइ सहजीकरण क्रियाकलाप

#### (अ) सुरुआती क्रियाकलाप

विद्यार्थीलाई सामाजिक सञ्जाल चलाउँदा कसैले मेसेज गरेर हैरान पार्ने गरे नगरेको, फेसबुक इन्स्टाग्राम आदिमा कसैले गाली बेइज्जत गरे नगरेको आदि प्रश्न गरी साइबर अपराधका घटनाहरूको बारेमा उनीहरूले देखे भोगेका अनुभवहरू बताउन लगाउनुहोस् । उनीहरूका अनुभवलाई जोड्दै विषयवस्तुमा प्रवेश गर्नुहोस् ।

#### (आ) मुख्य क्रियाकलाप

**क्रियाकलाप १ : समाचार सङ्कलन र छलफल**

साइबर अपराधसम्बन्धी समाचार सङ्कलन गरी विद्यार्थीलाई समूहमा पढ्न लगाउनुहोस् । समाचारका मुख्य बुँदा टिपोट गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : प्रदर्शन र छलफल**



साइबर अपराधका बारेका लेखिएको चार्ट वा चित्र वा साइबर अपराधका घटना देखाउने भिडियो प्रदर्शन गर्दै साइबर अपराधअन्तगर्त पर्ने क्रियाकलापका सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ३ : एक जना रहने अरू छरिने (One Stays Others Stray)**

विद्यार्थीलाई ४ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई साइबर अपराधमा पर्ने क्रियाकलापहरू, साइबर अपराध नियन्त्रणका लागि नेपालमा भएका विद्यमान व्यवस्था, साइबर अपराधको उजुरी गर्ने निकाय र प्रक्रिया, साइबर अपराध विरुद्ध सचेत रहने उपाय लेखिएका कार्डमध्ये एक एकओटा कार्ड टिप्न लगाउनुहोस् । आफ्नो समूहलाई परेको शीर्षकका सम्बन्धमा समूहमा छलफल गरी चार्टपेपरमा टिपोट गरी कक्षाकोठाको ४ ठाउँमा टाँस्न भन्नुहोस् । अब समूहको एक जना नेता छान्न लगाउनुहोस् । उक्त नेतालाई आफ्नो समूहले तयार पारेको चार्ट पेपर टाँसेको ठाउँमा बस्न लगाउनुहोस् । समूहको अन्य सदस्यहरूलाई अर्को समूहले तयार पारेको शीर्षकको चार्ट हेरी बुझ्न जान भन्नुहोस् । समूह नेताले अन्य समूहबाट आएका साथीलाई आफ्नो समूहमा परेको शीर्षकका बारेमा बुझाउन लगाउनुहोस् ।

**क्रियाकलाप ४ : चार्ट अध्ययन र छलफल**

साइबर अपराधको उजुरी गर्ने निकाय र प्रक्रिया सम्बन्धमा तयार गरिएको तलको जस्तै तालिका प्रस्तुत गर्दै छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**साइबर अपराधको उजुरी गर्ने निकाय र प्रक्रिया**

१. केन्द्रीय साइबर ब्युरो, भोटाहिटी काठमाडौँमा स्थानीय जिल्ला प्रहरी कार्यालय वा स्वयम् उपस्थित भएर निवेदन दिन सकिन्छ ।

२. त्यस्तै सङ्घीय प्रहरी इकाइ कार्यालय, साइबर सेल (सातओटै प्रदेशमा, नजिकको प्रहरी कार्यालयमार्फत उजुरी दिन सकिन्छ ।

३. महानरीय प्रहरी अपराध अनुसन्धान महाशाखा, साइबर क्राइम युनिट, टेकु काठमाडौँमा पनि उजुरी दिन सकिन्छ ।

४. घटना भएको थाहा भएको मितिले ३५ दिनभित्र उजुरी दिनुपर्ने छ ।

५. उजुरी दिंदा पीडितको निवेदन जाहेरी दरखास्त (पीडक पहिचान भइसकेको अवस्थामा पीडित स्वयम् उपस्थित भई दिनुपर्ने छ ।)

६. निवेदनको साथमा पीडकको URL/ link तथा अन्य सबुद प्रमाणको स्क्रिनसट तथा कलर प्रिन्टेड कपी पेस गर्नुपर्ने हुन्छ ।

७. नेपाल सरकारबाट वितरण परिचयपत्र (नागरिकता वा सवारी साधान परिचय पत्र वा राहदानी वा मतदाता परिचयपत्र) को फोटोकपी वा स्क्यान कपी पनि आवश्यक हुन्छ ।

**क्रियाकलाप ५ : सिर्जनात्मक कार्य**

विद्यार्थीलाई साइबर अपराध विरुद्ध सचेत रहने उपायका बारेमा जोडी जोडीमा छलफल गरी कुनै सिर्जनात्मक क्रियाकलाप जस्तै : नारा तयार पार्ने, गीत वा कविता वा चित्र वा पोस्टर बनाउन र कक्षामा प्रदर्शन/प्रस्तुत गर्न लगाउनुहोस् । उक्त कार्यका सम्बन्धमा शिषकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**(ङ) मूल्याङ्कन**

अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

१. साइबर अपराधको परिचय दिनुहोस् ।

२. साइबर अपराध सामाजिक अपराध हो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

३. नेपालमा साइबर अपराध विरुद्ध कस्तो कानुनी व्यवस्था रहेको छ ?

४.साइबर अपराधबाट बँच्न तपाईंले खेल्न सक्ने भूमिका उल्लेख गर्नुहोस् ।

## पाठ : ५ समसामयिक घटना

अनुमानित कार्यघण्टा : २

**(क) पाठ परिचय**

वर्तमान अवस्थामा घटेका घटना जसले विश्वमा आर्थिक, सामाजिक, वातावरणीय र राजनीतिक प्रभाव पार्ने घटनालाई समसामयिक घटना भनिन्छ । यस्ता घटना बहुपक्षीय हुन्छन् । यस्ता घटना राजनीतिक, आर्थिक, सामाजिक, जलवायु परिवर्तन, विपत्, महामारी, युद्ध, शान्ति आदिसँग सम्बन्धित हुन्छन् । विश्वमा घट्ने यस्ता विविध घटनाका सम्बन्धमा विद्यार्थी जानकार रहनुपर्छ । यस्ता घटनाको जानकारी लिई विद्यार्थीले ज्ञानको वृद्धि गर्न, भविष्यप्रति सचेत रहन र सम्भावित दुर्घटनाबाट बच्न सक्षम हुने अपेक्षा गरिएको छ । यस पाठको सिकाइ सहजीकरणका लागि मस्तिष्क मन्थन, समसामयिक घटनाको सङ्कलन, समाचार लेखन, समूह कार्य, रनिङ डिक्टेसन, हाजिरीजवाफ, डायरी निर्माण, घटना प्रस्तुतीकरण आदि जस्ता विधि र क्रियाकलापको विकास गरिएको छ । शिक्षकले आवश्यकताअनुसार अन्य उपयुक्त क्रियाकलापमार्फत सिकाइ सहजीकरण गर्न सक्नुहुने छ ।

**(ख) सिकाइ उपलब्धि**

| **पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि** | **पाठगत सिकाइ उपलब्धि** |
|---|---|
| समसामयिक गतिविधि र घटनासँग परिचित भई यसले मानव जीवनमा पारेको प्रभाव बताउन | - समसामयिक गतिविधि र घटनासँग परिचित हुन<br>- समसामयिक घटनाले मानव जीवनमा पार्ने प्रभाव बताउन |

**(ग) शैक्षणिक सामग्रीहरू**

- सान्दर्भिक समाचारका कटिङ
- टेलिभिजन वा युट्युबबाट प्रसारित समाचार वा घटना
- समसामयिक घटनासम्बन्धी समाचार, लेख
- समसामयिक विषयवस्तुसँग सम्बन्धित तयार गरिएको हाजिरीजवाफको प्रश्न वा पावरप्वाइन्ट स्लाइड

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप**

**(अ) सुरुआती क्रियाकलाप**

विद्यार्थीलाई जानकारी भएका वर्तमानमा घटेका वा सुनेका घटना वा समाचारहरू भन्न लगाउनुहोस् । उनीहरूले बताएका घटनाहरू टिपोट गर्नुहोस् ती घटनाहरूलाई जोड्दै आजको विषयवस्तु त्यस्तै प्रकारका घटनाहरूसँग सम्बन्धित रहेको जानकारी गराउँदै पाठको सुरुआत गर्नुहोस् ।

**(आ) मुख्य क्रियाकलाप**

**क्रियाकलाप १ : समाचार अध्ययन र घटना टिपोट**

विद्यार्थीलाई केही समाचारपत्र अध्ययन गरी त्यसमा भएका महत्त्वपूर्ण घटनाहरू टिपोट गर्न लगाउनुहोस् ।

ती घटनाहरूका सम्बन्धमा आवश्यक छलफल गराई समसामयिक घटनाको सम्बन्धमा निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप २ : समसामयिक घटनाको सङ्कलन र छलफल**

विद्यार्थीलाई प्रत्येक दिन रेडियो, टेलिभिजन वा युट्युबबाट प्रसारित समाचार वा घटना सुनेर वा हेरेर टिपोट गरी ल्याउन र पालैपालो कक्षामा सुनाउन लगाउनुहोस् ।

**क्रियाकलाप ३ : समाचार लेखन**

विद्यार्थीलाई समसामयिक घटनासम्बन्धी समाचार, लेख आदि सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीलाई समूहमा विभाजन गरी उनीहरूको समुदायमा घटेका समसामयिक घटनासँग सम्बन्धित रहेर समाचारको नमुना तयार गर्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । समाचार लेखनका लागि शिक्षकले आवश्यक सहजीकरण गरिदिनुहोस् ।

**समाचारको नमुना**

| महालक्ष्मी नगरपालिकामा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना |
|---|
| ललितपुर, मङ्सिर २२ गते । महालक्ष्मी नगरपालिका ललितपुरले यही मङ्सिर २४, २५ र २६ गतेबाट राष्ट्रपति रनिङ सिल्डको आयोजना गर्ने तयारी गरेको छ । नगरपालिकाभित्रका १५ ओटा सामुदायिक र ३६ ओटा निजी विद्यालयबिचमा एथलेटिक्सतर्फ ८ ओटा खेलहरूमा प्रतियोगिता सञ्चालन गरिने भएको छ भने अन्य विधामा हाइजम्प, लङजम्प, ज्याब्लिङ थ्रो, सटपुट, कबड्डी, भलिबल र फुटबल खेलमा प्रतिस्पर्धा गरिने छ । जसमा यी सबै खेलमा कक्षा १२ |

सम्मका विद्यार्थीले प्रतिस्पर्धा गर्न पाउनेछन् । प्रत्येक वर्ष जस्तै यस वर्षमा पनि करीब ४०० विद्यार्थीले खेलमा भाग लिने कुरा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख चिरञ्जिवी पौडेलज्यूले बताउनुभयो ।

**क्रियाकलाप ४ : रनिङ डिक्टेसन**

विद्यार्थीले थाहा नपाउने गरी एउटा चार्टपेपरमा समसामयिक घटनाले पारेका प्रभावका बुँदाहरू लेखी कक्षाकोठाभन्दा बाहिर टाँस्नुहोस् । कक्षालाई विभिन्न समूहमा विभाजित गरी हरेक समूहमा एक जनालाई टिपोटकर्ता र बाँकीलाई टाँसिएको विवरण पढेर आएर टिपोटकर्तालाई सुनाउने (रिपोर्टर) को जिम्मेवारी दिनुहोस् । टिपोटकर्तालाई साथीहरूले सुनाएका विवरण लेख्न लगाउनुहोस् । यसरी सबै बुँदा लेखिसकेपछि प्रत्येक समूहका सबै जना एकै स्थानमा बस्न र लेखिएका बुँदा पढ्न र छलफल गर्न लगाउनुहोस् । यसरी टिपोटकर्तालाई जानकारी गराउँदा कापीमा सारेर ल्याउन वा फोटो खिच्न नपाइने कुरासमेत जानकारी गराउनुहोस् । सबैभन्दा पहिले ताली बजाउने समूहलाई पहिलो विजयी र क्रमैसँग त्यसपछिका समूहलाई दोस्रो, तेस्रो भनी घोषणा गरी स्यावासी दिनुहोस् ।

**क्रियाकलाप ५ : हाजिरीजवाफ प्रतियोगिता**

केही विद्यार्थीलाई जिम्मेवारी दिएर विभिन्न सन्दर्भ सामग्री पत्रपत्रिका आदि अध्ययन गरी समसामयिक विषयवस्तुसँग सम्बन्धित हाजिरीजवाफको प्रश्न तयार गर्न लगाउनुहोस् । विद्यार्थीलाई विभिन्न समूह वा सदनअनुसार समूह निर्माण गरी हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् । विजेतालाई केही पुरस्कारको पनि व्यवस्था गर्नुहोस् र सहभागी सबैलाई धन्यवाद दिनुहोस् ।

**क्रियाकलाप ६ : समसामयिक घटना सङ्कलन**

नेपाल र विश्वमा घटेका पछिल्ला घटनासम्बन्धी समाचार सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् र बुलेटिन बोर्डमा टाँसिएका घटनाको अध्ययन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ७ : डायरी निर्माण र छलफल**

समसामयिक घटना सङ्कलन र टिपोटका लागि एउटा डायरी दिनुहोस् । उक्त डायरी प्रत्येक दिन एक एक जना विद्यार्थीलाई पालैपालो दिने व्यवस्था मिलाउनुहोस् । विद्यार्थीलाई आफ्नो पालोमा डायरी घरमा लगी पत्रपत्रिका वा टेलिभिजन वा रेडियोमार्फत समाचार सुनेर/हेरेर दैनिक रूपमा घटेका समसामयिक घटना टिपोट गर्न लगाउनुहोस् र १५/१५ दिनमा उक्त डायरीमा टिपोट गरिएका समसामयिक घटनाको सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् ।

**क्रियाकलाप ८ : घटना प्रस्तुतीकरण**

दैनिक रूपमा कक्षाको सुरुआत वा मध्यमा वा अन्त्यमा समय मिलाई कुनै एउटा, दुइटा समसामयिक घटना सम्बन्धमा छलफल गराउनुहोस् ।

**(ङ) मूल्याङ्कन**

**अभ्यासमा दिइएका र निम्न प्रश्नहरूका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।**

१. समसामयिक घटनाको परिचय दिनुहोस् ।

२. विद्यार्थीलाई समसामयिक घटनाको जानकारी किन हुनुपर्छ ? उल्लेख गर्नुहोस् ।

३. समसामयिक घटनाले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।

४.हालसालैको समसामयिक घटना र त्यसले तपाईंको परिववारमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।